# वातावरणमैत्री स्थानीय शासन तालिम

## Training on
## Environment Friendly Local Governance/EFLG

# स्रोत सामग्री

(Resource Material)

२०८३

(June 2026)

Renewable Energy for
Resilient Agri-Food Systems
कृषि खाद्य प्रणालीको लागि नवीकरणीय ऊर्जा

RERAS

# विषय सूची

तालिम पाठ्यक्रम ........ ४

मोड्युल १: वातावरणमैत्री स्थानीय शासनको अवधारणा ........ ९
सत्र १: समयः ९० मिनेट ........ ९
शुभारम्भ, परिचय, उद्देश्य, अपेक्षा सङ्कलन, समूह मान्यता, प्रशिक्षण पूर्व जानकारी ........ ९
सत्र २: समयः ९० मिनेट ........ १२
वातावरणमैत्री स्थानीय शासन ........ १२
सत्र ३: समयः ९० मिनेट ........ १७
वातावरणसँग सम्बन्धित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाहरू ........ १७
सत्र ४: समयः ९० मिनेट ........ २३
वातावरणमैत्री स्थानीय शासन र विषय क्षेत्रगत अन्तरसम्बन्ध (१) ........ २३
४.१: खाद्य सुरक्षा तथा जलवायु उत्थानशील कृषि ........ २३
४.२ भूउपयोग योजना, वस्ती तथा शहरी विकास मापदण्ड, भवन संहिता ........ ३३
सत्र ५: समयः ९० मिनेट ........ ३९
वातावरणमैत्री स्थानीय शासन र विषय क्षेत्रगत अन्तरसम्बध (२) ........ ३९
५.१ खानेपानी, सरसफाइ, फोहरमैला व्यवस्थापन र वातावरण संरक्षण ........ ३९
५.२ स्थानीय पूर्वाधार विकास ........ ४४

मोड्युल २: मोड्युल २ योजना तर्जुमा र श्रोत व्यवस्थापन ........ ५२
सत्र ६: समयः ९० मिनेट ........ ५२
योजना तर्जुमा र वातावरणमैत्री स्थानीय शासन ........ ५२
सत्र ७: समयः ९० मिनेट ........ ५८
वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि वित्तीय स्रोत व्यवस्थापन ........ ५८
सत्र ८: समयः ९० मिनेट ........ ६४
स्थानीय तहको वित्तीय स्रोत व्यवस्थापन : सहभागीहरुबाट सफल अभ्यासको प्रस्तुती (समूह कार्य) ........ ६४
सत्र ९: समयः ९० मिनेट ........ ६७
वातावरणमैत्री स्थानीय शासन मूलप्रवाहीकरण ........ ६७

मोड्युल ३: वातावरणमैत्री स्थानीय शासनका सूचकहरु ........ ८१
सत्र १०: समयः ९० मिनेट ........ ८१
विषयक्षेत्रगत सूचकहरु ........ ८१
सत्र ११: समयः ९० मिनेट ........ १०२
अन्तरसम्बन्धित विषय तथा शासकीय सूचक ........ १०२
सत्र १२: समयः ९० मिनेट ........ १०९

वातारणमैत्री स्थानीय शासनलाई स्थानीय तहका नीति, योजना तथा कार्यक्रममा मूलप्रवाहिकरण सहभागीबाट सफल अभ्यास प्रस्तुति....................१०९
सत्र १३: समयः ९० मिनेट....................११२
सूचकको मापन विधि र संयन्त्र....................११२

मोड्युल ४: बातावरणमैत्री स्थानीय शासन पद्धति कार्यान्वयन....................११५
सत्र १४: समयः ९० मिनेट....................११५
साझेदार संस्थाहरुको नक्सांकन र भूमिका....................११५
सत्र १५: समयः ९० मिनेट....................१२३
संस्थागत व्यवस्था, भूमिका र जिम्मेवारी....................१२३
सत्र १६: समयः ९० मिनेट....................१३०
वातावारणमैत्री स्थानीय शासन अवलम्बन र घोषणा....................१३०

मोड्युल ५: अनुगमन, मूल्यांकन, प्रतिवेदन....................१३४
सत्र १७ अनुगमन मूल्यांकन र प्रतिवेदन....................१३४
सत्र १८: समयः ९० मिनेट....................१४२
कार्य योजना....................१४२
सत्र १९: समयः ९० मिनेट....................१४४
वातावरणमैत्री स्थानीय शासन कार्यान्वयन कार्य योजना तयारी (समूह कार्य)....................१४४
सत्र २०: समयः ९० मिनेट....................१४६
कार्य योजना प्रस्तुति, छलफल र समापन....................१४६

अनुसूचीहरु....................१४९
अनुसूची १: वातावरणमैत्री स्थानीय शासन तालिम सत्र....................१५०
अनुसूची २: तालिम कार्यक्रमको विस्तृत विवरण....................१५१

सन्दर्भ सामाग्री....................१५३

# भाग १

# वातावरणमैत्री स्थानीय शासन तालिमको पाठ्यक्रम

# तालिम पाठ्यक्रम

## सत्र १: शुभारम्भ, परिचय, उद्‍देश्य, अपेक्षा सङ्कलन, समूह मान्यता र प्रशिक्षण पूर्व जानकारी

- प्रशिक्षणको शुभारम्भ
- प्रशिक्षणको उद्देश्य
- परिचय
- अपेक्षा सङ्कलन
- प्रशिक्षणका विषयवस्तु, आधारभूत नियम, जिम्मेवारी निर्धारण
- प्रशिक्षण पूर्व जानकारी

## सत्र २ वातावरणमैत्री स्थानीय शासन

- परिचय, उद्देश्य, सिद्धान्त
- वातावरणमैत्री स्थानीय शासनको आवश्यकता र महत्व
- वातावरणमैत्री स्थानीय शासनको राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास

## सत्र ३ वातावरण सम्बन्धी संवैधानिक, नीतिगत, तथा कानूनी व्यवस्था

- संवैधानिक व्यवस्था
- कानूनी व्यवस्था
- नीतिगत व्यवस्था
- अन्तराष्ट्रिय प्रतिवद्धता

## सत्र ४: वातावरणमैत्री स्थानीय शासन र विषय क्षेत्रगत अन्तरसम्वन्ध (१)

- खाद्य सुरक्षा तथा जलवायु उत्थानशील कृषि र बन वातावरण
- भूउपयोग योजना, वस्ती तथा सहरी विकास र भवन संहिता

## सत्र ५: वातावरणमैत्री स्थानीय शासन र विषय क्षेत्रगत अन्तरसम्वन्ध (२)

- खानेपानी, सरसफाइ, फोहरमैला व्यवस्थापन र स्थानीय वातावरण संरक्षण
- स्थानीय पूर्वाधार विकास

## सत्र ६ योजना तर्जुमा र वातावरणमैत्री स्थानीय शासन

- योजनाको अवधारणा
- स्थानीय तहको योजना तर्जुमाका विधि र प्रकृया
- नागरिक सहभागिताको आवश्यकता र महत्व
- योजना तर्जुमा प्रकृयामा वातावरणमैत्री स्थानीय शासन

### सत्र ७ वातावरणमैत्री स्थानीय शासन र वित्तीय श्रोत व्यवस्थापन

- वित्तीय श्रोत परिचालनको अवधारणा
- वित्तीय श्रोत परिचालनको आवश्यकता
- श्रोत विनियोजन र परिचालनको प्रतिबद्दता

### सत्र ८ समूह कार्य र सफल उदाहरणहरु

- स्थानीयस्तरमा भएका सफल प्रयासहरु
- समूह कार्य
- प्रस्तुती र छलफल

### सत्र ९ वातावरणमैत्री स्थानीय शासन मूलप्रवाहीकरण

- मूलप्रवाहीकरणको अवधारणा
- मूलप्रवाहीकरणका फाईदाहरु
- मूलप्रवाहीकरणका अवसर र चुनौतीहरु

### सत्र १० विषय क्षेत्रगत नतिजा सूचकहरु

- खानेपानी, सरसफाइ, स्वास्थ्य र फोहरमैला व्यवस्थापन
- भौतिक पूर्वाधार विकास, स्थानीय सडक र यातायात व्यवस्थापन
- वन, वातावरण, भूसंरक्षण
- भवन मापदण्ड, भूउपयोग तथा व्यवस्थापन
- जलवायु परिवर्तन, विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील कृषि (Climate Resilient Agriculture)
- हरियाली प्रवर्धन, खाद्य सुरक्षा, करेसाबारी र अन्य
- नवीकरणीय ऊर्जा

### सत्र ११ अन्तरसम्बन्धित विषय तथा शासकीय सूचकहरु

- लैङ्गिंक समानता तथा सामाजिक समावेशीकरण
- बालमैत्री स्थानीय शासन
- विपद् व्यवस्थापन
- वातावरणमैत्री सार्वजनिक कार्यालयका सूचकहरु
- शासकीय सूचकहरु

### सत्र १२ समूह कार्य र सफल उदाहरणहरु

- स्थानयस्तरमा भएका सफल अभ्यासहरु

- समूह कार्य
- प्रस्तुती र छलफल

## सत्र १३ सूचकको मापन  विधि र संयन्त्र

- घर परिवार तहका सूचकहरुको मापन संयन्त्र र बिधि,
- टोल तहका सूचकहरुको मापन संयन्त्र र बिधि,
- वडा तहका सूचकहरुको मापन संयन्त्र र बिधि,
- गाँउ/नगरपालिका तहका सूचकहरुको मापन संयन्त्र र बिधि,
- जिल्ला तहका सूचकहरुको मापन संयन्त्र र बिधि,

## सत्र १४ साझेदार संस्थाहरुको नक्सांकन र भूमिका

- साझेदार संस्था र सरोकारवालाको परिभाषा
- साझेदार संस्था विश्लेषण र सहयोगका क्षेत्रहरु
- संघस्तरका प्रमुख साझेदार संस्थाहरु र तिनको भूमिका
- प्रदेशस्तरका प्रमुख साझेदार संस्थाहरु र तिनको भूमिका
- जिल्ला र स्थानीयस्तरका प्रमुख साझेदार संस्थाहरु र तिनको भूमिका

## सत्र १५ सस्थागत व्यवस्था, भूमिका र जिम्मेवारी

- कार्यान्वयनको संस्थागत व्यवस्था
- संस्थागत / संरचनागत भूमिका र जिम्मेवारी
- वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनको रणनीति तथा कार्यनीति
- वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनको तहगत खुट्किला

## सत्र १६ वातावरणमैत्री स्थानीय शासन अवलम्वन र घोषणा

**(क) वातावरणमैत्री स्थानीय शासन अवलम्वन**

- लगानी व्यवस्था
- जनशक्तिको आवश्यकता र उपलव्धता
- नतिजाहरुको प्रतिवेदन

**(ख) वातावरणमैत्री स्थानीय शासन घोषणा**

- समग्र नतिजा विश्लेषण
- सिफारिस

- प्रमाणीकरण
- घोषणा
- घोषणाको अभिलेख
- निरन्तर अनुगमन र सुझाव ।

### सत्र १७ अनुगमन मूल्यांकन र प्रतिवेदन

- अनुगमन तथा मूल्यांकनको अवधारणा
- संयुक्त अनुगमनका विधि र तरिका
- स्थानीय तहमा अनुगमनको व्यवस्था
- वातावरणमैत्री स्थानीय शासन प्रारुपले सूचकको अनुगमन सम्बन्धमा गरेको व्यवस्था
- प्रतिबेदनको तथा अभिलेख व्यवस्थापन

### सत्र १८ वातावरणमैत्री स्थानीय शासन कार्ययोजना

- कार्ययोजनाको सैद्धान्तिक पक्ष र तयारी प्रकृया
- कार्ययोजनामा समावेश हुने विषयहरू
- कार्ययोजना तयारी फाराम
- कार्ययोजना तर्जुमा

### सत्र १९ वातावरणमैत्री स्थानीय शासन कार्ययोजना तयारी (समूह कार्य)

- सहभागीहरूलाई प्रदेश, गाउँ/नगर वा क्षेत्रगत रूपमा विभाजन र आ-आफ्नो कार्य योजना तर्जुमाको अभ्यास

### सत्र २० समूह कार्यको प्रस्तुती, तालिमको मूल्याङ्कन र समापन

- समूह कार्यको प्रस्तुती, छलफल र निचोड
- तालिमको मूल्यांकन
- प्रशिक्षण पश्चात जानकारी
- समापन

तालिम कार्यक्रमको विस्तृत विवरण अनुसूची १ मा दिइएको छ ।

# भाग २

# वातावरणमैत्री स्थानीय शासन तालिमको श्रोत सामग्री

# मोड्युल १:  वातावरणमैत्री स्थानीय शासनको अवधारणा

सत्र १: समयः ९० मिनेट

## शुभारम्भ, परिचय, उद्देश्य, अपेक्षा सङ्कलन, समूह मान्यता, प्रशिक्षण पूर्व जानकारी

साधारण उद्देश्यः यस सत्रको अन्तमा सहभागीहरू प्रशिक्षणको उद्देश्यबारे प्रष्ट हुनेछन् ।

निर्दिष्ट उद्देश्यः सत्रको अन्तमा सहभागीहरू

- एक आपसमा परिचित हुनेछन् ।
- प्रशिक्षण अवधिमा छलफल गरिने मुख्य विषयवस्तुको वारेमा जानकारी पाउनेछन् ।
- विषयवस्तु वारेमा पूर्व जानकारीको अवस्था उपलब्ध हुनेछ ।

सत्रका मुख्य विषयवस्तुः

- प्रशिक्षणको शुभारम्भ
- प्रशिक्षणको उद्देश्य
- परिचय
- अपेक्षा सङ्कलन
- प्रशिक्षणका विषयवस्तु, आधारभूत नियम, जिम्मेवारी आदि
- प्रशिक्षण पूर्व जानकारी

| प्रशिक्षण - सिकाई क्रियाकलाप | अवधि मिनेट | प्रशिक्षण-सिकाई सामाग्री | कैफियत |
|---|---|---|---|
| क्रियाकलाप १ शुभारम्भ<br>▪ सहभागीहरु र अतिथिहरुको उपस्थितिसंगै राष्ट्रियगानका लागि अनुरोध गर्ने ।<br>▪ स्वागतसहित कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्ने ।<br>▪ प्रमुख अतिथिबाट डिजिटल ब्यानर पढी कार्यक्रमको औपचारिक शुभारम्भ गर्ने ।<br>▪ अतिथिहरु समक्ष कार्यक्रमको सफलताको शुभकामना मन्तव्यका लागि अनुरोध गर्ने ।<br>▪ कार्यक्रमको अध्यक्ष समक्ष शुभारम्भ मन्तव्यसहित सत्र विसर्जनका लागि अनुरोध गर्ने । | २५ मिनेट | मेटाकार्ड, व्यानर, | अतिथिहरू र अतिथिहरूको मन्तव्य व्यवस्थापन आवश्यकता अनुसार गर्ने । |
| **क्रियाकलाप २ परिचय**<br>▪ सबै सहभागी, सहजकर्ता (प्रशिक्षक) र अन्य उपस्थित व्यक्तिहरुलाई आफ्नो नाम, ठेगाना, पद, संक्षिप्त कार्य अनुभवसहित आफ्नो परिचय दिन लगाउने । | **१५** मिनेट | | |
| क्रियाकलाप ३ अपेक्षा सङ्कलन<br>▪ सहभागीहरूलाई प्रशिक्षणबाट गरिएको अपेक्षालाई मेटाकार्डमा लेख्न लगाउने ।<br>▪ मेटाकार्डहरुलाई एक एक गरी पढ्दै ब्राउन पेपर वा बोर्डमा टाँस्ने ।<br>▪ आएका अपेक्षालाई एकै किसिमका आशय भएका कार्डलाई एकै ठाँउमा राख्ने ।<br>▪ प्रशिक्षणको विषयवस्तु र सहभागीको अपेक्षा मिलान गर्ने ।<br>▪ सहभागीहरुबाट आएका अपेक्षाहरु के कति हदसम्म यस प्रशिक्षणले सम्बोधन गर्न सक्छ भन्ने प्रष्ट पार्ने । | १५ मिनेट | मेटाकार्ड, मार्कर, पुस पिन, ग्लु स्टीक, मास्किङ टेप, ब्राउन पेपर | यदि सहभागीबाट विषयवस्तु भन्दा भिन्न अपेक्षाकार्ड आएमा त्यस्तो कार्डलाई अलगै राख्नुहोस् । |
| **क्रियाकलाप ४ विषयवस्तुको जानकारी**<br>▪ सहभागीहरुले ल्याएका अपेक्षाहरुलाई मिलान गर्दै प्रशिक्षणमा छलफल गरिने विषयवस्तुहरु जानकारी गराउने । | **५** मिनेट | ब्राउन पेपर, मार्कर, न्यूजप्रिन्ट पेपर | |

| प्रशिक्षण - सिकाई क्रियाकलाप | अवधि मिनेट | प्रशिक्षण-सिकाई सामाग्री | कैफियत |
|---|---|---|---|
| | १० मिनेट | प्रशिक्षण पूर्व परीक्षण फाराम | |
| क्रियाकलाप ५ समूह मान्यता, जिम्मेवारी आदि<br>▪ प्रशिक्षण प्रभावकारीताको लागि हरेक दिनको प्रशिक्षण अवधिमा समूह मान्यतालाई सहभागीहरुसंग छलफल गरी न्यूज प्रिन्टमा लेख्न र पालना गर्न लगाउने ।<br>▪ आवश्यकता परेमा विभिन्न जिम्मेवारी बाँडफाँड (रिपोर्टिंग, समय व्यवस्थापक, मनोरञ्जनकर्ता आदि) गराउने । | ५ मिनेट | ब्राउन पेपर, मार्कर, न्यूजप्रिन्ट पेपर, पावरप्वाइन्ट स्लाइड | |
| क्रियाकलाप ६ प्रशिक्षण पूर्व जानकारी<br>▪ सहभागीहरुलाई बिषयबस्तुको बारेमा प्रशिक्षण पूर्व जानकारी फाराम वितरण गर्ने ।<br>▪ उक्त फाराम कसरी भर्ने सबैलाई स्पष्ट पार्ने ।<br>▪ सबै सहभागीहरुबाट फाराम संकलन गरी सकेपछि यसबाट आएको नतिजालाई हामी प्रशिक्षणको अन्तमा गरिने जानकारीको नतिजासँग तुलना गर्नेछौं भन्ने । | १० मिनेट | प्रशिक्षण पूर्व परीक्षण फाराम | |
| क्रियाकलाप ७ प्रशिक्षणको साधारण उद्देश्य, निर्दिष्ट उद्देश्यहरु, प्रशिक्षण विधि र प्रशिक्षण तालिका<br>▪ प्रशिक्षणको बारेमा फ्लीप चार्टमा तयार पारेको प्रशिक्षणको साधारण उद्देश्य, निर्दिष्ट उद्देश्यबारे बताउने ।<br>▪ प्रशिक्षणका विधिहरु जानकारी गराउने ।<br>▪ प्रशिक्षण तालिकाको जानकारी तथा तालिका वितरण गर्ने । | १० मिनेट | ब्राउन पेपर, फ्लिप चार्ट, प्रशिक्षण तालिका | |
| क्रियाकलाप ८ सत्र संक्षेपीकरण र अग्रसम्वन्ध<br>▪ समग्र प्रशिक्षण सहभागितामूलक ढंगबाट अगाडि बढ्ने कुरा अवगत गराउने ।<br>▪ दोश्रो सत्र सम्वन्धी जानकारी गराउने। | ५ मिनेट | | |

सत्र २ः समयः ९० मिनेट

# वातावरणमैत्री स्थानीय शासन

## १. परिचय

तत्कालिन स्थानीय विकास मन्त्रालयले सम्बन्धित मन्त्रालय तथा निकायहरुसँगको छलफल र लिखित सहमति लिएर तयार गरी  बिक्रम सम्बत २०७० साल असोज २३ गते नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको वातवरणमैत्री स्थानीय शासन प्रारूप, २०७० लाई स्थानीय वातावरणको क्षेत्रमा एउटा  महत्वपूर्ण अवधारणाको रुपमा लिईन्छ । संबिधान देखि विभिन्न नीतिहरु, कानूनहरु, सरकारका प्रतिबद्धताहरुमा छरिएर रहेका वातावरण, फोहर व्यवस्थापन, विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन सम्बन्धि बिषयहरु तथा स्थानीय आवस्यकतालाई अत्यन्त सुक्ष्म ढङ्गले विश्लेषण गरी  घरपरिवार तह देखि जिल्ला तहसम्मबाट हाशिल गर्ने नतिजा सूचक बनाई यो प्रारुपमा समावेश गरिएको छ । देशले सङ्घीय शासन प्रणाली अवलम्बन गरेपछि  उक्त प्रारुपलाई संघीय संरचना र अधिकार बमोजिम हुनेगरी वर्तमान संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले परिमार्जन गरि २०७८ असार १५ मा  मन्त्रीस्तरबाट स्वीकृत गरी कार्यन्वयनमा ल्याएको छ।यो वातावरण क्षेत्रमा सरकारी निकाय आफैले तयार गरेको एउटा महत्वपूर्ण दस्ताबेज  हो । यस प्रारुपमा घर परिवार तहदेखि जिल्ला तहसम्मका आधारभूत र परिष्कृत सूचक गरि २३४ वटा नतिजा सूचकमा रुपान्तरण गरिएको छ ।

घरपरिवार तह देखि टोल बस्ती हुँदै सबै स्थानीय तहलाई सफा, स्वच्छ, हराभरा बनाई घरपरिवार, समुदाय र स्थानीय तहहरूलाई सकारात्मक प्रतिष्पर्धाको माध्ययमद्वारा वातावरणमैत्री दिगो विकासका लागि जिम्मेवार बनाउन यस प्रारुपले प्रोत्साहित गरेको छ।

वातावरणमैत्री स्थानीय शासन (Environment Friendly Local Governance – (EFLG) भन्ने शब्दले स्थानीय तहमा शासन, योजना, नीति, कार्यक्रम र सेवा प्रवाहका सबै गतिविधिहरूमा वातावरण संरक्षण, दिगोपन, स्वच्छता, विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका अभ्यासहरूलाई समावेश गर्ने प्रक्रियालाई जनाउँछ।यसको मूल उद्देश्य सफा, हरित, सुरक्षित, दिगो विकासमुखी र जलवायु सम्बेदनशील स्थानीय शासन प्रणाली निर्माण गर्नु हो, जसले समुदाय, अर्थतन्त्र र प्राकृतिक स्रोतबीच सन्तुलन कायम गर्न सहयोग पुर्‍याउँछ।

## २. मुख्य आशय

EFLG को मूल भावनाले स्थानीय तहलाई यस्तो शासन प्रणाली बनाउन प्रेरित गर्छ जसले;

(क) वातावरणीय सन्तुलन कायम राख्ने,

(ख) प्राकृतिक स्रोतहरूको दिगो उपयोग गर्ने,

(ग) फोहर व्यवस्थापन र प्रदूषण नियन्त्रण गर्ने, र

(घ) जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू घटाउने एवं विपद जोखिम कम गर्ने काममा सक्रिय भूमिका खेल्ने ।

## ३. वातावरणमैत्री स्थानीय शासन (EFLG) को उद्देश्यः

वातावरणमैत्री स्थानीय शासन पद्धतिको अवलम्बनद्वारा स्वच्छ, सुन्दर र वातावरणमैत्री समाजको सिर्जना गर्नु यसको मुख्य उद्देश्य रहेको छ । अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

१.स्थानीय योजना प्रक्रियामा वातावरण संरक्षण, आधारभूत स्वास्थ्य तथा सरसफाई, फोहरमैला व्यवस्थापन, जैविक बिबिधताको संरक्षण, जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन सम्बन्धी विषयहरूलाई मूलप्रवाहीकरण र स्थानीयकरण गर्नु,

२ जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनका सन्दर्भमा घरपरिवार तहसम्मका काम कर्तब्य र जिम्मेवारी तथा हाशिल गर्नुपर्ने नतिजाको सम्बन्धमा प्रष्ट पार्नु,

३ घर परिवार, समुदाय र स्थानीय तहहरुलाई सकारात्मक प्रतिष्पर्धाको माध्यमवाट वातावरणमैत्री दिगो विकासका लागि जिम्मेवार बनाउन प्रोत्साहित गर्नु,

४ वातावरण संरक्षण र दिगो बिकासका लागि सरोकारवालाहरुबीच आर्थिक एवं प्राबिधिक सहयोग तथा सहकार्यको वातावरण सिर्जना गर्नु ।

## ४. वातावरणमैत्री स्थानीय शासन (EFLG) को सिद्धान्तहरूः

वातावरणमैत्री स्थानीय शासन प्रारूप तर्जुमा गर्दा मूलतः देहायका सिद्धान्तहरुलाइ आधार मानिएको छ। जुन सिद्धान्तहरू नेपालका वर्तमान संविधान, स्थानीय शासन सम्बन्धि ऐन/कानून र अन्तर्राष्ट्रिय हरित शासनका अवधारणासँग मिल्दोजुल्दो छन्।

१. **दिगोपन (Sustainability):** विकासका सबै गतिविधि वर्तमान पुस्ताको आवश्यकतामा केन्द्रित रहँदै भविष्यका पुस्ताको अधिकार र स्रोतमा असर नपर्ने गरी गर्नुपर्ने सिद्धान्त। उदाहरणः फोहरमैला व्यवस्थापन, जल उपयोग र वन संरक्षणमा दीर्घकालीन सोच।

२. **पूर्वसावधानी (Precautionary Principle):** पर्यावरणीय क्षति हुनसक्ने सम्भावना देखिएमा वैज्ञानिक प्रमाणको पर्खाइ नगरी अग्रिम सावधानी अपनाउने। उदाहरणः जोखिमयुक्त उद्योग सञ्चालन अघि वातावरणीय मूल्यांकन (EIA) अनिवार्य।

३. **प्रदूषकले तिर्ने सिद्धान्त (Polluter Pays Principle):** जो व्यक्ति वा संस्थाले प्रदूषण गर्छ, त्यसले नै क्षतिको मूल्य तिर्नुपर्ने सिद्धान्त। उदाहरणः उद्योग वा बजारबाट निस्कने फोहरको जिम्मेवारी स्वयं उत्पादकले लिनु वा फोहरको परिमाणको आधारमा सरसफाई शुल्क लगाउनु ।

४. **संनिकटताको सिद्धान्त (Principle of Subsidiarity):** निर्णय र कार्यान्वयन जति सक्दो नागरिकको नजिक गरिनुपर्छ भन्ने वातावरणमैत्री स्थानीय शासनको प्रमुख शासकीय सिद्धान्त हो ।यस सिद्धान्तले तल्लो तहले नै गर्न सक्ने काम सोहि तहलाई सुम्पिएमा राम्रो नतिजा आउछ भन्ने विश्वास गर्छ । स्थानीय समस्याको समाधान स्थानीय तह र समुदायले गर्न पाउनु वातावरणमैत्री शासनको आधार हो। उदाहरणः फोहरमैला व्यवस्थापन, सरसफाइ, वन संरक्षण जस्ता काम वडा/टोलबस्ति वा समुदायस्तरबाटै गर्ने।

५. **सहभागिता र साझेदारी (Participation and Partnership):** महिला, दलित, युवा, निजी क्षेत्र, र सामुदायिक संस्थाको योजना तथा निर्णय प्रक्रियामा सक्रिय सहभागिता। उदाहरणः वडास्तरमा रहने वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिमा सामुदायिक विद्यालय, सामुदायिक बन, सामुदायिक संस्था, स्थानीय गैर सरकारी संस्था लगायतको सहभागिता हुनुपर्छ र सबैको साझेदारी र सहकार्यमा निर्धारित सूचक हासिल गर्ने व्यवस्था छ ।

६. **समावेशिता र समानता (Inclusiveness and Equity):** वातावरणीय लाभ र असरको वितरणमा सबै समुदाय, विशेष गरी विपन्न, महिला र जोखिममा परेका वर्गको हित सुनिश्चित गर्ने। उदाहरणः जलवायु जोखिम न्यूनीकरण योजनामा समावेशी दृष्टिकोण।

७. **उत्तरदायित्व र पारदर्शिता (Accountability and Transparency):** नीति, योजना, बजेट र कार्यान्वयनमा स्पष्ट सूचना प्रवाह, जवाफदेहिता र सार्वजनिक निगरानी सुनिश्चित गर्ने। उदाहरणः सार्वजनिक सुनुवाइ र प्रतिवेदन प्रकाशन प्रणाली।

८. **समन्वय र एकीकृत दृष्टिकोण (Coordination and Integration)**: विभिन्न क्षेत्र र तहबीच सहकार्यद्वारा एकीकृत योजना तथा कार्यान्वयन सुनिश्चित गर्ने। उदाहरणः कृषि, वन, पानी र ऊर्जा योजनाबीच समन्वित दृष्टिकोण।

९. **नवप्रवर्तन र प्रविधि प्रयोग (Innovation and Technology Use):** हरित प्रविधि र नवीन अभ्यासद्वारा दिगो सेवा प्रवाह र स्रोत व्यवस्थापन सुनिश्चित गर्ने। उदाहरणः सौर्य ऊर्जा, बायोग्यास, स्मार्ट फोहर व्यवस्थापन प्रणाली।

१०. **सीप र ज्ञान सशक्तीकरण (Capacity Building and Learning):** स्थानीय सरकार, समुदाय र सरोकारवालाबीच वातावरणीय ज्ञान, सीप र व्यवहारिक अभ्यास विकास गर्ने। उदाहरणः EFLG तालिम, स्थानीय अभिमुखीकरण कार्यक्रम।

## ५. वातावरणमैत्री स्थानीय शासन (EFLG) को आवश्यकता

(क) वातावरणीय चुनौतीलाइ समाधान गर्न 'जलवायु परिवर्तन, प्रदूषण, वन विनास, पानीको अभाव, फोहरमैलाको वृद्धि जस्ता समस्या समाधान गर्न वैज्ञानिक र सहभागी दृष्टिकोण आवश्यक छ। EFLG ले सरल सूचक सहित वातवरण क्षेत्रका सबै बिषय एकै ठाउमा समेटेर कार्यन्वयन गर्न सहज बनाएकोले बर्तमान वातावरणीय चुनौती सामना गर्न सहयोगी भएको छ ।

(ख) स्थानीय तहको भूमिकालाई सबल बनाउन ‘विभिन्न नीतिगत एवं कानूनी व्यवस्था अनुसार वातावरणीय नीतिलाई व्यवहारमा उतार्ने जिम्मेवारी स्थानीय सरकारलाई सुम्पेको छ । यस्तो अवस्थामा उक्त जिम्मेवारीलाइ सूचकमा आधारित बनाइ सहजीकरण गर्ने काम EFLG ले गर्छ ।

(ग) दिगो विकासका लक्ष्य (SDGs) हासिल गर्न ‘विशेष गरी SDG ६ (खानेपानी तथा सरसफाई) SDG ११ (सहर र बस्तीलाई सुरक्षित र दिगो बनाउने) र SDG १३ (जलवायु परिवर्तन सम्बन्धि कृयाकलाप), SDG १५ (जैविक बिबिधता) सँग EFLG को प्रत्यक्ष सम्बन्ध रहेको छ । उक्त प्रतिवद्धता कार्यन्वयन गर्न पनि EFLG को प्रभावकारी कार्यन्वयन आवस्यक छ ।

(घ) नीति, योजना र बजेटमा वातावरणीय पक्ष मुलप्रवाहीकरण गर्न ‘नीति, योजना निर्माणदेखि बजेट विनियोजनसम्म वातावरणीय मापदण्ड र अपेक्षित नतिजा समावेश गर्न EFLG सहायक सिद्ध छ।

(ङ) स्थानीय क्षमता विकासका लागि ‘जलवायु परिवर्तन अनुकुलन, प्रदूषण नियन्त्रण, वन विनास न्यूनीकरण, पानीको स्रोत संरक्षण, फोहर व्यवस्थापन जस्ता बिषयमा कर्मचारी, जनप्रतिनिधि र समुदायबीच ज्ञान, सीप र व्यवहारिक अभ्यास विस्तार गर्न।

## ६. <u>वातावरणमैत्री स्थानीय शासन (EFLG) को</u> महत्व

(क) दिगो र स्वच्छ स्थानीय विकास ‘प्राकृतिक स्रोतहरूको दिगो उपयोग र फोहर न्यूनिकरणद्वारा स्वस्थ वातावरण निर्माण गर्न सहयोगी ।

(ख) जलवायु अनुकूल स्थानीय योजना ‘जोखिम मूल्याङ्कन र अनुकूलन योजनालाई स्थानीय तहको नीति तथा कार्यक्रमसँग जोड्छ।

(ग) साझेदारी र सहभागिता प्रवर्द्धन ‘समुदाय, निजी क्षेत्र र नागरिक समाजसँग सहकार्यद्वारा साझा उत्तरदायित्व विकास गर्छ।

(घ) मूल्याङ्कन र प्रोत्साहन प्रणाली ‘वातावरणमैत्री अभ्यास गर्ने स्थानीय तहलाई मान्यता र पुरस्कारद्वारा प्रेरित गर्छ।

(ङ) राष्ट्रिय प्रतिबद्धतामा सहयोग ‘नेपालका राष्ट्रिय पर्यावरण नीति, जलवायु परिवर्तन नीति, SDG र NDC (Nationally Determined Contribution) कार्यान्वयनमा सहयोग पुऱ्याउँछ।

## ७. <u>वातावरणमैत्री स्थानीय शासनको अन्तर्राष्ट्रिय अभ्यास</u>

### (क) दक्षिण एशियाली देशहरू

- **भारत**-Green Panchayat Initiative: नवीकरणीय ऊर्जाको प्रयोग, जैविक खेती, वर्षा पानी संकलन र प्लास्टिक निषेध।
- **बंगलादेश**-Local Governance Climate Resilience Project (LGCRP): जलवायु जोखिम न्यूनीकरण र स्थानीय अनुकूलन योजना।
- **श्रीलङ्का**-Eco-Village Model: गाउँस्तरमा पुनःनवीकरणीय ऊर्जा, फोहर व्यवस्थापन, र सामुदायिक हरियाली अभियान।

**(ख) अन्य देशहरू**

- **स्वीडेन —** Green Municipalities Program: शून्य फोहर नीति, हरित ऊर्जा प्रयोग, र नागरिक सहभागितामूलक शहरी योजना।
- **दक्षिण कोरिया —** Eco-City Governance: हरित यातायात, वातावरण निगरानी प्रणाली, र दिगो शहरी पूर्वाधार विकास।
- **डेनमार्क —** Local Climate Action Municipalities:
  - सबै स्थानीय सरकारहरूलाई Carbon Neutral Municipality **(कार्बन-न्यूट्रल सहर)** बनाउने लक्ष्य।
  - नवीकरणीय ऊर्जामा (विशेष गरी हावा र बायो-एनर्जी) स्थानीय लगानी।
  - सहर-स्तरमा **स्मार्ट साइक्लिङ र हरित यातायात योजना**।
- **फिनल्याण्ड-**Sustainable City and Municipality Program (FISU Network):
  - स्थानीय सहरहरूले सन् २०३५ भित्र Carbon Neutrality प्राप्त गर्ने प्रतिज्ञा।
  - Circular Economy **(घुम्ती अर्थतन्त्र)** र "Zero Waste" नीति।
  - नागरिक सहभागितामूलक जलवायु योजना र स्थानीय ऊर्जा सहकारी मोडेल।

## ८. वातावरणमैत्री स्थानीय शासनको राष्ट्रिय अभ्यास

- नेपालको संविधानको धारा ३० मौलिक हक तथा धारा ५१(छ) मार्गदर्शक नीतिमा स्पष्ट रुपमै वातावरणीय स्वच्छता कायम गर्नुपर्ने बिषय उल्लेख छ ।
- **वातावरण संरक्षण ऐन २०७६, जलवायु परिवर्तन नीति २०७६**, लगायत अन्य धेरै नीतिहरु, ऐनहरु, कार्य योजना (NAP/LAPA), मापदण्ड, कार्यविधिहरु र SDG–**६,११,१३ र १५** सँग EFLG प्रत्यक्ष सम्बन्धित छ।
- नेपाल सरकारले २०७० साल (सन् **२०१३) मा** Environment Friendly Local Governance (EFLG) Framework स्वीकृत गरेको हो, जसले स्थानीय तहलाई भिभिन्न बिषय क्षेत्रहरूमा (भूमि उपयोग, ऊर्जा, पानी, फोहरमैला, विपद्, वन, र सुशासन) मार्गदर्शन गर्छ। संघियता पछी २०७८ सालमा परिमार्जन गरि सबै स्थानीय तहमा अनिवार्य रुपमा कार्यन्वयन गर्न निर्देशन समेत जारि गरेको छ ।

## ९. निष्कर्ष

नेपालको वातावरणमैत्री स्थानीय शासन अन्तर्राष्ट्रिय हरित शासन अभ्यासहरूसँग मिल्दो छ। डेनमार्क, फिनल्याण्ड, स्विडेनजस्ता देशहरूले देखाएको हरित सहर, नवीकरणीय ऊर्जा र नागरिक सहभागिता जस्ता अभ्यासहरू नेपालका स्थानीय तहका लागि सिकाइका उत्कृष्ट उदाहरण हुन्। यस्ता अभ्यासहरूले दिगो, समावेशी र वातावरणमैत्री स्थानीय शासनको दिशामा ठोस योगदान पुर्‍याउँछन्।

सत्र ३ः समयः ९० मिनेट

# वातावरणसँग सम्बन्धित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाहरू

## १. संवैधानिक व्यवस्था

नेपालको संविधान, २०७२ ले वातावरणमैत्री शासनका लागि आधार तयार गरेको छ;

- धारा ३०- प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्ने अधिकार।
- धारा ५१ (छ)- वातावरण संरक्षण, जैविक विविधताको दिगो उपयोग र जलवायु अनुकूल विकास सम्बन्धी राज्य नीति।
- अनुसूची ८ (स्थानीय तहका अधिकारहरू) - स्थानीय वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, साना जलस्रोत, सिँचाइ, वन र जैविक विविधता व्यवस्थापन।

## २. नीतिगत व्यवस्था

वातावरणमैत्री स्थानीय शासन संग प्रत्यक्ष सम्बन्धित नीतिगत व्यवस्थाहरु;

१. राष्ट्रिय वातावरण नीति, २०७६- प्रदूषण नियन्त्रण, हरित ऊर्जा प्रवर्द्धन, जलवायु अनुकूल विकास।
२. राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६- LAPA कार्यान्वयन, जलवायु उत्थानशिलता सुदृढीकरण।
३. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति, २०७५- विपद् पूर्वतयारी, प्रतिक्रिया र पुनःस्थापनामा स्थानीय तहको भूमिका।
४. फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९- फोहर वर्गीकरण, पुनः प्रयोग, पुनर्चक्रण (३आर)।
५. राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता नीति, २०८० सुरक्षित पानी र सरसफाई, स्वच्छ वातावरण प्रवर्द्धन।
६. राष्ट्रिय कृषि नीति, २०८२ (अन्तिम मस्यौदा) ।
७. कृषि विकास रणनीति (२०१५-२०३५) ।
८. कृषि जैविक विविधता नीति, २०६३ - स्थानीय बीउबिजन, जैविक खेती र परम्परागत ज्ञान संरक्षण।
९. सोह्रौं आवधिक योजना (२०७९/८०-२०८४/८५) - दिगो, हरित र जलवायु अनुकूल विकास।

## ३. कानूनी व्यवस्था

### ३.१ स्थानीय शासन र वातावरण सम्बन्धी कानूनहरू

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ - वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, प्राकृतिक स्रोतको दिगो उपयोग।
- वातावरण संरक्षण ऐन, २०७६- EIA/IEE अनिवार्य, प्रदूषण नियन्त्रण।
- फोहरमैला व्यवस्थापन ऐन, २०६८-फोहर वर्गीकरण, पुनः प्रयोग, पुनर्चक्रण र समग्र व्यवस्थापन ।
- वन ऐन, २०७६-सामुदायिक, निजि र स्थानीय वन व्यवस्थापन।

### ३.२ विपद् व्यवस्थापन र दिगोपनसँग सम्बन्धित कानूनहरू

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६।

### ३.३ सरसफाई र खानेपानी सम्बन्धी कानूनहरू

- खानेपानी तथा सरसफाई ऐन, २०७९ ।
- खानेपानी तथा सरसफाई नियमावली, २०८१ ।

### ३.४ पूर्वाधार, भू-व्यवस्थापन र भवन निर्माणसम्बन्धी कानूनहरू

- भवन ऐन, २०५५ ।
- भू-उपयोग सम्बन्धी ऐन, २०७६ ।
- भू-उपयोग नियमावली, २०७९ ।

### ३.५ पशुपालन र जनस्वास्थ्यसँग सम्बन्धित कानूनहरू

- पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ ।
- जिवनाशक विषादी ऐन, २०४८ ।

### ३.६ खाद्य सुरक्षा र खाद्य अधिकार सम्बन्धी कानूनहरू

- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन, २०७५ ।
- खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ।

यी सबै संवैधानिक, नीतिगत र कानूनी व्यवस्थाहरूले EFLG कार्यान्वयनलाई कानूनी, नीतिगत र व्यवहारिक आधार प्रदान गर्छ।

## ४. कानूनी/नीतिगत व्यवस्थाहरू र EFLG संगको सम्बन्धः

### (क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

यस ऐनले स्थानीय तहलाई फोहर व्यवस्थापन, सरसफाई, जलस्रोत, वन र जैविक विविधता संरक्षण गर्न स्पष्ट अधिकार र जिम्मेवारी दिएको छ। स्थानीय तहले उक्त कार्यहरु कार्यान्वयन गर्न EFLG प्रारुपले स्पष्ट दिशानिर्देश सहित सहजीकरण गर्छ।

### (ख) वातावरण संरक्षण ऐन, २०७६

"प्राकृतिक स्रोतको दिगो प्रयोग" र "प्रदूषण न्यूनिकरण" गर्ने ऐनको उद्देश्यलाई व्यवहारिक रुपमा कार्यन्वयनमा ल्याउन EFLG ले सघाउने ।

### (ग) .फोहर व्यवस्थापन ऐन, २०६८

फोहर वर्गीकरण, पुनः प्रयोग र पुनर्चक्रणको कानूनी आधार, दण्ड जरिवानाको स्पष्ट व्यवस्था गरेको यो ऐनको मूल उद्देस्य "सफा, सुन्दर र स्वच्छ पालिका" कार्यन्वयन गर्न औजारको रुपमा EFLG लाइ लिन सकिन्छ ।

### ४.वन ऐन, २०७६

ऐनले राखेको "प्राकृतिक स्रोत संरक्षण" र "जैविक विविधता संरक्षण" गर्ने उद्देश्य लाई परिपूर्ति गर्न वातावरणमैत्री स्थानीय शासनको ले सघाउने। सामुदायिक र स्थानीय वन व्यवस्थापनमा स्थानीय तहको नेतृत्वदायी भूमिका व्यवहारमा उतार्न र समुदायको स्वामित्व प्रबर्द्धन गर्न EFLG महत्वपूर्ण औजारको रुपमा रहेको छ ।

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली, २०७६

ऐनले स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि तयारी, जोखिम न्यूनिकरण, राहत र पुनःस्थापनामा जिम्मेवार बनाएको र वातावरणमैत्री स्थानीय शासनले जलवायु अनुकूलन र विपद् जोखिम न्यूनीकरण सम्बन्धि स्थानीय योजना बनाउनुपर्ने, विपद व्यवस्थापन कोषको स्थापना र संचालन गर्नुपर्ने, जोखिम सम्बेदनशील भू उपयोग योजना बनाउनु पर्ने जस्ता स्पष्ट सूचकहरु प्रारुपमा समावेश गरि कार्य जिम्मेवारीलाई थप स्पष्ट पारि कार्यान्वयन गर्न सहजीकरण गर्छ ।

(ङ) . खानेपानी तथा सरसफाई ऐन, २०७९ र नियमावली, २०८१

ऐनले मूलतः सुरक्षित पानी, सरसफाई र ढल व्यवस्थापनका लागि कानूनी व्यवस्था गरेको छ । यी बिषयहरु हाशिल गर्न सूचक सहित वातावरणमैत्री स्थानीय शासनले तहगत जिम्मेवारी समेत बांडफांड गरेको छ । ऐनले गरेको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न महत्वपूर्ण औजार हो वातावरणमैत्री स्थानीय शासनको ।

(च) भवन ऐन, २०५५

भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकुल स्थानीय भवन संहिता र मापदण्ड तयार भएको, भवन निर्माण गर्दा भवन निर्माण संहिता र मापदण्ड अनिवार्य गर्ने गरिएको, नक्सा पास सम्बन्धी स्थानीय मापदण्डलाई भवन निर्माण संहितासँग आबद्ध गरिएको जस्ता वातावरणमैत्री स्थानीय शासनका सूचकहरुले भवन ऐनको कार्यन्वयनमा प्रत्येक्ष सहयोग गरेका छन् को ।

(छ) भू-उपयोग सम्बन्धी ऐन, २०७६ र नियमावली, २०७९

नेपाल सरकारको नीति अनुरुप नगरको जोखिम संवेदनशिल भूउपयोग योजना तयार गरिएको, प्राकृतिक स्रोतको दिगो र एकीकृत व्यवस्थापनका लागि भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरणमैत्री संरचना निमार्णलाई प्राथमिकता दिने गरेको, पालिकाभित्र सञ्चालन हुने आयोजनाहरुको वातावरणीय अध्ययन गर्ने गरेको जस्ता वातावरणमैत्री स्थानीय शासनमा रहेका सूचकहरुले भूमिको बर्गिकरण र दिगो उपयोग गर्ने ऐनको उद्देस्य परिपूर्ति गर्न सघाउछन् ।

(ज) जिवनाशक विषादी ऐन, २०४८

"जैविक विविधता संरक्षण र वातावरणीय सुरक्षा" ऐनको उद्देश्य रहेको छ । यो उद्देश्य हाशिल गर्न वातावरणमैत्री स्थानीय शासनका जैविक विविधतामैत्री संरक्षण र सम्वर्द्धनको लागि नीति र कार्ययोजना बनाई कार्यान्वयन गरेको, पालिका क्षेत्रमा कम्तीमा एउटा जैविक विविधतायुक्त पार्क सञ्चालनमा रहेको जस्ता ठोस र स्पष्ट सूचकले कार्यन्वयनमा टेवा पुर्याउने ।

(झ) १०.खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१, कृषि जैविक विविधता नीति, २०६३

नागरिकलाई सुरक्षित, पोषिलो र पर्याप्त खाद्य पहुँच, खाद्य सूरक्षा, स्वच्छ र स्वस्थ खाद्य पदार्थको आपूर्ति जस्ता आवस्यकता पुरा गर्ने उद्देश्यले उक्त ऐनहरु जारि भएका हुन् ।उक्त उद्देश्यहरु हाशिल गर्न वातावरणमैत्री स्थानीय शासन ले सूचकमा धेरै क्रियाकलापहरु समावेश गरेको छ ।

## ५. वातावरणसँग सम्बन्धित नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता

दिगो विकास लक्ष्य (SDGs), (सन २०१५—३०), Sendai Framework for Disaster Risk Reduction (२०१५—२०३०), Paris Agreement on Climate Change, २०१५, Convention on Biological Diversity (CBD), १९९२, United Nations Framework Convention on Climate Change (UNFCCC), Kyoto Protocol (१९९७), Habitat III / New Urban Agenda, २०१६ जस्ता नेपाल सरकार पक्ष भएका अन्तरराष्ट्रिय सहमति, सम्झौता, प्रोटोकल, लगायतका बिषयहरुको समग्र विश्लेषण गरेर स्थानीयस्तरमा उक्त प्रतिबद्धताहरुको के कसरि कार्यान्वयन गर्न सकिन्छ, हाम्रो नीति, कानूनले कुन तहलाई अधिकार दिएको छ भन्ने व्यवस्थित अध्ययन विश्लेषण गरि EFLG Framework बनेको हुँदा स्वभाविक रुपमा नै यस्ता प्रतिबद्धताका बिषयहरु सूचकमा समावेश भएका छन्, जुन स्थानीय तहका जिम्मेवारीमा पर्दछन ।

## ६. वातावरणमैत्री स्थानीय शासन र सोह्रौं आवधिक योजना / विषयगत योजनाहरू संग सम्बन्ध

### १. सोह्रौं आवधिक योजना, २०७९/८०-२०८४/८५

सोह्रौ आवधिक योजनाले जैविक बिबिधता, जलवायु परिवर्तन अनुकुलन र हरित अर्थतन्त्र हाशिल गर्ने उद्देस्य(परिच्छेद १३) प्राप्ति गर्ने सन्दर्भमा ७ वटा मुख्य सवाल र चुनौतिहरु पहिचान गरेको छ । उक्त चुनौती सम्बोधन गर्न EFLG प्रारुपमा रहेका सूचकहरु सहायकसिद्ध छन।

### २. राष्ट्रीय कृषि विकास योजना / कृषि नीति

योजना/नीतिको मुख्य उद्देस्य दिगो कृषि प्रणाली, जैविक खेती र स्थानीय खाद्य सुरक्षा रहेकोमा स्थानीय स्तरबाट उक्त उद्देस्य कार्यान्वयन गर्न EFLG Framework मा रहेका कृषि सम्बन्धि सूचकहरुले निकै हदसम्म सहयोग पुर्याउन सक्छन ।

**पारिभाषिक शब्दावली**

(क)“अनुकूलन" भन्नाले जलवायु परिवर्तनका सम्भावित असर र जोखिमको आकलन गरी थप हानी वा नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) “आधारभूत सूचक” भन्नाले घरपरिवारदेखि जिल्लासम्म अनिवार्य रूपमा पूरा गर्नु पर्ने गरी व्यवस्था गरिएका सूचकहरू जनाउँछ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका सम्झनु पर्छ।

(घ) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणालीको विविधता (इकोसिस्टम डाइभर्सिटी), जातीय विविधता (स्पेसीज डाइभर्सिटी), तथा वंशाणुगत विविधता (जेनेटिक डाइभर्सिटी) सम्झनु पर्छ।

(ङ) "निष्कासन" भन्नाले ध्वनी, ताप वा फोहरमैला फाल्ने, थप्ने वा निष्कासन गर्ने कार्य सम्झनु पर्छ।

(च) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, विभिन्न संस्था/निकायबाट निस्कने हानिकारक फोहरमैला सम्झनुपर्छ र सो शब्दले तत्काल उपयोग हुन नसक्ने अवस्थामा रहेको, फालिएको वा सड्न गएको वातावरणमा असर पुऱ्याउने तरल, ठोस, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि उपयोग भएका पदार्थहरू वा त्यस्तै प्रकारका अन्य वस्तुहरू वा अनाधिकृत रूपमा सार्वजनिक स्थानमा टाँसिएको पोस्टर, पम्पलेट तथा स्थानीय तहले समय समयमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ।

(छ) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(ज) "संरक्षण" भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, संरक्षण, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ।

(झ) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रूपमा हुने जलवायुको उतारचढावका अलावा, मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने परिवर्तनका कारण पृथ्वीको जलवायुमा क्रमशः देखापर्ने परिवर्तनलाई जनाउँछ।

(ञ) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएका नगरपलिका सम्झनु पर्छ।

(ट) "निष्कासन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट स्थानीय तहले तोकेको स्थानमा फोहरलाई स्थानान्तरण गर्ने वा नष्ट गर्ने कार्यलाई सम्झनु पर्छ।

(ठ) "परिष्**कृत** सूचक**"** भन्नाले आधारभूत तहभन्दा माथिल्लो स्तरको सूचकहरुलाई सम्झनु **पर्छ।**

(ड) **"पुनः चक्रिय प्रयोग"** भन्नाले फोहरमैला वा अवशेषलाई पुनः प्रयोगको योग्य बनाउन प्रविधिको प्रयोग गरी कच्चा पदार्थमा रूपान्तरण गर्ने कार्यलाई सम्झनु पर्छ।

(ढ) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनी, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकीरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी पुर्‍याउने कार्यलाई सम्झनु पर्छ।

(ण) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र **सामाजिक** प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरू तथा ती अवयवहरूको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धलाई सम्झनु पर्छ।

(त) "वि**शेष** सूचक" गाउँपालिका वा नगरपालिका तथा निश्चित भौगोलिक क्षेत्रमा विशेष सोंचका साथ कुनै खास वातावरणीय विशेषतायुक्त नमूना गाउँ वा नगर घोषणा गर्ने प्रयोजनका लागि सम्बन्धित **स्थानीय तहको** अनुरोध**मा** मन्त्रालयले निर्धारण **गरेका** सूचक **सम्झनु पर्छ।**

(थ) "स्थानीय तह" भन्नाले गाउँपालिका तथा नगरपालिका सम्झनु पर्छ ।सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ।

सत्र ४: समयः ९० मिनेट

# वातावरणमैत्री स्थानीय शासन र विषय क्षेत्रगत अन्तरसम्बन्ध (१)

## ४.१: खाद्य सुरक्षा तथा जलवायु उत्थानशील कृषि

### १ खाद्य सुरक्षा

### १.१ परिचय

खाद्य सुरक्षा एक बहुआयामिक विषय हो । सामान्यतया खाद्य सुरक्षालाई सफा र पर्याप्त खाद्यान्नको उपलब्धतासँग जोडेर हेर्ने गरेको पाईन्छ । तर पोषण तथा खाद्य सुरक्षा खाद्यान्नको पर्याप्ततासँग मात्र जोडिएको विषय नभई यो खाद्यान्नमा हुने भौतिक तथा आर्थिक पहुँच र खाद्यान्नको उपयोग सम्बन्धी मानवीय व्यवहारसँग पनि सम्बन्धित छ । तसर्थ सक्रिय र स्वस्थ मानव जीवनका लागि चाहिने आवश्यक, सफा, सुरक्षित, पोषणयुक्त खाद्यान्नमा सबैको पहुँच सुनिश्चित भएको अवस्थालाई पोषण तथा खाद्य सुरक्षाको अवस्था भनिन्छ । खाद्य सुरक्षा अल्पकालीन र दीर्घकालीन दुवै प्रकृतिको हुन्छ । विश्व स्वास्थ्य संगठनका अनुसार "प्राकृतिक तथा दिगो प्रक्रियाद्वारा खाद्यान्नको उत्पादन र सम्मानजनक वितरणको अवस्थालाई खाद्य सुरक्षा भनिन्छ।" प्रत्येक व्यक्तिको सधैं पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहना अनुरूपको खानामाथि भौतिक र आर्थिक पहुँच भएमा मात्र खाद्य सुरक्षा भएको मान्न सकिन्छ । तथापि सामान्य अर्थमा खाद्य सुरक्षा भन्नाले सबै मानिसले पर्याप्त, पौष्टिक, सुरक्षित र पहुँचयोग्य खाना प्राप्त गर्ने अवस्था हो ।

खाद्य तथा कृषि संगठन (FAO) का अनुसार, खाद्य सुरक्षा देहायका चार स्तम्भमा आधारित हुन्छ ।

१. उपलब्धता (Availability) - पर्याप्त खाना उत्पादन वा आपूर्ति हुनु ।
२. पहुँच (Accessibility) - सबैलाई खाना किन्न वा प्राप्त गर्न सक्ने अवस्था हुनु ।
३. प्रयोग (Utilization) - पौष्टिक खाना उचित तरिकाले खान र प्रयोग गर्न सक्ने स्थिति हुनु ।
४. स्थायित्व (Stability) - निरन्तर रुपमा खानाको आपूर्ति हुनु र खानामा पहुँच कायम रहनु ।

### १.२ नेपालमा खाद्य सुरक्षाका चुनौतीहरू

- जलवायु परिवर्तन र प्राकृतिक विपद्,
- कृषियोग्य भूमि घट्दै जानु,
- कृषि उत्पादन र उत्पादकत्वमा कमी आउनु,
- कृषकहरु वैकल्पिक रोजगारीका लागि विदेश जाने प्रवृत्ति बढ्नु,
- खाद्यान्नको भण्डारण र वितरण प्रणाली कमजोर हुनु ।

## १.३ खाद्य सुरक्षामा जलवायु परिवर्तनले पार्ने असर

जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि, अनियमित वर्षा, अतिवृष्टि र अनावृष्टि जस्ता समस्याका कारण माटोको गुणस्तर कमजोर हुने र यसले जमिनको क्षयीकरण समेत गर्ने हुँदा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कठिन हुन्छ । साथै यसले बाढी, पैह्रो, खडेरी, आगलागी जस्ता प्राकृतिक प्रकोपहरु देखा पर्दा बालीनाली नष्ट हुने सम्भावना अधिक हुन्छ । नेपालमा पनि जलवायु परिवर्तनका कारण कृषि बाली तथा पशुपंछीजन्य उत्पादन र उत्पादकत्व घटिरहेको छ । यसले प्रत्यक्ष रुपमा खाद्यान्न आपूर्तिमा असन्तुलन ल्याएको छ । यसरी खाद्य आपूर्तिमा कमी आउँदा बालबालिकामा कुपोषणको जोखिम बढाएको छ । पोषक तत्वको कमी हुन गई खाद्य सुरक्षाको अवस्था कमजोर भएको छ । खाद्यान्नको उपलव्धता, पहुँच र उपयोगमा नकारात्मक असर पारिरहेको छ । साथै खाद्य सामग्रीको मूल्य वृद्धि हुन जाँदा मानिसहरुको जीविकोपार्जनमा असर गरेको छ । यसले दिगो विकास लक्ष्य पूरा गर्ने प्रयासहरुमा समेत नकारात्मक प्रभाव पारेको छ ।

## १.४ खाद्य सुरक्षाको लागि ऊर्जा

नेपालले हालैका वर्षहरूमा खाद्य सुरक्षामा सुधार गरेको भए तापनि ४६ लाख मानिसहरू अझै पनि खाद्य असुरक्षित रहेको अनुमान गरिएको छ । यद्यपि, दुर्गम ग्रामीण क्षेत्रहरू विशेष गरी कर्णाली र सुदूरपश्चिम प्रदेशहरूमा गम्भीर खाद्य सुरक्षाको अवस्था कमजोर छ । यहाँ वर्षभरिको लागि पर्याप्त खाद्यान्न उत्पादन हुँदैन । यहाँका मानिसहरु वर्षमा ९ महिनाभन्दा बढी समयसम्म आफ्नो खाद्य आवश्यकता पूरा गर्न आम्दानीका अन्य स्रोतहरूमा निर्भर रहन वाध्य छन् । नेपालमा खाद्य सुरक्षा कमजोर हुनुमा खडेरी, बाढी र पहिरो जस्ता प्राकृतिक प्रकोप र ऊर्जा लगायत कमजोर पूर्वाधार मुख्य कारक रहेका छन् । फलफूल र तरकारी जस्ता उच्च मूल्यका कृषि बाली उत्पादन गर्न नवीकरणीय उर्जाको प्रयोग गरी पानी लिफ्टिङको व्यवस्था गर्न सकिन्छ । त्यसैगरी, ऊर्जाद्वारा संचालित भण्डारण र ह्यान्डलिङ (जस्तै रेफ्रिजरेसन, सुकाउने, र प्याकेजिङ) ले उत्पादन पछिको खाद्य क्षतिलाई कम गर्छ ।

## १.५ खाद्य सुरक्षा सुनिश्चित गर्ने उपायहरू

- स्थानीय कृषि उत्पादन प्रणालीको सुदृढीकरण,
- कृषि अनुसन्धान र उपयुक्त प्रविधिको विकास तथा विस्तार,
- सिँचाइ सुविधा र कृषि कर्मलाई सहयोगी पूर्वाधार विकास तथा विस्तार,
- मल, बीउ र पशु, पंक्षीको आहारको सहज आपूर्ति र कृषकको पहुँच वृद्धि,
- खाद्य भण्डारण र कृषकमैत्री बजार प्रणालीको विकास,
- समुदायमा आधारित खाद्य भण्डारण र सहकारी प्रणालीको विकास तथा सुदृढीकरण,
- जैविक विविधता संरक्षणको लागि सामुदायिक बीउ बैंकहरूलाई सहयोग ।

खाद्य सुरक्षाको लागि जलवायु उत्थानशील कृषि एक प्रमुख आधार हुन सक्दछ ।

# २ जलवायु उत्थानशील कृषि

## २.१ परिचय

जलवायु उत्थानशील कृषि भनेको यस्तो कृषि प्रणाली हो जसले जलवायु परिवर्तनका असरहरू (जस्तैः तापक्रम वृद्धि, अनियमित वर्षा, बाढी, सुख्खा, कीरा, रोग) को सामना गर्न सक्ने क्षमता राख्छ र दिगो रूपमा उत्पादन र जीविकोपार्जन सुनिश्चित गर्न सहयोग गर्दछ । यो जलवायु परिवर्तनबाट सृजना हुने जोखिम व्यवस्थापनको एक आधारभूत अवधारणा पनि हो । यस्तै उत्थानशील (Resilient) ले जलवायु तथा मौसममा हुने परिवर्तनहरूको प्रभावहरूको पूर्वानुमान गरी आवश्यक तयारी गर्दै कृषि प्रणालीलाई परिवर्तित वातावरण अनुकूलन गर्ने क्षमता राख्दछ । यसले कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, प्राकृतिक स्रोतको संरक्षण गर्ने र जलवायु परिवर्तनको असर कम गरी कृषि प्रणाली अवलम्बन गर्न कृषकहरुको क्षमता विकासमा सहयोग गर्दछ । जलवायुमैत्री कृषि पद्धतिले कृषि उत्पादनलाई जलवायु अनुकूलन र न्यूनीकरणका प्रविधि र प्रक्रियाहरू मार्फत दिगो बनाउन मद्दत पुर्याउँदछ । जलवायुमैत्री कृषि पूर्ण रूपमा नयाँ पद्धति नभई वर्तमान अवस्थामा अभ्यास गरिएका असल अभ्यासहरूमा आधारित पद्धति हो जसले कृषि क्षेत्रको दिगो विकासका लागि जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणलाई एउटा प्रमुख विषयको रूपमा समावेश गरेको छ । नेपालमा जलवायुमैत्री कृषिको प्रवर्धन तथा विस्तारबाट स्थानीय ज्ञान, सीप र प्रविधिहरूको उचित व्यवस्थापन गर्न सकिने, स्थानीय स्रोतको सही तथा दिगो परिचालन हुने, स्थानीय स्वरोजगारको सृजना गर्न सकिने, कृषि उत्पादनको लागत कम गर्न सकिने र कृषि प्रणालीको दिगो व्यवस्थापन गर्न सकिने सम्भावनाहरूलाई व्यवहारमा उतार्न सकिन्छ ।

जलवायु परिवर्तनका कारण कृषि क्षेत्रले सामना गर्नुपर्ने चुनौती र यसको समाधान नखोजी आधुनिक कृषि पद्धति अपनाउँदा प्रति एकाई उत्पादनको लागत बढ्दछ । नेपालमा साना तथा मझौला कृषकहरूको संख्या बढी भएकोले प्रति एकाई कृषि उत्पादन गर्दा बढ्ने लागतले कृषकहरूको आर्थिक अवस्थामा थप चुनौती बढ्न सक्छ । यस्तो प्रकारको चुनौतीको सम्बोधन गर्नका लागि स्थान विशेष, कृषकहरूको क्षमतामा आधारित र स्थानीय स्रोतको सही उपयोग हुने कृषि प्रविधि अवलम्बन गर्नु आवश्यक हुन्छ ।खाद्य तथा कृषि संगठन (FAO) का अनुसार, जलवायु उत्थानशील कृषिलाई "जलवायु र चरम मौसममा हुने परिवर्तनको प्रभावको पूर्वानुमान गरी यसको असर कम गर्न आवश्यक तयारी गर्ने, अनुकूलन (Adaptation) गर्ने, अवशोषित (Absorb) गर्ने र पुनःप्राप्ति (Recover) गर्ने प्रणालीको क्षमता" भनेर परिभाषित गरिएको छ ।

## २.२ जलवायु उत्थानशील कृषिका प्रमुख उद्देश्यहरू

- जलवायु परिवर्तनको जोखिम कम गर्ने ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा सुधार गर्ने ।
- माटो, पानी, बोटविरुवा लगायतका प्राकृतिक स्रोतहरुको संरक्षण गर्ने ।
- कृषकको जीविकोपार्जन र आय आर्जनमा सुधार गर्ने ।
- परिवर्तित वातावरण अनुकूलन पद्धति स्थापित गरी जोखिम न्यूनीकरण गर्न सहयोग गर्ने ।

## २.३ जलवायु उत्थानशील कृषिका प्रमुख स्तम्भहरु

- दिगोपना कायम गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि ।
- जलवायु अनुकूलन कृषि प्रणालीको अवलम्वन ।
- जलवायु पविर्तनका कारण कृषक र कृषि क्षेत्रमा पर्ने जोखिम न्यूनीकरण ।

## २.४ जलवायु परिवर्तन कारण कृषि क्षेत्रमा देखापरेका चुनौती तथा असरहरु

*चुनौतीहरुः*

- कृषि प्रसारमा संलग्न कृषि प्राविधिकहरू र कृषकहरूमा पर्याप्त मात्रामा जलवायु अनुकूलन र न्यूनीकरण सम्बन्धी प्राविधिक ज्ञान नभएको । यसले गर्दा कुनै पनि प्रभाव जलवायु परिवर्तनको कारणले परेको हो या होइन भनी निर्धारण गर्न कठिन भएको ।
- जलवायु अनुकूलन र न्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि आर्थिक तथा प्राविधिक श्रोतहरूको कमी भएको ।
- जलवायु अनुकूलन तथा न्यूनीकरणका लागि तयार गरिएका कार्ययोजनाहरूको समयमै कार्यान्वयन गर्न नसकिएको ।
- स्थानीय सरकारस्तरका वार्षिक विकासको कार्यक्रममा कृषि क्षेत्रको अनुकूलनका लागि अति कम बजेट विनियोजन भएको र अधिकांश बजेट परम्परागत विकास निर्माणमा जाने गरेको ।
- स्थानीयस्तरमा सञ्चालन गरिदै आएका कार्यक्रमहरूको संघीय तथा प्रदेश सरकारका निकायहरूबाट प्रभावकारी रूपमा अनुगमन एवं सहजीकरण हुन नसकेको ।
- जलवायु अनुकूलन र न्यूनीकरणका कार्यक्रमहरू क्षणिक समयका लागि मात्र सञ्चालन हुने गरेको हुँदा कार्यक्रमहरूको प्रभावकारिता दिगो हुन नसकेको ।
- जलवयु अनुकूलन तथा न्यूनीकरण सम्बन्धी कार्यक्रमहरू विभिन्न सरकारी सरकारी निकाय (जस्तैः कृषि, वन, भूसंरक्षण, सिँचाई, आदि) र गैर सरकारी संस्थाहरूले सञ्चालन गरेका तर उनीहरू बीच पर्याप्त समन्वय नभएकोले कार्यक्रमहरू दोहारिने गरेको ।
- जलवायु परिवर्तन सम्बन्धी कार्यक्रममा सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोग न्यून भएको ।
- कार्यक्रमहरू विपन्न र संकटासन्न समुदायमा पुग्न नसकेको ।

*असरहरू*

- असामान्य खडेरी, अतिवर्षा, बाढी र पैह्रो जाने क्रम बढ्दै जाने।
- माटोको उर्वराशक्तिमा ह्रास आउने ।
- बालीचक्रमा परिवर्तन र कृषि उत्पादनमा अनिश्चितता हुने ।
- कृषि बालीमा नयाँ नयाँ रोग तथा कीराको प्रकोप देखापर्ने ।
- नदी, खोला, खोल्सामा पानीको मात्रा घट्ने र सिंचाइ प्रणाली कमजोर हुने ।
- जलसतह घट्दै जाने ।
- पशुपंक्षीमा नयाँ रोग देखिने र गर्मी तथा जाडो सहनशिल क्षमता कम हुने ।

## २.५ जलवायु उत्थानशील कृषिका केही प्रमुख विधिहरू

### २.५.१ उत्पादन व्यवस्थापन

- सुख्खा तथा बाढी सहन गर्न सक्ने, अधिक उत्पादन दिने र जलवायु अनुकूलित हुने जातका बीउको प्रयोग गर्ने ।
- समयानुकूल बाली चक्र परिवर्तन (Crop Rotation) गर्ने ।
- मिश्रित खेती र बहुउपयोगी बाली लगाउने ।
- मल्चिङ लगायत माटोलाई ढाक्ने अन्य प्रविधिको प्रयोग गर्ने ।
- जैविक तथा कम्पोस्ट मलको प्रयोग वढाउने ।
- माटो परीक्षण शिविर संचालन र माटो उपचार गर्ने ।
- IPM गतिविधिहरू संचालन गर्ने ।

### २.५.२ जल तथा सिंचाइ व्यवस्थापन

- पानी कम खपत हुने ड्रिप तथा स्प्रिंकलर सिंचाइ प्रणाली अवलम्वन गर्ने ।
- वर्षाको पानी संकलन गर्ने प्रणालीको विकास गरी सिंचाइ सुविधा विस्तार गर्ने ।
- प्लास्टिक घर, पोखरी निर्माण, पानी संकलन स्थल र साना सिंचाई सम्बन्धी प्रविधिको बिस्तार गर्ने ।
- भू तथा जलाधार संरक्षणमा नागरिक सहभागिता वृद्धि गर्ने ।
- सामुदायिक सिँचाइ पद्धति अवलम्वन गर्ने ।
- बाढी नियन्त्रणको लागि बायो-इन्जिनियरिङ विधिको अवलम्बन गर्ने र ग्याबियन पर्खाल लगाउने।

### २.५.३ माटो संरक्षण र गुणस्तर सुधार

- गह्रा सुधार तथा भूक्षय न्यूनीकरण (Terracing) गर्ने ।
- वृक्षारोपण गर्ने, भुई/डाले घाँस लगाउने ।
- अधिक मात्रामा हरियो मलको प्रयोग गर्ने ।
- जैविक विविधताको अवधारणा अवलम्वन गर्ने
- माटो परीक्षण, रोकथाम र नियन्त्रणको लागि तटबन्ध निर्माण गर्ने ।

### २.५.४ पशुपालनमा सुधार

- रोगप्रतिरोधी जातका पशुपंक्षीको छनोट गर्ने ।
- चरन व्यवस्थापन गर्ने ।
- गोठ सुधार र फोहोरमैला व्यवस्थापन गर्ने ।
- पशु स्वास्थ्य शिविर सचालन गर्ने ।

### २.५.५ नविन प्रविधि, ज्ञान र सीपको व्यवस्थापन

- मौसम परिवर्तन, रोग किराको प्रकोप, स्थानीयस्तरमा कृषि श्रमिकको उपलब्धता, कृषि उपजको मूल्यमा आउने उतारचढाव जस्ता उत्पादनका जोखिमहरूको सामना गर्न सक्ने कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- जैविक खेती र पर्यावरणमैत्री प्रविधिको अवलम्बन र विस्तार गर्ने ।
- जलवायु परिवर्तनका कारण कृषि उत्पादन र खाद्य सुरक्षामा पर्न सक्ने असरलाई कम गर्ने ।
- स्थानीय क्षमतामा आधारित पूर्व सूचना प्रणाली, मौसम पूर्वानुमान र चेतावनी प्रणाली संचालन गर्ने ।
- कृषि सूचना प्रवाह र कृषक सशक्तीकरण कार्यक्रम संचालन गर्ने ।
- स्थानीय ज्ञान, सीप र क्षमताको खोज, संयोजन तथा उपयोग गर्ने ।
- मौसम पूर्वानुमान प्रणाली मार्फत वास्तविक मौसम डाटा (Real Time Data) प्राप्ति स्टेशनहरू र मौसम पूर्वानुमान प्रणाली स्थापना गर्न सहयोग गर्ने ।
- उपयुक्त खेत जोत्ने विधिहरू (Tillage Practices), पानी व्यवस्थापन र सिँचाइ, वृक्षारोपण, कृषि वन, घाँस तथा चरन व्यवस्थापन जस्ता अभ्यासहरूबाट माटोको ओसिलोपन संरक्षण गर्ने ।

### २. ६ जलवायु उत्थानशील कृषि प्रवर्धनका रणनीतिहरू

- कृषि र जलवायु अनुकूलन  सम्बन्धी वहुसरोकारका नीतिहरु बीच सामन्जस्यता कायम गर्ने ।
- स्थानीय तहले जलवायुमैत्री कृषि विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- कृषक समूह, सहकारी तथा स्थानीयस्तरमा कार्यरत कृषि प्राविधिकहरुको क्षमता विकास गर्ने ।
- कृषि तथा पशु विमा कार्यक्रम, कृषिमा प्रभावकारी अनुदान, हरित अर्थतन्त्र (Green Economy) जस्ता वित्तीय सुधार सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
- बायोग्यास (गोबरग्यास) प्रणालीको विस्तार गर्ने ।
- रिचार्ज पोखरी निर्माण गर्ने ।

### २.७ नेपालमा जलवायु उत्थानशील कृषि गर्न सकिने केही उदाहरणहरु

- धान खेतमा माछा पालन (एकीकृत प्रणाली) ।
- हिमाली तथा पहाडी क्षेत्रमा आलु-जौ-गहुँको मिश्रित खेती प्रणाली ।
- तराई तथा समथर क्षेत्रमा Hardinath-1, Sukkha dhan series जस्ता सुख्खा सहन गर्नसक्ने जातको धान खेती गर्ने ।
- जैविक मल, माटो संरक्षण र वर्षाको पानी संकलन प्रविधि प्रयोग गर्ने ।

## ३ स्थानीय तहले गर्नु पर्ने कार्यहरु

- स्थानीय तहले जलवायु उत्थानशील कृषि सम्बन्धी नीति तर्जुमा गरी यसलाई स्थानीय तहको समग्र शासकीय प्रक्रियामा मूलप्रवाहीकरण गर्नु पर्ने । यस्तो नीति अन्य विषयगत क्षेत्रहरुसंग समेत

सम्बन्धित रहन सक्ने हुँदा आवधिक तथा वार्षिक योजना, बजेट र संस्थागत संरचनाहरुमा समेत यस नीतिलाई मूलप्रवाहीकरण गर्ने ।

- जलवायु उत्थानशील कृषि व्यवसायको प्रवर्धन गर्न विपन्न तथा सिमान्तकृत वर्ग, साना किसान, महिला र युवा कृषि उद्यमीहरुलाई उनीहरुको आवश्यकता अनुसार सीप तथा क्षमता विकास तालिम दिने ।
- स्थानीय रैथाने बालीको संरक्षण, प्रवर्धन, विकास र विस्तार गर्ने ।
- अर्गानिक खेती प्रणालीको विस्तार र उत्पादित कृषि उपजको बजारीकरणमा समन्वय र सहजीकरण गर्ने ।
- सडक किनारामा रूख रोप्ने ।
- घर परिसरमा फलफूल लगायतका बोटविरुवाहरू लगाउने ।
- जलवायु परिवर्तनले विशेष गरी सीमान्तकृत र विपन्न समुदायलाई असर गर्ने र यसबाट असमानताको खाडल बढ्न सक्ने हुँदा विपन्न र सीमान्तकृत वर्गलाई ध्यानमा राखी यस्तो कार्यक्रम संचालन गर्ने ।

**४ निष्कर्ष**

- जलवायु परिवर्तन तथा प्रदूषित वातावरणका कारण कृषि क्षेत्रले ठूलो चुनौतीको सामना गर्नुपरेको छ ।
- जलवायु उत्थानशील कृषि नेपालको दिगो विकासको आधार हो । यसले कृषि उत्पादन बढाउनुको साथै पर्यावरण संरक्षण, खाद्य सुरक्षा र ग्रामीण जीविकोपार्जनलाई समेत सुदृढ गर्न मद्दत गर्दछ ।
- संघ, प्रदेश र स्थानीय तहका सरकार, कृषिविज्ञ र कृषक/समूहबीच सहयोग, समन्वय र सहकार्यबाट मात्र यो कार्य सम्भव हुन सक्दछ ।

# ५ वन तथा वातावरण

## ५.१ परिचयः

सामाजिक, आर्थिक, वातावरणीय, साँस्कृतिक तथा पर्यावरणीय दृष्टिले वन सम्पदाको अहम् महत्व रहेको छ । खाद्य सुरक्षा, वायुको स्वच्छता, स्वच्छ पानीका श्रोतहरु, परम्परागत ज्ञान, भाषा, सँस्कृति र रहनसहन जस्ता बहुआयामिक महत्वसंग जोडिएर रहेको वन श्रोत र सम्पदा मानिसको जीवन पद्धतिसंग घनिष्टतम रुपमा गासिएको हुन्छ । वन जंगलले मानव जातिलाई प्रत्यक्ष रुपमा वातावरण संरक्षण, दैनिक जीवनयापन, उत्पादनको औद्योगीकरण र भण्डारणमा अमूल्य सहयोग पुर्याउदै आएको छ ।तर मानिसहरुको जीवनयापनमा परिवर्तन भई बस्ती निर्माण, शहरीकरण, सडक तथा अन्य भौतिक पूर्वाधारको विस्तार गर्ने क्रममा प्राकृतिक वनको विनास हुने र त्यसको नकारात्मक प्रभाव पर्ने भएकोले वनको उपभोगसंगै संरक्षण पनि जरुरी छ । नेपालको वन संरक्षण र व्यवस्थापन कार्यमा परम्परादेखि नै जनताको प्रत्यक्ष संलग्नता हुँदैआएको भए तापनि वैधानिक तवरबाट वि.सं. २०३५ सालमा वन ऐनको संशोधनबाट वनको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय समुदायलाई सुम्पने प्रकृया शुरु भएको देखिन्छ ।

### ५.२. विद्यमान अवस्था

नेपालको कुल क्षेत्रफलको ४८.०८% भूभाग वनले ढाकेको छ (वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन २०८०/८१) । नेपालको वनलाई व्यवस्थापनका दृष्टिले निजी वन, राष्ट्रिय वन र संरक्षित क्षेत्रमा पर्ने वनका रूपमा वर्गीकरण गरिएको छ । राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, सामदुायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन र वन संरक्षण क्षेत्र (साविकको संरक्षित वन) को रूपमा व्यवस्थापन हुँदै आएको छ । आ.व. २०८०/०८१ को अन्तसम्ममा सामदुायिक वनतर्फ २३,६८२ उपभोक्ता समूह र २४,९०,१९४ हेक्टर वनक्षेत्र; साझेदारी वनतर्फ ३१ समूह र ७५,६१४ हेक्टर वनक्षेत्र; कबुलियती वन तर्फ ६,९७६ समूह वा संस्था र ४५,८४१.७४ हेक्टर वनक्षेत्र; ७,७३१ गरिबमुखी कबुलियती वन तर्फ ४४,३९८.७४ हेक्टर वनक्षेत्र, २४५ व्यावसायिक कबुलियती वनतर्फ १,४४३ हेक्टर वनक्षेत्र, धार्मिक वनतर्फ १८६ धार्मिक संस्थालाई २८९६.५७ हेक्टर वनक्षेत्र उपलव्ध गराइएको छ भने १० वटा वन संरक्षण क्षेत्रको कुल क्षेत्रफल १,९२,०२७ हेक्टर रहेको छ । जस मध्ये १,०३७ मध्यवर्ती सामुदायिक वनको २,११,२१३.०२ हेक्टर र ७५ वटा मध्यवर्ती कबुलियती वनको ३००.०१ हेक्टर एवम् ६ वटा मध्यवर्ती धार्मिक वनको ८५.३२ हेक्टर क्षेत्रफल रहेको छ (स्रोतः वार्षिक प्रतिवेदन २०८०/८१, वन तथा वातावरण मन्त्रालय) ।

### ५.३. वन क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरूः

- वन फडानी, क्षयीकरण र अवैध वन दोहन ।
- जनसंख्या वृद्धि र अनियन्त्रित बसोबास ।
- वन्यजन्तुको अवैध/चोरी शिकार ।
- नीति कार्यान्वयनमा जटिलता ।
- औषधिजन्य जडीबुटी र वनस्पतिको अनियन्त्रित दोहन ।
- स्थानीय, प्रदेश तथा संघबीच न्यून समन्वय ।
- खुला तथा अनियन्त्रित चरिचरन ।
- बन डढेलो ।
- जलवायु परिवर्तन ।
- ढुँगा, गिट्टी, वालुवाको अवैध एवं अनियन्त्रित दोहन ।

## ६. वातावरण

### ६.१ परिचयः

वातावरण भनेको हावा, पानी, माटो, जीवजन्तु, वनस्पति र मानवबीचको पारस्परिक सम्बन्धको अवस्था हो । स्वच्छ वातावरण जीवन, विकास र पारिस्थितिकीय सन्तुलनका लागि अनिवार्य हुन्छ । वातावरणका खास तीनवटा तत्वहरू रहेका छन् (१) जैविक तत्व (Biotic) जस्तैः जीवजन्तु, वनस्पति, मानव, (२) अजैविक तत्व

(Abiotic) जस्तै माटो, पानी, हावा, तापमान, सूर्य र (३) सांस्कृतिक तत्व (Cultural) जस्तैः समाज, संस्कृति, जनसंख्या र प्रविधि । यिनै तत्वहरुको समुचित र सन्तुलित व्यवस्थापनबाट वातावरण संरक्षण गर्न सकिन्छ । नेपालमा कुल वन क्षेत्रको झण्डै ४० प्रतिशत वनक्षेत्र सामुदायिक वन, साझेदारी वन लगायत समुदायमा आधारित वनको रुपमा स्थानीय समुदायबाट संरक्षण तथा व्यवस्थापन हुँदै आएको छ । यसको मुख्य लक्ष्य जनसहभागिताद्वारा वनको दिगो व्यवस्थापन गरी वनबाट प्राप्त हुने वन पैदावार वा वस्तु र सेवाको उत्पादन तथा उत्पादकत्व बढाउनु हो । साथै यस्ता वस्तु वा सेवाको प्रशोधनबाट मूल्य अभिवद्धि गर्नु र त्यसबाट वन व्यवस्थापनमा संलग्न समुदायको सम्वृद्धि र अर्थतन्त्रमा योगदान पुर्याउनु समेत हो । यस प्रकार वनको व्यवस्थापन र उपयोग गर्दा जैविक विविधताको संरक्षण हुनुका साथै निर्णय प्रक्रियामा आदिवासी, जनजाति, महिला, विपन्न वर्ग लगायत स्थानीय समुदायको सहभागिता र लाभको न्यायोचित बाँडफाँडको सुनिश्चितता समेत कायम भएको छ ।

वातावरण व्यवस्थापन तर्फ हाल सम्म ३५० भन्दा बढी ठूला आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको छ । हजारौंका संख्यामा रहेका मझौला तथा साना आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भई वातावरण व्यवस्थापन योजना कार्यान्वयन गर्ने प्रयासहरू भइरहेको छ । औद्योगिक प्रतिष्ठानमा नियमित र आकस्मिक अनुगमन गरी मापदण्ड पालना गर्ने, गराउने कार्य भइरहेको छ । सवारी साधनहरूमा प्रदूषण जाँच गर्ने प्रकृया शुरु भएको छ । शहरी क्षेत्रमा विभिन्न प्रकारका वातावरणीय प्रदूषण रोकथाम तथा न्यूनीकरण गर्न फोहरमैला व्यवस्थापन, मापदण्ड विपरीत बनेका पोलिथिनको झोलाको प्रयोगलाई नियन्त्रण र जनचेतनामूलक कार्यक्रमहरू संचालन गरिएको छ । यसैगरी शहरी वन तथा उद्यानका कार्यक्रमहरूबाट प्रदूषण न्यूनीकरण तथा शहरी क्षेत्रको सौन्दर्य अभिवृद्धि गर्ने प्रयास भैरहेको छ (स्रोतः वार्षिक प्रतिवेदन २०८०/८१, वन तथा वातावरण मन्त्रालय) । जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट दिगो समाज निर्माणमा योगदान गर्ने लक्ष्य लिएर वन तथा वातावरण मन्त्रालयले काम गरिरहेको हुदा वातावरणमैत्री स्थानीय शासन प्रवर्धनमा वन तथा वातावरण क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ ।

## ६.२ नेपालका प्रमुख वातावरणीय समस्या तथा चुनौती

- वायु प्रदूषणः धुलो, धुवाँ ।
- जल प्रदूषणः नदी, खोला, तालतलैया र पोखरीहरू प्रदूषित ।
- भूक्षय, बाढी, पैह्रो र माटो कटान ।
- जलवायु परिवर्तनजन्य विनाशका कारण हुने वातावरणीय विनाश।
- जैविक विविधतामा ह्रास ।
- अनियन्त्रीत शहरीकरण र फोहोरमैला व्यवस्थापन ।
- औद्योगिक र चिकित्साजन्य फोहर व्यवस्थापन ।
- प्लास्टिकजन्य फोहर व्यवस्थापन

## ६.३ जैविक विविधता र वातावरण

नेपाल जैविक विविधता र प्राकृतिक स्रोतसाधनले सम्पन्न देश हो । वन र वातावरण दुवै नेपालको सामाजिक र आर्थिक सन्तुलनका आधार स्तम्भ हुन् । वनले वातावरणीय सन्तुलन कायम राख्न, जलस्रोत संरक्षण गर्न र जनजीविकामा योगदान पुर्याउन प्रमुख भूमिका खेल्दछ । जैविक विविधता संरक्षणले वन फँडानी र वन क्षयीकरण कम गर्न मद्दत गर्दछ । साथै यसले जैविक विविधता संरक्षण, प्राकृतिक श्रोतको प्रवर्धन र वनस्पति, जीवजन्तु, एवं हरियालीको संरक्षण गरी कार्बन संश्लेषण (Carbon Sequestration) गर्न समेत मद्दत गर्दछ । सामुदायिक सहभागिता, नीति कार्यान्वयन र वातावरणमैत्री विकास नीतिबाट मात्र नेपालले दिगो वन व्यवस्थापन र स्वस्थ वातावरण कायम राख्न सक्छ ।

## ६.४ वन र वातावरणबीचको सम्बन्धः

- वनले वातावरणलाई स्वच्छ राख्न मद्धत गर्छ ।
- भूक्षय, बाढी, पहिरो रोक्न वन अपरिहार्य छ ।
- वातावरणीय सन्तुलनका लागि वन संरक्षणको ठूलो महत्व छ ।
- वन विनाशले वातावरणीय संकट निम्त्याउँछ ।

# ४.२ भूउपयोग योजना, बस्ती तथा शहरी विकास मापदण्ड, भवन संहिता

## १. भूउपयोग योजना

### १.१ परिचय

नेपालको सन्दर्भमा बढ्दो जनसंख्या, आन्तरिक बसाइँसराई, अव्यवस्थित र तीब्र शहरीकरणका कारण कृषियोग्य जमिन, वनजंगल, सरकारी सार्वजनिक जग्गा तथा विभिन्न प्राकृतिक स्रोतहरुमा अत्याधिक चाप पर्न गई वातावरणीय सन्तुलन र दिगो विकासको चुनौती देखा परेको छ । शहरीकरणको साथै बसोबासको आवश्यकता बढ्न गएको र सोको लागि कृषियोग्य जमिन उपयोग भै खाद्य सुरक्षामा असर पर्न गएको छ । शहरी जनसंख्याको मागलाई समाधान गर्न आवास र विभिन्न शहरी पूर्वाधारहरुको निर्माणको क्रममा भूकम्प लगायत प्राकृतिक विपद् र मानव सिर्जित जोखिमहरुको सुरक्षित र दिगो व्यवस्थापनलाई समेत सम्बोधन गर्नुपर्ने आवश्यकता बोध गरी वातावरणमैत्री र विपद् उत्थानशिल भूउपयोग गर्न राष्ट्रिय भूउपयोग नीति, २०७२ जारी भएको छ ।

व्यवस्थित शहरी विकासको लागि भूमिलाई आवासीय क्षेत्र, बजार क्षेत्र, औद्योगिक क्षेत्र, बसपार्क, हाटबजार, खुला क्षेत्र लगायत विभिन्न उपयोग क्षेत्रमा विभाजन गर्नु पर्दछ । यसरी विभाजन भएको क्षेत्र जे प्रयोजनका लागि छुट्ट्याएको हो, सोही प्रयोजनमा मात्र उपयोग गर्न मिल्ने कानूनी व्यवस्था गरी सो को कार्यान्वयन गर्नु तीनै तहका सरकारको दायित्व हो । तथापि भूमिको भूउपयोग योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय तहको अग्रणी भूमिका रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले पनि स्थानीय तहलाई आफ्नो क्षेत्रको समग्र विकासका लागि आवश्यक नीति, कानून, निर्देशिका, मापदण्ड एवं विकास योजना तर्जुमा तथा कार्यान्वयन, नियमन र मूल्यांकन गर्ने जिम्मेवारी दिएको छ ।स्थानीय तहको एकिकृत र व्यवस्थित विकास योजना तर्जुमा तथा कार्यान्वयनमा जोखिम सम्वेदनशील भूउपयोग योजना निर्माण र कार्यान्वयन एउटा महत्वपूर्ण साधन हो । स्थानीय तहमा प्रकोपजन्य जोखिममा आधारित वातावरणीय भूउपयोग योजना सम्बन्धी तालिमका उद्देश्यहरु देहाय अनुसार हुनेछन्ः

(क) स्थानीय तहको भौगोलिक, भौगर्भिक एवं जोखिम सम्बेदनशील भूउपयोग योजना तर्जुमाका लागि प्राविधिक एवं व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्ने ।

(ख) भूउपयोग सूचना प्रणालीको उपयोग गरी स्थानीय तहको आफ्नो क्षेत्रभित्र रहेको भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक स्रोतको अवस्थाको चित्रण गरी सम्भावित जोखिमको पहिचान गर्ने ।

(ग) स्थानीय तहको सीमा भित्रका कृषि, आवाशीय, औद्योगिक लगायत विभिन्न प्रयोजनका लागि वातावरणीय दृष्टिकोणले उपयुक्त स्थानहरु पहिचान गरी सोही अनुरुप भूउपयोग योजना बनाई कार्यान्वयन गर्न स्थानीय तहको क्षमता अभिबृद्धि गर्ने ।

(घ) शहरीकरण र बस्ती विकाससँग सम्बन्धित नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड निर्माणमा सहयोग पुर्याउने ।

(ङ) भू-उपयोगसँग सम्बन्धित आधारभूत र विस्तृत योजना तर्जुमा गर्न सघाउ पुर्याउने ।

## १.२ भूउपयोग योजना अन्तर्गतको तालिम मोड्युलमा समेटिन विषयहरु

### १. मौजुदा नीतिगत र कानून आधार

- नेपालको संविधान ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ ।
- भूउपयोग ऐन, २०७६ ।
- भू-उपयोग नियमावली, २०७९ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ ।
- भूउपयोग नीति, २०७२ ।
- राष्ट्रिय शहरी विकास नीति, २०८१ ।
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ।
- जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ ।
- राष्ट्रिय शहरी विकास रणनीति, २०७४ ।
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, सन् २०१८-३० ।
- बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०६२ ।
- बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७५ ।

## १.३ भूउपयोग योजनाका मार्गदर्शक सिद्धान्तहरु

- हरित उत्थानशील तथा समावेशी अवधारणासहितको विकास (GRID) ।
- भूमिको प्रभावकारी उपयोग (Effective Use of Land) ।
- योजनावद्ध विकास (Planned Development) ।
- सन्तुलित विकास (Balanced Development) ।
- जलवायु परिवर्तन अनुकुलित विकास (Climate Change Adapted Development) ।
- ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका स्थानहरुको संरक्षण ।
- एकीकृत सुरक्षित बस्ती विकास ।
- विकास केन्द्र तथा यसका तहगत व्यवस्था (Development Center and Its Arrangements) ।
- भू-उपयोग र सडक यातायातको अन्तरसम्बन्ध ।
- खुल्ला क्षेत्रमा पहुँच ।
- भौतिक पूर्वाधार र सामाजिक सेवा सुविधामा पहुँच ।
- कृषि क्षेत्रको संरक्षण ।

### १.४ भू-उपयोग योजना तर्जुमा र कार्यान्वयनका चरणहरु

| योजना तर्जुमाका चरणहरु | कार्यान्वयनका चरणहरु |
|---|---|
| • संस्थागत संरचना निर्माण ।<br>• तथ्यांक संकलन र विश्लेषण ।<br>• प्रकोप संकटासन्नता तथा जोखिमको लेखाजोखा ।<br>• SWOT Analysis ।<br>• दीर्घकालीन विकास दृष्टिकोण र लक्ष्य निर्धारण । | • योजना तर्जुमा अनुसारको कार्यक्रम निर्धारण ।<br>• प्रचारप्रसार ।<br>• कार्यक्रमलाई वार्षिक, आवधिक र दीर्घकालीन रुपमा वर्गीकरण गरी योजनामा मूलप्रवाहीकरण ।<br>• रणनीतिगत उपकरण चयन ।<br>• कार्यान्वयन, अनुगमन, मूल्यांकन । |

## २ बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड

### २.१ पृष्ठभूमि

बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ ले सुरक्षित बस्ती विकास लागि आवश्यक नर्म्स र मापदण्डको व्यवस्था गरेको छ । व्यवस्थित शहरीकरणको लागि फराकिलो सडक, पर्याप्त खुला क्षेत्र, पर्याप्त उज्यालोको लागि भवनहरु निर्माण गर्दा सडकबाट छोड्नु पर्ने दूरी **(सेटब्याक)**, भूकम्प र प्रकोपबाट सुरक्षाको लागि अनुमति लिनुपर्ने भवनको उचाई, जग्गाको क्षेत्रफलको अनुपातमा निर्माण गर्न पाउने क्षेत्रफल लगायतको हरेक स्थानीय तहले मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्नेछ र ल्याउनु पर्दछ । देशका केही स्थानीय तहहरुमा स्वीकृत भवन निर्माण मापदण्ड लागु भएको अवस्था भए पनि कतिपय निकायहरुमा सो अवस्था नरहेकोले अनियन्त्रित र असुरक्षित बस्तीहरु बढ्दै गईरहेको सन्दर्भमा अनिश्चित विकासलाई नियमन गरी सकारात्मक दिशा तर्फ मार्गनिर्देश गर्न नेपाल सरकारले बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ (पहिलो संसोधन २०७४) लागु गरेको छ । हरेक स्थानीय तहले आफ्नो पालिकाका लागि आफ्नै मापदण्ड बनाई लागु गर्न सक्नेछ । यसैले शहरी विकास मन्त्रालयले तयार गरी लागु गरेको यो मापदण्डलाई आधारभूत मापदण्ड भनिएको हो । हरेक स्थानीय तहले यस आधारभूत मापदण्डका प्रावधान भन्दा खुकुलो नहुने गरी (यो भन्दा सशक्त गर्न चाहे पाउने गरी) आफ्नो मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्न पाउनेछन् ।

### २.२ तालिम मोड्युलका उद्देश्यहरु

१. स्थानीयस्तरमा बस्ती विकास शहरी योजना र भवन निर्माण सम्बन्धी मापदण्डको आवश्यकता र महत्व बोध गराउनु ।
२. मापदण्डका प्रावधानहरु बारे जानकारी गराउनु ।
३. भू-उपयोग योजना र बस्ती विकास सम्बन्धी मापदण्डको अन्तरसम्बन्धबारे सुसुचित गर्नु ।
४. मापदण्ड विपरित निर्माण गरेमा हुने कारवाही र दण्डबारे जानकारी गराउनु ।

५. बस्ती विकास, सहरी योजना र भवन निर्माण सम्बन्धी मापदण्ड तर्जुमा सम्बन्धी विधि र विषयवस्तु सम्बन्धी ज्ञान दिनु ।

## २.३. तालिममा समेटिने विषयहरु

१. भू-उपयोग प्रतिशत (GCR), भूइँ क्षेत्रको अनुपात (FAR), सेटव्याक, Light Plan, खुल्ला क्षेत्र, टाँसिएका भवनहरु (Attached buildings), जोडिएका भवन (Joined building) लगायतका मापदण्डहरुको जानकारी ।

२. तीन प्रकारका मापदण्ड र तिनको विशेषताहरुः

- Building bylaws
- Planning bylaws
- Implementation bylaws

३. केन्द्रीय शहरी योजना तथा भवन निर्माण मापदण्ड सुदृढीकरण तथा सुपरिवेक्षण समिति, गठन, काम कर्तव्य र अधिकार ।

४. भवनको वर्गीकरण र नक्सापास प्रकृया ।

५. भवन निर्माणको स्वीकृति सम्बन्धी व्यवस्था ।

६. सार्वजनिक क्षेत्रभित्रका संरचना हटाउने ।

७. खुला क्षेत्र, पूर्वनिर्मित भवनहरुको नियमित गर्ने व्यवस्था ।

८. जग्गा खण्डीकरण सम्बन्धी व्यवस्था ।

९. प्रस्तावित भौतिक योजनाहरुमा बाटोको व्यवस्था ।

१०. प्रस्तावित भौतिक योजनाहरुमा माटोको व्यवस्था र मापदण्ड ।

११. सम्पदा बस्तीको लागि आवश्यक नर्म्स र स्टेन्डर्ड ।

१२. भवनको अधिकतम उचाई र भवनका अन्य अवयवहरुको लागि मापदण्ड ।

१३. हरियाली क्षेत्र, पानीको स्रोत, हरित प्रविधि, स्मारकको संरक्षण, भवन एकीकरण (House Pooling) सम्बन्धी व्यवस्था, अग्नि नियन्त्रण र सुरक्षाका उपायहरु ।

१४. जोखिमयुक्त स्थान र सुरक्षित बस्तीको पहिचान इत्यादि ।

# ३ भवन निर्माण संहिता (National Building Code)

## ३.१. पृष्ठभूमि

नेपाल भूकम्पीय दृष्टिकोणले अत्यन्तै संवेदनशील क्षेत्रमा रहेको छ । भारतीय प्लेट र तिब्बतीय प्लेटको विपरित दिशा तर्फको चाल (Movement of two large tectonic plates in opposite direction) का कारण नेपालमा सानोतिनो भूकप्पको धक्का बारम्बर र केही निश्चित वर्षको अन्तरालमा ठूला विनाशकारी भूकम्पहरु गइरहने तथ्य सर्वविदित भैसकेको छ । वि.सं. १९९०, वि.सं. २०४५ र वि. सं. २०७२ मा गएका विनाशकारी ठूला भूकम्पहरुबाट धनजनको ठूलो क्षति भयो । २०७२ सालको भूकम्पबाट आठ लाखभन्दा बढी निजी निवास,

ठूला संख्यामा विद्यालय र स्वास्थ्य संस्थाका भवनहरु र सरकारी कार्यालयहरु पुनर्निर्माण नै गर्नुपर्ने गरी ध्वस्त भए । करिव नौ हजार व्यक्तिको ज्यानै गयो । भूकम्प आफैले मानिस मार्दैन । हामीले निर्माण गरेका कमजोर संरचना भत्केर ज्यान जान्छ । तसर्थ भूकम्पबाट सुरक्षित रहन भूकम्प प्रतिरोधी भवन निर्माण गर्नुपर्ने अपरिहार्य छ । यसै तथ्यलाई मनन गरी नेपाल सरकारले राष्ट्रिय भवन निर्माण संहिता (National Building Code – NBC निर्माण गरी वि.सं. २०६० देखि कार्यान्वयनमा ल्याएको छ । शुरुमा तात्कालिन ५८ नगरपालिका र जिल्ला सदरमुकाम रहेका गाउँपालिकामा अनिवार्य पालना गर्नुपर्ने गरी लागु गरिएको यो संहिता हाल देशका सबै स्थानीय तहमा अनिवार्य रुपमा लागु गरिएको छ । भवन निर्माण संहिताले सुरक्षित र भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने तरिका, सुरक्षित डिजाइन, नक्सा पास गर्दा अनिवार्य पालना गर्नुपर्ने आर्किटेक्चरल, इलेक्ट्रिकल, स्यानिटेरी, अग्नि नियन्त्रण लगायतका प्रावधानहरु सम्बन्धमा व्यवस्था गरेको छ । राष्ट्रिय भवनसंहिताले केवल ठूला र अत्याधुनिक आरसीसी भवनहरुको लागि मात्र नभै सामान्य भवनहरुलाई पनि कसरी भूकम्प प्रतिरोधी बनाउन सकिन्छ भन्ने ज्ञान र विधि समेटेको छ ।

### ३.२. राष्ट्रिय भवनसंहिता (National Building Code) सम्बन्धी तालिमका उद्देश्यहरुः

१. भूकम्प प्रतिरोधी भवन निर्माणको आवश्यकता र नेपालको सन्दर्भमा राष्ट्रिय भवनसंहिताको महत्वबारे जानकारी गराउने ।

२. राष्ट्रिय भवनसंहिता कार्यान्वयनको लागि भवन ऐन, २०५५ र अन्य कानूनी आधारहरु बारे जानकारी गराउने ।

३. राष्ट्रिय भवनसंहिता अनुसारका भवनको वर्गीकरण र राष्ट्रिय भवनसंहिताका विभिन्न खण्डहरुको बारेमा जानकारी गराउने ।

४. राष्ट्रिय भवनसंहिता कार्यान्वयनको लागि स्थानीय तहको भूमिका, विद्यमान चुनौतीहरु, स्थानीय तहको प्राविधिक र व्यवस्थापकीय क्षमताको विश्लेषण गरी आगामी रणनीति बारे जानकारी गराउने ।

### ३.३. तालिममा समेटिने विषयवस्तुहरु

- राष्ट्रिय भवनसंहिता र भवनको वर्गीकरण ।
- राष्ट्रिय भवनसंहिताका २३ वटा खण्डहरु र हरेक खण्डको सान्दर्भिकता ।
- राष्ट्रिय भवनसंहिता निर्माणको इतिहास र कार्यान्वयनका चरणहरु ।
- भवनसंहिता कार्यान्वयनको वर्तमान अवस्था र चुनौती ।
- भवनसंहिताको समसामयिक संसोधन र सुधार ।

## ४. वातावरणमैत्री स्थानीय शासनसंगको अन्तरसम्वन्ध

माथिका खण्डहरुमा उल्लिखित तीनवटै विषयहरु व्यवस्थित शहरीकरण र शहरी वातावरण सुधारसंग सम्बन्धित छन् । यसको अर्थ वातावरणमैत्री स्थानीय शासनका अभिन्न अवयवका रुपमा यी विषयहरुको विशेष भूमिका रहेको छ । शहरीकरणको आधारभूत शर्त नै भू-उपयोग योजनाको तर्जुमा र कार्यान्वयन हो । आवास क्षेत्र,

औद्योगिक क्षेत्र, खुल्ला क्षेत्र, सडक, नदी किनारको सौन्दर्यीकरण, कृषि क्षेत्र लगायतका क्षेत्रहरुको वर्गीकरण र सोही अनुरुपको उपयोगबाट नै सफा, स्वच्छ, सुविधा सम्पन्न र व्यवस्थित शहरको निर्माण सम्भव छ । शहरीकरणलाई व्यवस्थित वनाउने जिम्मेवारीमा संघ, प्रदेश र स्थानीय तह अन्तरगतका विभिन्न निकायहरुको भूमिका रहेको भए तापनि प्रथम जिम्मेवारी स्थानीय तहको हुने भएको हुँदा स्थानीय शासन र भू-उपयोग, बस्ती विकासको मापदण्ड एवं भवन संहिताको कार्यान्वयन एक आपसमा अन्तर सम्बन्धित छन् । भू-उपयोग योजना कसरी तर्जुमा भएको छ, कार्यान्वयनको अवस्था कस्तो छ, शहरीकरणका आधारभूत मापदण्ड र सुरक्षित भवन निर्माणको अवस्था कस्तो छ भन्ने जस्ता कार्यको समग्र मूल्यांकनबाट नै स्थानीय शासन र सेवा प्रवाहको अवस्था मापन हुने भएकोले यी विषयहरुमा स्थानीय तहको क्षमता अभिवृद्धि गर्नु अपरिहार्य रहेको छ ।

## ५ स्थानीय सरकारको भूमिका

- भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने ।
- स्थानीय भू-उपयोग परिषद् गठन गरी जोखिम सम्वेदनशील योजना तयार गर्ने, जग्गाको चार किल्ला तोक्ने र संघ तथा प्रदेश सरकारसंग समन्वय गरी भूमिको उच्चतम उपयोग गर्ने ।
- भू-उपयोग क्षेत्रभन्दा बाहिर जग्गाको प्रयोग हुन नदिने ।
- बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड, २०७२ अनुरुप आफ्नो क्षेत्रमा भवन निर्माण अनुमति, जग्गा खण्डिकरण, सेटब्याक निर्धारण र जोखिमयुक्त बस्ती स्थानान्तरण जस्ता कार्यहरुलाई व्यवस्थित गर्ने । यसका लागि स्थानीय तहले आफ्नै मापदण्ड बनाई योजनावद्ध विकास गर्न सक्छन् ।
- स्वीकृत मापदण्डभन्दा वाहिर गरिने निर्माण कार्यलाई रोक्ने र निर्माण कार्यको नियमन, अनुगमन र निरीक्षण गरी आवश्यक कारवाही गर्ने ।
- भवन लगायत संरचना निर्माणको लागि नक्सा पास, अनुमति प्रदान, प्राविधिक निरिक्षण, भवन संहिता पालनाको नियमित अनुगमन गर्ने ।
- सुरक्षित, व्यवस्थित र जोखिममुक्त भवन निर्माणको सुनिश्चितता गर्न जनचेतना र आवश्यक तालिम प्रदान गर्ने ।
- प्राविधिक, योजना, वातावरण, वित्त व्यवस्थापन लगायतमा संलग्न स्थानीय तहका जनशक्तिको सिप तथा क्षमता विकास गर्ने ।

# वातावरणमैत्री स्थानीय शासन र विषय क्षेत्रगत अन्तरसम्बन्ध (२)

## ५.१ खानेपानी, सरसफाइ, फोहरमैला व्यवस्थापन र वातावरण संरक्षण

### १ पृष्ठभूमि

स्थानीय सरकारहरुले अहिले संवैधानिक अधिकार सहित केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त श्रोत र कानून प्रदत्त आफ्नै आर्थिक श्रोत परिचालन गरी उल्लेख्य रुपमा स्थानीय पूर्वाधार क्षेत्रमा लगानी गर्ने गरेको पाइन्छ। तथापि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ लागू हुने केही ठूला आयोजनाहरुमा सोही बमोजिम गर्ने तथा उपभोक्ता समिति मार्फत संचालन गरिने धेरै संख्याका साना आयोजनाहरुमा पनि वातावरण संरक्षणमा उत्तिकै ध्यान दिनु पर्ने हुन्छ। ।वास्तवमा आयोजना चक्रको शुरुवात अर्थात् आयोजना तर्जुमाको चरण देखि कार्यान्वयन र संचालनको चरणसम्म नै वातावरणीय पक्षलाई समेट्नु पर्ने हुन्छ। वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८ मा उल्लिखित विभिन्न तहका सूचक प्राप्त गर्ने विषयलाई मध्यनजर राखी स्थानीय सरकारहरुले कार्य गर्दा वातावरण र दिगो विकास सम्बन्धी लक्ष्य हासिल गर्न समेत टेवा पुग्न जान्छ।

### २. खानेपानी तथा सरसफाइको क्षेत्र र वाताबरणीय व्यवस्थापन

पर्याप्त र स्वच्छ खानेपानी जीबनयापनका लागि अत्यावश्यक र अनिवार्य छ। नगरपालिका स्थानीय सरकारको घना बस्ती र जनसंख्या भएको क्षेत्र हुनाले खानेपानी तथा सरसफाइ, फोहरमैला एवं प्रदूषण व्यवस्थापन लगायतका विषयमा अनेकौं समस्या तथा चुनौतीहरुको सामना गर्नु पर्ने हुन्छ। बढ्दो जनसंख्याका लागि सुरक्षित खानेपानीको व्यवस्था सीमित स्थानीय प्राकृतिक श्रोतहरुबाट धान्न नसक्नु स्वाभाविकै हो। त्यस माथि, जलबायु परिवर्तन तथा बढ्दो जल प्रदूषणले थप चुनौती व्यहोर्नु पर्ने हुन्छ। त्यसकारण, पानीका स्थानीय श्रोत एवं कुवा, इनार र ढुंगे धारा जस्ता परम्परागत खानेपानी प्रणालीको संरक्षण एवं वर्षाको पानीको संकलन प्रणालीको स्थापना आदि अत्यन्त महत्वपूर्ण हुन्छ। त्यसैगरी खानेपानी प्रणालीको मर्मत सम्भार र चुहावट नियन्त्रण पनि अत्यन्त जरुरी कार्य हो ।

सहरी सरसफाइका लागि वैज्ञानिक फोहरमैला व्यवस्थापन र ढल निकास प्रणालीको स्थापना र व्यवस्थापन अपरिहार्य आवश्यकताको रुपमा रहेको छ । फोहर पानीको प्रशोधनका लागि घना बस्ती भएका शहरी क्षेत्रमा ढल प्रणाली (Sewerage System) उपयुक्त हुन्छ भने ग्रामीण बस्तीहरुमा घर घरमा Septic र Sock pit निर्माण गरी On-side sanitation विधि उपयुक्त र किफायती हुन सक्छ ।नगर क्षेत्र स्वच्छ रहने गरी पर्याप्त संख्यामा सफा सार्बजनिक शौचालयहरुको निर्माण र व्यवस्थापनको आवश्यकता पर्दछ। यस बाहेक सडक, चोक, पार्क लगायत अन्य शहरी क्षेत्रको नियमित सरसफाइको व्यवस्था पनि उत्तिकै जरुरी हुन्छ। यसका लागि साधन, श्रोत, ज्ञान शिपयुक्त जनशक्ति एवं सक्षम संस्थागत प्रणालीको आवश्यकता पर्दछ, जसको समुचित व्यवस्था गर्दै

जानु पर्ने हुन्छ। यस प्रयोजनका लागि सबै तहका सरकार, गैर सरकारी, सामुदायिक संस्था र नगरबासीहरू बीचको समन्वय र सहकार्य अनिवार्य हुन्छ।

कानूनी रुपमा वातावरणीय अध्ययन जस्तैः प्रारम्भिक वातावरणीय परिक्षण (IEE), वातावरणीय प्रभाव मूल्यांकन (EIA) गरिनु पर्ने सापेक्षित ठूला आयोजना बाहेकका साना आयोजनाहरुको लागि संक्षिप्त वातावरणीय अध्ययन (Brief Environmental Study) गरी विभिन्न चरणमा वातावरणीय पक्षलाई समाबेश गरिनु पर्दछ जसबाट आयोजना तर्जुमा चरणदेखि संचालन चरणसम्म यसका विभिन्न क्रियाकलापहरुमा वातावरणीय पक्ष समावेश हुन जान्छ। यस्ता साना आयोजनाको विभिन्न चरणको क्रियाकलापहरुमा वातावरणीय पक्ष कसरी समाबेश गर्ने भन्ने विषय बुँदागत रुपमा तल उल्लेख गरिएका छन्।

## २.१ आयोजना तर्जुमा चरणः

१. वातावरणीय दृष्टिले सम्वेदनशील क्षेत्रहरुको पहिचान र सहभागितामूलक नक्सांकन गर्ने।
२. स्थानीय प्राकृतिक, सामाजिक र सांस्कृतिक श्रोतहरु जस्तैः वन क्षेत्र, पिउने पानीका श्रोतहरु, प्राकृतिक दृष्टिले जोखिमपूर्ण क्षेत्र, सार्वजनिक जग्गा, धार्मिक क्षेत्र, चरण क्षेत्र आदि साझा स्थलहरु, सामाजिक सांस्कृतिक स्थल र संरचनाहरु र स्थानीय अन्य पूर्वाधारहरु पहिचान र नक्सांकन गर्ने। यसका लागि स्थानीय जानकार व्यक्तिहरुलाई सहभागी गरउने ।
३. प्रस्तावित आयोजनाको मोटामोटी नक्सांकन उक्त नक्शामा समावेश गर्ने।
४. प्रस्तावित आयोजनाबाट हुनसक्ने सम्भावित नकारात्मक परिणामहरुको सूचीकरण गर्ने (उदाहरणः वन विनास, स्थानीय सांस्कृतिक सम्पदामा क्षति र स्थानीय जमिन र पानीको श्रोतहरुमा प्रदूषण आदि)।
५. सहभागितात्मक प्रक्रियाले आयोजनाको नक्सांकन र तयारी गर्ने।
६. स्थानीय पानीका श्रोत, परम्परागत ढुंगे धारा, कुवा वा पँधेरो संरक्षणको कार्यलाई प्राथमिकता दिने।
७. सरसफाईको क्षेत्रमा व्यक्तिगत सरसफाइ, घरायसी र टोल तथा अन्य स्थानको सरसफाइको महत्वबारे जानकारी गराउने र व्यक्तिगत तथा सार्वजनिक शौचालयको महत्व तथा निर्माण बारे जानकारी गराउने। आवश्यक सार्वजनिक शौचालयको निर्माण, अन्य सरसफाइसंग संबन्धित संरचना आयोजनामा समाबेश गर्ने।

## २.२ आयोजना कार्यान्वयन चरणः

(क) मुहान संरक्षण र मुहानको वरिपरि आवश्यक बृक्षारोपण गर्ने।
(ख) Intake, collection chamber, पाइप बिछ्याउन खाडल खन्ने र पाइप पुर्ने, Reservoir tank (पानी पोखरी), पानी वितरण धारा पोष्ट, ट्युब वेल, इनार आदि निर्माण कार्य गर्दा निम्न कुराहरुमा ध्यान दिनु पर्दछ।
- रुख कटान नगर्ने वा न्यूनीकरण गर्ने।
- निर्माण सामाग्रीहरु सुरक्षित स्थानमा भण्डारण गर्ने।
- संरचनाको जग वा पाइपलाइन बिछ्याउन खाल्डो खन्दा निस्केको माटोको पुनः प्रयोग र व्यवस्थापन गर्ने।

(ग) उक्त निर्माण कार्यले अन्य पूर्वाधार संरचना, तलाउ, पोखरी, मठ मन्दिर र व्यक्तिगत घर जग्गा आदिमा नकारात्मक असर पर्न नदिने।

(घ) खेर जाने पानीको उपयुक्त निकासको व्यवस्था गर्ने।

(ङ) निर्माण कार्य सकिए पछि बाँकी सामानको व्यवस्थापन गर्ने। धाराबाट बग्ने पानी सम्भव भएसम्म करेसा बारीमा प्रयोग गर्ने।

(च) आयोजनामा संलग्न गरिएका क्षेत्रमा शौचालय निर्माण गर्ने र आवश्यकता अनुसार जनस्तरमा प्राविधिक सहयोग प्रदान गर्ने।

(छ) ढल निकासको लागि अवस्था हेरी Septic tank, soak pit मा बिसर्जन गर्ने प्रणाली, सामुदायिक ढल प्रशोधन प्रणाली वा बृहत ढल प्रशोधन प्रणालीमा विसर्जन गर्ने व्यबस्था गर्ने। अप्रशोधित ढलको पानी सिधै खोला, नदी, पोखरी वा तालमा बिसर्जन गर्न रोक लगाउने।

(ज) ढल प्रणाली सम्वन्धी योजना तर्जुमा गर्दा स्थानीय खोला, खोल्सी र नदीहरुमा पानीको न्यूनतम वहाव कायम राखी नदी प्रदूषण नियन्त्रण एवं जलचरहरुको संरक्षण गर्न स-साना विकेन्द्रीत ढल प्रशोधन प्रणाली (Decentralized Waste Water Treatment System/DEWATS लाई विशेष प्राथमिकता दिने ।

## २.३ आयोजना संचालन चरण

आयोजना सम्पन्न भए पश्चात संचालनको लागि संचालक समिति गठन गरी घर घरमा पानीको मिटर जडान गरी उपभोग शुल्क उठाउने र सो रकम समितिको कोषमा जम्मा गरी आवश्यकता अनुसार तत्काल मर्मत सम्भार गर्ने व्यवस्था गर्नु पर्छ ताकि पानी चुहावटबाट तथा पानीको अभावमा हुने समस्याबाट वातावरणमा पर्ने नकारात्मक प्रभाव नियन्त्रणमा सहज होस् ।

## ३. फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन हाल नेपालका स्थानीय सरकारहरुको प्रमुख चुनौती रही आएको देखिन्छ। उचित र वैज्ञानिक फोहर व्यवस्थापनको अभावमा घर, टोल, चोक, सडक तथा सार्वजनिक क्षेत्रहरुमा जतातते फोहर देखिन्छ। यसबाट मानव स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै पर्यटकहरुमा समेत आफू घुमेको स्थान प्रति नकारात्मक संदेश प्रवह हुन जान्छ। जसबाट देशकै प्रतिष्ठा तथा पर्यटन व्यवसायमा नकारात्मक असर पर्न जान्छ। फोहरमैला व्यवस्थापनको सम्बन्धमा स्थानीय सरकार र स्थानीय बासिन्दाले निम्न बमोजिमका कार्यहरु गर्नु पर्ने हुन्छ।

(क) श्रोतमै कमसेकम कुहिने, नकुहिने र घातक फोहर (Hazardous Waste) जस्तैः ब्याट्री, अस्पतालका फोहर, रसायन जन्य फोहर आदि, छुट्याउने व्यवस्था गर्ने। त्यसका लागि छुट्टा छुट्टै फोहर हाल्ने बिनको व्यवस्था गर्ने।

(ख) फोहर मैला व्यवस्थापनमा 3R (Reduce, Reuse and Recycle) को सिद्धान्त अपनाउने अर्थात् विभिन्न प्रयोगमा ल्याई फोहर घटाउने, पुनः प्रयोग गर्ने तथा फोहर वस्तुबाट यथासम्भव नयाँ

सामान उत्पादन गर्ने। जसका लागि घर घरमा करेसा बारी वा कौशी खेतीलाई प्रोत्साहन गर्ने र कुहिने बस्तुहरु कम्पोष्ट मलको रुपमा प्रयोग गर्ने। बोतल, कागजको बाकस, बाक्लो प्लाष्टिकका झोला आदि सामानहरुको पुनः प्रयोगका लागि सचेतना बढाउने र प्रोत्साहन गर्ने। कम्पोष्ट मल उत्पादन गर्ने तथा फोहर जन्य सामानहरुको प्रयोग गर्ने उद्योगहरुलाई प्रोत्साहन गर्ने।

(ग) फोहर संकलन स्थलको उचित पहिचान र व्यवस्थापन गर्ने।

(घ) फोहर संकलनका लागि सकभर आधुनिक विशेष ट्रक प्रयोग गर्ने।

(ङ) सबै गाउँ तथा नगरपालिकाले सकभर आफ्नै वा सो नभए संयुक्त रुपमा प्रयोग हुने फोहर विसर्जन स्थल (Land Fill Site) को व्यवस्था र प्रचलित बैज्ञानिक तरिकाले संचालन गर्ने।

(च) फोहर गर्नेले तिर्ने (Polluters Pay) नीति कार्यान्वयन गर्ने, जसका लागि फोहर संकलन र ढल निकासमा पठाएको पानीको दिगो संचालनको खर्चका लागि उचित शुल्क लगाउने।

(छ) आवश्यक स्थलहरुमा आधुनिक सार्वजनिक शौचालयहरुको व्यवस्था र संचालन गर्ने।

(ज) नदी, नाला, तलाउ, पोखरी आदिमा अप्रशोधित ढल विसर्जन हुन नदिने प्रबन्ध गर्ने।

(झ) सडक, टोल, चोकका साथै समग्र गाउँ वा शहर सफा राख्ने व्यवस्था गर्ने।

**(ञ)** नियम विपरित फोहर गर्नेलाई नियमानुसार दण्डित गर्ने।

(ट) फोहरमैला व्यवस्थापनमा Circular Economy को नीति अवलम्वन गरी फोहरमैला केन्द्रमा विसर्जन गर्ने फोहरलाई सकेसम्म न्यून गर्ने ।

## ४. खानेपानी सरसफाइ तथा फोहरमैला व्यवस्थापनमा स्थानीय सरकारको भूमिका

वातावरणमैत्री स्थानीय शासनको सन्दर्भमा खानेपानी, सरसफाइ तथा फोहरमैला व्यवस्थापनका क्रियाकलापहरुले धेरै महत्व राख्दछन्। त्यस सम्बन्धी प्रारूप अनुसार घर परिवार, टोल, स्थानीय तह तथा जिल्ला तह सम्मका लागि आधारभूत, परिष्कृत र विशेष सूचकहरु तयार भएका छन्। यी सूचकहरुको परिपूर्तिले देशको समग्र वातावरणीय पक्षलाई सुधार्न र संयुक्त राष्ट्र संघले तोकेको दिगो विकास सम्बन्धी लक्ष नं ६ः सबैलाई दिगो खानेपानी र सरसफाइको व्यवस्था शीर्षक अन्तर्गतका लक्षहरु हासिल गर्न सघाउ पुर्याउनेछ।

<table>
<tr><td colspan="2">स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकार (गाउँपालिका र नगरपालिका) को भूमिका स्पष्ट गरेको छ, उक्त ऐनको परिच्छेद ३ अन्तर्गत गाउँ तथा नगरपालिकाको काम, कर्तब्य र अधिकार, दफा ११. ले गाउँ तथा नगरपालिकाको अधिकार निम्न बमोजिम तोकेको पाइन्छ।</td></tr>
<tr><td>(झ) आधारभूत स्वास्थ्य तथा सरसफाइ<br>(१) आधारभूत स्वास्थ्य र सरसफाइ ...<br>सम्बन्धी नीति, कानून, मापदण्ड,<br>योजनाको तर्जुमा, कार्यन्वयन तथा नियमन,<br>(५) स्वच्छ खानेपानी, ... प्रदूषण नियन्त्रण<br>र नियमन,</td><td>(ज) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक बिबिधताः<br>(१२) वातावरण संरक्षण ... सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, अनुगमन र नियमन,<br>(ट) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइः</td></tr>
</table>

| | |
|---|---|
| (६) सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्य जन्य फोहोर मैलाको व्यवस्थापन,<br>(७) स्वास्थ्य जन्य फोहोर मैला संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन,<br>(१०) सरसफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहरमैला व्यवस्थापनमा निजी तथा गैर सरकारी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारी, | (१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिंचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यन्वयन, अनुगमन र नियमन,<br>(२) स्थानीय ... सडक, झोलुंगे पूल, पुलेसा, सिंचाइ र तटबन्ध सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार र नियमन,<br>(३) स्थानीय स्तरका सिंचाइ प्रणालीको निर्माण, संचालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,<br>(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,<br>(५) स्थानीय सडक, ग्रामीण सडक र कृषि सडक सम्बन्धी अन्य कार्य, |

नेपालको संविधान, फोहरमैला व्यवस्थापन ऐन, २०६८ र स्थानीय सरकार संचालन ऐन, २०७४ सबैले फोहरमैला व्यवस्थापन (Solid Waste Management) को प्रथम र महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेकोले सफा, स्वच्छ र सुन्दर नगर बस्ती निर्माणको लागि स्थानीय तहको महत्वपूर्ण र विशेष भूमिका रहेको छ । स्थानीय तहलाई आवश्यकता अनुसार प्राविधिक सहयोग पुर्याउन शहरी विकास मन्त्रालय र अन्य संघ, संस्थाहरु क्रियाशिल रहेका छन् ।

## ५. स्थानीयस्तरमा क्षमता अभिवृद्धि

खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धमा वातावरणमैत्री स्थानीय शासनको प्रारुपमा विभिन्न सूचकहरुको व्यवस्था गरिएको छ ।ती सूचकहरुको समुचित कार्यन्वयनका निमित्त विशेष गरी स्थानीय सरकारको वातावरण महाशाखा वा शाखाका कर्मचारीहरुलाई त्यस सम्बन्धमा अभिमुखीकरण र क्षमता अभिवृद्धि तालिमको आवश्यकता पर्दछ। यस अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिमका लागि निम्न विषयहरु समाबेश गर्न सकिन्छ।

- वातावरणमैत्री स्थानीय शासन प्रारूप सम्बन्धी जानकारी,
- साना खानेपानी तथा सरसफाइ आयोजनाको आयोजना तर्जुमा, कार्यान्वयन, संचालन चरणमा वातावरण संरक्षण सम्बन्धी कार्यहरु,
- फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यहरु,
- ढल प्रणालीको व्यवस्थापन।

यस प्रकार नेपालमा वातावरणमैत्री स्थानीय शासनको अबलम्बन गरी नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, वातावरण संरक्षण ऐन, खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन, फोहरमैला व्यवस्थापन सम्बन्धी ऐन तथा नियमावलीले व्यवस्था गरे बमोजिम वातावरणमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकासद्वारा खानेपानी तथा सरसफाइ एवं फोहरमैला व्यबस्थापन सम्बन्धी विद्यमान अवस्थामा सुधार ल्याई उत्थानशील समुदायको निर्माण गर्न सकिनेछ।

## ५.२ स्थानीय पूर्वाधार विकास

नेपालमा स्थानीयस्तरका पूर्वाधार विकासमा वातावरणमैत्री स्थानीय शासन प्रारुपको ठूलो भूमिका छ। यसले स्थानीय पूर्वाधार विकास योजना अन्तरगतका स्थानीय सडक जस्ता पूर्वाधार विकास परियोजनाहरू देखि फोहोरमैला व्यवस्थापन र स्रोत संरक्षण लगायत अन्य पूर्वाधार विकासका कृयाकलापसम्म वातावरणीय दिगोपनलाई एकीकृत गरि कार्यान्वयन खाका प्रदान गर्न मद्दत गर्दछ। स्थानीयस्तरमा वातावरणीय मुद्दाहरू प्रति बढी उत्तरदायी बनाइ समुदायहरूलाई आफ्नो विकास व्यवस्थापकीय क्षमतामा दिगो रुपमा सशक्तिकरणका साथै स्थानीय स्वामित्व वृद्धि गरी तल उल्लिखित क्षेत्रहरू समेटी कार्यान्वयन गर्नु आवश्यक छ ।

**पूर्वाधार योजनाः** सडक निर्माण जस्ता पूर्वाधारजन्य परियोजनाहरूको कार्यान्वयन वातावरणीय सुरक्षाका साथ योजनाबद्ध तरिकाले गर्ने।

**फोहोरमैला व्यवस्थापनः** घरपरिवारस्तरमा फोहोर छुट्याउने र उचित फोहोर व्यवस्थापनको लागि आवश्यक प्रणालीहरूमा लगानी गर्ने।

**स्रोत व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा अधिकार प्राप्त पानी र जलाधार व्यवस्थापन, भू-उपयोग योजना र जैविक विविधता संरक्षणका नीतिहरू अवलम्बन गर्ने।

**उर्जा/जलवायुः** स्थानीय योजनाहरूमा ऊर्जा बचत प्रविधिहरू र वर्षाको पानी संकलन प्रवर्द्धन जस्ता कार्यहरुलाई एकीकृत गर्ने।

### ५.२. १ स्थानीय यातायात

### ५.२.१.१ पृष्ठभूमि

स्थानीयस्तरमा वातावरणमैत्री स्थानीय शासनले वातावरणीय पक्षहरूलाई योजना र व्यवस्थापनमा एकीकृत गरी दिगो यातायात पूर्वाधार निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ। यसमा कार्बन उत्सर्जन घटाउन, प्रदूषण न्यूनीकरण गर्न, जनस्वास्थ्य सुधार गर्न र समग्र शहरी लचिलोपन बढाउन डिजाइन गरिएका विधि र अभ्यासहरू समेटिन्छन्। स्थानीय यातायात विकासका लागि ध्यान दिनुपर्ने विषयहरु यस प्रकार छनः

**<u>नेटवर्क विस्तार र स्तरोन्नतीः</u>** सडक सञ्जाल विस्तार गरी सबै स्थानीय तहहरुलाई राष्ट्रिय ग्रिडमा जोड्ने र कच्ची-मौसमी सडकहरूलाई सबै-मौसम मापदण्ड सडकहरूमा स्तरोन्नति गर्ने।

**<u>एकीकृत योजनाः</u>** शहरी क्षेत्रमा ट्राफिक घनत्व र भूमि प्रयोगलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न शहरी विकास गुरु योजनासँग मिल्दोजुल्दो गराउने।

**<u>बहु-मोडल यातायातः</u>** भू-भौतिकीय अवस्थाका कारण हाल सडक र हवाई यातायात प्रमुख भए पनि, दीर्घकालीन रणनीतिक परियोजनाहरुमा निजी क्षेत्रहरुको सहभागितालाई प्रोत्साहित गरी जल यातायात, रोपवे र केबल कार जस्ता यातायातका माध्यमहरुका लागि सम्भाव्य क्षेत्रहरूको अन्वेषण र विकास गर्ने।

### ५.२.१.२ स्थानीय यातायात विकासका प्रमुख क्षेत्रहरू

वातावरणमैत्री यातायात पूर्वाधार विकासले समेट्ने प्रमुख क्षेत्रहरू निम्न छन्:

**<u>सार्वजनिक र सक्रिय यातायातः</u>** पैदल र साइकल चलाउनको लागि आवश्यक बलियो सार्वजनिक यातायात प्रणाली र पूर्वाधारको विकासलाई प्राथमिकता दिने (जस्तैः समर्पित लेनहरू, वनस्पति फुटपाथ (Green track), आदि)। यी मोडहरूले प्रति यात्रु-किलोमिटर सबैभन्दा कम वातावरणीय प्रभाव पार्छन् र स्वास्थ्य लाभहरू प्रदान गर्छन्।

**<u>विद्युतीकरण र स्वच्छ ऊर्जा:</u>** कार, ठूला साना बस, टेम्पो,भ्यान, ट्रक लगायतका यातायातका साधनलाई विद्युतीय सवारी साधनहरू (EVs) को रुपमा रूपान्तरण एवं प्रयोगलाई प्रोत्साहन गर्ने र चार्जिङ गर्न आवश्यक पर्ने शक्ति वा उर्जाका लागि जल, सौर्य वा वायु ऊर्जा जस्ता नवीकरणीय स्रोतहरूबाट उपलब्ध गराउने विषय सुनिश्चित गर्ने। यसले जीवाश्म इन्धनमा निर्भरता र उत्सर्जन दुवै कम गर्न मद्दत गर्छ।

**<u>हरित पूर्वाधार एकीकरण:</u>** वर्षा बगैंचा (Rain garden), पारगम्य (Permeable) फुटपाथ र शहरी हरियो ठाउँहरू जस्ता प्रकृतिमैत्री पक्षहरूलाई सडक र शहरी योजनामा समावेश गर्ने। यी समाधानले वर्षाको पानी (Storm water) को उच्च बहाव व्यवस्थापन, शहरी ताप टापु प्रभाव (Urban heat island effect) न्यूनीकरण र वायु गुणस्तर सुधारमा योगदान गर्छन् ।

**<u>ट्रान्जिट-उन्मुख विकास (TOD):</u>** यात्राको लागि निजी सवारी साधनको आवश्यकता कम गर्न सार्वजनिक यातायात केन्द्रहरु (Public transport hubs) वरिपरि घना, मिश्रित-प्रयोग विकास (Dense mixed-use developments) लाई प्रवर्द्धन गर्ने, जसले गर्दा उत्सर्जन र ट्राफिक जाम कम हुन्छ।

### ५.२.१.३ स्थानीय यातायात विकासका प्रमुख लाभहरू

वातावरणमैत्री स्थानीय यातायात पूर्वाधारको विकासका प्रमुख लाभहरु देहाय वमोजिम रहेका छनः

- सुधारिएको वायु गुणस्तरले जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने ।
- हरितगृह ग्यास उत्सर्जनमा कमीले जलवायु परिवर्तन अनुकूलनमा प्रत्यक्ष योगदान पुर्याउने ।
- ट्राफिक जाम घटाई सबै नागरिकहरूको लागि गतिशीलता र पहुँच बढाउने ।
- बाढी र तापलहर जस्ता जलवायु प्रभावको असर कम गर्दै शहरी लचिलोपन (Urban resilience) वृद्धि गर्ने ।
- कम इन्धन खपत र पूर्वाधार मर्मतसम्भार लागत घट्ने भएकाले दीर्घकालीन आर्थिक बचत सुनिश्चित गर्ने ।

५.२.१.४ सार्वजनिक यातायात प्रणालीमा सुधारका उपायहरू

- सेवा-उन्मुख र प्रतिस्पर्धात्मक सञ्चालनः अनौपचारिक सञ्चालकहरूद्वारा सञ्चालित नाफा-अधिकतमीकरण (Maximization) मोडेलबाट नियमित र सेवा-उन्मुख प्रणालीमा सार्वजनिक यातायातलाई रूपान्तरण गर्ने । यसका लागि प्रतिस्पर्धाका आधारमा सञ्चालन अनुमति प्रदान गर्ने र सेवा मापदण्ड लागू गर्ने ।
- सडक रुट र फ्लीटलाई तर्कसंगत बनाउनेः भीडभाड घटाउन र प्रभावकारिता सुधार गर्न सडक नेटवर्क रुटहरूको पुनर्संरचना गर्दै मुख्य सडकमा उच्च-क्षमताका सवारी साधन र फिडर सडकमा साना सवारी साधनहरू प्रयोगमा ल्याउने ।
- जन-केन्द्रित डिजाइनः वृद्ध, अपाङ्गता भएका व्यक्ति र महिला सहित समाजका सबै वर्गको पहुँचयोग्य हुने गरी प्रणाली डिजाइन गर्ने र पैदल यात्री सुरक्षालाई प्राथमिकता दिने ( जस्तै, समर्पित पैदल यात्री क्षेत्र, सुधारिएको फुटपाथ आदि) ।
- सुरक्षा र विश्वसनीयताः सवारी साधनको फिटनेसको कडा निगरानी (जस्तै, नियमित सडक योग्यता जाँच, सवारी साधनको उमेर सीमा आदि) गर्ने र सुरक्षाको लागि ट्राफिक नियम र गति सीमा लागू गर्ने।

## ५.३ स्थानीय सिँचाइ

### ५.३.१ पृष्ठभूमि

नेपालमा सिँचाइयोग्य जमिनको ठूलो क्षेत्र अझै पनि वर्षभरि पानीको पर्याप्त पहुँचबाट वञ्चित रहेको छ र विद्यमान सिँचाइ प्रणालीहरू प्रायः कम प्रभावकारी तथा वातावरणीय चुनौतीहरूले प्रभावित छन्। यस सन्दर्भमा, वातावरणमैत्री स्थानीय शासनको ढाँचाभित्र सञ्चालन गरिने साना सिँचाइ विकासका गतिविधिहरूले वातावरणीय क्षति न्यूनीकरण गर्दै कृषि उत्पादकत्व वृद्धि गर्न सहयोग पुऱ्याउँछन्। साथै, यस्ता प्रयासहरूले दिगो तथा समुदाय-व्यवस्थित सिँचाइ प्रणालीहरूको विकासलाई प्रवर्द्धन गर्दै सिँचाइ क्षेत्रमा उल्लेखनीय सुधार ल्याउने अपेक्षा गर्न सकिन्छ।

### ५.३.२ स्थानीय सिँचाइ प्रणाली विकासका उद्देश्यहरू

- एकीकृत जलस्रोत व्यवस्थापनः स्थानीय पानी स्रोतको दिगो उपयोग सुनिश्चित गर्न, पानी प्रयोग गुरुयोजनाहरू तर्जुमा गरी स्थानीय तहहरूले पानीको स्रोत र प्रयोगलाई व्यवस्थित तरिकाले नियमन गर्न सहजीकरण गर्ने।
- जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणः अनियमित ढाँचाका वर्षा जस्ता जलवायु परिवर्तनका प्रभावहरूसँग अनुकूलन गर्न स्थानीय समुदायहरूलाई भरपर्दो पानीको पहुँच उपलब्ध गराउन सहयोग गरी विपद् जोखिम न्युनिकरण गर्ने।
- जैविक विविधता र वातावरणीय संरक्षणः सिँचाइ प्रणाली मर्मतका लागि वन उत्पादनहरूमा निर्भरता घटाउन अधिक टिकाउ, योजनाबद्ध सिचाइ पूर्वाधार निर्माण गर्ने र भारी वर्षाको समयमा अनियन्त्रित सिँचाइ पानीको कारणले हुनसक्ने भू-क्षयबाट स्थानीय भूमिलाई बचाउने उपाय अवलम्बन गर्ने।

- दिगो प्रविधिहरूको प्रवर्द्धनः पानीको प्रभावकारी उपयोग र संरक्षणका लागि जालीदार पाइप-कन्भेयन्स सहितको पोखरी/ट्याङ्की प्रणाली, साना लिफ्ट सिँचाइ योजनाहरू तथा सूक्ष्म सिँचाइ (Micro-irrigation) जस्ता वातावरणमैत्री प्रविधिहरूको प्रयोगलाई प्रोत्साहन गर्ने।
- स्थानीय स्वामित्व र सहभागिता बढाउनेः स्रोत प्रयोगमा दीर्घकालीन दिगोपन र जवाफदेहिता सुनिश्चित गर्न स्थानीय पानी प्रयोगकर्ता संघहरू (WUAs) लाई निरन्तर सरकारी सहयोग बिना आफ्नो सिँचाइ प्रणालीहरू व्यवस्थापन, सञ्चालन र मर्मत गर्न सक्षम बनाउने।
- सामाजिक समावेशीकरण र समानता सुनिश्चित गर्नेः लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) लाई परियोजना मोडालिटीहरूमा एकीकृत गरी परियोजनाका लाभहरू विपन्न समूह र महिला-प्रमुख घरपरिवारहरूसम्म पुग्ने सुनिश्चित गर्दै पानीको स्रोतहरूमा समान पहुँच प्रवर्द्धन गर्ने।
- स्थानीय सरकारहरूको क्षमता निर्माणः साना सिँचाइ आयोजनाहरूको योजना, डिजाइन, कार्यान्वयन र अनुगमनमा स्थानीय सरकारी एकाइहरूको क्षमता एवं वातावरणीय सचेत ढाँचा (Environmentally conscious framework) भित्र स्थानीय आवश्यकताहरूलाई प्रभावकारी रूपमा लागु गर्न सक्ने गरी विकास गर्ने।
- कृषिलाई वातावरणीय दिगोपनसँग जोड्नेः परम्परागत निर्वाहमुखी खेतीको बदलामा बढी प्रभावकारी र वातावरणीय रूपमा उपयुक्त खेती अभ्यास - इष्टतम पानी प्रयोग (Optimal water use) मा आधारित व्यावसायिक, उच्च-मूल्य कृषि खेती अवलम्बन गर्न प्रोत्साहित गर्ने ।

### ५.३.३ स्थानीय सिँचाइ प्रणाली विकासका प्रमुख सिद्धान्तहरू

- एकीकृत जलस्रोत व्यवस्थापन (IWRM): यस प्रणाली अन्तर्गत सम्पूर्ण जलाधारहरुमा सरोकारवालाहरू सबैलाई समावेश गरी IWRM सिद्धान्तमा आधारित पर्यावरणमैत्री सिँचाइ योजना बनाइन्छ। यसबाट पानीका स्रोतहरूको संरक्षण गर्न, भू-जलको भूमिगत सतह (Underground water) बढाउन र माटोको क्षय एवं बाढीको जोखिम कम गर्न मद्दत गर्दछ।
- सामुदायिक स्वामित्व र सहभागिताः पानी प्रयोगकर्ता संघहरू (WUAs) र सामुदायिक समूहहरू मार्फत बलियो स्थानीय स्वामित्व र व्यवस्थापनमा EFLG दृष्टिकोणले जोड दिन्छ। यसकारण, महिला र विपन्न समूहहरूको सक्रिय सहभागितामा सिंचाइ प्रणालीहरू प्रभावकारी रूपमा व्यवस्थित र भरपर्दो मर्मत संभारको सुनिश्चित गर्दछ।
- उपयुक्त प्रविधिको प्रयोगः स्थानीय भौगोलिक अवस्था र जलवायु परिवर्तनको प्रभावलाई अनुकूलन गर्न वर्षामा संकलित पानी सिंचाइ योजनाहरू, पोखरी सिँचाइ योजनाहरू, र गुरुत्व-आधारित प्रणालीहरू जस्ता सन्दर्भ-विशिष्ट र उपयुक्त सिँचाइ प्रविधिहरूको प्रवर्द्धन गर्दछ ।
- वातावरणीय र विकास सरोकारहरूको एकीकरणः योजना र कार्यान्वयनका सबै चरणहरूमा EFLG ढाँचाले वातावरणीय पक्षहरूलाई घरपरिवारदेखि नगरपालिकास्तरसम्म एकीकृत गर्दछ। साथै,

मापनयोग्य सूचकहरूको प्रयोग गरी प्रक्रियालाई मार्गदर्शन गर्दछ र विभिन्न क्षेत्रगत नीतिहरूलाई दिगो रणनीतिमा एकीकृत गरी सुदृढ गर्छ।

## ५.४ नवीकरणीय ऊर्जा

### ५.४.१ पृष्ठभूमि

सूर्यको प्रकाश, हावा र पानी जस्ता प्राकृतिक रूपमा पुनःपूर्ति हुने स्रोतहरूबाट प्राप्त नवीकरणीय ऊर्जा, सीमित जीवाश्म इन्धनको दिगो विकल्प हो। नेपालमा यी स्रोतहरू प्रचुर मात्रामा उपलब्ध भएकाले स्थानीयस्तरमा तिनीहरूको व्यापक प्रयोग गर्नु अत्यन्त आवश्यक छ। विशेष गरी दुर्गम क्षेत्रका समुदायहरूमा दिगो रूपमा ऊर्जा पहुँच विस्तार गर्न नवीकरणीय ऊर्जा अपरिहार्य हुन्छ। यसको प्रयोगबाट परम्परागत बायोमास र आयातित जीवाश्म इन्धनमा रहेको निर्भरता उल्लेखनीय रूपमा घटाउन सकिन्छ।

### ५.४.२ नवीकरणीय ऊर्जा विकासका उद्देश्यहरू

- **उत्सर्जन न्यूनीकरण गर्ने**ः जीवाश्म इन्धन र परम्परागत बायोमासलाई सौर्य, बायोग्यास र जलविद्युत जस्ता स्वच्छ ऊर्जा स्रोतहरूले प्रतिस्थापन गरेर हरितगृह ग्यास उत्सर्जन घटाउने।
- **जनस्वास्थ्यमा सुधार गर्ने**ः काठ र अन्य परम्परागत इन्धनहरूका श्रोतहरु जलाउँदा हुने भित्री र बाहिरी वायु प्रदूषणलाई न्यूनीकरण गरी जनस्वास्थ्यमा सकारात्मक सुधार ल्याउने ।
- **प्राकृतिक स्रोतहरूको संरक्षण गर्नेः** काठको खपत घटाइ वनहरूमा दवाव कम गर्ने ।
- **स्थानीय अर्थतन्त्रलाई बढावा दिनेः** हरित रोजगारी सिर्जना गर्ने र विशेष गरी ग्रामीण क्षेत्रहरूमा नयाँ व्यावसायिक अवसर विस्तार गर्ने ।
- **ऊर्जाको पहुँच बढाउने**ः राष्ट्रिय ग्रिडमा पहुँच नभएका दुर्गम समुदायहरूलाई भरपर्दो र किफायती ऊर्जा उपलब्ध गराउने ।
- **जीवनस्तर अभिवृद्धिः** स्थानीय बासिन्दाको समग्र जीवनस्तर सुधार गर्न नवीकरणीय ऊर्जालाई सामाजिक र आर्थिक गतिविधिमा एकीकृत गर्ने ।
- **दिगो विकासलाई प्रवर्द्धन गर्नेः** थप लचिलो र दिगो ऊर्जा प्रणाली निर्माण गरेर दिगो विकास लक्ष्यहरू (SDGs) जस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय लक्ष्यहरूसँग मिल्दोजुल्दो बनाउने।
- **स्थानीय संस्थाहरूलाई सशक्त बनाउनेः** स्थानीय सेवा वितरण र निर्णय प्रक्रियाहरूमा वातावरणीय शासनलाई एकीकृत गर्ने।

### ५.४.३ नेपालमा स्थानीयस्तरमा प्रयोग भएका प्रमुख नवीकरणीय ऊर्जा प्रविधिहरू

- **लघु जलविद्युतः** यी सानोस्तरका प्रणालीहरू (१०० किलोवाट भन्दा कम उत्पादन गर्ने) स्थानीयस्तरमा उपलब्ध प्रचुर जलस्रोतको उपयोग गरेर, दुर्गम गाउँहरूलाई विद्युतीकरण गर्न व्यावहारिक र लागत-

प्रभावी समाधान हुन्। नेपालभर हजारौं यस्ता प्लान्टहरू स्थापना भइसकेका छन्, जसले राष्ट्रिय ग्रिड पहुँचयोग्य नभएका क्षेत्रमा प्रकाश, सञ्चार र कृषि-प्रशोधनका लागि बिजुली उपलब्ध गराउँदै आएका छन् ।

- **सौर्य ऊर्जा:** नेपालमा हुने प्रति वर्ष औसत ३०० घमाइलो दिनको कारणले गर्दा सौर्य प्रविधि विशेष गरी सौर्य गृह प्रणाली (SHS) र संस्थागत सौर्य ऊर्जाको प्रयोग, अफ-ग्रिड क्षेत्रहरूमा प्रचुर मात्रामा अपनाइएको छ। मुख्यतया साना उपकरणहरू चार्ज गर्न र प्रकाशका लागि नेपाल भर ९,७४,००० भन्दा बढी घरधुरीमा घरेलु सौर्य PV (Photo Voltaic) प्रणालीहरू स्थापना भएका छन्। साथै, सौर्य पानी तताउने र सौर्य कुकर जस्ता सौर्य तापीय प्रणाली पनि स्थानीय स्तरमा प्रयोग हुँदै आएका छन् ।
- **बायोग्यास:** ठूला पशुधन (Livestock) संख्या र कृषि गतिविधि भएका स्थानहरुमा सामान्यतया खाना पकाउनको लागि घरेलु बायोग्यास प्लान्टहरू र उप-उत्पादनको रूपमा जैविक मल उत्पादन गर्न पशु मल र भान्साको फोहोर प्रयोग गरिएका छन्। यसबाट परम्परागत बायोमास जलाइ घर भित्रको वायु प्रदूषण गर्ने अभ्यास प्रतिस्थापन हुँदै उल्लेख्य रुपमा जनस्वास्थ्य लाभहरू प्राप्त भएका छन् ।
- **सुधारिएको कुकिंग स्टोभ (ICS):** यी ऊर्जा-प्रभावकारी चुल्होहरू इन्धन-काठको खपत र हानिकारक धुवाँ उत्सर्जन उल्लेख्य रुपमा कम गर्न डिजाइन गरिएका हुन्। यिनीहरुले परम्परागत खाना पकाउने विधिहरूबाट घर भित्रको वायु प्रदूषण प्रतिस्थापन गरी ग्रामीण घरपरिवारका महिला र बालबालिकाहरूको स्वास्थ्यमा प्रत्यक्ष सुधार ल्याउँछन्।
- **वायु ऊर्जा:** यो स्रोतको प्रयोग अहिलेसम्म ठूलो मात्रामा भएको छैन। तथापि नवलपरासी र मुस्ताङ जस्ता जिल्लाहरूमा पाइलट वायु-सौर्य हाइब्रिड परियोजनाहरू सञ्चालनमा रहेका छन् र ग्रामीण घरपरिवारलाई बिजुली उपलब्ध गराउँदै आएका छन् । नेपालका यस्तै अन्य क्षेत्रहरूमा भविष्यमा यसको विस्तारको सम्भावना छ ।

### ५.४ ४ नवीकरणीय ऊर्जाका फाइदाहरू

- **अपरिहार्य आपूर्ति:** सूर्य, हावा र पानी जस्ता स्रोतहरू प्रकृतिले निरन्तर नवीकरण गर्छन्।
- **वातावरणीय संरक्षण:** धेरैजसो नवीकरणीय ऊर्जा स्रोतहरूले प्रयोगको क्रममा थोरै वा नगन्य हरितगृह ग्यास वा वायु प्रदूषक उत्पादन गर्ने हुँदा यिनीहरू जलवायु परिवर्तनसँग प्रतिरोधी र जनस्वास्थ्य अनुकूलन छन्।
- **ऊर्जा स्वतन्त्रता र सुरक्षा:** घरेलु नवीकरणीय स्रोतहरूको प्रयोगले आयातित इन्धनमा निर्भरता घटाउँदै मूल्य उतारचढाव र भूराजनीतिक जोखिमहरूको प्रभाव न्यून बनाउछ ।
- **आर्थिक विकास:** नवीकरणीय ऊर्जा क्षेत्रले उत्पादन, स्थापना र मर्मतसम्भारमा स्थानीय रोजगारी सिर्जना गरि ग्रामीण क्षेत्रहरूको आर्थिक वृद्धिलाई टेवा पुर्याउछ ।
- **दुर्गम क्षेत्रमा प्रयोग:** नेपालको चुनौतीपूर्ण पहाडी भूभागका धेरै क्षेत्रहरूमा राष्ट्रिय विद्युत ग्रिड विस्तार गर्न कठिन हुने हुँदा स्थानीय समुदायहरूको लागि विकेन्द्रीकृत, अफ-ग्रिड नवीकरणीय ऊर्जा समाधानहरूले महत्त्वपूर्ण योगदान पुर्याउछन्। नेपालमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) ले विभिन्न विकास साझेदारहरूसँग मिलेर नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

### ५.५. निष्कर्ष

एकीकृत योजना र कानुनी रूपरेखा: नेपालले वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७८ र वातावरण संरक्षण ऐन, २०७६ सहित एक बलियो नीतिगत आधार स्थापित गरेको छ। यस सन्दर्भमा, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण र फोहोर व्यवस्थापन जस्ता वातावरणीय पक्षहरूलाई स्थानीय योजना तथा पूर्वाधार विकासका सबै चरणहरूमा अनिवार्य रूपमा एकीकृत गर्नुपर्छ।

संरक्षणसँग विकास सन्तुलन: ग्रामीण क्षेत्रहरूमा आर्थिक प्रगति र गरिबी न्यूनीकरणको लागि पूर्वाधार विकास महत्त्वपूर्ण भए पनि यसले प्रायः महत्त्वपूर्ण वातावरणीय लागत खडा गर्छ। यी प्रभावहरूलाई कम गर्न र पूर्वाधार परियोजनाहरूले प्राकृतिक सम्पदाको सम्मान र अभिवृद्धि सुनिश्चित गर्न अनिवार्य वातावरणीय प्रभाव मूल्याङ्कन (EIAs) र पर्यावरणमैत्री प्रविधिहरूको प्रयोग जस्ता नीति र अभ्यासहरू अपनाउनु पर्छ।

### ५.६. स्थानीय तहले के गर्नु पर्ला ?

वातावरणमैत्री स्थानीय शासन प्रारूपका चार प्रमुख स्तम्भ (एकीकृत योजना, सामुदायिक सहभागिता, उपयुक्त प्रविधि र वातावरणीय दिगोपन ) लाई मार्गदर्शन मान्दै स्थानीय तहले निम्न कार्यहरू गर्नु आवश्यक छ:

क) स्थानीय यातायात तथा शहरी पूर्वाधार

- सडक निर्माण जस्ता पूर्वाधार परियोजनाहरूलाई वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सहित योजनाबद्ध तरिकाले कार्यान्वयन गरी दिगोपन र लचिलोपन सुनिश्चित गर्ने ।
- शहरी विकास गुरुयोजनासँग मिल्दोजुल्दो गरी ट्राफिक घनत्व र भूमि प्रयोगको प्रभावकारी व्यवस्थापन गर्ने ।
- वर्षा बगैंचा (Rain garden), पारगम्य (Permeable) फुटपाथ र शहरी हरित क्षेत्र जस्ता हरित पूर्वाधारलाई सडक तथा शहरी योजनामा समावेश गर्ने ।
- पैदल यात्री र साइकल लेनसहित सार्वजनिक यातायात प्रणालीको विकासलाई प्राथमिकता दिने ।
- विद्युतीय सवारी साधन (EV) प्रवर्द्धन गर्दै चार्जिङका लागि नवीकरणीय ऊर्जा स्रोतको प्रयोग सुनिश्चित गर्ने ।

**ख) स्थानीय सिँचाइ तथा जलस्रोत व्यवस्थापन**

- पानी प्रयोग गुरुयोजना तर्जुमा गरी सतही पानी र भू-जल दुवैको एकीकृत व्यवस्थापन गर्ने ।
- स्थानीय भू-बनोट र भौगोलिक अवस्था अनुरूप उपयुक्त सिँचाइ प्रविधि अपनाउने (पहाडी क्षेत्रमा लिफ्ट सिँचाइ, स्प्रिंकलर र ड्रिप प्रणाली; तराईमा ट्युबवेल) ।
- वर्षाको पानी संकलन, पोखरी सिँचाइ र सूक्ष्म सिँचाइ (Micro-irrigation) जस्ता जलवायु-अनुकूल प्रविधि प्रवर्द्धन गर्ने ।
- पानी प्रयोगकर्ता संघ (WUAs) लाई सशक्त बनाई सामुदायिक स्वामित्वमा सञ्चालन, मर्मत र व्यवस्थापन गर्न सक्षम तुल्याउने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) सुनिश्चित गरी विपन्न समूह र महिला-प्रमुख घरपरिवारको पानीमा समान पहुँच कायम गर्ने ।

**ग) नवीकरणीय ऊर्जा प्रवर्द्धन**

- दाउरा र परम्परागत इन्धन जलाउँदा हुने भित्री तथा बाहिरी वायु प्रदूषण कम गर्न नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने ।
- स्थानीय आवश्यकता र स्रोत उपलब्धता अनुरूप उपयुक्त प्रविधि छनौट गर्ने (पहाडी क्षेत्रमा माइक्रो-हाइड्रो, पहुँचयोग्य क्षेत्रमा सौर्य, पशुधन बाहुल्य क्षेत्रमा बायोग्यास) ।
- नवीकरणीय ऊर्जालाई केवल प्रकाशमा मात्र सीमित नराखी सिँचाइ, कृषि-प्रशोधन, मिलिङ र सञ्चार जस्ता उत्पादनमूलक अनुप्रयोगहरू (Applications) मा समेत उपयोग हुने गरी प्रवर्द्धन गर्ने ।
- सुधारिएको कुकिङ स्टोभ (ICS) र घरेलु बायोग्यास प्रवर्द्धन गरी ग्रामीण महिला र बालबालिकाको स्वास्थ्यमा सकारात्मक सुधार ल्याउने ।

**घ) क्रस-कटिङ सिद्धान्त (सबै क्षेत्रमा लागू हुने)**

- एकीकृत जलस्रोत व्यवस्थापन (IWRM) तथा एकीकृत योजना सिद्धान्तमा आधारित परियोजना तर्जुमा गर्ने ।
- उपभोक्ता समिति, सामुदायिक संस्था र स्थानीय सरोकारवालालाई योजना, कार्यान्वयन र अनुगमनमा सक्रिय सहभागी बनाउने ।
- स्थानीय सरकारको योजना, डिजाइन, कार्यान्वयन र अनुगमन क्षमतालाई वातावरणीय-सचेत ढाँचा (Environmentally conscious framework) भित्र विकास गर्ने ।
- घरपरिवार स्तरमा फोहोर छुट्याउने अभ्यास, जैविक विविधता संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई सबै परियोजनामा मूलप्रवाहीकरण गर्ने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र मापनयोग्य सूचकहरूको प्रयोगबाट परियोजनाको दिगोपन र जवाफदेहिता सुनिश्चित गर्ने ।

# मोड्युल २:  योजना तर्जुमा र श्रोत व्यवस्थापन

**सत्र ६: समयः ९० मिनेट**

## योजना तर्जुमा र वातावरणमैत्री स्थानीय शासन

### १. योजनाको अवधारणा

### १.१ परिचय

नेपालको संविधानले स्थानीय सरकारलाई योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । ऐनले यस प्रकारका योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ । यसका साथै ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा प्राथमिकता दिनु पर्ने विषयहरु समेत तोकेको छ ।

### १.२ परिभाषा

योजना, कार्यक्रम, आयोजना र क्रियाकलाप एक आपसमा अन्तरसम्बन्धित तर भिन्न रहेका छन् । यसलाई सामान्यतया देहाय वमोजिम वुझ्न सकिन्छः

**योजनाः** लक्ष्यहरूको निर्धारण गरी उक्त लक्ष्य  प्राप्त गर्न सहयोग पुऱ्याउने रणनीति, कार्यनीति र  कार्यक्रमहरुको सँगालो

कार्यक्रमः कुनै योजना अन्तर्गतका विभिन्न विषयक्षेत्रसँग सम्बन्धित आयोजना, कार्यपद्धती र सेवाहरुको एकीकृत समूह

**आयोजनाः** तोकिएको बजेट र समयभित्र तोके बमोजिमको उद्देश्य प्राप्त गर्न निर्दिष्ट गरिएको अन्तर सम्बन्धित र समन्वयात्मक कार्यहरुको समूह

**क्रियाकलापः** आयोजना वा कार्यक्रमको प्रतिफल प्राप्त गर्नकालागि निर्धारण गरिएका अन्तरसम्बन्धित र समन्वयात्मक छुट्टाछुट्टै कार्यहरु

गाउँ/नगरपालिकाको योजनाबद्ध, एकीकृत तथा रणनीतिक विकासको लागि सामान्यतया देहाय अनुसारको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सकिन्छ ।

- दीर्घकालिन/रणनीतिक गाउँ/नगर विकास योजना
- आवधिक गाउँ/नगर विकास योजना
- विषयगत गुरुयोजना
- बार्षिक विकास योजना (नीति, कार्यक्रम र बजेट)

गाउँ/नगरपालिकाले आवधिक योजनाको सट्टा दीर्घकालिन सोचसहित वृहत गाउँ/नगर विकास योजना समेत तर्जुमा गर्न सक्नेछन् । यसमा यातायात गुरुयोजना, जोखिम संवेदनशिल भू-उपयोग योजना, वातावरण व्यवस्थापन योजना, भवन मापदण्ड सहितको एकीकृत वस्ती विकास योजना, शहरी पुनःनिर्माण योजना, पूर्वाधार तथा संस्थागत विकास योजना जस्ता योजनाहरु रहन सक्नेछन् ।

## २. स्थानीय तहको योजना तर्जुमाका विधि र प्रकृया

### २.१ स्थानीय तहले योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने केही प्रमुख कुराहरु

- स्थानीय सरकारको कार्यपालिकाले अध्यक्ष/प्रमुखको अध्यक्षतामा वजेट अनुमान समिति गठन गर्नुपर्छ । यस्तो समितिमा आफ्नो दल वाहेकको निर्वाचित सदस्य (महिला, दलित वा अल्पसंख्यक मध्येबाट समेत) को प्रतिनिधित्व गराउनु पर्छ । त्यो समितिले आगामी आ.व. र त्यसपछिका दुई आ.व. को अनुमानित वजेट सिलिङ तय गर्नु पर्छ ।
- यस्तो रकम पूँजीगत (विकास) र साधारण (प्रशासनिक) छुट्टिएको हुनुपर्छ । विषयगत (Sectoral) पनि छुट्टिएको हुनुपर्छ । ऋण तिर्ने, अन्य आर्थिक उपार्जनमा लगानी गर्ने भए सो पनि छुट्याउनु पर्छ ।
- उक्त वजेटको प्याकेज कार्यपालिकाले स्वीकृत गर्नु पर्छ ।
- कार्यपालिकाले सबै वडा कार्यालय र आफ्ना कार्यालयका शाखा/महाशाखा र आयोजना प्रमुख र सहकार्य गर्ने निकायहरूलाई आगामी वर्षको कार्यक्रम/वजेट बनाउन निर्देशन सहित पठाउनु पर्नेछ । यी शाखा/महाशाखा प्रमुख, आयोजना/कार्यक्रम अधिकृत र सहकार्य गर्ने निकायहरूले आ—आफ्ना विषय सम्बन्धित योजना तर्जुमा गर्नुपर्छ । योजनाहरू हचुवाको भरमा प्रस्ताव नगरी तथ्याङ्क र प्रत्यक्ष जानकारीमा आधारित हुनुपर्छ । प्रत्यक्ष जानकारी भन्नाले ऐतिहासिक पुरातात्विक स्थलहरूको संरक्षण, लोप हुन लागेका रैथाने जातका वोट विरूवा, टहरा, जडिबुटी, पशुपक्षि र अन्य ऐतिहासिक सामाग्री आदि हुन् ।
- संख्यात्मक लक्षहरू राष्ट्रियस्तरमा हासिल गर्न राखिएको लक्ष्यहरूसँग मेल खाने गरी राख्नुपर्छ ।
- छिमेकी गाउँपालिका/नगरपालिकासँग संयुक्त व्यवस्थापनमा कार्यक्रम/आयोजना संचालन गर्न आवश्यक भए त्यसका लागि वजेट व्यवस्थापन गरी सहकार्यको प्रक्रिया अपनाउनु पर्छ ।
- सम्बन्धित प्रदेश सरकार/नेपाल सरकारसँग संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन गर्ने भए त्यसको लागि बजेट व्यवस्थापन गरी सहकार्य अगाडि बढाउनु पर्नेछ ।
- वार्षिक योजना तर्जुमा गर्दा आ-आफ्ना क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, उपभोक्ता समिति, व्यवस्थापन समिति, सहकारी संस्था, सामुदायिक संघ-सङ्गठनसँग समन्वय गरी एकीकृत कार्यक्रम बनाउनु पर्नेछ ।

- योजना तर्जुमा समयमा सबै वर्ग र पक्षको संलग्नता सुनिश्चित गर्नुपर्छ । मुख्य गरेर शिक्षाविद, समाजमा स्थापित सामाजिक कार्यकर्ता, उद्योगी, विषय विज्ञ, सेवा निवृत पेशाविद, सिमान्तकृत र लोपुन्मुख समुदायका प्रतिनिधि, महिला, बालमैत्रीका लागि बालबालिका प्रतिनिधि, दलित, युवा, शारीरिक अशक्तहरू र जेष्ठ नागरिकका प्रतिनिधिहरू र आ-आफ्ना क्षेत्रको विशिष्टताको आधारमा अन्य जानकार र विज्ञहरूलाई संलग्नता गराएर मात्र योजना तर्जुमा गर्न वाञ्छनीय छ ।
- योजनाहरू भौगोलिक सूचना प्रणाली मा आधारित, ग्राफ, चार्ट, तालिका आदिमा प्रस्तुत गर्ने प्रकारले बनाउनु पर्छ । कम्प्युटर सफ्टवेअरको विकास गरी सहज ढङ्गले सुपरिवेक्षण र अनुगमन गर्नेगरी बनाउनु पर्छ ।
- यसरी तर्जुमा गरेको वार्षिक योजनालाई कार्यपालिकाले प्राथमिकता र आवश्यकताको आधारमा विश्लेषण र परिमार्जन गरी सभाबाट फागुन मसान्तभित्र निर्णय गराईसक्नु पर्छ ।
- स्थानीय तहमा सूचना केन्द्र स्थापना गरेर त्यस्तो केन्द्रमा वार्षिक योजना, कार्यान्वयनको तरिका, वजेट, जनताको सहभागिता सबै खुलाएर राख्नु पर्छ र गरिएका कामको प्रगति थप्दै जानुपर्छ ।
- पारित बार्षिक कार्यक्रम सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकारलाई र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई पठाउनु पर्दछ ।
- योजनाको दूरगामी प्रभाव पर्ने हुँदा आवधिक योजना (३ देखि ५ बर्ष सम्मको) बनाएर त्यसको सीमामा रही वार्षिक योजना बनाउनु उपयुक्त हुन्छ । सकेसम्म स्थानीय स्रोत साधनहरूलाई प्रयोग गरेर स्थानीय व्यक्तिको सीप, ज्ञान बृद्धि हुने, रोजगारीका अवसर बढ्ने र स्थानीय संस्था र व्यक्तिलाई परिचालन गर्ने आयोजनाहरूलाई प्राथमिकता दिनुपर्छ ।
- आवश्यकतामा आधारमा वातावरणविद्, नगर योजनाविद्, भूगर्भविद्, वनस्पतिविद् जस्ता विज्ञहरूको विज्ञता लिन वाञ्छनीय हुन्छ ।
- वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी र त्यसवाट प्राप्त हुने प्रतिफल लगायतका विषयमा छलफल गरी निर्णय गर्ने ।
- वातावरण संग सम्बन्धित सूचक लगायत दिगो विकासका लक्ष्यहरु स्थानीय योजनामा एकीकृत गर्ने ।

## २.२ वार्षिक योजना तर्जुमाका आधार


| आधार/प्रारूप | विवरण |
|---|---|
| वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८ | वातावरण संरक्षण, विपद व्यवस्थापन, बस्ती तथा घरको सौन्दर्यीकरण, पार्क तथा हरियाली विस्तार, प्राङ्गरिक कृषि, पोखरी संरक्षण आदि । |
| बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८ | बाल विकास, बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता, बालबालिकाको शिक्षा, खेलकूद, स्वास्थ्य, पोषण र विकास आदि । |

| आधार/प्रारूप | विवरण |
| --- | --- |
| स्थानीय शासन कार्यसम्पादन मूल्यांकन (व्यवस्थापन तथा कार्य संचालन) कार्यविधि, २०८२ (Local Governance Performance Assessment System (LGPAS) | • **सुशासन तथा संस्थागत विकासः** योजना तथा वजेट, पारदर्शिता र उत्तरदायित्व, शासकीय प्रवन्ध, सेवा प्रवाह, सार्बजनिक वित्त व्यवस्थापन, समन्वय र सहकार्य । <br>• **सामाजिक विकासः** खानेपानी तथा सरसफाइ, शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक समावेशीकरण र संरक्षण, विवाद निरुपरण तथा मेलमिलाप <br>• **आर्थिक विकासः** कृषि, पशु तथा सहकारी, भूमि तथा सिंचाइ, स्थानीय आर्थिक विकास, उद्यमशिलता र रोजगारी । <br>• **पूर्वाधार विकासः** स्थानीय सडक, भवन तथा अन्य सामाजिक पूर्वाधार, पूर्वाधार उपयोगिता र दिगोपन । <br>• **वन, वातावरण तथा विपद् व्यवस्थापनः** वातावरण संरक्षण, विपद् व्यवस्थापन । |
| टोल विकास संस्था (गठन र परिचालन) नमूना कार्यविधि, २०७७ | टोल विकास समिति गठन, सामाजिक परिचालन, टोल विकास अभियान, सामाजिक अभियानहरू, सचेतना, नागरिक शिक्षा आदि । |
| पोषणमैत्री स्थानीय तह कार्यन्वयन निर्देशिका, २०७८ | खानेपानी, सरसफाई, पोषण, स्वास्थ्य सुधार, मस्तिक विकास, बाल पोषण, खानपानमा सुधार आदि । |
| दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, २०७७ | दिगो विकासका सूचकको कार्यन्वयन र स्थानीयकरण । |
| प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन कार्यविधि, २०७८ | स्थानीय तहको विकास र सुशासनमा समग्र कार्य सम्पादन सुधार सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट जारी गरिएको निर्देशिका । |

## २.३ स्थानीय वार्षिक बजेट निर्माणका सम्भागहरू



## २.४ स्थानीय तहको वार्षिक तर्जुमाका चरणहरु




## ३. योजना तर्जुमा प्रक्रियामा नागरिक सहभागिता

### ३.१ नागरिक सहभागिता

- नागरिकको उपस्थिति आवश्यक हुन्छ ।यो भौतिक उपस्थिति, आर्थिक सहयोग, प्रतिनिधित्व, वा अन्य केही हुन सक्छ।
- एक भन्दा बढि व्यक्तिहरुको चासो भएको विषय समाज वा समुदायको सरोकारको बिषय हुने हुदा यहाँ नागरिक सहभागिता आवश्यक हुन्छ ।
- स्थानीय शासन प्रक्रियामा स्थानीय तहका सरकार तथा सेवा प्रदायक निकाय र स्थानीय नागरिकहरुको सहभागिता सुनिश्चित गर्नु पर्दछ ।
- सहभागिता कसको, किन, कहिले र प्रतिफल बारे स्पष्टता हुनुपर्छ ।
- सहभागिता अर्थपूर्ण हुनुपर्छ ।

### ३.२ योजना तर्जुमामा नागरिक सहभागिताको आवश्यकता र महत्व

- योजना तर्जुमाका लागि सहभागिताले अर्थ राख्छ ।
- यस प्रक्रियामा स्थानीय बुध्दिजिवी, बिषय बिज्ञ, अनुभवी, सेवा निवृत्त कर्मचारी वा जेष्ठ नागरिक, अल्पसंख्यक, जनजाती, महिला, बालबालिका, दलित, युवा, अपाङ्गता भएका व्यक्ति जस्ता सरोकारवालाको सहभागिता खोजिएको छ ।
- यस प्रक्रियावाट योजना तर्जुमा गर्दा वढि व्यवहारिक र नतिजा दिन सक्ने हुन्छ ।

सहभागिताका चरणहरु




- स्थानीयतहले प्रदानगर्ने सेवाहरु को मार्फत, कसरी प्रवाह गर्ने, सेवा पाउनु पर्ने नागरिकले के, के तयारी गरेर आउनु पर्छ, टोल वस्तीवाट योजना पहिचान गर्दा को, को उपस्थित हुनुपर्छ, श्रोत साधनका लागि सहभागिताले कसरी मद्धत गर्दछ भन्ने विषय स्पष्ट हुनु पर्दछ ।

## ४. योजना तर्जुमा प्रकृयामा वातावरणमैत्री स्थानीय शासन

- वातावरणमैत्री स्थानीय शासन एक वहुसरोकार र वहुक्षेत्र सम्बन्धि विषय भएको हुदा हरेक विषय क्षेत्रका योजनाहरुमा वातावरण सम्वन्धी विषय जोडिएको हुन्छ ।
- योजना तर्जुमा प्रक्रियाका सहभागिहरु खासगरी वातावरणसंग सम्वन्धित क्षेत्रमा कार्यगर्ने निकाय, सामाजिक संस्था लगायत आम नागरिकहरुले वातावरणमैत्री स्थानीय शासनका विषयहरु खासगरी सूचकहरुलाई स्थानीय योजनामा समावेश गर्न पहल गर्नु पर्दछ ।

## ५. योजना तर्जुमामा टोल विकास समितिको भूमिका

- वस्तीस्तरका योजना तर्जुमा बैठक, गोष्ठी तथा छलफल कार्यक्रमहरुमा सहभागि हुने ।
- योजना तर्जुमा प्रक्रियामा आम नागरिकको सहभागिता वृद्धि गर्न पहल गर्ने ।
- स्थानीय योजना तर्जुमा, प्राथमिकिकरण तथा बजेट विनियोजन गर्दा वस्ती तथा टोलस्तरका आवश्यकता लाई प्राथमिकताका साथ समावेश गर्ने ।
- टोलवासीको हित अनुकुलका योजना छनौट गर्न सक्रिय रहने ।

## ६. योजना तर्जुमामा गैर सरकारी संस्थाको भूमिका

स्थानीयतहको विकासको प्रक्रियामा गैर सरकारी संघ/संस्थाहरुको भूमिका महत्वपूर्ण हुन्छ । सरकार र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रमा राज्यको उद्देश्य प्राप्तिका लागि नीति कार्यान्वयनमा सघाउने र आवश्यक नीति तर्जुमाका लागि पैरवी गर्ने काम गैससको हो । गैससले सरकारका वा अन्तरराष्ट्रिय संस्थाको साझेदारका रूपमा काम गर्नु पर्ने हुन्छ । स्थानीय तहको योजना तर्जुमा प्रकृयामा गैर सरकारी क्षेत्रको मुख्य भूमिका यस प्रकार रहनेछः

- स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्ने ।
- योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्ने ।
- योजना तर्जुमा प्रकृयामा नागरिक सहभागिता वद्धि गर्न स्थानीय तहलाई सहयोग गर्ने ।
- श्रोतको सही पहिचान तथा परिचालन गर्न स्थानीय तहलाई सहयोग गर्ने ।
- स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणालीको अवलम्वन गर्ने ।
- गैससबाट संचालन हुने कार्यक्रममा दोहोरोपना हटाउने ।
- स्थानीय तहले माग गरे वमोजिमका अन्य सहयोग उपलव्ध गराउने ।

**सत्र ७: समयः ९० मिनेट**

# वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि वित्तीय स्रोत व्यवस्थापन

वित्तीय स्रोत व्यवस्थापन भनेको कुनै संस्था, स्थानीय तह, वा परियोजनाले आफ्नो लक्ष्य हासिल गर्न आवश्यक पर्ने आर्थिक स्रोत (पैसा) को पहिचान, संकलन, प्रयोग र नियन्त्रण गर्ने प्रक्रिया हो। स्थानीय तहमा आन्तरिक र बाह्य स्रोतबाट वित्तीय स्रोत जुटाईन्छ । आन्तरिक स्रोत मा कर, सेवा शुल्क, अन्य आन्तरिक आम्दानी (जग्गा भाडा, सम्पत्ति उपयोग) आदि पर्दछन भने बाह्य स्रोतमा संघीय/प्रदेश सरकारबाट अनुदान, दातृ निकाय (Donor Agencies), ऋण (Loan), सार्वजनिक–निजी साझेदारी (PPP) आदि पर्दछन् ।

## १. वित्तीय स्रोत व्यवस्थापनका चरणहरुः

- **योजना (Planning)**: सर्बप्रथम लक्ष निर्धारण भैसकेपछी उक्त लक्ष हाशिल गर्न के कस्ता क्रियाकलापहरु गर्न आवस्यक छन् पहिचान गर्नुपर्छ । वातावरणमैत्री स्थानीय शासन कार्यन्वयनको सन्दर्भमा नीतिगत रुपमा वा सैद्धान्तिक रुपमा निर्णय भएपछी हाशिल गर्नुपर्ने सूचकहरुको एकिन गर्नुपर्छ । ति सूचक प्राप्ति गर्न के कति वित्तीय स्रोतको आवस्यकता पर्छ अनुमान गर्नु यो सन्दर्भमा योजना गर्नु हो ।
- **प्राथमिकता तय** : सबै सूचकहरु छोटो समयमा पुरा गर्न नसक्ने अवस्था हुन सक्छ, साथै आवस्यक सबै वित्तीय स्रोत जुटाउन पनि सकिदैन । कुन क्रियाकलाप महत्वपूर्ण छ तथा कुन काम नगरी अर्को चरणमा प्रवेश गर्न सकिदैन सो समेत बिचार गरि प्राथमिकता तय गर्नु पर्दछ ।

- **स्रोत परिचालन (Mobilization)** : उपलब्ध आन्तरिक तथा बाह्य स्रोतको नक्शांकन, सम्भावित परिमाण, प्राप्ति हुने समय, थप स्रोत जुटाउने उपायहरु आदिको सुक्ष्म विश्लेषण गर्नु नै स्रोत परिचालनको सबैभन्दा महत्वपूर्ण चरण हो ।
- **बजेट निर्माण (Budgeting)**: सम्भावित स्रोतको आधारमा अनुमानित आय र कुन कुन क्षेत्रमा के कति खर्च गर्ने भन्ने व्ययको विवरण तयार गर्नु बजेट निर्माणको आधारभूत बिषय हो । EFLG को सन्दर्भमा कुन कुन सूचक पुरा गर्न के कति रकम आवस्यक पर्छ सोहि आधारमा स्रोतको आधारमा रकम बिनियोजन गरि बार्षिक बजेट तयार पार्नु यो चरणको काम हो ।
- **खर्च व्यवस्थापन (Expenditure Management)** : स्वीकृत योजना र विनियोजित बजेटको अधिनमा रहेर निर्धारित नर्म्स र मापदण्ड बमोजिम खर्च गर्नु नै कार्यन्वयन हो । कार्यन्वयनको प्रभावकारिताको लागि र स्रोतको समयबद्ध व्यवस्थापनको लागि कार्ययोजना बनाई अधिकारप्राप्त तहबाट स्वीकृत गराई सोहि बमोजिम कार्यन्वयन गर्नु राम्रो हुन्छ ।खर्च गर्ने कार्य प्रचलित कानूनको पालना गर्दै पारदर्शित कायम राखेर मितव्ययितासाथ गर्नुपर्दछ ।
- **अनुगमन तथा मूल्यांकन (Monitoring & Evaluation)**: वित्तीय स्रोत व्यवस्थापनको अर्को महत्वपूर्ण कार्य नियमित र प्रभावकारी अनुगमन हो । नियमित अनुगमन गरि समीक्षा गर्ने र प्रभावकारिता

मुल्यांकनले अपेक्षा अनुसार उपलब्धि हाशिल गर्न मद्दत गर्छ र भविष्यमा कमीकमजोरी सुधार गर्न समेत मार्गनिर्देश गर्दछ ।

## २. वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनमा वित्त परिचालनको आवश्यकता र औचित्य

### १. आवश्यकता (Need for Financial Mobilization)

•**कार्यक्रम कार्यान्वयनका लागि स्रोत सुनिश्चित गर्नु:** वातावरणमैत्री योजना, हरित पूर्वाधार, फोहर व्यवस्थापन, सरसफाई, र जलवायु अनुकूलन कार्यक्रमहरू कार्यन्वयन गर्न वित्तीय साधन आवश्यक र अपरिहार्य छ ।

•**स्रोतको दिगो व्यवस्थापनः** स्थानीय तहले आफ्नै राजस्व, अनुदान, निजि क्षेत्र र अन्तर्राष्ट्रिय सहयोगको सही संयोजनमार्फत दीर्घकालीन कार्यक्रम सञ्चालन गर्न बित्त परिचालनको आवस्यकता छ ।

•**प्रभावकारी कार्यन्वयन :** वित्तीय योजना र बजेटको राम्रो परिचालनले मात्रै कुनै पनि कार्यक्रमको सफल संचालन सम्भव हुन्छ । वातावरणमैत्री स्थानीय शासन जसले बहुक्षेत्रीय बिषयहरु समेटेको छ, त्यसको प्रभावकारी कार्यन्वयनले मात्रै सफा, हरित, दिगो र समावेशी विकास हाशिल हुन्छ ।

•**अनियमितता र दुरुपयोग रोकथामः** बित्त परिचालन एउटा महत्वपूर्ण कार्य जुन काम र उद्देस्यले स्रोत जुटाईएको हो सोहि काममा खर्च गराउनु पनि हो र निर्धारित उद्देश्य हाशिल हुनु पनि हो । पारदर्शिता महत्वपूर्ण पक्ष हो यो प्रसंगमा । नियमित अनुगमन, आवधिक समीक्षा तथा प्रभावकारी मुल्यांकन मार्फत अनियमितता र स्रोतको दुरुपयोग रोक्न पनि बित्त व्यवस्थापनको आवस्यकता छ ।

•**स्थानीय स्वायत्तता र निर्णय क्षमताः** वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, फोहरमैला व्यवस्थापन, विपद जोखिम न्यूनीकरण जस्ता महत्वपूर्ण र प्रत्यक्ष नागरिकसंग जोडिने क्षेत्रहरुमा वित्तीय स्रोत परिचालन गर्ने स्थानीय तहको क्षमता बढाउन समेत वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि गरिने वित्तीय स्रोत व्यवस्थापनले मद्दत गर्छ ।

### २.औचित्य (Rationale / Justification)

- **स्थिर वित्तीय आधार सिर्जना गर्नु:** प्रत्येक कार्यक्रमको लागि निश्चित र व्यवस्थित बजेटको व्यवस्था।
- **EFLG लक्ष्यसँग बजेटको समन्वय :** हरित विकास, दिगो भूमि प्रयोग, फोहर न्यूनिकरण, जलवायु अनुकूलन, र खाद्य सुरक्षा योजनासँग वित्तीय साधनको समायोजन।
- **पारदर्शिता र जवाफदेहिता सुनिश्चितः** बजेट प्रक्रिया र खर्च सार्वजनिक गरी स्थानीय समुदायको निगरानी।
- **प्राथमिकता निर्धारण र स्रोत उपयोग दक्षताः** उच्च प्राथमिकताका क्षेत्र (जस्तैः फोहर व्यवस्थापन, हरित पूर्वाधार, जलवायु अनुकूलन) मा स्रोत केन्द्रित गर्न यसले मद्दत पुग्छ ।
- **सामुदायिक सहभागिता प्रवर्द्धन :** वित्तीय निर्णयमा स्थानीय समुदायको सहभागिता र सहमति सुनिश्चित गर्ने माध्यम EFLG को बित्त व्यवस्थापन हुन सक्छ ।

### ३. स्रोत र वित्त व्यवस्थापनको आधार

EFLG कार्यान्वयनका लागि स्थानीय तहले देहायकाविभिन्न स्रोतबाट वित्तीय स्रोत व्यवस्थापन गर्न सक्छ :

- **आन्तरिक स्रोत (Own Source Revenue):** EFLG का कतिपय सूचक सेवा प्रदान संग सम्बन्धित छन् । जस्तै सरसफाई सेवा; यस्तो सेवा दिदा लाग्ने खर्च सम्बन्धित सेवा लिने परिवार, संघ, सस्था संग लिन सकिन्छ । यसले दिगो र भरपर्दो सेवा प्रदान गर्ने क्षमता समेत स्थानीय तहमा वृद्धि हुन सक्छ । कतिपय सामुदायिक पार्कहरु संचालन गर्न पनि शुल्क लगाउन सकिन्छ । वातावरणीय शुल्क लगाउने पनि गरेको पाइन्छ । जे होस कानूनले दिएको अधिकार क्षेत्रभित्र पर्ने भएमा सेवा शुल्क लगाई हाशिल भएको सूचक दिगो रुपमा कार्यन्वयन गर्न स्रोत जुटाउन उचित हुन्छ ।

  स्थानीय तहले आफुलाई प्राप्त अधिकार बमोजिम लगाएको कर, दस्तुर, दण्ड जरिवाना, समानीकरण अनुदान आदिबाट प्राप्त स्रोत EFLG कार्यन्वयन गर्न व्यवस्थापन गर्न सक्छ /गर्नु पर्छ । जुन सूचक कार्यन्वयन गरेर पनि सेवा शुल्क लिन सकिदैन बिशेषतः यस्तो क्रियाकलापमा आफ्नै स्रोतबाट लगानी गर्नु पर्छ ।

- **संघीय तथा प्रदेश सरकारको अनुदान/कार्यक्रम (Grants/programme from Central and Provincial Government):** संघीय सरकार तथा प्रदेश सरकारले संबिधान बमोजिम प्रदान गर्ने देहायका अनुदान तथा केहि बिशेष कार्यक्रमहरुबाट पनि EFLG कार्यन्वयनका लागि बित्त व्यवस्थापन गर्न सकिन्छ;
  - संघीय सरकारको सशर्त/बिशेष/समपुरक अनुदान,
  - प्रदेश सरकारको सशर्त/बिशेष/समपुरक अनुदान,
  - EMP/IEE/EIA मा वातावरण क्षेत्रमा काम गर्ने भनि छुट्याइएको रकम,
  - संघ तथा प्रदेशका खानेपानी, सरसफाई, जलवायु अनुकूलन,विपद जोखिम न्यूनीकरण जस्ता कार्यक्रम।
  - **संघीय सरकार मार्फत अन्तर्राष्ट्रिय अनुदान / सहयोग (Donor / Development Partner Funding) द्विपक्षीय तथा बहुपक्षीय**
  - **जलवायु परिवर्तन सम्बन्धि कोषहरूः**

| क्र.सं | कोषको नाम (Fund Name) | स्थापना वर्ष / व्यवस्थापक संस्था | मुख्य उद्देश्य / क्षेत्र | नेपालमा सम्बन्धित कार्यक्रम वा उदाहरण |
|---|---|---|---|---|
| | Global Environment Facility (GEF) | 1991 / World Bank, UNDP, UNEP | जैविक विविधता, जलवायु परिवर्तन, भूमि अवनति, प्रदूषण नियन्त्रण | जलवायु सहनशील कृषि र जल व्यवस्थापन परियोजना (UNDP–GEF) |

| क्र.सं | कोषको नाम (Fund Name) | स्थापना वर्ष / व्यवस्थापक संस्था | मुख्य उद्देश्य / क्षेत्र | नेपालमा सम्बन्धित कार्यक्रम वा उदाहरण |
|---|---|---|---|---|
| | Adaptation Fund (AF) | 2001 / Kyoto Protocol अन्तर्गत | जलवायु अनुकूलन (Adaptation) मा सहयोग | कृषि क्षेत्रमा जलवायु सहनशील अभ्यास विस्तार परियोजना |
| | Climate Investment Funds (CIF) | 2008 / World Bank समूह | नवीकरणीय ऊर्जा, वन संरक्षण, जलवायु न्यूनीकरण | SREP अन्तर्गत नेपाल नवीकरणीय ऊर्जा विस्तार कार्यक्रम |
| | Least Developed Countries Fund (LDCF) | 2001 / GEF द्वारा व्यवस्थापन | न्यून विकसित देशहरूको अनुकूलन परियोजना | नेपालमा LAPA (Local Adaptation Plan of Action) कार्यान्वयन सहयोग |
| | Special Climate Change Fund (SCCF) | 2001 / GEF | अनुकूलन, ऊर्जा, कृषि, जलस्रोत, स्वास्थ्य | जलवायु सहनशील जल व्यवस्थापन परियोजना |
| | Green Climate Fund (GCF) | 2010 / UNFCCC अन्तर्गत | जलवायु न्यूनीकरण र अनुकूलन परियोजनामा सहयोग | Ecosystem Based Adaptation (EbA) परियोजना, BRCH परियोजना |
| | NAMA Facility (Nationally Appropriate Mitigation Actions) | 2013 / Germany र UK द्वारा | देशले प्रस्ताव गरेका उत्सर्जन घटाउने कार्यमा सहयोग | नेपालका ऊर्जा र यातायात क्षेत्रका NAMA प्रस्तावहरू |
| | Global EbA Fund (Ecosystem-based Adaptation Fund) | 2020 / UNEP र IUCN द्वारा | पारिस्थितिक तन्त्रमा आधारित जलवायु अनुकूलन | पर्वतीय पारिस्थितिक तन्त्रमा अनुकूलन अभ्यास विस्तार परियोजना |
| | Forest Carbon Partnership Facility (FCPF) | 2008 / World Bank | वन संरक्षण र कार्बन उत्सर्जन न्यूनीकरण (REDD+) | नेपाल REDD+ Readiness Program |

- **निजी क्षेत्रको लगानी (CSR, Corporate Social Responsibility):** निजी कम्पनीहरूको CSR(Corporate Social Responsibility) कार्यक्रम मार्फत हरित पूर्वाधार, फोहर व्यवस्थापन, सरसफाई र जलवायु अनुकूल परियोजनामा योगदान। उदाहरणः सौर्य प्यानल, कम्पोस्ट सुविधा, सामुदायिक पार्क, सडक डिभाइडर सौन्दरिकरण आदि ।
- **परिवार र टोल-समुदायको योगदान (Community / Household Contribution):** घर घरमा फोहर बर्गिकरण, टोल समुदाय क्षेत्र सरसफाई, पानीका मुहान संरक्षण, सामुदायिक स्वच्छता कार्यक्रम, वृक्षारोपण, सामुदायिक

जलस्रोत संरक्षण जस्ता घर परिवार र टोल समुदायको जिम्मेवारीमा राखिएका कार्यहरुमा स्थानीय तहले सहजीकरण मात्रै गरे पुग्छ, ठुलो स्रोत त सम्बन्धित घर परिवार आफै व्यवस्थापन गर्छन्। स्वयंसेवी योगदान र सामुदायिक लगानीले कार्यक्रमको दिगोपनमा पनि सघाउ पुग्छ ।

- **गैर-सरकारी संघ/संस्था (NGOs / CBOs / Cooperatives):** स्वास्थ्य, सरसफाई, फोहर व्यवस्थापन, जैविक खेती, जलवायु अनुकूलन जस्ता कार्यहरुको सन्दर्भमा जनचेतना, क्षमता विकास लगायत कतिपय क्रियाकलापको संचालनका लागि गैर सरकारी संघ सस्थासँग साझेदारी गर्दै स्रोत, क्षमता र प्रविधि जुटाउन सकिन्छ।

## ४.बजेट निर्धारण र प्राथमिकताः

- **EFLG** कार्यान्वयन **गर्न बजेटको मुख्य प्राथमिकताः** कुन काम धेरै महत्वपूर्ण छ भन्ने कुरा सबै पालिकाको लागि समान हुदैन । आफ्नो परिवेश र आवस्यकता अनुसार प्राथमिकता तय गर्ने हो । तापनि सामान्यतः पहिलो प्राथमिकतामा फोहर व्यवस्थापनलाइ राखु आवस्यक हुन्छ ।स्थानीय तहको मात्रै जिम्मेवारीमा पर्ने उक्त कामको जस अपजस केवल स्थानीय तहमा मात्रै जाने हो र हाम्रो हावा, पानी र माटो जोगाउनु (धर्तीमाता) अहम आवस्यकता पनि हो । हालै मात्र काठमान्डौ महानगरपालिकाले सरसफाई क्षेत्रमा गरेको कामले देशभर चर्चा मात्र पाएन, उक्त कामको नेतृत्व गर्ने नगरप्रमुखलाई नागरिकले देशकै जिम्मेवारी सुम्पेका छन् । यसर्थ सरसफाई कति महत्वपूर्ण काम रहेछ भन्ने सबै स्थानीय तहले अनुभूत गर्न आवस्यक छ । जलवायु अनुकूल कृषि र खाद्य सुरक्षा अर्को ज्यादै महत्वपूर्ण काम हो । पानीका स्रोतको संरक्षण संग सम्बन्धित कार्यहरु अर्को महत्वपूर्ण कार्य हुन सक्छ । EFLG Framework मा यस्ता धेरै सूचकहरु छन् जसको ठिक ढंगले कार्यन्वयन गरेमा हामि अरु धेरै थप काममा ध्यान दिनै नपर्ने हुन सक्छ । हरित पूर्वाधारमा स्थानीय तहको ध्यान जान मद्दत गर्नु EFLG को अर्को महत्वपूर्ण उद्देश्य हो ।
- **Budget Framework संरचनाः** पहिचान गरिएको र प्राथमिकतामा परेको EFLG क्रियाकलाप(सूचक) कार्यन्वयन गर्न कार्यक्रममा आधारित बजेट बनाउन आवस्यक हुन्छ । प्रत्यक कार्यक्रमको लागत लाभ विश्लेषण गरेर लगानी गर्ने निर्णय गर्दा तुलनात्मक रुपमा लाभदायक क्षेत्रमा पहिला लगानी गर्न सकिन्छ । वातावरणीय र सामाजिक प्रभावको मुल्यांकन गरेर उपयुक्त क्रियाकलापमा बिनियोजन गर्ने परिपाटी बसाउन समेत EFLG स्रोत व्यवस्थापनले मद्दत गर्छ ।
- **वित्तिय नियमन र पारदर्शिताः** खर्चको निगरानी गर्न कानूनतः व्यवस्था भएका स्थानीय लेखा समितिहरू, आन्तरिक र बाह्य लेखा परिक्षण, आन्तरिक अनुगमन प्रणाली नै काफी छन् भने नतिजाको लागि वातावरणमैत्री सूचक (EFLG Indicators) प्रयोग गर्नु पर्दछ ।बजेट र वित्तिय रिपोर्ट सार्वजनिक गर्दा EFLG केन्द्रित भएर गर्न सकिन्छ भने स्थानीय समुदायको सहभागीताले समेत पारदर्शीता बढाउन सकिन्छ ।
- **स्थानीय तहको क्षमता विकासः** वित्तीय योजना बनाउने, खर्च गर्ने,निगरानी गर्ने, र EFLG कार्यक्रम कार्यान्वयन गर्ने क्षमता विकास गरि बजेट प्रणालीमा हरित, दिगो र समावेशी दृष्टिकोण समावेश गर्नु नै समग्रतामा वातावरणमैत्री स्थानीय शासन कार्यन्वयन हो ।

## ५.फाइदा

- वातावरणमैत्री र दिगो सेवा सञ्चालनका लागि स्थिर वित्तीय आधार बन्ने ।
- नतिजामा आधारित बजेट तर्जुमा गर्ने क्षमता विकास हुने ।
- अनियमित खर्च र दुरुपयोग घट्ने।
- स्थानीय तहको स्रोत अनुकूलन क्षमता र दिगोपन सुनिश्चित हुने।

## ६ निष्कर्ष

वातावरणमैत्री स्थानीय शासनको सफलता वित्तीय आधारमा निर्भर छ। वित्त परिचालनले स्रोतको दिगो उपयोग, प्रभावकारी योजना कार्यान्वयन, पारदर्शिता र समुदाय सहभागिता सुनिश्चित गर्छ। यसले स्थानीय तहलाई हरित, दिगो र समावेशी स्थानीय शासन प्रणाली विकास गर्न सक्षम बनाउँछ।

**सत्र ८ः समयः ९० मिनेट**

# स्थानीय तहको वित्तीय स्रोत व्यवस्थापन : सहभागीहरुबाट सफल अभ्यासको प्रस्तुती (समूह कार्य)

**सत्रको प्रकृतिः** सहभागी-केंद्रित, अनुभव-साझेदारी, अभ्यास पहिचान

**उद्देश्यहरूः**

- स्थानीय तहमा वित्तीय स्रोत व्यवस्थापन, स्रोत परिचालन तथा खर्च प्रभावकारिताका अभ्यास पहिचान गर्नु
- सहभागीहरूलाई आफूले गरेको/देखेको सफल वित्तीय अभ्यास व्यवस्थित तरिकाले प्रस्तुत गर्न सक्षम बनाउनु
- वातावरणमैत्री स्थानीय शासन (EFLG) सँग वित्तीय स्रोत व्यवस्थापनको प्रत्यक्ष सम्बन्ध बुझाउनु

**सत्र संरचना (Session Plan)**

**१. परिचय + Ice Breaker (10 min)**

**क्रियाकलापः**

- प्रश्नः *"तपाईंको पालिकामा वित्तीय स्रोत व्यवस्थापनका कुन अभ्यासले राम्रो सुधार ल्यायो?"*
- कार्डमा १ वाक्य लेख्ने
- ३-४ जनाले छोटो अनुभव साझा गर्ने

**उद्देश्यः** सहभागीहरूलाई विषयमा सक्रिय गराउने र उनीहरूको अनुभव सत्रमा ल्याउने।

**२. विषय प्रवेशः EFLG को लागि वित्तीय स्रोत व्यवस्थापनको दृष्टिकोण (10 min)**

**प्रशिक्षकले छोटकरीमा प्रस्तुत गर्ने विषयहरूः**

-स्थानीय तहका मुख्य वित्तीय स्रोतहरूः

- आन्तरिक स्रोत (कर, शुल्क, जरिवाना, सेवा शुल्क, स्थानीय राजस्व)
- संघीय/प्रदेश अनुदान
- बाह्य सहयोग (NGO, INGO, विकास साझेदार)
- सार्वजनिक-निजी साझेदारी (PPP)

- वित्तीय शासनका पाँच स्तम्भः

- पारदर्शिता
- जवाफदेहिता
- सहभागिता
- कार्यक्षमता
- प्रतिफलमुखी बजेट (Performance-based budgeting)

- वातावरणमैत्री स्थानीय शासनमा वित्तीय स्रोत व्यवस्थापन किन महत्वपूर्ण?

- वातावरणमैत्री बजेट
- हरित परियोजनामा लगानी

- ○ स्रोतको अधिकतम उपयोग (Value for money)
- ○ राजस्व वृद्धिका नवीन उपाय

**सामग्रीः** २-३ स्लाइड

**३. सहभागी तयारीः Best Practice Template भरिने (20 min)**

**प्रत्येक सहभागी/समूहलाई निम्न Template उपलब्ध गराइनेः**

**Financial Best Practice Template**

१) अभ्यासको शीर्षकः
२) समस्या पहिचान (वित्तीय व्यवस्थापनमा पुरानो चुनौती):
३) अपनाइएको समाधान/उपायः
४) वित्तीय स्रोत परिचालन/राजस्व वृद्धिका गतिविधिः
५) वित्तीय अनुशासन/पारदर्शिता सुधारका कदमः
६) परिणाम (आय वृद्धि, खर्च दक्षता, सेवा सुधार):
७) EFLG मापदण्डसँग सम्बन्धः
८) अन्य पालिकाले पनि अपनाउन मिल्ने सिकाइः
९) दस्तावेज/आकडा (यदि उपलब्ध छ भने):

**४. सहभागी प्रस्तुतीकरण (Storytelling + PAR Method) (30 min)**

प्रत्येक सहभागी वा समूह '**३-४ मिनेट**।

**प्रस्तुती शैलीः**

- **Storytelling (समस्या → उपाय → नतिजा)**
- **PAR Model (Problem – Action – Result)**
- Chart, graph, budget figure जस्ता दृश्य माध्यम प्रयोग गर्न प्रोत्साहन

**उदाहरणहरूः**

- "हाम्रो नगरपालिकाले डिजिटल बिलिङ प्रणाली सुरु गरेपछि राजस्व २५% बढ्यो"
- "हरित कर (Green Tax) राखेर वातावरणमैत्री परियोजनामा लगानी गर्न सकियो"

**५. Top 3 वित्तीय अभ्यास छनोट (10 min)**

सहभागी वा प्रशिक्षकले निम्न आधारमा छान्नेः

- नवीन उपाय (innovation)
- राजस्व/स्रोत परिचालनमा देखिने सुधार
- खर्च दक्षता वा पारदर्शिता सुधार
- वातावरणमैत्री स्थानीय शासनसँग प्रत्यक्ष सम्बन्ध
- अन्य पालिकामा दोहोरिन मिल्ने क्षमता (replicability)

छनोटपछि छोटो प्रशंसा/टोकन।

### ६. समूह छलफल — सिकाइ आदानप्रदान (5–10 min)

मार्गदर्शक प्रश्नः

- कुन अभ्यास अन्य पालिकामा तुरुन्त लागू गर्न मिल्छ?
- वित्तीय स्रोत व्यवस्थापन सुधार्न कस्ता संस्थागत व्यवस्था आवश्यक हुन्छ?
- वातावरणमैत्री बजेटका अवसरहरू कहाँ छन्?

### ७. Wrap-up (5 min)

- मुख्य सिकाइहरूको सारांश
- "Financial Best Practices Compendium" बनाउन सुझाव
- सहभागीलाई धन्यवाद

### सत्रका अपेक्षित परिणाम (Outcomes)

यस सत्रपछि सहभागीहरूले स्पष्ट रूपमा सिक्नेः

- वित्तीय स्रोत व्यवस्थापनका राम्रा अभ्यास गर्न
- आफ्नै पालिकाले गरेको वित्तीय सुधार अभ्यास निर्धारित संरचनामा प्रस्तुत गर्न
- EFLG दृष्टिकोणमा वित्तीय शासनको भूमिका बुझ्न
- अन्य पालिकाबाट सिकेर बजेट/राजस्व सुधारका उपाय ल्याउन

# वातावरणमैत्री स्थानीय शासन मूलप्रवाहीकरण

## १.अवधारणा (Concept of EFLG Mainstreaming)

वातावरणमैत्री स्थानीय शासन मूलप्रवाहीकरण भन्नाले वातावरणमैत्री, दिगो र समावेशी शासनका सिद्धान्तहरूलाई स्थानीय तहका साथै संघ तथा प्रदेश सरकारका योजनाहरू, कार्यक्रमहरू र सेवा वितरण प्रक्रियामा मुख्य बिषय (core) का रूपमा समाहित गर्नु भन्ने बुझिन्छ। यसको उद्देश्य वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण, दिगो स्रोत प्रयोग, जलवायु अनुकूलन र सामाजिक समावेशीकरणलाई विकासको मूल अङ्ग बनाउनु हो।

मुख्य विशेषताहरूः

१. समग्र विकास प्रक्रियामा समावेशीकरण – सबै योजना र कार्यक्रम बनाउदा वातावरणमैत्री स्थानीय शासन का सूचकहरुलाई समेत मध्यनजर गरि बनाउन प्रेरित गर्ने ।
२. स्रोत र बजेटमा एकीकृत रणनीति – हरित पूर्वाधार, फोहर व्यवस्थापन, सरसफाई, जलवायु अनुकूलन जस्ता कार्यक्रम संचालन गर्न आवस्यक स्रोत व्यवस्थापन गर्ने तथा बार्षिक बजेटमा स्पष्ट कार्यक्रम समावेश गर्ने ।
३. समुदाय र निजी क्षेत्रको सहभागिता – CSR, NGOs, टोल—समुदाय र परिवारको सक्रिय भूमिका वातावरणमैत्री स्थानीय शासन मूलप्रवाहीकरणको माध्यमबाट बृद्दि हुन्छ ।

## २.फाइदा (Benefits of EFLG Mainstreaming)

स्थानीय तहदेखि संघीय तहसम्मका नीति तथा कार्यक्रमहरूमा वातावरणमैत्री स्थानीय शासन लाई मुख्यधारमा (mainstreaming) ल्याउनु अहिलेको सन्दर्भमा अत्यन्त महत्वपूर्ण छ। यसले विकासलाई वातावरणीय दिगोपन, सामाजिक समावेशिता र आर्थिक प्रभावकारितासँग जोड्दछ। तल यसको विस्तृत फाइदाहरू ब्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छः

### १. दिगो विकास सुनिश्चित

सबै तहका नीति, कार्यक्रम र बजेटमा वातावरणमैत्री स्थानीय शासन लाई विचार गरेर समावेश गर्दा विकासका कार्यक्रमहरू केवल भौतिक पूर्वाधारमा सीमित नरही दीर्घकालीन दिगोपन **(sustainability)** मा केन्द्रित हुन्छन्। प्राकृतिक स्रोत (पानी, वन, माटो) को संरक्षण हुन्छ, भावी पुस्ताका लागि स्रोतहरू सुरक्षित रहन्छन्, अल्पकालीन लाभभन्दा दीर्घकालीन प्रभावलाई प्राथमिकता दिइन्छ ।

## २. वातावरण संरक्षण र प्रदूषण नियन्त्रण

नीति तथा कार्यक्रममा वातावरणमैत्री स्थानीय शासन राख्दा वातावरणीय पक्ष स्वतः समेटिने हुँदा फोहोर व्यवस्थापन सुधार हुन्छ, हावा, पानी, माटो प्रदूषण घट्छ , हरियाली क्षेत्र (green space) बढ्छ । यसले शहर तथा गाउँ दुवै क्षेत्रमा स्वस्थ वातावरण निर्माण गर्छ ।

## ३. जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण

वातावरणमैत्री स्थानीय शासन ले जलवायु परिवर्तन (**Climate Change**) का असरहरूलाई सम्बोधन गर्न मद्दत गर्छ। बाढी, पहिरो, सुख्खा जस्ता विपद् न्यूनीकरण , कार्बन उत्सर्जन घटाउने कार्यक्रमहरू (जस्तैः नवीकरणीय ऊर्जा), जलवायु अनुकूल कृषि र पूर्वाधार विकास जस्ता वातावरणमैत्री स्थानीय शासन ले तय गरेका सूचकहरु हाशिल गर्ने गरि कार्यक्रम अगाडी बढाउदा स्थानीयस्तरमा जलवायु अनुकुलन क्षमतामा सुधार आउने र नकारात्मक असरबाट बच्न सहयोग पुग्छ ।

## ४. सेवा प्रवाहमा गुणस्तर सुधार

वातावरणमैत्री स्थानीय शासन लागू गर्दा स्थानीय तहका सेवा (पानी, सरसफाइ, सडक, ऊर्जा) थप व्यवस्थित हुन्छन्। नागरिकमैत्री र वातावरणमैत्री सेवा, लागत घट्ने र दक्षता बढ्ने , सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता बढ्ने जस्ता कारणले नागरिकको सन्तुष्टिमा सकारात्मक परिवर्तन ल्याउन सक्छ ।

## ५. स्वास्थ्यमा सकारात्मक प्रभाव

स्वच्छ वातावरणले प्रत्यक्ष रूपमा जनस्वास्थ्यमा सुधार ल्याउँछ। पानीजन्य रोग, श्वासप्रश्वास रोग घट्ने, सरसफाइ सुधार हुँदा संक्रमण कम हुने ,स्वस्थ जीवनशैली प्रवर्द्धन हुन्छ ।

## ६. आर्थिक लाभ र रोजगारी सिर्जना

वातावरणमैत्री स्थानीय शासन ले "हरित अर्थतन्त्र (Green Economy)" को विकासमा सहयोग गर्छ। हरित प्रविधि (जस्तैः सौर्य ऊर्जा, बायोग्यास,कम्पोस्ट मल) बाट थप रोजगारी, पर्यटन प्रवर्द्धन (eco-tourism), स्रोतको दक्ष प्रयोगले खर्च बचत जस्ता कारणले आर्थिक अवसर र रोजगारी सृजनामा मद्दत पुग्छ । फोहरको बर्गिकरण, पुनःप्रयोग, पुनःचक्रण जस्ता कामले Circular Economy प्रवर्द्धन हुन्छ ।

### ७. सुशासन र संस्थागत क्षमता अभिवृद्धि

वातावरणमैत्री स्थानीय शासन मूलप्रवाहिकरण गर्दा संस्थागत संरचना बलियो बन्छ। नीति निर्माणमा वैज्ञानिक आधार , योजना, कार्यान्वयन र अनुगमनमा सुधार तथा स्थानीय तहको क्षमता (capacity building) वृद्धि भै समग्र सस्थागत क्षमतामा सुधार आउछ ।

### ८. समावेशी विकास (Inclusive Development)

वातावरणमैत्री स्थानीय शासनले महिला, दलित, विपन्न वर्ग लगायत सबैलाई समेट्ने प्रयास गर्छ। समान पहुँच र सहभागिता सुनिश्चित, सामाजिक न्याय प्रवर्द्धन, समुदायको स्वामित्व बढ्ने हुँदा संविधानले आत्मसात गरेको समावेशी विकास हाशिल गर्न समेत मद्दत पुग्छ ।

### ९. विपद् जोखिम न्यूनीकरण (DRR)

वातावरणमैत्री योजना बनाउँदा विपद् जोखिम कम हुन्छ। सुरक्षित पूर्वाधार निर्माण, जोखिम संवेदनशील भू-उपयोग योजना, समुदायस्तरमा तयारी (preparedness) जस्ता कारणले विपद जोखिम कम हुन्छ ।

### १०. अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्न सहयोग

देशले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्न मद्दत गर्छ, जस्तैः United Nations का Sustainable Development Goals (SDGs), Paris Agreement अन्तर्गत जलवायु लक्ष्यहरू, Sendai Protocal आदि ।

### ११. योजना निर्माणमा एकीकृत दृष्टिकोण

विभिन्न क्षेत्र (कृषि, पूर्वाधार, स्वास्थ्य, शिक्षा) लाई एकीकृत गर्छ। sectoral fragmentation कम हुन्छ , बहुआयामिक (multi-sectoral) योजना सम्भव हुन्छ, समग्र विकासको दृष्टिकोण बलियो हुन्छ ।

### १२. स्थानीय पहिचान र स्रोतको संरक्षण

स्थानीय तहले आफ्नो विशेषता अनुसार विकास गर्न सक्छ। स्थानीय जैविक विविधता संरक्षण, परम्परागत ज्ञान (indigenous knowledge) को उपयोग, सांस्कृतिक सम्पदाको संरक्षण जस्ता कार्यहरु वातावरणमैत्री स्थानीय शासनमा समेटिएका छन् ।

वातावरणमैत्री स्थानीय शासन लाई नीति तथा कार्यक्रममा मूलप्रवाहिकरण गर्नु भनेको केवल वातावरण जोगाउनु मात्र होइन, दिगो, समावेशी र प्रभावकारी विकासको आधार निर्माण गर्नु हो। यसले स्थानीयदेखि राष्ट्रिय तहसम्म शासन प्रणालीलाई थप जिम्मेवार, पारदर्शी र भविष्यउन्मुख बनाउँछ।

## ३.वातावरणमैत्री स्थानीय शासन मूलप्रवाहिकरणः अवसर र चुनौतीहरू

वातावरण संरक्षण, सामाजिक समावेशिता र आर्थिक विकासबीच सन्तुलन कायम राख्न वातावरणमैत्री स्थानीय शासन लाई नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नु अत्यन्त आवश्यक छ। यसले शासन प्रणालीलाई दिगोपनतर्फ उन्मुख गराउँछ।

वातावरणमैत्री स्थानीय शासन मूलप्रवाहीकरण का प्रमुख अवसरहरू

### १. दिगो विकासको आधार निर्माण

वातावरणमैत्री स्थानीय शासन ले प्राकृतिक स्रोतको संरक्षण गर्दै विकासलाई दीर्घकालीन बनाउने आधार तयार गर्दछ। प्राकृतिक स्रोत साधनको दिगो एबम वातावरणमैत्री उपयोग गर्दै भविष्यका पुस्तालाई समेत यो हाम्रो पृथ्वी सहि अवस्थामा नै हस्तान्तरण गर्न हाम्रा सबै भौतिक, आर्थिक, सामाजिक पूर्वाधार विकास गर्दा वातावरणीय पक्षलाई ध्यान दिन आवस्यक छ । ध्यान दिने सरल र नतिजा सूचक वातावरणमैत्री स्थानीय शासन मा समावेश छन् ।

### २. जलवायु परिवर्तनसँग जुध्ने क्षमता वृद्धि

जलवायु परिवर्तनको कारण बिस्वब्यापी रुपमा परेको तापक्रम वृद्धि, बाढी, पहिरो र सुख्खा जस्ता नकारात्मक असरबाट जोगिन स्थानीय तहलाई सक्षम बनाउँदै जलवायु अनुकूलन क्षमता बढाउँछ।

### ३. हरित अर्थतन्त्र (Green Economy) प्रवर्द्धन

स्थानीय तहका साथै अन्य तहका सरकारहरु, निजि एबम गैर सरकारी क्षेत्र, घरपरिवार तह देखि समुदाय सम्म सबैले वातावरणीय पक्षमा ध्यान दिने र जिम्मेवारी समेत स्पष्ट किटान भएकोले हरित अर्थतन्त्र प्रबर्द्धन गर्न वातावरणमैत्री स्थानीय शासन ले सहयोग गर्छ । सौर्य ऊर्जा, बायोग्यास र eco-tourism जस्ता क्षेत्रमा लगानी बढाई रोजगारी र आयका नयाँ अवसर सिर्जना गर्दछ।

### ४. सुशासन र पारदर्शिता प्रवर्द्धन

निर्णय प्रक्रियालाई प्रमाणमा आधारित बनाउँदै सार्वजनिक निकायमा पारदर्शिता र जवाफदेहिता बढाउँछ।

### ५. सेवा प्रवाहमा गुणस्तर सुधार

पानी, सरसफाइ र फोहोर व्यवस्थापन जस्ता सेवाहरूलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउँछ।

### ६. समावेशी विकासको अवसर

महिला, दलित र विपन्न वर्गको सहभागिता सुनिश्चित गर्दै समान अवसर र सामाजिक न्याय प्रवर्द्धन गर्छ।

### ७. अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने माध्यम

वातावरणमैत्री स्थानीय शासन ले United Nations का दिगो विकास लक्ष्यहरू (SDGs) का साथै वातावरण, विपद र जलवायु परिवर्तन संग सम्बन्धित धेरै अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउँछ।

## वातावरणमैत्री स्थानीय शासन मूलप्रवाहीकरण**का प्रमुख चुनौतीहरू**

### १. सीमित स्रोत र बजेट

मुलतः आधारभूत पूर्वाधार बिकासको चरणमा हाम्रो विकास प्रयासहरु अगी बढिरहेका छन् । वातावरणीय सम्बेदनशिलातालाई ध्यान दिन केहि थप वित्तीय स्रोत र थप ज्ञान शिप पनि आवस्यक छ ।यस्तो अवस्थामा पर्याप्त बजेटको अभावले वातावरणमैत्री कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिन बनाउँछ।

### २. प्राविधिक जनशक्ति अभाव

हाम्रा अधिकांस स्थानीय तहमा दक्ष प्राबिधिक जनशक्तिको कमि छ । दक्ष प्राविधिक जनशक्ति नहुँदा वातावरणीय योजना निर्माण र कार्यान्वयनमा समस्या आउँछ।वातावरणीय पक्ष बुझ्न थप ज्ञान र शिप आवस्यक पर्छ । हरेक पूर्वाधार र क्षमता विकास कार्यमा यो बिषय समावेश गर्न दक्ष जनशक्तिको व्यवस्थापन चुनौतिपूर्ण छ ।

### ३. संस्थागत समन्वयको कमजोरी

संघ, प्रदेश र स्थानीय तहबीच, स्थानीय/स्थानीय तहबीच, स्थानीय तह र जिल्ला समन्वय समिति बीच, विकास साझेदार बीच तथा स्थानीय तह र निजि क्षेत्र बिच प्रभावकारी समन्वय नहुँदा नीति कार्यान्वयनमा दोहोरोपन र कमजोरी देखिन्छ। वातावरणमैत्री स्थानीय शासनको प्रभावकारी कार्यन्वयन गर्न स्थानीय तहको नेतृत्वमा प्रभावकारी समन्वय हुनु आवस्यक छ जुन निकै कठिन छ ।

### ४. चेतना र व्यवहारमा कमी

जनस्तरमा वातावरणीय सचेतना कम हुँदा नीति कार्यान्वयनमा अपेक्षित सहयोग प्राप्त हुन सक्दैन।व्यवहार परिवर्तन नभईकन वातावरणमैत्री स्थानीय शासन को लक्ष प्राप्ति सम्भव छैन ।

### ५. नीति कार्यान्वयनमा कमजोरी

राम्रा नीतिहरू बने पनि कार्यान्वयन र अनुगमन  प्रभावकारी नहुँदा अपेक्षित परिणाम प्राप्त हुँदैन। हामीकहाँ नीतिगत, र कानूनी व्यवस्था हेर्दा संसारमै राम्रो पो हो कि जस्तो लाग्छ तर कार्यन्वयन तर्फ साह्रै धेरै कमजोरी छन् ।यसमा सुधार आवस्यक छ ।

### ६. राजनीतिक प्राथमिकतामा कमी

राजनीतिक तहबाट वातावरणीय मुद्दालाई कम प्राथमिकता दिँदा दीर्घकालीन योजना कमजोर हुने सम्भावना रहन्छ। राजनीतिक तहमा यो बिषय प्राथमिकतामा पार्ने अर्को ठुलो चुनौती छ ।

### ७. तथ्यांक र सूचना अभाव

विश्वसनीय तथ्यांकको अभावले evidence-based योजना निर्माणमा चुनौती उत्पन्न गर्छ। व्यवस्थित तथ्यांक राख्ने र त्यसको प्रयोग गर्ने सस्थागत परिपाटी बसेकै छैन ।तथ्यांक व्यवस्थापन अर्को चुनौती हो ।

**समाधानका उपायहरू (संक्षेपमा)**

- **क्षमता विकासः** प्राविधिक ज्ञान र सीप अभिवृद्धि गर्न तालिम आवश्यक हुन्छ।
- **बजेट सुनिश्चितताः** वातावरणीय कार्यक्रमका लागि पर्याप्त स्रोत विनियोजन गर्नुपर्छ।
- **समन्वय सुधारः** तीन तहबीच र अन्तरतह सहकार्य मजबुत बनाउनुपर्छ।
- **जनचेतनाः** व्यवहार परिवर्तनका लागि जनस्तरमा अभियान सञ्चालन गर्नुपर्छ।

वातावरणमैत्री स्थानीय शासन मूलप्रवाहीकरण ले विकासलाई दिगो, समावेशी र प्रभावकारी बनाउने अवसर प्रदान गर्दछ, तर यसका चुनौतीहरूलाई सम्बोधन नगरी यसको पूर्ण लाभ लिन सम्भव हुँदैन।

"वातावरणमैत्री शासन नै दिगो भविष्यको आधार हो।"

## ४. **SDG लाई** वातावरणमैत्री स्थानीय शासन मा मूलप्रवाहीकरण गर्ने विधि :

दिगो विकास लक्ष्य (SDGs) लाई व्यवहारमा उतार्न स्थानीय तहको भूमिका अत्यन्त महत्वपूर्ण छ। त्यसका लागि वातावरणमैत्री स्थानीय शासन जस्तो प्रारूपमा SDG लाई समेटेर योजना बनाउँदा विकासलाई वातावरणमैत्री, समावेशी र दिगो बनाउन सकिन्छ।
"SDG = लक्ष्य, EFLG = कार्यान्वयनको प्रभावकारी माध्यम"

**EFLG र SDG बीचको समन्वय**

| **SDG क्षेत्र** | **EFLG फोकस** |
|---|---|
| SDG 6 (Water) | सुरक्षित पानी, सरसफाइ |
| SDG 11 (City) | हरित पूर्वाधार |
| SDG 13 (Climate) | जलवायु अनुकूलन |
| SDG 15 (Land) | वन तथा जैविक विविधता संरक्षण |

राष्ट्रिय योजना आयोगले SDG localization का लागि मुख्य रूपमा निम्न दृष्टिकोण अघि सारेको छः

- SDG लाई स्थानीय सन्दर्भमा रूपान्तरण गर्ने
- स्थानीय योजना, बजेट र कार्यक्रममा समावेश गर्ने
- मापनयोग्य सूचक (indicators) विकास गर्ने
- अनुगमन र मूल्यांकन प्रणाली स्थापना गर्ने

**SDG लाई** वातावरणमैत्री स्थानीय शासन मा मूलप्रवाहीकरण **गर्ने चरणहरू**

**१. SDG Mapping र Prioritization**

**के गर्ने?**

स्थानीय तहले SDGs (१७ वटा लक्ष्य) लाई आफ्नो सन्दर्भअनुसार पहिचान र प्राथमिकता निर्धारण गर्ने। सबै SDG एकैचोटि कार्यान्वयन गर्न सम्भव हुँदैन, त्यसैले स्थानीय आवश्यकता (जस्तैः फोहोर व्यवस्थापन, पानी, कृषि) अनुसार प्राथमिकता तय गर्नुपर्छ।

**उदाहरणः**

कुनै पालिकाले **SDG 6 (Clean Water)** र **SDG 13 (Climate Action)** लाई प्राथमिकता दिन सक्छ। यसलाई EFLG अन्तर्गत “सुरक्षित खानेपानी” र “हरित पूर्वाधार” कार्यक्रममा जोडिन्छ।

**२. Baseline Data Collection**

**के गर्ने?**

हालको अवस्था (baseline) को तथ्यांक संकलन गर्ने। SDG प्रगति मापन गर्न सुरुवाती अवस्था थाहा हुनुपर्छ, जसले योजना बनाउँदा यथार्थपरक लक्ष्य निर्धारण गर्न मद्दत गर्छ।

**उदाहरणः** कति घरमा शुद्ध पानी छ? कति प्रतिशत फोहोर पुनःप्रयोग हुन्छ?

### ३. Policy & Plan Integration

**के गर्ने?**

SDG लक्ष्यहरूलाई स्थानीय नीति, आवधिक योजना र वार्षिक कार्यक्रममा समावेश गर्ने। EFLG framework प्रयोग गरेर SDG लाई सबै sector (कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार) मा एकीकृत गरिन्छ।
**उदाहरणः** पालिकाको वार्षिक कार्यक्रममा "हरित सडक निर्माण" (SDG 11) समावेश गर्नु, कृषि कार्यक्रममा "जैविक खेती" (SDG 2 + EFLG) समावेश गर्नु आदि ।

### ४. Budget Alignment (SDG Budgeting)

**के गर्ने?**

SDG र EFLG प्राथमिकताअनुसार बजेट विनियोजन गर्ने। बजेट बिना योजना कार्यान्वयन सम्भव हुँदैन, त्यसैले SDG आधारित EFLG बजेट कोडिङ (tagging) गर्न सकिन्छ ।
**उदाहरणः** फोहोर व्यवस्थापन परियोजनालाई SDG 11 र EFLG अन्तर्गत बजेट छुट्याउने, renewable energy परियोजनामा लगानी गर्ने ।

### ५. Institutional Arrangement

**के गर्ने?**

EFLG–SDG कार्यान्वयनका लागि संस्थागत संरचना तयार गर्ने। समिति, फोकल पर्सन, र समन्वय संयन्त्र स्थापना गरेर जिम्मेवारी स्पष्ट गर्नुपर्छ।
**उदाहरणः**"EFLG Coordination Committee" गठन, SDG focal person तोक्ने

### ६. Capacity Development

**के गर्ने?**

जनप्रतिनिधि र कर्मचारीलाई तालिम दिने। SDG र EFLG बुझाइ बिना प्रभावकारी कार्यान्वयन सम्भव हुँदैन।
**उदाहरणः** जलवायु परिवर्तन, हरित पूर्वाधार सम्बन्धी तालिम, योजना निर्माणमा SDG integration प्रशिक्षण ।

### ७. Implementation (कार्यक्रम सञ्चालन)

**के गर्ने?**

EFLG framework अनुसार SDG लक्षित कार्यक्रम कार्यान्वयन गर्ने। नीति र योजना व्यवहारमा उतार्ने चरण हो, जहाँ वातावरणमैत्री अभ्यास अनिवार्य हुन्छ।
**उदाहरणः** हरित पार्क निर्माण (SDG 11 + EFLG), सौर्य बत्ती जडान (SDG 7) ।

**८. Monitoring & Evaluation (M&E)**

**के गर्ने?**

SDG indicators अनुसार नियमित अनुगमन गर्ने। प्रगति मापन, कमजोरी पहिचान र सुधारका लागि M&E प्रणाली अत्यन्त आवश्यक हुन्छ।

**उदाहरणः** वार्षिक SDG प्रगति प्रतिवेदन तयार गर्नु, environment scorecard प्रयोग गर्नु

**९. Reporting & Learning**

**के गर्ने?**

प्रगति रिपोर्टिङ र सिकाइ आदान—प्रदान गर्ने। सफल अभ्यासहरू दस्तावेजीकरण गरी अन्य स्थानीय तहको पहुच हुने गरि सार्बजनिक गर्नुपर्छ।

**उदाहरणः** असल र सफल अभ्यास प्रकाशन, अन्तरपालिका अनुभव आदान—प्रदान ।

SDG लाई EFLG मा mainstream गर्नु भनेको लक्ष्यलाई व्यवहारमा उतार्ने प्रभावकारी माध्यम हो। यसले स्थानीय तहलाई **दिगो, वातावरणमैत्री र समावेशी विकास** तर्फ अग्रसर गराउँछ।

**निचोड**

"SDG लक्ष्य हासिल गर्न EFLG नै व्यवहारिक बाटो हो।"

**५.** वातावरणमैत्री स्थानीय शासन सूचकहरूको आवधिक तथा वार्षिक योजनामा वातावरणमैत्री स्थानीय शासन मा मूलप्रवाहीकरण

वातावरणमैत्री विकास सुनिश्चित गर्न स्थानीय तहका योजना तथा कार्यक्रमहरूमा वातावरणमैत्री स्थानीय शासन **सूचकहरू (indicators)** लाई व्यवस्थित रूपमा समावेश गर्नु अपरिहार्य छ। यसले योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म वातावरणीय पक्षलाई एकीकृत गर्छ।

"EFLG सूचकहरूलाई योजनामा नसमेटेसम्म वातावरणमैत्री शासन व्यवहारमा आउँदैन।"

**नीतिगत तथा कानुनी आधार**

**१. संवैधानिक आधार**

स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक

स्थानीय तहलाई योजना निर्माण र कार्यान्वयनको अधिकार

**२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय तहलाई आवधिक तथा वार्षिक योजना बनाउने अधिकार

वातावरण संरक्षण, सरसफाइ, फोहोर व्यवस्थापनको जिम्मेवारी स्पष्ट रुपमै स्थानीय तहको

**<u>३. वातावरण संरक्षण ऐन, २०७६</u>**

विकास आयोजनामा वातावरणीय प्रभाव मूल्यांकन (EIA/IEE) अनिवार्य
वातावरणीय मापदण्ड पालना

**<u>४. राष्ट्रिय योजना आयोगको मार्गदर्शन</u>**

SDG localization guideline
आवधिक योजना निर्माण निर्देशिका

**<u>५. EFLG Framework / Guidelines</u>**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा सबै स्थानीय तहले अनिवार्य रुपमा कार्यन्वयन गर्न निर्देशन
स्थानीय तहका लागि २३४ वटा EFLG सूचक (जस्तैः सरसफाइ, हरियाली, ऊर्जा, शासन)

वातावरणमैत्री स्थानीय शासन मा मूलप्रवाहीकरण **गर्ने चरणबद्ध विधि**

**१. EFLG सूचकहरूको पहिचान र वर्गीकरण**

**के गर्ने?**

EFLG framework अनुसार सूचकहरू (indicators) पहिचान गरी सूचकहरूलाई वातावरण, सामाजिक, आर्थिक र संस्थागत, शासकीय क्षेत्र अनुसार छुट्याउँदा योजना निर्माण सजिलो हुन्छ। कार्यन्वयनमा सजिलोको लागि स्थानीय तहमा रहेका समिति अनुसार छुट्याउनु उपयुक्त हुन्छ ।

**उदाहरणः**

वातावरणः हरियाली क्षेत्र (%)

सेवाः सुरक्षित खानेपानी पहुँच (%)
शासनः पारदर्शिता सूचक

२. **Baseline निर्धारण**

**के गर्ने?**

प्रत्येक सूचकको हालको अवस्था (baseline value) निर्धारण गर्ने। यसले लक्ष्य निर्धारण र प्रगति मापन गर्न आधार तयार गर्छ।

**उदाहरणः** हाल ६०% घरमा मात्र सुरक्षित पानी छ भने baseline = ६०%

**३. आवधिक योजनामा एकीकरण (Periodic Plan Integration)**

**के गर्ने?**
आवधिक योजनामा EFLG सूचकलाई लक्ष्य (targets) का रूपमा समावेश गर्ने। दीर्घकालीन लक्ष्य निर्धारण गर्दा EFLG सूचकहरूलाई स्पष्ट रूपमा राख्नुपर्छ।

**उदाहरणः** ५ वर्षमा हरियाली क्षेत्र १०% बाट २०% पुऱ्याउने लक्ष्य

**४. वार्षिक योजनामा कार्यक्रम रूपान्तरण**

**के गर्ने?**
आवधिक योजनाका लक्ष्यलाई वार्षिक कार्यक्रम र गतिविधिमा रूपान्तरण गर्ने। दीर्घकालीन लक्ष्यलाई साना—साना वार्षिक कार्यक्रममार्फत कार्यान्वयन गरिन्छ।

**उदाहरणः** प्रत्येक वर्ष २% हरियाली क्षेत्र बढाउने कार्यक्रम

**५. बजेटसँग जोड्ने (Budget Tagging)**

**के गर्ने?**
वातावरणमैत्री स्थानीय शासन सूचकसँग सम्बन्धित कार्यक्रमहरूलाई बजेटसँग लिंक गर्ने। प्रत्येक सूचकका लागि छुट्टै बजेट सुनिश्चित गर्नुपर्छ।

**उदाहरणः** फोहोर व्यवस्थापन कार्यक्रमका लागि निश्चित बजेट छुट्याउने

**६. Project Screening (EFLG Lens प्रयोग)**

**के गर्ने?**
सबै परियोजनाहरूलाई EFLG सूचकको आधारमा screening गर्ने। परियोजना वातावरणमैत्री छ कि छैन भनेर मूल्यांकन गर्नुपर्छ।

**उदाहरणः** सडक निर्माण गर्दा हरियाली व्यवस्था अनिवार्य राख्ने

**७. Implementation (कार्यक्रम कार्यान्वयन)**

**के गर्ने?**
वातावरणमैत्री स्थानीय शासनका सूचक अनुसार कार्यक्रम सञ्चालन गर्ने। कार्यक्रम कार्यान्वयन गर्दा वातावरणीय मापदण्ड पालना अनिवार्य हुन्छ।

### ८. Monitoring & Indicator Tracking

**के गर्ने?**
वातावरणमैत्री स्थानीय शासनका सूचक अनुसार नियमित अनुगमन गर्ने। सूचकमा भएको प्रगति मापन गरी सुधारका उपाय अपनाउन सकिन्छ।

**उदाहरण**: वर्षमा एकपटक "EFLG scorecard" तयार गर्ने

### ९. Reporting र Review

**के गर्ने?**
वार्षिक प्रगति प्रतिवेदनमा वातावरणमैत्री स्थानीय शासनका सूचक समावेश गर्ने। यसले पारदर्शिता बढाउँछ र सुधारका क्षेत्र पहिचान गर्न मद्दत गर्छ।

**आवधिक र वार्षिक योजनाबीचको सम्बन्ध**

| तह | भूमिका |
|---|---|
| आवधिक योजना | दीर्घकालीन लक्ष्य (EFLG indicators सहित) |
| वार्षिक योजना | कार्यक्रम र बजेट मार्फत कार्यान्वयन |
| अनुगमन | सूचकमा आधारित प्रगति मूल्यांकन |

वातावरणमैत्री स्थानीय शासनका सूचकहरूलाई आवधिक र वार्षिक योजनामा मुलप्रवाहीकरण गर्नु भनेको **वातावरणमैत्री विकासलाई संस्थागत बनाउनु** हो। यसका लागि कानुनी आधार, स्पष्ट विधि र प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ। "सूचकमा आधारित योजना नै प्रभावकारी र दिगो विकासको आधार हो।"

## ६ वातावरणमैत्री स्थानीय शासन मा मूलप्रवाहीकरणः **MTEF (Medium Term Expenditure Framework)**

### १.MTEF मा Mainstreaming को अवधारणा

MTEF भन्नाले 3–5 वर्षसम्मको बजेट र खर्च योजना हो, जसमा कार्यक्रम—आधारित बजेटिंग प्रणाली र दिगो वित्तीय प्रबन्धन समावेश हुन्छ।

MTEF मा EFLG Mainstreaming भन्नाले स्रोत, बजेट र कार्यक्रमहरूमा वातावरणमैत्री, दिगो र समावेशी दृष्टिकोण समाहित गर्नु हो।

उद्देश्यः दीर्घकालीन हरित, दिगो र जलवायु अनुकूल स्थानीय सेवा वितरण सुनिश्चित गर्नु।

## २. मुख्य विधिहरू (Key Methods)

(क) दीर्घकालीन बजेट योजना र प्राथमिकता निर्धारण

MTEF मा EFLG–संग सम्बन्धित कार्यक्रमहरू पहिचान।

उदाहरणः फोहर व्यवस्थापन, जलस्रोत संरक्षण, हरित भवन निर्माण, जलवायु अनुकूल कृषि।

प्राथमिकता अनुसार बजेट बिनियोजन (Allocation) र वित्तिय स्रोत योजना।

(ख) कार्यक्रम—आधारित बजेटिंग (Program-Based Budgeting)

प्रत्येक कार्यक्रममा EFLG दृष्टिकोण समावेश।

सामाजिक, आर्थिक र वातावरणीय प्रभाव मूल्याङ्कन ।

लागत—लाभ विश्लेषण गरेर दीर्घकालीन स्रोत उपयोग सुनिश्चित।

(ग) स्रोतको विविधीकरण (Diversification of Funding)

सरकारी अनुदान + स्थानीय राजस्व + निजी क्षेत्र (CSR) + समुदाय योगदान + NGOs/Donor ।

स्रोत सुनिश्चित गर्दै प्रत्येक कार्यक्रमलाई दिगो बनाउने।

(घ) अनुगमन र मूल्याङ्कन (Monitoring & Evaluation)

MTEF मा EFLG–संग सम्बन्धित सूचकांक (Green Indicators) समावेश।

प्रत्येक वर्षको कार्यक्रम प्रगति, बजेट खर्च र वातावरणीय प्रभाव मूल्याङ्कन।

सुधारात्मक कदम अगाडि बढाउने।

(ङ) समुदाय र निजी क्षेत्रको सहभागिता

EFLG बजेट/कार्यक्रम योजना बनाउँदा टोल—समुदाय, परिवार, NGOs, निजी क्षेत्रको सुझाव र लगानी समावेश।

पारदर्शिता र जवाफदेहिता सुनिश्चित।

३.फाइदा (Benefits of EFLG Mainstreaming in MTEF)

-दीर्घकालीन दिगो वित्तीय योजना सुनिश्चित।

-प्राथमिकतामा आधारित हरित बजेट बिनियोजन।

-स्रोतको प्रभावकारी र पारदर्शी उपयोग।

-स्थानीय तहको क्षमता विकास र समुदाय सहभागिता।

-जलवायु अनुकूल, पर्यावरणमैत्री र समावेशी कार्यक्रमको स्थिरता।

## ७ वातावरणमैत्री स्थानीय शासन मा **बिषयगत योजना (Sectoral Planning)** मूलप्रवाहीकरण

### १.अवधारणा (Concept)

- Sectoral Planning भनेको शिक्षा, स्वास्थ्य, कृषि, जलस्रोत, सरसफाई, फोहर व्यवस्थापन, उर्जा, वन र पर्यटन जस्ता विशेष क्षेत्रगत योजनाहरू तयार गर्नु हो।

- वातावरणमैत्री स्थानीय शासनक मूलप्रवाहिकरण भन्नाले यी बिषयगत योजनाहरूमा वातावरणमैत्री, दिगो र समावेशी सिद्धान्तहरू समाहित गर्नु हो।

## २.मुख्य विधिहरू (Key Methods)

(क) नीति र रणनीति स्तरमा समायोजन : बिषयगत योजनाको नीति, लक्ष्य र कार्यक्रम निर्माण गर्दा वातावरणमैत्री स्थानीय शासनका सिद्धान्त समावेश।

उदाहरणः

- कृषिः जैविक खेती, जलवायु अनुकूल कृषि, बीउ विविधता संरक्षण।
- शहरी/गाउँ विकासः हरित भवन, फोहर न्यूनिकरण, सार्वजनिक हरियाली क्षेत्र।
- पानी/सरसफाईः स्वच्छ पानी, ढल व्यवस्थापन, पानी पुनः प्रयोग।

(ख) कार्यक्रम—आधारित योजना निर्माणः प्रत्येक बिषयगत कार्यक्रममा स्रोत मैत्री र दिगो दृष्टिकोण। लागत—लाभ र वातावरणीय प्रभाव मूल्याङ्कन सहित योजना।

(ग) बजेट र वित्त व्यवस्थापनःबिषयगत योजनामा EFLG–संग सम्बन्धित गतिविधिहरू प्राथमिकता अनुसार बजेट बिनियोजन ।स्रोतको विविधीकरणः सरकारी अनुदान, CSR, NGO/Donor, समुदाय योगदान।

(घ) अनुगमन, मूल्याङ्कन र रिपोर्टिङः Green Indicators र पर्यावरणीय/सामाजिक प्रभाव मूल्याङ्कन। कार्यक्रम प्रगति र बजेट खर्चको वार्षिक समीक्षा र सार्वजनिक रिपोर्टिंग।

(ङ) समुदाय र साझेदारीको समावेशीकरणः टोल—समुदाय, परिवार, NGOs/CSOs, निजी क्षेत्र (CSR) को योगदान। योजना निर्माण, कार्यान्वयन र अनुगमनमा सहभागिता।

## ३.फाइदा (Benefits)

१) दिगो र हरित विकास सुनिश्चितः बिषयगत योजनामा प्रत्येक क्षेत्रलाई पर्यावरणमैत्री र दिगो दृष्टिकोणमा केन्द्रित।

२) स्रोतको प्रभावकारी उपयोगः प्राथमिकतामा आधारित बजेट र वित्तीय स्रोतको समुचित उपयोग।

३) समावेशी स्थानीय शासनः महिला, बालबालिका, विपन्न वर्ग र समुदायको निर्णय प्रक्रियामा सहभागिता।

४) स्थिरता र उत्थान्शीलताः जलवायु परिवर्तन र विपद् जोखिमसँग सामना गर्न सक्षम।

५) अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग समन्वयः SDGs, Sendai Framework, Paris Agreement, UNFCCC र Habitat III लक्ष्यहरू।

# मोड्युल ३ः वातावरणमैत्री स्थानीय शासनका सूचकहरु

**सत्र १०ः समयः ९० मिनेट**

## विषयक्षेत्रगत सूचकहरु

### १.१ विषय क्षेत्रः खानेपानी, सरसफाइ, स्वास्थ्य र फोहरमैला व्यवस्थापन

**क) नगर क्षेत्र**

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार (आधारभूत) | १.सरसफाई र स्वास्थ्य | १.शौचालयको व्यवस्था र त्यसको उचित प्रयोग भएको।<br>२. व्यक्तिगत सरसफाईमा ध्यान दिएको।<br>३. आफ्नो घर भित्रको फोहर सड्ने र नसड्ने वर्गीकरण गरी सड्नेलाई आफैं वा समूह बनाई मल बनाउने गरेको।<br>४. नसड्ने फोहरलाई नगरपालिकाले तोके बमोजिम उचित व्यवस्थापन गरेको।<br>५. नेपाल सरकारले तोकेको भन्दा कम गुणस्तरको प्लास्टिक झोला प्रयोग नगरेको।<br>६. घर पालुवा जनावर, कुकुर आदिलाई घर क्षेत्र बाहिर खुला रुपमा दिसा गराउने नगरेको र गराएमा आफैंले उठाएर आफ्नो घर परिसरमा लगि व्यवस्थित गर्ने गरेको। |
| | २, वर्षातको पानीको सङ्कलन तथा भण्डारण | ७.वर्षातमा घर-कम्पाउण्डभित्र परेको पानी सङ्कलन/भण्डारण (Rain Water Harvesting) गर्ने व्यवस्था मिलाएको वा आफ्नै घर-कम्पाउण्डमा जमिनभित्र जाने (Water Recharge) व्यवस्था गरिएको । |
| | ३. पिउने पानी | ८.पिउने पानीका लागि शुद्धिकरणका उपायहरुको अवलम्बन गरिएको । |
| घरपरिवार (परिष्कृत) | १.ढलको उचित व्यवस्थापन | १.घरमा सेप्टिक ट्याङ्कीको व्यवस्था गरी सञ्चालनमा रहेको (ढलको प्रशोधन गरेर मात्र अन्तिम निकास गर्ने गरेको) । |
| | २. घर-आँगन बाहिर सडकको सरसफाई स्थिति | २.आफ्नो घर-आँगन बाहिरको सडक वा बाटो सफा राख्ने गरेको । |
| | ३. प्लाष्टिक झोलाको नियन्त्रण | ३. प्लाष्टिक झोला प्रयोग नगरी त्यसको विकल्पमा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरेको । |
| टोल/बस्ति तह(आधारभूत) | १.टोल सरसफाई अभियान | १. कम्तिमा महिनाको एक पटक नियमित रुपमा आफ्नो टोल समुदायको क्षेत्रभित्र सामूहिक रुपमा सरसफाई अभियान सञ्चालन गर्ने गरेको।<br>२. घरबाट बाहिर निष्काशन गरिने फोहर सडक, पेटी र सार्वजनिक स्थलमा जम्मा नगरी सिधै सङ्कलन गर्न आउने सवारी साधनमा राख्ने गरेको वा नगरपालिकाले तोके बमोजिम व्यवस्थापन गरेको। |

| | | |
|---|---|---|
| टोल/बस्ति तह (परिष्कृत) | १. सार्वजनिक क्षेत्रको सरसफाई | १.आफ्नो टोलभित्रका सार्वजनिक क्षेत्र (जस्तैः मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, सडक, पार्क, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, वन तथा चौर आदि) मा फोहर फाल्न प्रतिबन्ध गरेको। |
| | २. ध्वनी प्रदूषण नियन्त्रण | २. टोलबासीको स्वास्थ्यमा प्रतिकुल असर गर्न सक्ने किसिमको ध्वनीको असर न्यूनीकरणका उपाय अवलम्बन गर्ने व्यवस्था गरेको। |
| वडा तह(आधारभूत) | १. खानेपानीका मुहान तथा स्रोतको संरक्षण | १. वडामा भएका सबै खानेपानीका श्रोतहरुको लगत राखी संरक्षण गरिएको र सबै पानीका श्रोतहरुको गुणस्तर परीक्षण गरिएको ।<br>२. पानी सुरक्षा सम्बन्धी तालिमहरु सञ्चालन गरेको र वडाबासीलाई भूमिगत जलस्रोतको पुनर्भरण एवं बहुउपयोगिताको निम्ति आकाशे पानी सङ्कलन र प्रयोगलाई प्रोत्साहन गर्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरेको । |
| | २. फोहरमैला व्यवस्थापन | १. घर-घर बाट संकलित फोहर नगरपालिकाबाट तोकिएको स्थानमा विसर्जन गर्ने गरिएको ।<br>२. वडा परिसरमा प्लाष्टिक झोलाको प्रयोगलाई कम गर्न बैकल्पिक उपायहरुको विकास र त्यसको प्रयोग गरिएको । |
| | ३. प्रदूषण गर्नेलाई दण्डको व्यवस्था | १. वडा भित्रका घर, उद्योग तथा अन्य व्यवसायहरुबाट निश्काशन हुने अत्याधिक ध्वनी, धुवाँ, धूलो आदि व्यवस्थित गर्न टोल विकास समितिको सिफारिसको आधारमा नेपाल सरकारबाट तय गरिएको सिमा उल्लंघन गर्ने व्यक्ति, उद्योग वा सँस्थालाई कारवाहीको लागि नगरपालिका तथा जिल्ला प्रशासन समक्ष सिफारिस साथ पठाइएको । |
| वडा तह(परिष्कृत) | १. सडक नालाको व्यवस्थापन | १. वडाका सबै सडकहरुमा बर्षात्को पानी निकास हुने कुलेसो वा नाली भएको ।<br>२. सडकको दायाँ बायाँ रहेको नाली नियमित सफा गरिएको ।<br>३. सडक किनारामा रहेका विजुलीको पोल तथा तार व्यवस्थित भएको। |
| नगरपालिका तह (आधारभूत) | १. खानेपानीको रणनीतकि योजना (Strategic Plan) निर्माण | १. स्वच्छ खानेपानी आवश्यकता पूरा गर्ने गरी रणनीतिक कार्ययोजना नगर सभाबाट स्वीकृत भएको। |
| | २. फोहरमैला केन्द्रको स्थापना | १. सड्ने र नसड्ने फोहरको वर्गीकरण गर्ने गरी फोहरमैला केन्द्रको आवश्यक व्यवस्था गरेको ।<br>२. सड्ने फोहरबाट प्राङ्गारिक मल बनाउन प्रोत्साहन गर्नको लागि कम्पोष्ट बीनको वितरण भएको ।<br>३. फोहरमैलाको दिगो व्यवस्थापनको लागि व्यवस्थित ल्याण्डफिल साइट वा एकीकृत फोहरमैला व्यवस्थापनको अभ्यास गरेको । |
| | ३. सार्वजनिक स्थानमा शौचालयको व्यवस्था | १. बसपार्क, पेट्रोल पम्प, पर्यटकीय क्षेत्र तथा साँस्कृतिक सम्पदा, पार्क तथा उद्यान र मुख्य हाटबजार स्थलमा बालबालिका, लैङ्गीक तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयहरूको व्यवस्था भएको । |

| | | |
|---|---|---|
| | ४. प्लाष्टिक झोला प्रयोगमा प्रतिबन्ध | १. नेपाल सरकारले तोकेको गुणस्तरभन्दा कम गुणस्तरको प्लाष्टिक झोला प्रयोगमा बन्देज गरिएको ।<br>२. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको र उत्पादित झोलाको बजारीकरण भएको । |
| नगरपालिका तह (परिष्कृत सूचक) | १. फोहरमैला सङ्कलन तथा त्यसको उचित व्यवस्थापन | १. आफ्नै वा अन्य गाउँपालिका वा नगरपालिका सँगको सहकार्यमा पुनः प्रयोग गर्न नमिल्ने फोहरलाई आवश्यकता अनुसार फोहर विसर्जन क्षेत्र (Landfill Site) मा व्यस्थापन गर्ने गरिएको र स्वास्थ्य सँस्थाबाट निश्काशन हुने हानिकारक फोहरको व्यवस्थापन हानिकारक फोहर विसर्जन क्षेत्र (Hazardous Waste Landfill Site) मा व्यवस्थापन गर्ने गरेको।<br>२. नगर क्षेत्रभित्र फोहरमैला सङ्कलन गर्ने प्रणालीलाई प्रभावकारी बनाउँदै सिमसार क्षेत्र, धार्मिक स्थल, सडक तथा नदि किनारामा फोहर फाल्न र जलाउन प्रतिबन्ध लगाएको। |
| | २. ढल प्रशोधन सम्बन्धी व्यवस्था | १. ढललाई जैविक वा इन्जिनियरिङ्ग प्रविधिबाट प्रशोधन गरिएपछि मात्र अन्तिम निष्काशन गर्ने गरिएको (सबै घरहरूमा सेप्टी ट्याङ्की अनिवार्य गरिएको अवस्थामा यो सूचक निष्क्रिय हुनेछ) । |
| | ३. प्लाष्टिक झोला सङ्कलन तथा व्यवस्थापन | १. प्लाष्टिक झोला सङ्कलन, पुनः प्रयोग तथा व्यवस्थापन गर्ने कार्यका लागि वडाका सवै टोलहरु समेट्ने गरी तालिम दिइएको र सोहि अनुसार काम भएको ।<br>२. नेपाल सरकारले तोकेको मापदण्ड वाहेकका प्लाष्टिक झोलालाई नगर क्षेत्रभित्र प्रयोगमा निषेध गरिएको र त्यसको विकल्पमा कपडाको झोलाको प्रयोग भएको । |
| | ४. प्रदूषणको नियमन | १. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको उद्योगहरूको लगत राखी ध्वनी, जल, वायू, प्रदूषणको स्तर मापन गरी अभिलेख तयार भएको ।<br>२. नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेको उद्योगहरूबाट भएको प्रदूषणको गुनासो सम्बन्धी अभिलेख तयार गरी गुनासो फछ्र्यौट गर्ने गरेको। |
| | ५. ध्वनी प्रदूषण नियन्त्रण | १. ध्वनीको राष्ट्रिय मापदण्ड बमोजिम नगर क्षेत्रलाई औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, आवासिय क्षेत्र तथा शान्त क्षेत्रको रूपमा विभाजन गरिएको ।<br>२. नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुकूल ध्वनीको स्तर सम्बन्धमा वार्षिक रुपमा मापन गर्ने गरिएको र मापदण्डभन्दा बढी ध्वनी प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था गरिएको । |
| | ६. वायु प्रदूषण न्यूनीकरण | १. नगर क्षेत्रमा वायु प्रदूषण न्यूनीकरण तथा नियन्त्रणको लागि उपायहरु अवलम्बन गरिएको । |

| | | |
|---|---|---|
| | | २. नगर क्षेत्रमा साना सार्वजनिक सवारी साधनको भन्दा ठूला नगर बसहरु सञ्चालन भएको र बिजुलीबाट चल्ने सवारी साधनलाई उच्च प्राथमिकतामा राखेको । |
| जिल्ला तह (आधारभूत) | १. प्लाष्टिक झोलामुक्त जिल्ला घोषणा | १. जिल्लामा नेपाल सरकारले निर्धारण गरे बमोजिम ४० माइक्रोनभन्दा कम गुणस्तरको प्लाष्टिकको झोला निषेध गर्न जिल्ला सभाले निर्णय गरी आव्हान गरेको ।<br>२. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न स्थानीय तहहरुलाई समन्वय र सहजीकरण गरिएको । |
| | १. स्यानीटरी ल्याण्डफिल साइट व्यवस्थापन | १. गाउँपालिका तथा नगरपालिकाको फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको निमित्त जग्गा व्यवस्थापनमा समन्वय र सहजीकरण गरेको । |
| | २. खुला दिसामुक्त अभियान | १. पूर्ण सरसफाई कार्यक्रम सञ्चालनको लागि स्थानीय तहहरुसँग समन्वय र सहजीकरण गरेको । |
| | ३. खानेपानी व्यवस्थापन | २. जिल्लाभरको खानेपानीका स्रोत र वितरण सम्बन्धी व्यवस्थित अभिलेख जि.स.स.मा रहेको ।<br>३. खानेपानीको मुहानको संरक्षण सम्बन्धमा छलफल कार्य र समन्वयकारी भूमिका निभाएको । |
| जिल्ला तह (परिष्कृत) | १. फोहरमैला व्यवस्थापनमा समन्वय | १. गाउँपालिका तथा नगरपालिकाहरुलाई संयुक्त रूपमा फोहर व्यवस्थापन गर्ने कार्यमा समन्वय र सहजीकरण गरेको । |
| | २..खानेपानी व्यवस्थापन | १. स्थानीय तहबाट प्राप्त विवरणका आधारमा जिल्लामा भएका खानेपानीका स्रोतहरुको संरक्षण र व्यवस्थापनका लागि रणनीति तयार गरेको<br>२. स्थानीय तहहरुबीचको खानेपानी मुहान सम्बन्धी विवाद समाधानका लागि समन्वय र सहजीकरण गरेको । |
| | ३. औद्योगिक प्रदूषण नियन्त्रण | १. उद्योग र अन्य व्यवसायबाट निश्कासन हुने विभिन्न प्रकारका प्रदूषण नियन्त्रण कार्यमा अनुगमन र समन्वय गरेको । |
| | ४. ध्वनीतथा वायु प्रदूषण नियन्त्रण | २. ध्वनी तथा वायु प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सरोकारवालाहरुसँग समन्वय गरेको । |

## ख) गाउँपालिका क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार (आधारभूत) | १. स्वच्छ पानी, आधारभुत सरसफाई तथा घर भित्रको फोहरको उचित व्यवस्थापन, | १. स्वच्छ खानेपानीको पहुँच भएको ।<br>२. शौचालयको व्यवस्था, त्यसको उचित प्रयोग तथा व्यक्तिगत सरसफाईमा ध्यान दिएको ।<br>३. घरभित्रको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक र अप्राङ्गगारिक) गरी विभाजन गरि सड्नेलाई आफै वा समूह बनाई मल बनाउने गरेको। |

| | | |
|---|---|---|
| | २. धुवाँरहित चुल्होको प्रयोग | १. घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि गोबरग्यास वा बायो ब्रिकेट वा सूधारिएको चुल्होको प्रयोग गरिएको । |
| घरपरिवार (परिष्कृत) | १. घर-आँगनको सरसफाईकोअवस्था | १.आफ्नो घर-आँगन तथा घर अगाडीको बाटो नियमित रूपमा सफा गर्ने गरिएको । |
| | २. . घर-आँगन बाहिर सडकको सरसफाई स्थिति | १. आफ्नो घर-आँगन बाहिरको सडक वा बाटो सफा राख्ने गरेको । |
| | २ प्लाष्टिकका झोला नियमन | १. प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरिएको । |
| वडा तह(आधारभूत) | १ खानेपानीका मुहान संरक्षण | १. वडा भित्रका सबै खानेपानीका श्रोतहरुको लगत राखी संरक्षण गरिएको<br>२. खानेपानीको श्रोतहरुको गुणस्तर परीक्षण गरीएको ।<br>३. पानीको सुरक्षित तथा किफायती प्रयोग सम्बन्धी तालिम सञ्चालन गरेको र वडा बासीलाई आकाशे पानी सङ्कलन र प्रयोग गर्न प्रोत्साहन गरेको । |
| | २. फोहरमैला व्यवस्थापन | १. वडा तहमा फोहरमैला सङ्कलन तथा व्यवस्थापनको संयन्त्र स्थापना गरेको<br>२. घर-परिवारबाट सङ्कलन भएको नसड्ने फोहर (प्लाष्टिक बाहेक) को व्यवस्थापन गर्न उपयुक्त स्थल तोकिएको ।<br>३. घर-परिवारबाट सङ्कलित प्लाष्टिकजन्य फोहर सङ्कलन गरी विक्री गर्ने व्यवस्था मिलाइएको । |
| | ३. ताल,पोखरी तथा सिमसार क्षेत्रको संरक्षण | १. वडाभित्रका ताल, पोखरी तथा सिमसार क्षेत्रहरूको लगत राखि संरक्षण गरिएको । |
| | ४. खुला दिसामुक्त | १.वडा भित्र एक घर एक चर्पी अवधारणा कार्यान्वयन भएको । |
| वडा तह(परिष्कृत) | १. खानेपानीको मुहान, ताल तथा पोखरीको संरक्षण | १. खानेपानीको मुहानको नियमित सरसफाई तथा उचित संरक्षण गरिएको ।<br>२. वडामा रहेका ताल, पोखरी तथा सिमसार क्षेत्रको नियमित सरसफाई तथा संरक्षण गरिएको ।<br>३. वर्षातको पानी तथा अन्य स्रोतबाट खेर जाने पानी सङ्कलन गर्नका लागि पोखरीको निर्माण गरिएको । |
| गाउँपालिका तह (आधारभूत) | १. खानेपानी तथा सरसफाइ सम्बन्धी नीति र सोको कार्यान्वयन | १. गाउँपालिकाको आधाभूत सरसफाइ तथा खानेपानी सम्बन्धी नीति तर्जुमा गरीगरी सो बमोजिम वार्षिक बजेट विनियोजन गरी कार्यान्वयन गर्ने गरिएको । |

| | | |
|---|---|---|
| | २. प्लाष्टिक झोला प्रयोगमा निरुत्साहन | १. नेपाल सरकारले तोकेको मापदण्ड भन्दा कम गुणस्तरको प्लाष्टिक झोलाको उत्पादन, विक्री, वितरण तथा प्रयोगमा रोक लगाइएको ।<br>२. प्लाष्टिक झोलाको सङ्कलन, विक्री व्यवस्थापन तथा सोको सट्टामा वैकल्पिक झोलाको प्रयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गरेको । |
| | ३. प्रदूषण नियन्त्रण | १. घर भित्रको वायु प्रदूषण र त्यसले स्वास्थ्यमा पार्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न सौर्य चूल्हो, विद्युतीय चूल्हो, सूधारिएको चूल्लो वा बायोग्यासको प्रयोगलाई प्रोत्साहन गरेको ।<br>२. नेपाल सरकारले निर्धारण गरेको मापदण्ड भन्दा बढी प्रदूषण गर्ने उद्योगलाई कारवाही र दण्डित गर्ने व्यवस्था गरिएको । |
| गाउँपालिका तह (परिष्कृत सूचक) | १. खानेपानीको दिगो व्यवस्थापन | १. वर्तमान जनसंख्या, सडक सञ्जाल रबस्ती विकासको प्रवृत्ति विश्लेषण गरी खानेपानी आपूर्ति सम्बन्धी नीति तर्जुमा गरिएको ।<br>२. सम्भाव्य पानीको श्रोतहरु पहिचान तथा संरक्षण गरी लगत राखिएको । |
| | २. सरसफाई र फोहरमैला व्यवस्थापन | १. मापदण्ड बमोजिम फोहरमैलाको सङ्कलन, ढुवानी, तथा विसर्जनमा वातावरणमैत्री तरिका अवलम्बन गरिएको ।<br>२. आफ्नै वा अन्य गाउँपालिकार नगरपालिकासँगको सहकार्यमा फोहरमैला सङ्कलन तथा व्यवस्थापन केन्द्र बनाई सञ्चालन गरेको । |
| | ३. सार्वजनिक शौचालय | १. मुख्य बजार क्षेत्र, सार्वजनिक स्थल र प्रत्येक वडामा लैङ्गिक, अपाङ्ग तथा बालमैत्री सार्वजनिक शौचालय सञ्चालन भएको । |
| | ४.प्लाष्टिक व्यवस्थापन बाट रोजगारी सृजना | १. हरेक वडामा प्लाष्टिकको पुनः प्रयोग सम्बन्धी तालिम दिएको ।<br>२. तालिम प्राप्त व्यक्तिलाई रोजगारीको निमित्त सहयोग वा प्रोत्साहन गर्ने गरेको । |
| जिल्ला तह (आधारभूत) | १. प्लाष्टिक झोलामुक्त जिल्ला घोषणा | १. जिल्लामा नेपाल सरकारले निर्धारण गरे बमोजिम ४० माइक्रोनभन्दा कम गुणस्तरको प्लाष्टिकको झोला निषेध गर्न जिल्ला सभाले निर्णय गरी आब्हान गरेको ।<br>२. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न स्थानीय तहहरुलाई समन्वय र सहजीकरण गरिएको । |
| | १. स्यानीटरी ल्याण्डफिल साइट व्यवस्थापन | १. गाउँपालिका तथा नगरपालिकाको फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको निमित्त जग्गा व्यवस्थापनमा समन्वय र सहजीकरण गरेको । |
| | २. खुला दिसामुक्त अभियान | १. पूर्ण सरसफाई कार्यक्रमसञ्चालनको लागि स्थानीय तहहरुसँग समन्वय र सहजीकरण गरेको । |
| | ३. खानेपानी व्यवस्थापन | १. जिल्लाभरको खानेपानीका स्रोत र वितरणसम्बन्धी व्यवस्थित अभिलेख जि.स.स.मा रहेको ।<br>२. खानेपानीको मुहानको संरक्षण सम्बन्धमा छलफल कार्य र समन्वयकारी भूमिका निभाएको । |

| | | |
|---|---|---|
| जिल्ला तह (परिष्कृत) | १. फोहरमैला व्यवस्थापनमा समन्वय | १. गाउँपालिका तथा नगरपालिकाहरुलाई संयुक्त रूपमा फोहर व्यवस्थापन गर्ने कार्यमा समन्वय र सहजीकरण गरेको । |
| | २..खानेपानी व्यवस्थापन | १. स्थानीय तहबाट प्राप्त विवरणका आधारमा जिल्लामा भएका खानेपानीका स्रोतहरुको संरक्षण र व्यवस्थापनका लागि रणनीति तयार गरेको । <br> २. स्थानीय तहहरुबीचको खानेपानी मुहान सम्बन्धी विवाद समाधानका लागि समन्वय र सहजीकरण गरेको । |
| | ३. औद्योगिक प्रदूषण नियन्त्रण | १. उद्योग र अन्य व्यवसायबाट निश्कासन हुने विभिन्न प्रकारका प्रदूषण नियन्त्रण कार्यमा अनुगमन र समन्वय गरेको । |
| | ४. ध्वनीतथा वायु प्रदूषण नियन्त्रण | १. ध्वनी तथा वायु प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सरोकारवालाहरुसँग समन्वय गरेको । |

## १.२ भौतिक पूर्वाधार विकास, स्थानीय सडक, नबिकरणीय उर्जा र यातायात व्यवस्थापन (क) नगर क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार तह (आधारभूत) | १. उर्जाको उपयोग | १. घरभित्र उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको । <br> २. स्वच्छ वैकल्पिक उर्जा (जस्तैः बायोग्यास, सोलार) को प्रयोग गरिएको। <br> ३. खाना पकाउन दाउरा प्रयोग गरेको अवस्थामा धुवाँरहित सुधारिएको चुल्हो प्रयोग गरेको। |
| घरपरिवार तह (परिष्कृत) | १. स्वच्छ ऊर्जाको उपयोग, | १. विद्युत सेवा पुगेका घरमा खाना पकाउन विद्युतीय उर्जाको प्रयोग गरेको र विद्युत आपूर्ति नपुगेको घर वा विद्युत आपुर्ति नहुने समयमा विकल्पको रुपमा सौर्य ऊर्जा वा अन्य नविकरणीय उर्जा प्रयोग गर्ने गरेको। |
| टोल तह | - | - |
| वडा तह (आधारभूत) | - | - |
| वडा तह(परिष्कृत) | १. सडक नालाको व्यवस्थापन | १. वडाका सबै सडकहरुमा बर्षातको पानी निकास हुने कुलेसो वा नाली भएको । <br> २. सडकको दायाँ बायाँ रहेको नाली नियमित सफा गरिएको । <br> ३. सडक किनारामा रहेका विजुलीको पोल तथा तार व्यवस्थित भएको। |
| नगरपालिका तह (आधारभूत) | - | - |
| नगरपालिका तह (परिष्कृत) | १. सडक मापदण्ड निर्धारण र कार्यान्वयन | १. नगरभित्रका सबै सडकको मापदण्ड निर्धारण गरिएको । <br> २. सडक मापदण्ड विपरित निर्माण भएका संरचना नियमित रूपमा भत्काउने गरिएको । <br> ३. नगरका मुख्य सडकहरुमा साईकल लेनको व्यवस्था भएको। |

| | | |
|---|---|---|
| | २. नवीकरणीय उर्जा उत्पादन, उपयोग तथाउर्जा किफायती प्रविधिको विकास | १.नगरभित्र उत्सर्जीत फोहरबाट बायोग्यास उत्पादन गर्न नगरपालिका आफैले सुरु गरेको वा नगरपालिकाबाट आर्थिक तथा प्राविधिक सहयोग भएको ।<br>२. नगर भित्रका सबै मूल सडकहरू तथा अन्य सार्वजनिक स्थानहरुमा सडक बत्तीको व्यवस्था गरेको र सम्भव भएसम्म सोलार बत्तीको प्रयोग भएको । |
| | ३. वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग | १. नगरपालिका भित्रका सम्पूर्ण सार्वजनिक सेवाका कार्यालय, विद्यालय तथा सडक क्षेत्रमा वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग भएको र नेपाल सरकारबाट सौर्य उर्जा प्रयोगको प्रोत्साहनको लागि तोके बमोजिमको सहुलियत नगर सभाबाट पारित भई कार्यान्वयनमा आएको । |
| जिल्ला तह (आधारभूत) | १. सडक व्यवस्थापन | १. जिल्लाभित्र निर्माण हुने सडकहरुको वातावरणीय अध्ययन स्वीकृत भए नभएको र स्वीकृत वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन भए नभएको नियमित अनुगमन गरेको । |
| | | |

## (ख) गाउँपालिका क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार तह (आधारभूत) | १. स्वच्छ उर्जाको उपयोग | १. कम बिजुली खपत हुने चिम तथा नविकरणीय उर्जाको प्रयोग भएको । |
| घरपरिवार तह (परिष्कृत) | १. वैकल्पिक ऊर्जाको प्रयोग | १. खाना पकाउन सौर्य चुल्हो वा विधुतीय चूल्हो वा बायोग्यास जस्ता नवीकरणीय ऊर्जाको प्रयोग गरिएको ।<br>२. बिजुली नपुगेका घरमा बत्ती बाल्न नवीकरणीय ऊर्जाको प्रयोग गरिएको । |
| वडा तह (आधारभूत) | २. सडक मापदण्ड | १. वडा क्षेत्रमा भएका सबै स्थानीय सडकको सडक अधिकार क्षेत्र (Right of Way) सहितको लगत भएको ।<br>२. वडाभित्रका सडकको नियमित सरसफाई गर्ने गरिएको । |
| वडा तह(परिष्कृत) | १. सडक तथा नालाको व्यवस्थापन | १. वडाका सबै सडकहरूमा वर्षातको पानी निकास हुने कुलेसो/नाली भएको ।<br>२. वडाका सडक नालाको नियमित रुपमा सरसफाई गर्ने गरिएको। |
| गाउँपालिका तह (आधारभूत) | १. सुधारिएको चुलोको व्यवस्थित प्रयोग | १.सुधारिएको चुलोको प्रयोगलाई प्रोत्साहन गर्न प्रत्येक वडामा यस्तो चुल्हो बनाउने तथा मर्मत-सम्भार गर्ने तालिम दिएको । |
| | २. विद्युतको व्यवस्थित र मितव्ययी उपयोग | १. विद्युत नपुगेका र छरिएर रहेका बस्तीहरुमा बिजुलीको सट्टा नवीकरणीय ऊर्जा उपयोगलाई प्रोत्साहित गरेको । |

| | | |
|---|---|---|
| | | २. विद्युत पुगेका घरमा कम ऊर्जा खपत गर्ने चीम प्रयोगलाई प्रवर्द्धन र प्रोत्साहन गरिएको । |
| | ३. भारी उपकरण प्रयोग | १. सडक निर्माणमा डोजर/स्काभेटर जस्ता भारी उपकरणको प्रयोग सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरेको । |
| | ४. सडक सीमा निर्धारण | १.गाउँपालिका क्षेत्र भित्रका सबै स्थानीय सडकको सडक क्षेत्राधिकार (Right of Way) निर्धारण गरेको । |
| गाउँपालिका तह (परिष्कृत) | १ नवीकरणीय उर्जा उत्पादन र उपयोग गर्न प्रोत्साहन | १.गाउँपालिकाले नवीकरणीय उर्जा उत्पादन तथा प्रयोग गर्न सहुलियत-प्रोत्साहन उपलब्ध गराएको ।<br>२.अधिकांश घर-परिवारले खाना बनाउन दाउरा तथा गुइँठाको सट्टा नवीकरणीय वा स्वच्छ ऊर्जाको प्रयोग गरेको । |
| | २. स्थानीय सडक संरक्षण तथा व्यवस्थापन | १.निर्माण भएका सबै सडकको सडक क्षेत्राधिकार निर्धारण गरी ठाउँठाउँमा सङ्केत चिन्ह राखिएको ।<br>२.सडक सीमा भित्रको खाली जग्गामा समुदायलाई परिचालन गरी उपयुक्त जातका रुख बिरुवा रोपिएको ।<br>३.सडकको मर्मत संभारका लागि मर्मत सम्भार कोष स्थापना गरी नियमित मर्मत सम्भार गर्ने गरिएको । |
| जिल्ला तह (आधारभूत) | १. सडक व्यवस्थापन | १. जिल्लाभित्र निर्माण हुने सडकहरुको वातावरणीय अध्ययन स्वीकृत भए नभएको र स्वीकृत वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन भए नभएको नियमित अनुगमन गरेको । |

# १.३ वन, वातावरण र भूसंरक्षण

## (क) नगर क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार तह | - | - |
| टोल तह | - | - |
| वडा तह (आधारभूत) | १. ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन | १. टोल तथा वडाभित्रका सबै ताल, पोखरी तथा सिमसार क्षेत्रको लगत कायम गरी सबै ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षणका लागि समिति गठन गरी संरक्षण कार्यक्रम सञ्चालन गरिएको । |
| | २. वन संरक्षण तथा दिगो व्यवस्थापन | २. वडाको भूगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्र क्रियाशील वन उपभोक्ता समितिसँग सहकार्य गरेको। |
| | ३. पर्ती जमिनको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | १. पर्ती वा सरकारी वा सार्वजनिक जग्गाको नक्सा/विवरण सहितको लगत राखिएको र त्यस्ता जग्गामा वृक्षरोपण गरी संरक्षण गरेको। |

| | | |
|---|---|---|
| वडा तह (परिष्कृत) | १. वन संरक्षण तथा व्यवस्थापन | १. वडाको भूगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्र क्रियाशील वन उपभोक्ता संस्था तथा सम्बन्धीत वन कार्यालयको सहकार्यमा दिगो वन व्यस्थापनको कार्यक्रम सञ्चालन गरेको । |
| | २. पर्ती वा सार्वजनिक वा सरकारी जग्गामा वृक्षारोपण तथा उद्यान व्यवस्थापन | १. वडा क्षेत्रको हालको पर्ती वा सार्वजनिक वा सरकारी जग्गामा बार्षिक रुपमा रुख/डाले घाँस/फलफूलका बिरुवा रोपी हुर्काएको ।<br>२. वडाभित्रको सबै सरकारी तथा सार्वजनिक जग्गाको नक्सा र लगत सहितको विवरण राखिएको ।<br>३. वडाभित्रका पर्ती, ऐलानी र सार्वजनिक जग्गामा बाल क्रिडास्थल, उद्यान वा खेलकूद स्थान वा जेष्ठ नागरिक विश्राम स्थलको व्यवस्था गरिएको। |
| नगरपालिका तह (आधारभूत) | १. हरियाली प्रबर्द्धन तथा पार्कको सञ्चालन | १. नगरको सडक क्षेत्र, सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरि वृक्षरोपण गरिएको ।<br>२. नगरभित्र भएका वनको क्षेत्रगत लगत राखी विभिन्न समुदायस्तरीय वा नगरस्तरीय समिति मार्फत त्यसको उचित संरक्षण गरेको र आवश्यकता अनुसार सम्बन्धित वन कार्यालयसँग समन्वय गरेको ।<br>३. नगरबासीलाई पायक पर्ने स्थानमा जेष्ठ नागरिक विश्राम स्थल, मनोरञ्जन पार्क वा उद्यान निर्माण गरी सञ्चालनमा ल्याइएको। |
| नगरपालिका तह (परिष्कृत) | १. समुदाय तथा विद्यालयमा वातावरणीय शिक्षा | १. विद्यालयको वार्षिक कार्यतालिकामा महिनामा कम्तीमा एकपटक वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलाप गर्ने गरी व्यवस्था भएको ।<br>२. नगरपालिका आफैं वा सरोकारवालाहरुको सहकार्यमा वातावरण सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु गरेको । |
| | २. वन संरक्षण तथा हरियाली प्रर्वधन | १. नगर क्षेत्र भित्र रहेका वनको उचित संरक्षण तथा त्यसको दिगो व्यवस्थापनको लागि आवश्यक नीति निर्माण भएको ।<br>२. सडक किनारा वा पैदल मार्गमा टोल/बस्तीलाई परिचालन गरी उपयुक्त प्रजातिका बोटबिरुवा तथा बहुवर्षीय फूलहरु लगाएको ।<br>३. सार्वजनिक, पर्ती जग्गा, नदीनाला किनाराहरू, खोला उकासको क्षेत्रफल मध्ये वार्षिक दश प्रतिशतका दरले वृक्षरोपण गरी संरक्षण गरेको।<br>४. भू–क्षय, पहिरो तथा बाढीको जोखिमयुक्त स्थानहरूको पहिचानका आधारमा संरक्षणका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको। |
| | ३. जैविक विविधताको संरक्षण | १. शहरी वनलाई जैविक विविधतामैत्री संरक्षण र सम्वर्द्धनको लागि नीति र कार्ययोजना बनाई कार्यान्वयन गरेको।<br>२.नगरक्षेत्रमा कम्तीमा एउटा जैविक विविधतायुक्त पार्क सञ्चालनमा रहेको। |
| | ४. वातावरणजन्य क्षतिपूर्ति | १. वातावरण प्रदुषकले क्षतिपूर्ति व्यहोर्ने सिद्धान्तको आधारमा पीडितलाई उपयुक्त क्षतिपूर्ति भराई दिने व्यवस्था मिलाएको । |

| | | |
|---|---|---|
| | | २. सङ्घीय सरकारले जारी गरेको कानून तथा मापदण्ड अनुरुप स्थानीय क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिट्टि, बालुवा तथा माटोको उत्खनन, सङ्कलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी व्यवस्था भएको । |
| **जिल्ला तह (आधारभूत)** | १. वन संरक्षण तथा दिगो व्यवस्थापन | १. जिल्ला भित्रका वनहरुको दिगो व्यवस्थापनको लागि नेपाल सरकार,प्रदेश सरकार, गाउँपालिका, नगरपालिका, वन उपभोक्ता समिति, वन कार्यालयसँग समन्वय र सहजीकरण गर्ने गरेको । |
| | २. जैविक विविधता | १. दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पतिको संरक्षण सम्बन्धमा स्थानीय योजना बनाउन सहजीकरण गरेको । |
| | ३. जलाधार | २. नदी, ताल, पोखरी र सिमसार क्षेत्रको संरक्षण र विकासको लागि एकीकृत जलाधार व्यवस्थापन तथा जलवायु अनुकूलन योजना बनाउन सहजीकरण गरेको । |
| **जिल्ला तह (परिष्कृत)** | १. वातावरण सम्बन्धी नीति तथा कानूनको स्थानीयकरण | १. स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न बनेका राष्ट्रिय नीति, रणनीति तथा कानुन स्थानीयकरण गर्न सहजीकरण गरेको । |
| | २. वातावरणीय न्याय | १. प्राकृतिक स्रोतको दिगो विकास र संरक्षणको लागि समन्वय र सहजीकरण गरेको ।<br>२. ढुङ्गा, गिट्टि, बालुवा तथा माटोको उत्खनन, सङ्कलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी सङ्घीय कानून र मापदण्ड कार्यान्वयनको नियमित अनुगमन गरेको । |

## (ख) गाउँपालिका क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार तह | - | - |
| टोल तह | - | - |
| वडा तह (आधारभूत) | - | - |
| वडा तह (परिष्कृत) | १. वडा भित्रको खाली-पर्ती जग्गाको संरक्षण | १. वडाभित्रको सरकारी, सार्वजनिक तथा खाली पर्ती जग्गाको नक्सा सहितको अभिलेख राखी संरक्षण गरिएको ।<br>२. वन कार्यालयसँग समन्वय गरी वडाभित्रको वन क्षेत्रको लगत राखे तथा समुदाय मार्फत उचित संरक्षण गरेको ।<br>३. वडाभित्रको खाली पर्ती जग्गामा रुख/डालेघाँस/फलफूलका बिरुवा रोपी हुर्काइएको र सोको अभिलेख राखिएको । |
| | | |

| | | |
|---|---|---|
| गाउँपालिका तह (आधारभूत) | १. वन तथा जैविक विविधताको संरक्षण | १. गाउँपालिकाको क्षेत्राधिकारभित्र भएको वन तथा जलाधार क्षेत्रको लगत राखी समुदायस्तरका समिति मार्फत उचित संरक्षण गरेको ।<br>२. दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पतिको संरक्षणका लागि स्थानीय कानून वा रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको । |
| | २. खालीपर्ती जग्गाको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | १. गाउँपालिका भित्रको वनक्षेत्रको क्षेत्रफल खुलेको लगत राखेको ।<br>२. खाली पर्ती जग्गा, सरकारी वा सार्वजनिक जग्गाको नक्सा र विवरण सहितको लगत राखिएको र त्यस्ता जग्गामा हरियाली प्रवर्द्धन र जैविक विविधता संरक्षणका कामहरु भएको । |
| | ३. वातावरणीय सचेतना | १. गाउँपालिका क्षेत्रका विद्यालयमा जलवायु तथा वातावरणीय शिक्षा सम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको ।<br>२.सरोकारवाला निकाय समेतको सहयोगमा समुदाय तहमा वातावरण सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरु नियमित सञ्चालन गरेको । |
| गाउँपालिका तह (परिष्कृत) | १. वातावरणीय शिक्षा | १. सबै तहका विद्यालयहरूले कम्तीमा महिनामा एक पटक वातावरण संरक्षणसँग सम्बन्धित विषयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरी वार्षिक क्यालेण्डरमा नै उल्लेख गरिएको । |
| | २. वन संरक्षण तथा हरियाली प्रवर्द्धन | १. गाउँ क्षेत्रभित्र रहेका वनको उचित संरक्षण तथा दिगो व्यवस्थापनको लागि नीति निर्माण गरी कार्यन्वयन भएको ।<br>२. सडक दायाँ बायाँ, खाली पर्ती र सरकारी/सार्वजनिक जग्गामा समुदाय परिचालन गरी उपयुक्त प्रजातिका बोटबिरुवा तथा बहुवर्षिय फलफूलहरु लगाएको । |
| | ३. जैविक विविधता संरक्षण | १. दिगो वन व्यवस्थापनलाई अवलम्बन गर्दै त्यस क्षेत्रको जैविक विविधता संरक्षणको लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरेको । |
| | ४. भू-संरक्षण | १. सबै सार्वजनिक, खालीपर्ती बाँझो जग्गा तथा नदीनाला र खोल्साका किनाराहरूमा वृक्षारोपण गरी संरक्षण गरिएको ।<br>२. भू–क्षय, बाढी तथा पहिरो सम्भाव्य स्थानहरूमा भूसंरक्षणका उपायहरू अवलम्बन गरिएको । |
| | ५. वातावरण संरक्षणको लागि आवश्यक संरचनाको विकास | १. वातावरण तथा विपद् व्यवस्थापन शाखा गठन भई क्रियाशील रहेको<br>२. वातावरण संरक्षणका लागि नीति तथा कानून जारी भएको । |
| | ६. वातावरणीय न्याय | १. पीडितलाई वातावरण प्रदूषकबाट उपयुक्त क्षतिपूर्ति भराइदिने व्यवस्था मिलाएको ।<br>२. ढुङ्गा, गिट्टि, बालुवा तथा माटोको उत्खनन, सङ्कलन, उपयोग, बिक्रि तथा व्यवस्थापन सम्बन्धी नेपाल सरकारले जारी गरेको मापदण्ड कार्यान्वयन भएको । |

| | | |
|---|---|---|
| **जिल्ला तह (आधारभूत)** | १. वन संरक्षण तथा दिगो व्यवस्थापन | १.जिल्ला भित्रका वनहरुको दिगो व्यवस्थापनको लागि नेपाल सरकार,प्रदेश सरकार, गाउँपालिका, नगरपालिका, वन उपभोक्ता समिति, वन कार्यालयसँग समन्वय र सहजीकरण गर्ने गरेको । |
| | २. जैविक विविधता | १. दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पतिको संरक्षण सम्बन्धमा स्थानीय योजना बनाउन सहजीकरण गरेको । |
| | ३. जलाधार | १. नदी,ताल, पोखरी र सिमसार क्षेत्रको संरक्षण र विकासको लागि एकीकृत जलाधार व्यवस्थापन तथा जलवायु अनुकूलन योजना बनाउन सहजीकरण गरेको । |
| **जिल्ला तह (परिष्कृत)** | १. वातावरण सम्बन्धी नीति तथा कानूनको स्थानीयकरण | १. स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न बनेका राष्ट्रिय नीति, रणनीति तथा कानुन स्थानीयकरण गर्न सहजीकरण गरेको । |
| | २. वातावरणीय न्याय | १. प्राकृतिक स्रोतको दिगो विकास र संरक्षणको लागि समन्वय र सहजीकरण गरेको ।<br>२. ढुङ्गा, गिट्टि, बालुवा तथा माटोको उत्खनन, सङ्कलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी सङ्घीय कानून र मापदण्ड कार्यान्वयनको नियमित अनुगमन गरेको । |

## १.४ भवन मापदण्ड, भूउपयोग, तथा व्यवस्थापन

### (क) नगर क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार तह (आधारभूत) | - | - |
| घरपरिवार तह (परिष्कृत) | १. सुरक्षित भवन निर्माण | १. घर निर्माण गर्दा भवन निर्माण संहिताको पालना गरी भुकम्प प्रतिरोधी प्रविधि अवलम्बन गरेको ।<br>२. भवन निर्माण संहिता पालना नगरी बनाएको घरको प्रवलीकरण (Retrofitting) गरेको । |
| टोल तह (आधारभूत) | - | - |
| टोल तह (परिष्कृत) | - | - |
| वडा तह (आधारभूत) | - | - |
| वडा तह (परिष्कृत ) | - | - |

| | | |
|---|---|---|
| नगरपालिका तह (आधारभूत) | १. जोखिम संवेदनशिल भूउपयोग योजना | १. नेपाल सरकारको नीति अनुरुप नगरको जोखिम संवेदनशिल भूउपयोग योजना तयार गरिएको।<br>२.प्राकृतिक स्रोतको दिगो र एकीकृत व्यवस्थापनका लागि भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरणमैत्री संरचना निमार्णलाई प्राथमिकता दिने गरेको।<br>३.नगपालिकाभित्र सञ्चालन हुने आयोजनाहरुको वातावरणीय अध्ययन गर्ने गरेको। |
| | २. शहरी बसोवास | १. सहरी योजना, बस्ती विकास र पूर्वाधार निर्माणका लागि आधारभूत मापदण्ड निर्धारण गरिएको।<br>२. सहरी योजना, बस्ती विकास र पूर्वाधार निर्माणका लागि आधारभूत मापदण्ड कार्यान्वयन गरेको। |
| | ३. भवन संहिताको पालना | १. नगरक्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकुल स्थानीय भवन संहिता र मापदण्ड तयार भएको ।<br>२. भवन निर्माण गर्दा भवन निर्माण संहिता र मापदण्ड अनिवार्य गर्ने गरिएको ।<br>३. नक्सा पास सम्बन्धी स्थानीय मापदण्डलाई भवन निर्माण संहितासँग आबद्ध गरिएको । |
| जिल्ला तह | - | - |

## (ख) गाउँपालिका क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार तह (आधारभूत) | - | - |
| घरपरिवार तह (परिष्कृत) | १. सुरक्षित भवन निर्माण | १. घर निर्माण गर्दा भवन निर्माण संहिताको पालना गरी भुकम्प प्रतिरोधी प्रविधि अवलम्बन गरेको ।<br>२. भवन निर्माण संहिता पालना नगरी बनाएको घरको प्रवलीकरण (Retrofitting) गरेको । |
| टोल तह (आधारभूत) | - | - |
| टोल तह (परिष्कृत) | - | - |
| वडा तह (आधारभूत) | - | - |
| वडा तह (परिष्कृत ) | - | - |

| | | |
|---|---|---|
| गाउँपालिका तह (आधारभूत) | १. भवन निर्माण संहिता कार्यान्वयन | १. गाउँपालिका क्षेत्रमा बन्ने सबै सार्वजनिक भवनहरु निर्माण गर्दा भवन निर्माण संहिता पालना हुने गरेको । |
| गाउँपालिका तह (परिष्कृत) | १. भू- उपयोग योजना कार्यान्वयन तथा ग्रामीण बस्तीको विकास | १. विपद् सम्वेदनशील भू–उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरेको<br>२. हरित ग्रामीण बस्ती विकास सम्बन्धी अवधारणाको प्रवर्द्धन गरिएको । |
| जिल्ला तह | - | - |

## १.५ जलवायु परिवर्तन, विपद व्यवस्थापन, जलवायु सहनशील कृषि (Climate Resilient Agriculture), खाद्य सुरक्षा

### (क) नगर क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार तह | - | - |
| टोल तह | - | - |
| वडा तह (आधारभूत) | १. विपद् व्यवस्थापन सम्बन्धी आधारभूत क्षमता, विस्तृत अध्ययन तथा आपत्कालीन सुरक्षित क्षेत्र | १. जलवायु परिवर्तन सम्बन्धी आधारभूत ज्ञान सिप तथा क्षमताको विकासका लागि समुदाय तहमा अनुशिक्षण कार्यक्रम सञ्चालन भएको।<br>२. वडागत रुपमा विपद् जोखिम संकटासन्नता तथा क्षमता मुल्याङ्कन गरी प्रतिवेदन तयार भएको।<br>३. विपदको अवस्थामा तत्काल उद्धारका लागि सुरक्षित स्थल (खुला क्षेत्र) निर्धारण गरी सोको संकेत प्रयोग गरिएको।<br>४. विपद् जोखिम न्यूनीकरणको लागि वडास्तरीय स्वयम्सेवकहरुको समूह बनाई परिचालन गरेको। |
| वडा तह (परिष्कृत) | १. वडा विपद तथा जलवायु उत्थानशील समिति गठन र क्षमता विकास | १. वडास्तरमा सामुदायिक विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको।<br>२. वडामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा स्थानीय युवाक्लब, आमा समूह, वन उपभोक्ता समिति, टोल विकास/टोल सुधार समिति जस्ता सामाजिक सङ्घ संस्थाका प्रतिनिधिहरुलाई समेटी जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण विषयमा सचेतना कार्यक्रम सञ्चालन गरेको र वडाका कम्तीमा दश प्रतिशत घरपरिवारका सदस्यहरुलाई जलवायु परिवर्तन तथा विपद् जोखिमबारे तालिम दिइएको।<br>३. विपद् प्रतिकार्यको लागि वडास्तरीय स्वयंसेवकहरुको समूह बनाई तालिम दिइएको र आवश्यकता अनुसार परिचालन गरेको । |

| | | |
|---|---|---|
| | २. प्राङ्गारिक विधिको कृषिलाई प्रोत्साहन | १. वडाका कृषकहरुलाई वाली विविधिकरण, कृषि जैविक विविधता संरक्षण, एकीकृत शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक विधिमा आधारित खेती बारे तालिम प्रदान गरेको। |
| | ३. प्राङ्गारिक खेती प्रणालीको अवलम्बन | १. वडाका तालिम प्राप्त व्यावसायिक कृषकहरुले जैविक, वनस्पतिजन्य विषादीको प्रयोग गरी खेतीपाती गरेको ।<br>२. वडाका सबै कृषकहरुले प्राङ्गारिक मलको प्रयोग गर्ने गरेको । |
| नगरपालिका तह (आधारभूत) | १. विपद् व्यवस्थापन समितिको सक्रियता र कोष व्यवस्थापन | १. नगरस्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठनगरिएको ।<br>२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन सम्बन्धी कानून पारित गरिएको ।<br>३. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भई नगर सभाबाट स्वीकृत गरिएको ।<br>४. योजना कार्यान्वयनको लागि नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था तथा परिचालन गरेको ।<br>४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनमा उचित ज्ञान सिप र क्षमता सहितको महाशाखा/शाखा/ईकाइ तथा कर्मचारीको व्यवस्था भएको । |
| नगरपालिका तह (परिष्कृत) | १. वाली विविधिकरण तथा जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास | १. कृषि उत्पादन वृद्धिको लागि जलवायुमैत्री एकिकृत कृषि प्रणालीको विकास गर्दै बाली पोषकतत्व र एकिकृत कीट (शत्रुजीव) व्यवस्थापन कार्य भएको ।<br>२. सुख्खा तथा बढि पानी जम्ने क्षेत्रहरुको निम्ति उपयुक्त हुने बालिहरुको पहिचान तथा प्रबर्धनको लागि सम्बन्धित निकायसँग सहकार्य गर्ने गरेको<br>३. कृषि पेशालाई प्रोत्साहन गर्न नगरक्षेत्र भित्र विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको । |
| | २. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन | १. जलवायु परिवर्तन तथा विपद् जोखिमका दृष्टिले बढी संवेदनशिल स्थानहरू र प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहिचान गरी वडागत नक्साङ्कन गरिएको ।<br>२. जोखिम पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माणमा रोक लगाइएको।<br>३. बहुक्षेत्र जोखिमको पूर्वतयारी गरिएको ।<br>४. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अनुरुप वार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको । |

| | | |
|---|---|---|
| | ३. जलवायु परिवर्तन, वातावरण तथा विपद् व्यवस्थापन हेर्ने संस्थागत संरचनाको व्यवस्था | १.जलवायु परिवर्तन, वातावरण तथा विपद व्यवस्थापनका लागि नगरपालिकामा महाशाखा/ शाखा/इकाईको स्थापना भई कार्यान्वयनमा आएको । |
| | ४. खोज तथा अनुसन्धान | १. नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायको सहयोग तथा सहकार्यमा जलवायू परिवर्तनको विषयगत क्षेत्रहरुमा आधारित खोज, अनुसन्धान तथा तथ्याङ्कको अद्यावधिक गरेको । |
| जिल्ला तह (आधारभूत) | १. जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | १. गाउँपालिका र नगरपालिकामा तर्जुमा भएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यान्वयनको लागि समन्वय र सहजीकरण गरेको ।<br>२. गाउँपालिका र नगरपालिकाले सञ्चालन गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी कार्यहरुको अनुगमन गरी सुझाव दिएको । |
| जिल्ला तह (परिष्कृत) | १. जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र प्राकृतिक स्रोतको संरक्षण | १. स्थानीय तहको आवधिक एवम् वार्षिक योजनामा जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना समावेश भए नभएको अनुगमन गरी कार्यान्वयनमा सहजीकरण गरेको ।<br>२. विपद् पछि तत्काल उद्धार गरी राख्न सुरक्षित स्थल निर्धारण गर्न सहजीकरण गरेको । |
| | २. जलवायु परिवर्तन अनुकूलनको लागि क्षमता विकासमा सहजीकरण | १. स्थानीय तहको सहकार्यमा जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि र हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको प्रविधि विकास जस्ता विषयमा समन्वय र सहजीकरण गरेको । |

## (ख) गाउँपालिका क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार तह(आधारभूत) | १. प्राङ्गारिक खेतीतर्फ उन्मुख | १.करेसाबारी तथा खेतबारीमा रासायनिक मलको प्रयोग कम गर्दै गोबर मल वा प्राङ्गारिक मलको प्रयोग गर्ने गरिएको ।<br>२.रासायनिक किटनाशक औषधीको सट्टा जैविक तथा वानस्पतिक औषधीको प्रयोग गर्न थालिएको । |
| घरपरिवार तह(परिष्कृत) | | |
| वडा तह (आधारभूत) | १. जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि र | १.वडास्तरीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी समिति गठन गरिएको ।<br>२. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयमा ज्ञान सिप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएको |

| | | |
|---|---|---|
| | आपतकालीन सुरक्षित क्षेत्र निर्धारण | ३. विपद्को अवस्थामा तत्काल उद्धारका लागि सुरक्षित आश्रयस्थल वा खुल्ला क्षेत्र निर्धारण गरिएको ।<br>४. जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि आधारभूत तालिम प्राप्त स्वयंसेवक टोली गठन गरिएको । |
| वडा तह (आधारभूत) | १. विपद् व्यवस्थापन सम्बन्धी आधारभूत क्षमता, विस्तृत अध्ययन तथा आपत्कालीन सुरक्षित क्षेत्र | १. जलवायु परिवर्तन सम्बन्धी आधारभूत ज्ञान सिप तथा क्षमताको विकासका लागि समुदाय तहमा अनुशिक्षण कार्यक्रम सञ्चालन भएको।<br>२. वडागत रुपमा विपद्जोखिम संकटासन्नता तथा क्षमता मुल्याङ्कन गरी प्रतिवेदन तयार भएको।<br>३. विपद्को अवस्थामा तत्काल उद्धारका लागि सुरक्षित स्थल (खुला क्षेत्र) निर्धारण गरी सोको संकेत प्रयोग गरिएको।<br>४. विपद् जोखिम न्यूनीकरणको लागि वडास्तरीय स्वयम्सेवकहरुको समूह बनाई परिचालन गरेको। |
| वडा तह (परिष्कृत) | १. एकीकृत कृषि प्रणालीलाई प्रोत्साहन | १. वडाका कृषकहरुलाई वाली विविधिकरण, कृषि जैविक विविधता संरक्षण, एकीकृत शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक खेती बारे तालिमको व्यवस्था गरेको । |
| | २. उच्च जोखिम-स्थलहरूको पहिचान | १. विपद् जोखिम नक्साङ्कन गरिएको ।<br>२. वडाभित्रको जोखिमयुक्त वस्तिहरुको पहिचान गरी लगत राखिएको ।<br>३. समुदाय तहमा जलवायु परिवर्तन अनुकुलनका क्रियाकलाप कार्यान्वयन भएको । |
| | ३. प्राङ्गारिक खेती प्रणालीको अवलम्बन | १.रैथाने वा मौलिक तथा माटो सुहाँउदो बीउ विजनको प्रयोगमा प्रोत्साहन गर्ने गरिएको ।<br>२. वडाका तालिम प्राप्त सबै कृषकहरूले रासायनिक मल तथा विषादिको सट्टा प्राङ्गारिक मल तथा जैविक, वनस्पतिजन्य किटनाशक औषधिको प्रयोग गर्ने गरेको । |
| गाउँपालिका तह (आधारभूत) | १. स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठनर क्रियाशीलता | १. जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनको क्षेत्रमा ज्ञान, सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएका ।<br>२. गाउँपालिका स्तरमा विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समिति गठन भएको ।<br>३.गाउँपालिका स्तरमा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि तालिम दिनसक्ने जनशक्तिको विकास भएको ।<br>४. गाउँपालिका क्षेत्रमा जोखिम सम्वेदनशील स्थानहरुको पहिचान गरी ती स्थानहरुमा निजी संरचना निर्माणमा रोक लगाएको ।<br>५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिएको । |

| | | |
|---|---|---|
| | २. व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धन | १. उत्पादित कृषि उपज बजारमा पुर्याउन गाउँपालिकामा सङ्कलन केन्द्रहरुको स्थापना गरिएको ।<br>२. व्यावसायिक कृषि खेतीमा लाग्न चाहने कृषकलाई गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोग दिने गरेको ।<br>३. व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन गर्न दक्ष जनशक्तिको परिचालन भएको । |
| | ३. जलवायू परिवर्तनमैत्री कृषि प्रणालीको विकास तथा प्रवर्द्धन | १. जलवायुमैत्री खेती प्रणाली सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यास एवम् नवीनतम प्रविधिको विकास तथा प्रवर्द्धनका लागि कृषकहरुलाई अवलोकन भ्रमण तथा तालिमको व्यवस्था गरेको । |
| गाउँपालिका तह (परिष्कृत) | १. व्यावसायिक खेतीलाई प्रोत्साहन | १. "एक गाउँ एक उत्पादन" अन्तर्गत आफ्नो गाउँमा सम्भाव्य देखिएको तरकारी, फलफूल, पुष्प, अन्नबाली, मसला बाली, नगदे बाली, मत्स्यपालन तथा पशुपंक्षी पालन मध्ये कुनै एक उत्पादनलाई व्यावसायिक रुपमा अघि बढाएको । |
| | २. बाली विविधिकरण तथा जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास | १.कृषि उत्पादनको वृद्धिका लागि जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास गर्दै बाली पोषक तत्व र एकिकृत कीट (शत्रुजीव) व्यवस्थापन कार्य भएको ।<br>२. सुख्खा तथा डुवान हुने क्षेत्रहरुको निम्ति उपयुक्त हुने बालीको पहिचान तथा प्रबर्द्धनका लागि नेपाल सरकार वा प्रदेश सरकारका सम्बन्धित निकायसँग सहकार्य गरेको । |
| | १. स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको क्रियाशीलता | १.गाउँपालिका स्तरको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमाभई कार्यान्वयन भएको ।<br>२. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि सरकारी तथा गैरसरकारी एवम् निजी क्षेत्रबीच समन्वय र सहकार्य हुने गरेको । |
| जिल्ला तह (आधारभूत) | १. जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | १. गाउँपालिका र नगरपालिकामा तर्जुमा भएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यान्वयनको लागि समन्वय र सहजीकरण गरेको ।<br>२. गाउँपालिका र नगरपालिकाले सञ्चालन गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी कार्यहरुको अनुगमन गरी सुझाव दिएको । |
| जिल्ला तह (परिष्कृत) | १. जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र प्राकृतिक स्रोतको संरक्षण | १. स्थानीय तहको आवधिक एवम् वार्षिक योजनामा जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना समावेश भए नभएको अनुगमन गरी कार्यान्वयनमा सहजीकरण गरेको ।<br>२. विपद् पछि तत्काल उद्धार गरी राख्न सुरक्षित स्थल निर्धारण गर्न सहजीकरण गरेको । |

| | | |
|---|---|---|
| | | |
| | २. जलवायु परिवर्तन अनुकूलनको लागि क्षमता विकासमा सहजीकरण | १. स्थानीय तहको सहकार्यमा जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि र हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको प्रविधि विकास जस्ता विषयमा समन्वय र सहजीकरण गरेको । |

## १.६ नविकरणीय उर्जा, हरियाली प्रवर्द्धन, करेसाबारी र अन्य

### (क) नगर क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार तह (आधारभूत) | १. हरियाली तथा शहरी सौन्दर्य प्रवर्द्धन | १. घर कम्पाउण्डमा फलफूल तथा विभिन्न प्रजातीको बोटबिरुवाहरु भएको ।<br>२. घर कम्पाउण्डमा बिरुवा रोप्ने ठाउँ नभएको अवस्थामा छाना/छतमा बोटविरुवा भएको वा कौशी खेती गरेको। |
| घरपरिवार तह (परिष्कृत) | १. घर-परिसरमा खुला ठाउँको व्यवस्थापन | १.घर बनाउँदा नगरपालिकाले निर्धारण गरे बमोजिमको जमीनको क्षेत्रफल खाली राखेको । |
| टोल तह (आधारभूत) | - | - |
| टोल तह (परिष्कृत) | २. टोलमा हरियाली प्रवर्द्धन | १.टोलका विभिन्न स्थानमा नगरपालिकाले तोके बमोजिमका वा उपयूक्त प्रजाति र परिमाणका रुख विरुवा लगाई हरियाली प्रवर्द्धन गरेको। |
| वडा तह (आधारभूत) | - | - |
| वडा तह (परिष्कृत) | - | - |
| पालिका तह | - | - |
| जिल्ला तह | - | - |

### (ख) गाउँपालिका क्षेत्र

| तह | मुख्य सूचकहरु | सूचकहरु |
|---|---|---|
| घरपरिवार तह (आधारभूत) | १. हरियाली तथा करेसाबारी व्यवस्थापन | १. घर वरीपरी फलफूलको बोटहरु लगाइएको ।<br>२. घरनजिक तुलसी, पारिजात, वेली, चमेली, जाई, जुई जस्ता सौन्दर्य बढाउने वा औषधीजन्य बिरुवा लगाइएको ।<br>३. करेसाबारीमा नियमित रूपमा तरकारी खेती गरी हरियो सागपात तथा तरकारी घरमै उत्पादन गर्ने गरिएको । |
| घरपरिवार तह (परिष्कृत) | - | - |

| | | |
|---|---|---|
| वडा तह (आधारभूत) | १. हरियाली प्रवर्द्धन | १.वडा कार्यालय तथा समुदायको अग्रसरतामा सडकको दायाँबायाँ स्थान अनुकुलको बोट बिरुवा रोपी हरियाली कायम गरेको । |
| वडा तह (परिष्कृत) | - | - |
| पालिका तह | - | - |
| जिल्ला तह | - | - |

**सत्र ११ः समयः ९० मिनेट**

# अन्तरसम्बन्धित विषय तथा शासकीय सूचक

## १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

नेपालको संविधानको मौलिक हकको रुपमा रहेको समानताको हकले राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनेको छ । यसैगरी लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था संविधानले गरेको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसका अतिरिक्त महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ ।

**जैविक लिङ्ग र लैङ्गिकता (सामाजिक लिङ्ग) बीच भिन्नता**

| क्र.सं | जैविक लिङ्ग (SEX) | क्र.सं | लैङ्गिकता (Gender) |
|---|---|---|---|
| १ | शारीरिकरूपमा नै फरक हुन्छ । | १ | यो सामाजिक हुन्छ । यसलाई समाजले निर्माण गरेको हुन्छ । |
| २ | जन्मदेखि नै फरक भएर आएको हुन्छ । | २ | सामाजिक मूल्य र मान्यताको आधारमा फरक हुन्छ । |
| ३ | परिवर्तन गर्न सकिदैन, स्थायी हुन्छ । | ३ | परिवर्तन गर्न सकिन्छ, अस्थायी हुन्छ । |
| ४ | यो संसारभर एकैनासको हुन्छ फरक हुँदैन । | ४ | यो समय, परिस्थिति, धर्म, संस्कृति र भोगोलिक अवस्थानुसार फरक-फरक हुन्छ । एकनासको हुँदैन । |
| | **उदाहरण** | | **उदाहरण** |

| क्र.सं | जैविक लिङ्ग (SEX) | क्र.सं | लैङ्गिकता (Gender) |
|---|---|---|---|
| | ◎ गर्भधारण र स्तनपान महिलाले मात्र गर्न सक्दछन् ।<br>◎ शुक्रकिटको उत्पादन पुरूषमा मात्र हुन्छ । | | ◎ ♀♂दुवैले बिभिन्न सेवा/पेशा (जस्तैः डाक्टर, इन्जिनियर, प्राबिधिक, प्रशासक, बैज्ञानिक, विज्ञ, कृषक, राजनीति, आदि) गर्न सक्दछन् ।<br>◎ ♀♂ दुवैले बालबालिका र जेष्ठ नागरिकको स्याहार सुसार गर्न सक्दछन् । |

**सामाजिक समावेशीकरण**

वञ्चितिमा परेका वर्ग (जस्तैः महिला, दलित, आदिबासी, जनजाति, मधेशी तथा अल्पसंख्यक) लाई विभिन्न प्रक्रिया, ब्यवस्था तथा उपायहरुद्वारा संस्थागत अप्ठ्याराहरू हटाउदै सार्वजनिक सेवा र विकास प्रक्रियामा पहुँच वृद्धि गर्ने र विकास क्रियाकलापमा सहभागि गराउनको साथै प्रतिफल उपयोग मा पनि समानुपातिक भागिदार बनाउने प्रयास लाई समावेशिकरण भनिन्छ ।

**समावेशी दुई तर्फबाट गर्न सक्दछ**

- सशक्तीकरण (आर्थिक, सामाजिकरुपले सशक्त) ।
- समावेशीकरण (नीति, नियम र संस्थागत मूल्य मान्यतामा परिवर्तन, वातावरण खुकुलो र उत्तरदायी बनाउने) ।

**समावेशीकरणमा के गरिन्छ ?**

- पहिचान, प्रतिनिधित्व, सहभागिता र अधिकार सुनिश्चित गरिन्छ ।
- वञ्चित समहूको आवश्यकतालाई सम्बोधन गर्ने गरी सकारात्मक विभेदको रणनीति अपनाइन्छ ।
- वञ्चित समूहको क्षमता विकास गरी सामाजिक-सांस्कृतिक र राजनैतिक रूपले उनीहरूलाई सबल बनाइन्छ ।
- वञ्चित समूहलाई सामाजिक र विकासका कामहरूमा सहभागिताको वातावरण निर्माण गरिन्छ ।
- आर्थिक-सामाजिक लाभमा समानुपातिक अवसरको व्यवस्था मिलाइन्छ ।
- विभेद विहिन अवस्थाको सिर्जना गरिन्छ ।

## २. बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन भन्नेको बाल बचाउ, बाल संरक्षण, बाल विकास, र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति हो । यस पद्धतिले स्थानीय तहलाई बालवालिकाको अर्थपूर्ण सहभागितामा उनिहरुकै हित अनुकुल हुनेगरी योजना तर्जुमा गर्ने, वजेट विनियोजन गर्ने, गाउँ/नगर सभावाट यस्ता योजना तथा वजेट स्वीकृत गर्ने, स्वीकृत गरिएका योजनाहरु कार्यान्वयन गर्ने र यसरी कार्यान्वयन गरिएका योजनाको अनुगमन तथा मूल्यांकन गर्ने कार्यमा सघाउँदछ ।

वि.सं. २०६५ सालदेखि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, युनिसेफ नेपाल, केन्द्रीय बाल कल्याण समिति, वर्ल्ड भिजन इन्टरनेशनल, सभ द चिल्ड्रेन, स्वशासन अध्ययन प्रतिष्ठान (इन्लोगोस) लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरुले यस अवधारणालाई प्रवर्धन गर्ने प्रयास गरे पश्चात् बालमैत्री स्थानीय शासन अवधारणागत रुपमा कार्यान्वयनमा आएको छ । यस अवधारणालाई मूर्तरुप दिन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अगुवाईमा बालमैत्री स्थानीय शासन पद्धतिको थालनी गरिएको हो । युनिसेफ नेपालको सहयोगमा वि.सं. २०६५ सालमा काभ्रे, तनहुँ, सुनसरी र दाङ गरी चारवटा जिल्ला विकास समिति र विराटनगर उप-महानगरपालिकामा यस पद्धतिको थालनी गरिएको थियो भने वि.सं. २०६६ सालवाट यो कार्यक्रम जुम्ला जिल्लामा पनि विस्तार गरियो । नेपाल सरकारले वि.स. २०६८ सालमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि जारी गरेपश्चात बालमैत्री स्थानीय शासन मुलुकभर विस्तार भएको हो । यस कार्यमा युनिसेफ नेपाल, स्वशासन अध्ययन प्रतिष्ठान, वर्ल्ड भिजन नेपाल, सेभ द चिल्ड्रेन, प्लान नेपाल लगायत अन्य केही संघ संस्थाहरुले नेपाल सरकारलाई प्राविधिक सहयोग उपलव्ध गराएका छन् ।

विपद्का सन्दर्भमा बालबालिकाहरु अन्य उमेर समुहका व्यक्तिहरु भन्दा वढि जोखिममा हुन्छन्, किनभने उनीहरु शारिरीक एवं मानसिक रुपले कमजोर हुनुका साथै उनीहरुमा विपद्का घटनावाट वच्न आवश्यक ज्ञान, सिप र अनुभवको कमि हुन्छ । वि.सं. २०७२ सालको भुकम्पवाट प्रभावित जनसंख्या मध्ये ३१ प्रतिशत बालबालिकाहरु रहेको तथ्यांक छ । विपद् उत्थानशिल राष्ट्र निर्माणको लागि वाल्यकालवाटै उत्थानशिलता सम्वन्धि ज्ञान शिप र क्षमताको विकास गर्न आवश्यक र अपरिहार्य छ ।

### बालमैत्री स्थानीय शासनमा स्थानीय सरकारका आगामी कार्यहरु के हुन सक्छ ?

**नीतिगत सुधारः** हालका नीति, नियम, रणनीति, कार्यविधि, निर्देशिका, आचार संहिता आदिमा आवश्यक सुधार र परिमार्जन । आवश्यकता अनुसार बालमैत्री कानून, नीति नियम, रणनीति, कार्यविधि, निर्देशिका, आचार संहिता, आदि तयारी र कार्यान्वयन ।

**बालबालिकाको लागि योजनाः** स्थानीय सरकारले तयार गर्ने वार्षिक, आवधिक र दीर्घकालीन योजनामा बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता जस्ता बाल अधिकारका सवालहरु समावेश गर्ने । सम्पूर्ण भौतिक संरचना बालमैत्री, लैङगिकमैत्री तथा अपाङ्गमैत्री बनाउने ।

**बालबालिकाको लागि लगानीः** सबै स्थानीय तहहरुले कूल पुँजीगत बजेटको अधिकतम (१५ प्रतिशत भन्दा कम नहुने गरि) रकम बालबालिकाको लागि लगानी गर्ने ।

**बालबालिकाको आवाजको सम्मानः** विद्यालय र स्वास्थ्य व्यवस्थापन समिति, टोल विकास संस्था, योजना तर्जुमा समिति, बालमैत्री स्थानीय शासन समितिमा बालबालिकाको समतामूलक र अर्थपूर्ण सहभागिता गराउने । स्थानीय योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता गराउने । वार्षिक बाल भेला गरी बालबालिकाको योजना तर्जुमा गर्ने ।

**नेतृत्व तथा समन्वयः** बालबालिकाका लागि गरिने कामको प्रभावकारिताका लगि स्थानीय सरकारले नेतृत्व लिने र संवन्धित सबै सरोकार तथा साझेदार निकायसँग समन्वय गर्ने ।

## ३. विपद् व्यवस्थापन

### क. विपद् के हो? स्थानीयतहमा विपद् व्यवस्थापन कसरी गर्ने ?

हामि सामान्य बेलिचालिको भाषामा प्रकोप र विपद्लाई संगै जोडेर हेर्ने गर्दछौ । आम मानिसहरु यसलाई प्राकृतिक प्रकोप समेत भन्ने गर्दछन् । तर यथार्थमा यो अलिक फरक विषय हो । प्रकोप प्राकृतिक तथा मानव सृजित दुवै हुन्छ । यि दुवै प्रकोपहरु (प्राकृतिक वा मानविय) त्यस्ता घटनाहरु हुन् जसले वातावरण, धन र जनको क्षति गर्न सक्ने संभावना बढी हुन्छ । यिनिहरु विपद्को कारकतत्व बन्न सक्दछन् । प्रकोपले मानवीय तथा भौतिक क्षति नगर्न पनि सक्दछ, तर विपद् भनेको मानवीय वा भौतिक क्षति हुनु हो । त्यसैले विपद् भन्नाले भूकम्प, आगलागी, बाढी, पहिरो, खडेरी, माहामारी, शीतलहर आदि जस्ता प्राकृतिक र मानव सृजित प्रकोपबाट मानिसहरुको मृत्यु हुने, घाइते हुने, धनजनको क्षति हुने, समाजमा अस्त व्यस्तता ल्याउने र तत्काल सहयोग चाहिने अवस्था हो । यस्तो सहयोग आन्तरिक वा वाह्य वा दुवै तहवाट हुन पर्ने हुन्छ । प्रकोपको व्यवस्थापन गर्न सकेमा विपद्लाई कम गर्न सकिन्छ ।

**नेपालमा देहायका विषयहरु विपद्को बढदो घटना संग अन्तरनिहित छन्ः**

- बहु प्रकोप (बाढी, पहिरो, भूकम्प, आगलागी, सुख्खा, आदि) वाट प्रभावित हुनु ।
- मौसमी वर्षातको समय अवधि पहिलेको भन्दा लामो हुनु ।
- वर्षातको समयमा अधिक पानी पर्नु अन्य समयमा नपर्नु ।
- बाढी आउने क्रम परिवर्तित र बढदो क्रममा रहनु ।
- हिउंदे वर्षामा कमी हुनु ।
- हिमताल फुटेर बाढी आउन सक्ने संभावना वढ्नु ।

**विपद जोखिम न्यूनीकरण विषयमा देहायका चार प्राथमिकता प्राप्त क्षेत्रहरुलाई नेपालले स्थानीयकरण गर्दैछ ।**

प्राथमिकता १: विपद् र जोखिमको बुझाई ।

प्राथमिकता २ विपद् जोखिम शासनको सुदृढिकरण ।

प्राथमिकता ३ विपद् उत्थानशीलताको लागि विपद् जोखिम न्यूनिकरणमा लगानीको अभिबृद्धि ।

प्राथमिकता ४ विपद्पश्चात प्रभावकारी प्रतिकार्यका लागि र "पहिलेभन्दा झन राम्रो" को अवधारणामा पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणका कामलाई संयोजित गर्नका लागि प्रकोपको पूर्वतयारीलाई सुदृढ तुल्याउने ।

## ४. सूचकहरु

### ४.१ वातावरणमैत्री सार्वजनिक कार्यालयका सूचकहरु

**१ सरसफाई**

१) शौचालयमा हातधुने साबुन र पानीको व्यवस्था भएको ।
२) शौचालय भित्रका सामानहरु दुरुस्त रहेको र दैनिक रुपमा सरसफाई हुने गरेको ।
३) कार्यालयका हरेक कोठा, बरण्डा र परिसर दैनिक रुपमा सफाई हुने गरेको ।
४) कार्यालयको भित्ता, सिलिंग तथा पर्खालमा माकुराको जालो, धुलो, लेऊ, अनावश्यक बिरुवा, झारपात, फोहरको धब्बा नरहेको ।

**२ फोहरको धब्बा नरहेको**

१) कार्यालय परिसरमा खुला रुपमा थोत्रा तथा अनावश्यक सामानहरु राख्ने नगरेको ।
२) कार्यालयका भवन, भित्ता, पर्खालमा जथाभावी पोस्टर, अनावश्यक भित्ते लेखन आदि नरहेको।
३) कार्यालयका भित्ताहरुमा सुर्ती, पान, गुट्खा थुक्ने नगरेको ।

**३ कार्यालय भवनको मर्मत सम्भार**

१) कार्यालय भवनको नियमित रुपमा मर्मत सम्भार गर्ने गरेको ।
२) कार्यालय भवन तथा पर्खालहरुको नियमित रङ्गरोगन गर्ने गरेको ।

**४ कार्यालयको सौन्दर्य तथा हरियाली**

१) कार्यालय कम्पाउण्ड भित्र रहेको खाली स्थानमा फूल, फलफूलका बिरुवा, दुबो सहितको सुन्दर बगैंचा रहेको ।

२) बगैंचाको नियमित हेरचाह र रेखदेख हुने गरेको ।
३) कार्यालयको स्वामित्व भएको जग्गा वा सार्वजनिक जग्गामा वर्षमा कम्तिमा एकपटक वृक्षरोपण गर्ने गरेको ।
४) कार्यालय परिसरमा कम्तिमा दशवटा बहुवर्षे बोट बिरुवा हुर्काएको ।
५) वर्षेपानी जमिनमा रिचार्ज गर्ने व्यवस्था भएको ।

**५ फोहरमैला व्यवस्थापन**

१) कार्यालयको फोहर सड्ने र नसड्ने गरी वर्गीकरण गर्ने गरेको ।
२) सड्ने फोहरलाई कार्यालय परिसरभित्रै मल बनाउने गरेको वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरेको ।
३) प्लाष्टिकजन्य फोहरलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरेको ।
४) ब्याट्री, सि.एफ.एल्. (CFL) चिम फुटेका सिसा, बोतल, ट्युवलाइट जस्ता हानिकारक फोहरमैला छुट्याई निर्धारित स्थलमा जम्मा गर्ने गरेको ।
५) कार्यालयसँग जोडिएको सडकपेटी नियमित रुपमा सरसफाई गर्ने गरेको ।
६) कार्यालयमा रहेका सोफा, कार्पेट, पर्दा जस्ता सामानहरु नियमित रुपमा सफा गर्ने गरेको ।
७) कार्यालय परिसरभित्र र बाहिर फोहर, धुलो, कागजका टुक्रा तथा अन्य फोहरजन्य वस्तु नरहेको ।
८) कार्यालयमा चालीस माइक्रोनभन्दा कम गुणस्तरका प्लाष्टिकको झोला प्रयोगमा रोक लगाएको।

**६ उर्जाको प्रयोग**

१) कार्यालयमा ऊर्जा खपत कम गर्ने चिमको प्रयोग भएको ।
२) प्रयोग नभएको समयमा सबै प्रकारका विद्युतीय उपकरण बन्द गर्ने गरेको।

**७ सवारी साधनको प्रयोग**

१) सवारी साधनको नियमित रुपमा प्रदूषण नियन्त्रण जाँच गराई Green Sticker टाँस्ने गरेको ।
२) पुराना सवारी साधनको नियमित रुपमा लिलाम बिक्री गर्ने गरेको।

**८ सेवाग्राहीका लागि प्रतिक्षालय र शौचालयको व्यवस्था**

१) प्रतिक्षालयमा नियमित रुपमा सरसफाई हुने गरेको।
२) शौचालयमा सावुन र पानीको व्यवस्था रहेको ।
३) शौचालयको नियमित रुपमा सरसफाई हुने गरेको ।

**९ कार्यालय भवनको सुरक्षा तथा भूकम्प प्रविधिको प्रयोग**

१) कार्यालयभित्र तथा बाहिर जाँदा यात्रुका झोला चेकजाँच गरेर मात्र भित्रबाहिर जान दिने गरेको ।

२) कार्यालयमा सुरक्षाको लागि कम्पाउण्ड वाल लगाईएको ।
३) कार्यालयका पुराना भवनहरुलाई आवश्यकता अनुसार प्रवलीकरण गरिएको ।

**११ चमेनागृहको व्यवस्था**

१) चमेनागृह सफा सुग्घर रहेको ।
२) चमेनागृहले सामानहरुको मूल्यसूची टाँस्ने गरेको ।
३) चमेनागृहमा स्वच्छ पिउने पानीको व्यवस्था भएको ।
४) चमेनागृह अगाडि फूलबिरुवा रहेको ।
५) कार्यालयले खाजा खाने निश्चित समय निर्धारण गरेको ।
६) कर्मचारीहरु कार्यकक्षमा बसेर खाजा खाने नगरेको।

## ४.२ सहयोगी सूचकहरु

वातारणमैत्री स्थानीय शासन कार्यान्वयन गरी नतिजा हासिल गर्न स्थानीय तहले देहायका कार्यहरुमा ध्यान दिन सुझाव गरिएको छः

- दुई वा सो भन्दा वढी स्थानीय तहले संयुक्त रुपमा फोहर व्यवस्थापन सम्वन्धी कार्य गरेको ।
- खानेपानीको स्रोत संरक्षण र व्यवस्थापन रणनीति तयार गरेको ।
- स्थानीय तहको आवधिक र वार्षिक योजनामा जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना समावेश भएको ।
- स्थानीय तहको आवधिक र वार्षिक योजनामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी योजना समावेश भएको ।
- स्थानीय तहको आवधिक र वार्षिक योजनामा वाल अधिकार सम्बन्धी योजना समावेश भएको ।
- आपतकालीन प्रयोजनको लागि स्थानीय तहमा खुला क्षेत्र पहिचान एवं व्यवस्थापन गरेको ।
- आपतकालीन प्रयोजनको लागि स्थानीय तहमा पानीको स्रोत पहिचान एवं व्यवस्थापन गरेको ।
- विपद् जोखिम व्यवस्थापनमा स्वयंसेवक परिचालन कार्यविधि तयार गरेको ।
- कार्यालयमा Toilet र Urinal सहितको लैङ्गिकमैत्री तथा वालमैत्री सार्वजनिक शौचालय रहेको ।
- कार्यालय परिसरमा सेवाग्राहीका लागि घामपानीबाट जोगिन प्रतिक्षालयको व्यवस्था रहेको ।
- कार्यालयले आफ्ना सबै भवनहरुको नक्सा सम्बन्धित निकायबाट पारित गरेको ।
- कार्यालयका सबै भवनहरुमा भवन संहिताको पालना गरिएको ।

सत्र १२ः समयः ९० मिनेट

# वातावरणमैत्री स्थानीय शासनलाई स्थानीय तहका नीति, योजना तथा कार्यक्रममा मूलप्रवाहिकरण सहभागीबाट सफल अभ्यास प्रस्तुति

**लक्षित सहभागीः**

स्थानीय तहका जनप्रतिनिधि/कर्मचारी/अन्य सरोकारवाला

## १. सत्रका उद्देश्यहरू

सत्र समाप्त भएपछि सहभागीले'

१. वातारणमैत्री स्थानीय शासन मूलप्रवाहिकरण को अवधारणामा थप स्पष्ट हुने।
२. स्थानीय तहको नीति-योजना चक्रमा वातारणमैत्री स्थानीय शासन कसरी समावेश हुन्छ भन्ने सिक्ने।
३. आफ्नो पालिकामा भएका सफल अभ्यास (Best Practices) पहिचान गर्न सक्ने।
४. निर्धारित ढाँचामा आफ्नै सफल अभ्यास प्रस्तुत गर्न सक्ने।
५. आगामी योजनामा वातारणमैत्री स्थानीय शासन समावेशीकरण गर्न आवश्यक सुधारका बुँदा तयार गर्न सक्ने।

## २. सत्रका विधि (Methodology)

- प्रस्तुतीकरण
- Brainstorming
- समूह कार्य (Group Work)
- सफल अभ्यास दस्तावेजीकरण (Template प्रयोग)
- सहभागी प्रस्तुति
- Reflections

## ३. सत्र—बहाव (Session Flow)

### Step 1: परिचय र अपेक्षा संकलन (१० मिनेट)

**Facilitator activity:**

- वातारणमैत्री स्थानीय शासन मूलप्रवाहिकरण किन आवश्यक? छोटो उदाहरण सहित।
- सहभागीलाई प्रश्नः
    - "तपाईंको पालिकामा वातावरणमैत्री अभ्यास के—के भएका छन्?"

- अपेक्षा नोट गर्ने।

**Step 2: EFLG Mainstreaming Concept Sharing (15 मिनेट)**

**मुख्य विषयवस्तुः**

- वातारणमैत्री स्थानीय शासनका ६ विषयगत क्षेत्र
- नीति-योजना चक्र (Policy → Planning → Budgeting → Implementation → Monitoring) मा वातावरण समावेश गर्ने ठाउँहरू
- कसरि "EFLG Indicators" लाई योजनामा जोडिन्छ
- Climate–Budget–Social Inclusion Alignment

**Step 3: सफल अभ्यास पहिचान मार्गदर्शन (१० मिनेट)**

सहभागीलाई बुझाइने—
**सफल अभ्यास भन्नालेः**

- प्रभावकारी,
- दोहोर्याउन मिल्ने,
- वातावरणमैत्री,
- स्पष्ट नतिजा देखिने कार्यहरू।

**सफल अभ्यास प्रस्तुतिका लागि Template:**

१. अभ्यास शीर्षक
२. समस्या/सन्दर्भ
३. वातारणमैत्री स्थानीय शासन विषयगत क्षेत्र/सूचक
४. के गरियो? (Process)
५. स्रोत/समन्वय
६. नतिजा/परिणाम
७. सिकाइ (Lessons Learned)
८. विस्तारयोग्य क्षेत्र

**Step 4: समूहगत अभ्यास (२५-३० मिनेट)**

**सहभागीलाई समूहमा विभाजनः**

- प्रत्येक समूहले आफ्नो पालिकामा भएका १-२ सफल अभ्यास पहिचान गर्ने।

- उपलब्ध Template भरेर PPT/फ्लिपचार्ट तयार गर्ने।

**सहयोगी प्रश्नहरू (Facilitator Support):**

- "यो अभ्यासले वातावरण सुधारमा के परिवर्तन गर्‍यो?"
- "सूचकसँग कसरी जोडिन्छ?"
- "कस्तो बजेट/स्रोत प्रयोग भयो?"

**Step 5: सहभागी प्रस्तुति (२५-३० मिनेट)**

**प्रत्येक समूह ५ मिनेटः**
सहजकर्ताले प्रस्तुति मूल्यांकन गर्ने आधारः

- सूचकसँग मिलान
- नवप्रवर्तनता
- प्रभाव/परिणाम
- स्थानीय तहको नीति—योजना चक्रमा कसरी जोडिएको छ
- निरन्तरता/स्थायित्व

**Step 6: Reflections & Way Forward (१० मिनेट)**

**सहभागीबाटः**

- "आजको मुख्य सिकाइ के भयो?"
- "आगामी वर्ष योजनामा वातारणमैत्री स्थानीय शासन कसरी थप मजबुत बनाउने?"

**सहजकर्तावाटः**

- ३-५ मुख्य सुधारका बुँदा संकलन

## ४. अपेक्षित परिणाम

- सहभागीबाट संकलित सफल अभ्यास
- तालीम प्रतिवेदनमा समावेश गर्न मिल्ने Best Practices Compilation सामग्री
- सहभागीका आगामी वर्षका प्रतिवध्दता

सत्र १३ः समयः ९० मिनेट

## सूचकको मापन विधि र संयन्त्र

नगरपालिका क्षेत्र, गाउँपालिका क्षेत्र तथा जिल्ला तहका सूचक एबम बिशेष सूचकको मापन संयन्त्र र बिधि प्रारुपको दफा ७.३ मा व्यवस्था गरिएको छ । जुन निम्न बमोजिम छन् ।

### (क) नगरपालिका क्षेत्रः

| तह/स्तर | मापन गर्ने निकाय/संयन्त्र | अवधि | विधि |
|---|---|---|---|
| घरपरिवार स्तर | टोल विकास सस्था | वर्षमा दुइ पटक | अवलोकन, प्रत्येक घर परिवारको छुट्टाछुट्टै मापन फारम भरि वडा कार्यालयमा पठाउने । |
| टोल/समुदायस्तर | वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले तोकेको वडा समितिको सदस्यको संयोजकत्वमा वडा भित्रका टोलमा पर्ने विद्यालयका प्र.अ., स्वास्थ्य चौकी प्रमुख तथा युवा क्लब,वातावरण सम्बन्धि कार्य गर्ने गै.स.स/सामुदायिक सस्था/टोल विकास सस्था/वडा समितिको कार्यालयमा कार्यरत प्राबिधिक र महिला स्वास्थ्य स्वयंसेविका समेतको प्रतिनिधित्व रहेको टोलि, | वर्षमा दुइ पटक | अवलोकन, प्रत्येक टोलको छुट्टाछुट्टै मापन फारम भरि वडा कार्यालय मार्फत नगरपालिकामा सिफारिश साथ पठाउने । |
| वडा तह | नगरकार्यपालिका सदस्यहरु मध्येवाट वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समितिले तोकेको सदस्यको संयोजकत्वमा नगरपालिकाको प्राबिधिक,खानेपानी तथा सरसफाई कार्यालयका प्रमुख वा प्रतिनिधि, स्वास्थ्य कार्यालयका प्रमुख वा प्रतिनिधि,नगर क्षेत्रका विद्यालयका प्र.अ. मध्ये एकजना र नगर क्षेत्रमा क्रियाशील गै.स.स. का प्रतिनिधि समेत रहेको टोलि मार्फत मापन गर्ने, | वर्षमा दुइ पटक | अवलोकन, प्रत्येक वडाको छुट्टाछुट्टै मापन फारम भरि नगरपालिकामा सिफारिश साथ पठाउन । |
| नगरपालिका तह | जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको प्रतिनिधि, जिल्ला समन्वय अधिकारी, जिल्ला स्थित खानेपानी, शिक्षा,स्वास्थ्य, वन कार्यालयका प्रमुख एबम जिल्ला भित्र क्रियाशील गैर सरकारी सस्थाहरुको समेत प्रतिनिधित्व रहेको टोलि मार्फत मापन गर्ने, | वर्षमा एक पटक | अवलोकन, भू उपयोग योजना, भवन संहिता तथा स्थानीय योजना दस्ताबेजहरुको कार्यन्वयन अवस्थाको अध्ययन,समुह छलफल,निजि क्षेत्र संग गरिएका करार/सम्झौता समेतका आधारमा प्रत्येक नगरपालिकाको छुट्टाछुट्टै मापन फारम भरि जिल्ला सभामा सिफारिश साथ पठाउने । |

(ख) **गाउँपालिका क्षेत्रः**

| तह/स्तर | मापन गर्ने निकाय/संयन्त्र | अवधि | विधि |
|---|---|---|---|
| घरपरिवार स्तर | टोल विकास सस्था गठन भएको अवस्थामा सो सस्था  मार्फत र नभएको भए वातावारणमैत्री स्थानीय शासन वडा समन्वय समितिले तोकेको वडा समितिको सदस्यको संयोजकत्वमा वडा भित्रका टोल/समुदाय क्षेत्रमा पर्ने विद्यालयका प्र.अ., स्वास्थ्य चौकी प्रमुख तथा युवा क्लब,वातावरण सम्बन्धि कार्य गर्ने गै.स.स/सामुदायिक सस्था/ वडा समितिको कार्यालयमा कार्यरत प्राबिधिक  र महिला स्वास्थ्य स्वयंसेविका समेतको प्रतिनिधित्व रहेको टोलि, | वर्षमा दुइ पटक | अवलोकन,प्रत्येक घर परिवारको छुट्टाछुट्टै मापन फारम भरि वडा समितिमा पेस गर्ने, वडा समितिले सिफारिश साथ गाउँपालिकामा पठाउने । |
| वडा तह | कार्यपालिका सदस्यहरु मध्येवाट वातावरणमैत्री स्थानीय शासन गाउँ  समन्वय समितिले तोकेको सदस्यको संयोजकत्वमा गाउँपालिकाको प्राबिधिक,खानेपानी तथा सरसफाई कार्यालयका प्रमुख वा प्रतिनिधि, स्वास्थ्य कार्यालयका प्रमुख वा प्रतिनिधि, गाउँपालिका  क्षेत्रका विद्यालयका प्र.अ. मध्ये एकजना र पालिका क्षेत्रमा क्रियाशील गै.स.स. का प्रतिनिधि समेत रहेको टोलि मार्फत मापन गर्ने, | वर्षमा दुइ पटक | अवलोकन, समुह छलफल समेतका आधारमा प्रत्येक वडाको छुट्टाछुट्टै मापन फारम भरि गाउँपालिकामा सिफारिश साथ पठाउने । |
| गाउँपालिका तह | जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको प्रतिनिधि, जिल्ला समन्वय अधिकारी, जिल्ला स्थित खानेपानी, शिक्षा,स्वास्थ्य, वन कार्यालयका प्रमुख एबम जिल्ला भित्र क्रियाशील गैर सरकारी सस्थाहरुको समेत प्रतिनिधित्व रहेको टोलि मार्फत मापन गर्ने, | वर्षमा एक पटक | अवलोकन, भू उपयोग योजना, भवन संहिता तथा स्थानीय योजना दस्तावेजहरुको कार्यन्वयन अवस्थाको अध्ययन,स मुह छलफल, निजी क्षेत्रसंग गरिएका करार/सम्झौता समेतका आधारमा प्रत्येक गाउँपालिकाको छुट्टाछुट्टै मापन फारम भरि जिल्ला सभामा सिफारिश साथ पठाउने । |

पालिकाका सबै वडाहरु वातावरणमैत्री घोषणा भै यस प्रारुपमा उल्लेखित सूचकहरु हाशिल भएपछि जिल्ला सभाले निर्णय गरि वातावरणमैत्री पालिका घोषणा गर्न सिफारिश साथ सहमति माग गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने र सो को जानाकारी प्रदेश सरकारलाई दिनु पर्ने ।यस्तो सिफारिस प्राप्त भएपछि राष्ट्रिय समन्वय समितिबाट प्राबिधिक उपसमिति गठन गरि अनुगमन मुल्यांकन गराउनेछ ।आवस्यक सबै सूचक पुरा भएको पाईएमा वातावरणमैत्री पालिका घोषणा गर्न जिल्ला समन्वय समितिलाई

सहमति दिने व्यवस्था छ । सहमति प्राप्त भएपछि जिल्ला समन्वय समितिले बिशेष कार्यक्रम आयोजना गरि पालिकालाई वातावरणमैत्री घोषणा गरि दफा ६.२ बमोजिम लोगो र कदर पत्र प्रदान गर्नेछ।

### जिल्ला तहः

जिल्लाका सबै पालिकाहरु वातावरणमैत्री घोषणा भैसकेपछि र जिल्ला तहका लागि निर्धारित सबै सूचक पुरा भएपछी जिल्ला सभाले निर्णय गरि वातावरणमैत्री जिल्ला घोषणा गर्न राष्ट्रिय समन्वय समिति समक्ष अनुरोध गर्नु पर्छ । राष्ट्रिय समन्वय समितिमा यस्तो अनुरोध प्राप्त भएपछि प्राविधिक उपसमिति मार्फत अनुगमन मुल्यांकन गराई सो समितिको प्रतिबेदनको आधारमा राष्ट्रिय समन्वय समितिले निर्णय गरि बिशेष कार्यक्रम साथ जिल्लालाई वातावरणमैत्री जिल्ला घोषणा गरि दफा ६.२ बमोजिम लोगो र कदरपत्र प्रदान गर्नेछ ।

## विशेष सूचक मुल्यांकन संयन्त्र र बिधि

कुनै पालिकामा यस प्रारूप बमोजिम वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समितिले बिशेष/विशिष्ट सूचक थप गरेको अवस्थामा त्यस्ता सूचकहरुको मुल्यांकन संयन्त्र र बिधि सोहि समितिले तोके बमोजिम हुने व्यवस्था छ ।

## सार्वजनिक कार्यालयलाई वातावरणमैत्री सूचक मापन बिधि र संयन्त्र

जिल्लास्थित संघ तथा प्रदेश सरकार अन्तर्गतका सार्बजनिक कार्यालयले वातावरणमैत्री सूचक पुरा गरे नगरेको सम्बन्धमा जिल्ला समन्यव समितिले प्राबिधिक उपसमितिबाट अनुगमन मुल्यांकन गराउने व्यवस्था छ ।

# मोड्युल ४ः बातावरणमैत्री स्थानीय शासन पद्धति कार्यान्वयन

**सत्र १४ः समयः ९० मिनेट**

## साझेदार संस्थाहरुको नक्सांकन र भूमिका

### १. साझेदार संस्था र सरोकारवालाको परिभाषा

साझेदार भनेको कुनै संस्था, कार्यक्रम, निकाय वा आयोजना/परियोजना संचालन र व्यवस्थापन सम्बन्धी कुनै कार्यको जिम्मेवारी लिने, निर्णय गर्ने, सहयोग र साझेदारी गर्ने वा सम्बन्धित गतिविधिहरूमा निहित स्वार्थ वा भूमिका भएको व्यक्ति, समूह वा संस्था हो । सरोकारवालाहरू आफ्नो स्वार्थ मिल्ने वा भूमिका भएको संस्थाका सदस्य हुन सक्छन् । कानूनद्वारा निश्चित जिम्मेवारी तोकिएका मन्त्रालय, आयोग, विभाग, सरकारी कार्यालय वा गैर सरकारी संघ, संस्थाहरु कतिपय विषय वा क्षेत्रका साझेदार संस्थाहरु हुन सक्दछन् ।

सामान्य अर्थमा भन्दा साझेदार संस्था भनेको यस्तो कार्यालय, संस्था, निकाय (वा व्यक्ति) हो जसले देहायका विषयमा निश्चित भूमिका खेल्न सक्दछ, वा खेल्नु पर्ने हुन्छः

- योजना, कार्यक्रम वा आयोजनाका गतिविधि मा प्रभाव पार्ने ।
- नीति निर्माण वा नीतिगत तहमा प्रभाव पार्ने ।
- तोकिएको लक्ष्य, नतिजा हासिल गर्न नेतृत्व वा सहयोगी भूमिका निर्वाह गर्ने ।
- श्रोत साधनको पहिचान र परिचालन गर्ने ।
- निश्चित क्षेत्रमा बजेट लगानी गर्ने ।
- अन्तर-निकाय समन्वय, सहकार्य र सहजीकरण गर्ने ।
- कार्यक्रमको उद्देश्य पुरा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भूमिका खेल्ने ।

यस्तै सरोकारवाला भनेको यस्तो कार्यालय, संस्था, निकाय (वा व्यक्ति) हो जसलेः

- कार्यक्रमका वारेमा जानकारी राख्छन् ।
- समन्वय र कार्यक्रमको वकालत तथा प्रचार प्रसार गर्न सक्छन् ।
- राम्रो नतिजा प्राप्त गर्नमा अप्रत्यक्ष सहयोग गर्न सक्छन् ।
- आर्थिक लगानी गर्न सक्दैनन् तर चासो राख्न सक्दछन् ।
- निर्णयमा प्रत्यक्ष प्रभाव पार्न सक्दैनन् तर दवाव दिन वा लविङ गर्न सक्छन् ।

## २ साझेदार संस्था विश्लेषण र सहयोगका क्षेत्रहरु

### २.१ साझेदार संस्थाहरूको क्षमता विश्लेषण र सहयोगका क्षेत्रहरू

(क) नक्सांकन

- सबै साझेदार संस्थाहरुको विवरण तयारी ।
- यसलाई जिल्ला, स्थानीय तहको नक्सामा देखाउने (स्थानीय तहमा कुन, कुन संस्थाहरुले काम गर्दैछन् भन्ने थाहा पाउन सकिन्छ) ।
- लगानी भएको श्रोत थाहा पाउन सकिन्छ ।
- योजना वा क्रियाकलाप स्वीकृत गर्दा कुन क्षेत्रलाई प्राथमिकता दिनु पर्ला भनि थाहा पाउन सकिन्छ ।
- संघ, प्रदेश र स्थानीय तह लगायत विषयगत कार्यालय, विकास साझेदार र गैर सरकारी क्षेत्रको सहयोग प्राप्त गर्न सजिलो हुन्छ ।

| साझेदार संस्था विश्लेषण नमुना फारम | |
|---|---|
| कार्यालय/निकाय/संस्था को नाम | |
| जिल्ला | |
| गाँउ/नगरपालिका | |
| कार्यालय/निकाय/संस्था को प्रकृति (Nature) | |
| लक्ष्य (Goal) | |
| उद्देश्यहरु (Objectives) | |
| सेवा तथा सेवाग्राही (Services and Client) | |
| प्रभाव पार्ने क्षेत्रहरु (Implications) | |
| सवल पक्ष (Strength) | |
| अवसर (Opportunity) | |
| योगदान गर्न सक्ने क्षेत्रहरु (Areas of Contribution) | |
| | |


**(ख) सहयोगका क्षेत्रहरु**

- **पुरा नभएका कार्यक्रम वा सूचकहरु पुरा गर्नेः** स्थानीय तह, सम्बन्धित विषयगत कार्यालय, गैसस, प्रशिक्षण प्रतिष्ठान वा तालिम केन्द्रहरु, बजार व्यवसायीहरु, उद्यमीहरु, सहकारी, उत्पादन समुह, संजाल, आदि ।
- **क्षमता विकास सम्बन्धि सहयोगः** सम्बन्धित विषयगत कार्यालय, सम्बन्धित आयोजना वा कार्यक्रम, संघीय तथा प्रदेश तहका संरचना, गैसस, आदि ।

- **श्रोत परिचालनः** स्थानीय तह, आयोजना, कार्यक्रम, गैर सरकारी क्षेत्र, समूह, आदि ।
- **नेतृत्वः** स्थानीय तह र सम्बन्धित निकाय वा संस्था/समुह ।
- **समन्वयः** प्रदेश तह, जिल्ला समन्वय समिति, स्थानीय तह र तिनका संघ, महासंघहरु, सम्बन्धित विषयगत कार्यालय, आदि ।

## २.२ साझेदार संस्था विश्लेषणको विधि

- सबै साझेदार संस्थाहरुको विवरण तयार गर्ने ।
- उनिहरुको कार्यक्षेत्र पत्ता लगाउने ।
- साझेदारहरुको क्षमता विश्लेषण गर्ने ।
- अवसर र चुनौति विश्लेषण गर्ने ।
- सम्बन्धित योजना/कार्यक्रम/नीति कार्यान्वयनमा के योगदान गर्न सक्छन् वा उनीहरुको भुमिका के हुन सक्छ सो को एकीन गर्ने ।
- यसमा अन्य निकायको सहयोगी भूमिका हुन सक्ने, नसक्ने समेत एकीन गर्ने ।
- परिपुरक भूमिका पत्ता लगाउने ।




## २.३ प्रमुख साझेदार संस्थाहरू र तिनको भूमिका

वातावरणमैत्री स्थानीय शासनका सूचकहरू मध्ये आ-आफ्नो कार्यक्षेत्र सम्बन्धी सूचकहरू हासिल गर्नेगरी नीति, रणनीति तथा कार्यनीति तयार गरी सो बमोजिम आवश्यक लगानी, समन्वय तथा सहजीकरण गर्ने जिम्मेवारी सबै सरोकारवाला निकायहरूको हुनेछ । तथापि प्रमुख सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी यस प्रकार हुनेछः

### २.३.१ संघस्तरका प्रमुख साझेदार संस्थाहरु र तिनको भूमिका

(१) **राष्ट्रिय योजना आयोग**

- विषय क्षेत्रगत तथा वहुसरोकारका विषय र वातावरणमैत्री स्थानीय शासन सम्बन्धी नीति तथा रणनीतिहरु विच सामन्जस्यता कायम गर्ने,
- सबै सरकारी एवं गैर सरकारी क्षेत्रमा वातावरणमैत्री स्थानीय शासन पद्धतिलाई मूलप्रवाहीकरण गर्न नीतिगत निर्देशन दिने एवं साझेदारी स्थापना गर्ने, गराउने,
- वातावरणमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन तथा आवधिक योजना तर्जुमामा सहयोग र समन्वय गर्ने,
- वातावरणमैत्री योजना र कार्यक्रमलाई सरकारको नीति र कार्यक्रमको प्रमुख प्राथमिकतामा राखी यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सामन्जस्य गर्ने ।

(२) **अर्थ मन्त्रालय**

- सम्वन्धित मन्त्रालयको अनुरोधमा वातावरणमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास एवं प्रवर्धन गर्न आवश्यक बजेट व्यवस्था गर्ने,
- वातावरणमैत्री स्थानीय शासन संचालनका लागि आवश्यक बाह्य स्रोत जुटाउन सहयोग र समन्वय गर्ने ।

(३) **भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

- वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि समन्वय गर्न राष्ट्रिय सचिवालयको रूपमा रही काम गर्ने,
- सूचकहरू हासिल गर्न स्थानीय तहको क्षमता विकासका कार्यहरू सञ्चालन गर्ने,
- नीतिगत समन्वय तथा सहजीकरण र वहस पैरवी गर्ने,
- वातावरणमैत्री स्थानीय शासनका सूचकहरूलाई स्थानीय तहको निमित्त तयार गरिने नमूना कार्यविधि एवम् निर्देशिकाहरूमा मूलप्रवाहीकरण गर्ने,
- हरितनगर, पर्यटकीय नगर, धार्मिक नगर जस्ता विशेष विशेषतायुक्त सूचकहरू तयार गर्ने,
- वातावरणमैत्री स्थानीय तहहरुको अभिलेख अद्यावधिक गर्ने,
- मन्त्रालयको अनुगमन संरचनामा यसका सूचकहरूलाई समावेश गर्ने,
- केन्द्रीयस्तरका कार्यालयको वातावरणमैत्री कार्यालयका सूचक प्राप्तीको मूल्याङ्कन गरी लोगो एवम् कदर पत्रका लागि राष्ट्रिय समन्वय समिति समक्ष सिफारिस गर्ने,
- आवश्यक अन्य कार्यहरू गर्ने ।

(४) **कृषि, वन तथा पर्यावरण मन्त्रालय**

- कृषि विकास सम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन गर्दा जलवायु अनुकुलन कृषि तथा वातावरणीय पक्षलाई ध्यान दिने,
- व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणाली अवलम्वन गर्दा वातावरणीय पक्षमा ध्यान दिने,
- मन्त्रालयको काम संग सम्बन्धि वातावरणमैत्री स्थानीय शासनका सूचकहरु प्राप्त गर्न सहयोग गर्ने,
- प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, संबर्धन एवम् सदुपयोग गर्ने ।
- वन तथा जलाधार संरक्षण गर्दै कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा बृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धिकरण जस्ता मानव स्वास्थ्य रक्षा एवं प्रकृति संरक्षण र वातावरणीय स्वच्छता सम्वन्धि कार्य गर्ने,
- सम्वेदनशील भू-धरातलीय र भौगोलिक अवस्थिति तथा कमजोर भौगर्भिक वनावट भएका क्षेत्रको पहिचान गरी वातावरण संरक्षण सम्वन्धी कार्य गर्ने,
- हरित विकासको अवधारणा अनुरुप मानवीय क्रियाकलाप र विकास प्रकियालाई वातावरणमैत्री वनाउन सहयोग गर्ने,
- दिगो विकासमा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको काम संग सम्बन्धि वातावरणमैत्री स्थानीय शासनका सूचकहरु प्राप्त गर्न सहयोग गर्ने ।

**(५) पूर्वाधार विकास मन्त्रालय**

- विद्युत प्रणाली विकास गर्दा वातावरणीय पक्षमा ध्यान दिने,
- जलस्रोतको उपयोग र व्यवस्थापन गर्दा वातावरणीय पक्षमा ध्यान दिने,
- कृषि उत्पादनका लागि आवश्यक सिंचाई उर्जाको प्रवन्ध मिलाउने,
- मन्त्रालयको काम संग सम्बन्धि वातावरणमैत्री स्थानीय शासनका सूचकहरु प्राप्त गर्न सहयोग गर्ने ।

**(६) विकास साझेदार**

- वातावरणमैत्री स्थानीय शासन कार्यान्वयन गर्न तिनै तहका सरकारलाई सघाउने,
- वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, फोहरमैला एवम् विपद् व्यवस्थापनका क्षेत्रमा कार्य गर्दा वातावरणमैत्री स्थानीय शासनका सूचकहरू हासिल गर्न समन्वय र सहयोग गर्ने,
- वातावरणमैत्री स्थानीय शासनका सूचकहरू हासिल गर्न आवश्यक क्षमता विकासका कार्यक्रम, प्रचार/प्रसार र उत्प्रेरणा सम्बन्धी कार्यहरू सम्पादन गर्न सहयोग र सहकार्य गर्ने ।

**(७) स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान**

- स्थानीय तहको प्रशासकीय एवं व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्न संचालन गरिने तालिम कार्यक्रमहरुमा वातावरणमैत्री स्थानीय शासन सम्बन्धी नीतिगत, कार्यक्रमगत तथा नतिजागत विषयहरुलाई स्थान दिने,
- क्षमता विकास सम्बन्धी तालिममा बातावरणमैत्री अवधारणा समावेश गर्ने,
- अनुसन्धान तथा परामर्श सेवा सम्बन्धी कार्यहरुमा वातावरणमैत्री स्थानीय शासन सम्बन्धि विषय समावेश गर्ने,
- प्रशिक्षक प्रशिक्षण (ToT) को विषयवस्तुमा वातावरणमैत्री स्थानीय शासनको विषय समावेश गर्ने ।

**(८) स्थानीय तहका संघ, महासंघहरु**

- वातावरणमैत्री स्थानीय शासन सम्बन्धी अनुभव आदान प्रदान गर्ने व्यवस्था मिलाउने,
- वातावरणमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्न सम्बन्धित संघ/महासंघहरुबीच समन्वयकारी भूमिका निर्वाह गर्ने र श्रोत परिचालनमा सहयोग गर्ने,
- वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

## २.३.२ प्रदेशस्तरका प्रमुख साझेदार संस्थाहरु र तिनको भूमिका

**(१) वातावरण संग सम्बन्धित कार्य गर्ने प्रदेश सरकारका मन्त्रालय (हरु)**

- कृषियोग्य भूमि, पानी मुहान, वन्यजन्तु र जैविक विविधता सम्वन्धी कार्यमा स्थानीय तहलाई सहयोग गर्ने,
- वातावरणमैत्री स्थानीय शासनको प्रवर्धनमा स्थानीय तहलाई सहयोग गर्ने,
- वातावरणमैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने ।

**(२) प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

- स्थानीय तह र वडा तथा समुदाय तहका लागि वातावरणमैत्री स्थानीय शासन सम्बन्धी तालिम संचालन गर्ने,
- आ-आफ्नो वार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा क्षमता अभिवृद्धि गर्न संचालन गरिने प्रशिक्षणमा वातावरणमैत्री स्थानीय शासनको अवधारणालाई स्थान दिने,
- स्थानीय तहको क्षमता विकास योजना तर्जुमा गर्दा वातावरणमैत्री स्थानीय शासनका सूचकहरु समेत समावेश गर्ने,
- प्रशिक्षण सामाग्री तयार गर्ने तथा परामर्श सेवा एवं ज्ञान ब्यवस्थापन सम्बन्धी कार्यहरु गर्दा वातावरणमैत्री स्थानीय शासनको अवधारणाको स्मरण गर्ने,
- क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दा प्राप्त हुने ज्ञान र अनुभवलाई वातवरणीय दृष्टिले विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

## २.३.३ जिल्ला र स्थानीयस्तरका प्रमुख साझेदार संस्थाहरु र तिनको भूमिका

**(१) जिल्ला समन्वय समिति**

- वातवरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यको लागि सम्पर्क डेस्कको व्यवस्था गर्ने,
- संघ तथा प्रदेश सरकार मातहतका जिल्लास्तरीय कार्यालय र अन्य साझेदार निकाय बीचमा सम्पर्क, समन्वय र साझेदारी विकास गर्न समन्यकारी भूमिका निर्वाह गर्ने,
- विभिन्न निकायबाट संचालन भएका वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,
- वातावरणमैत्री स्थानीय शासनको अनुगमन गरी प्रतिवेदन तयार गर्ने र आवधिक प्रगति समीक्षा गरी कार्यक्रम संचालनमा देखा परेका समस्याहरु निराकरण गर्न समन्वय र सहजीकरण गर्ने,

**(२) गाँउ/नगरपालिका**

- वातावरणमैत्री स्थानीय शासनका नतिजा हासिल गर्न साधन-स्रोतको परिचालन गर्ने,
- आफ्नो क्षेत्रमा वातावरण संरक्षणसँग सम्बन्धित कार्य गर्ने सबै सरकारी निकायहरू, विकास साझेदार, गैरसरकारी सङ्घ, संस्था तथा निजी क्षेत्रलाई वातावरणमैत्री स्थानीय शासनका सूचकहरू हासिल गर्न समन्वय, सहजीकरण तथा सहकार्य गर्ने,
- आ-आफ्नो भौगोलिक क्षेत्र भित्रका घर, परिवार, टोल/वस्ती, वडा सहित आफ्नो गाँउ/ नगरपालिकालाई वातावरणमैत्री घोषणा गर्न प्रयत्नरत रहने ।

**(३) विषयगत शाखा/कार्यालय**

- वातावरणमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्न स्थानीय तहलाई सहयोग र समन्वय गर्ने,
- आ-आफ्नो क्षेत्रमा संचालन हुने कार्यक्रमलाई वातावरणमैत्री ढंगवाट संचालन गर्ने,
- आ-आफ्नो क्षेत्रका वातावरणमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुनेगरी योजना तर्जुमा र कार्यान्वयन गर्ने,
- वातावरणमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने,
- आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण कार्यलाइ वातावरणमैत्री बनाउने ।

**(४) सामुदायिक तथा सहकारी सङ्घ, संस्था**

- सामुदायिक तथा सहकारी संस्थाका सदस्यहरूलाई वातावरणमैत्री स्थानीय शासनका घरपरिवार तह र टोल तहका आधारभूत सूचकहरू हासिल गर्न प्रेरित गर्ने,

- वातावरणमैत्री स्थानीय शासनका सूचकहरू हासिल गर्न सहयोग पुग्नेगरी आफ्नो क्रियाकलाप सञ्चालन गर्ने,
- वातावरणमैत्री स्थानीय शासनका सूचकहरू प्राप्त हुनेगरी सम्बन्धित स्थानीय तहसँग साझेदारी तथा सहकार्य गर्ने ।

## २.३.४ अन्य

### (१) गैरसरकारी संस्थाहरु

- सम्बन्धित स्थानीय तहको वार्षिक योजना तथा कार्यक्रममा संस्थाका क्रियाकलापहरु समावेश गरी स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा वातावरणमैत्री स्थानीय शासनका सूचकहरू हासिल गर्नेगरी उपलब्ध स्रोतको परिचालन गर्ने,
- स्थानीयस्तरका सामुदायिक एवं सामाजिक संघ, संस्थाहरूलाई वातावरणमैत्री स्थानीय शासनका सूचकहरू मापन गर्न आवश्यक पर्ने क्षमता विकास सम्बन्धी कार्यहरू सञ्चालन गर्न सहयोग गर्ने,
- वातावरणमैत्री स्थानीय शासनको अवधारणालाई घर-परिवारसम्म पुर्याउन स्थानीय तहसँगको समन्वयमा सामाजिक परिचालनका कार्यहरू सञ्चालन गर्ने,
- घर-परिवार, टोलबस्ती एवम् स्थानीय तहहरूबीच सकारात्मक प्रतिस्पर्धाको वातावरण निर्माण गर्न उत्प्रेरकको काम गर्ने ।


### (२) निजी क्षेत्र

- उद्योग व्यवसाय सञ्चालन गर्दा वातावरणमैत्री स्थानीय शासनका सूचकहरू हासिल गर्न सहयोग पुग्ने गरी गर्ने,
- सामाजिक उत्तरदायित्व (**Corporate Social Responsibility)** को रूपमा बिनियोजन हुने रकम वातावरणमैत्री स्थानीय शासनका सूचक हासिल गर्न सहयोग पुग्ने गरी लगानी गर्ने,
- वातावरणमैत्री स्थानीय शासनका सूचकहरू प्राप्त हुने गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहसँग साझेदारी तथा सहकार्य गर्ने ।

**सत्र १५ः समयः ९० मिनेट**

# संस्थागत व्यवस्था, भूमिका र जिम्मेवारी

यस प्रारुपको कार्यान्वयनको लागि देहाय बमोजिमको संस्थागत व्यवस्था गरिएको छः




## १ वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समिति

यस प्रारुपको उद्देश्य प्राप्तिका लागि आवश्यक नीतिगत निर्देशन, समन्वय र सहजीकरणका लागि देहाय बमोजिमको राष्ट्रिय समन्वय समिति रहनेछः

| | |
|---|---|
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अध्यक्ष |
| सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| सहसचिव, शहरी विकास मन्त्रालय | सदस्य |
| सहसचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| सहसचिव, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय | सदस्य |
| सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| सहसचिव, खानेपानी मन्त्रालय | सदस्य |
| सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य |

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति महासङ्घ, नेपाल नगरपालिका सङ्घ तथा गाउँपालिका राष्ट्रिय महासङ्घ | सदस्य |
| सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य सचिव |

*(नोटः हालसालै नेपाल सरकारले मन्त्रालयहरुको पूर्नसंरचना गरेको हुदा समितिमा रहने मन्त्रालयहरुको नाम सोही अनुरुप मिलाउन आवश्यक देखिन्छ)।*

यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क)** वातावरणमैत्री स्थानीय शासन कार्यक्रमहरूमा दोहोरोपना आउन नदिन नेपाल सरकारका विषयगत मन्त्रालय/निकाय, विकास साझेदार तथा राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई नीतिगत निर्देशन तथा समन्वय गर्ने,

**(ख)** वातावरणमैत्री जिल्ला, गाउँ तथा नगर घोषणा गर्न सहमति प्रदान गर्ने,

**(ग)** समग्र कार्यक्रमको समीक्षा गरी आवश्यक निर्देशन दिने,

**(घ)** यस प्रारुपमा उल्लिखित सूचकहरुलाई स्थानीय तहको विकास योजनामा मूलप्रवाहीकरण गर्न समन्वय तथा सहजीकरण गर्ने।

**(ङ)** कुनै स्थानीय तहले विशिष्ट सूचक समावेश गर्न स्वीकृतिका लागि माग गरेमा उपयुक्तता हेरी सहमति प्रदान गर्ने।

**(च)** वातावरणमैत्री जिल्ला, नगर र गाउँपालिकालाई पुरस्कृत र प्रोत्साहित गर्न उपयुक्त नीति तथा कार्यक्रम नेपाल सरकार समक्ष सिफारिस गर्ने।

**(छ)** यस प्रारुपको कार्यान्वयनका लागि आवश्यकता अनुसारका अन्य कार्यहरु गर्ने।

## २. वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति

वातावरणमैत्री स्थानीय शासन सम्बन्धी क्रियाकलापहरुको जिल्लास्तरमा गरिने मूल्याङ्कन, समन्वय र सहजीकरणका लागि देहाय बमोजिमको वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति रहनेछः

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | अध्यक्ष |
| जिल्लाभित्रका गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुख | सदस्य |
| प्रमुख जिल्ला अधिकारी | सदस्य |
| जिल्ला प्रहरी प्रमुख | सदस्य |
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्रमुख | सदस्य |
| डिभिजन वन अधिकृत | सदस्य |
| जिल्ला शिक्षा विकास तथा समन्वय एकाई प्रमुख | सदस्य |
| स्वास्थ्य कार्यालय प्रमुख | सदस्य |
| अध्यक्ष, जिल्ला उद्योग वाणिज्य सङ्घ | सदस्य |
| अध्यक्ष, गैरसरकारी संस्था महासंघ जिल्ला समिति | सदस्य |
| जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

भू-संरक्षण कार्यालय एवम् राष्ट्रिय निकुञ्ज तथा आरक्ष पर्ने जिल्लामा उक्त निकायका प्रमुखलाई सदस्यको रूपमा आमन्त्रित गर्नु पर्नेछ।

यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क)** जिल्लामा सञ्चालन हुने वातावरण संरक्षण, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

**(ख)** गाउँपालिका तथा नगरपालिकालाई वातावरणमैत्री बनाउन सहयोग, समन्वय तथा सहजीकरण गर्ने।

**(ग)** आधारभूत सूचक हासिल गर्ने गाउँपालिका तथा नगरपालिकालाई वातावरणमैत्री घोषणा गर्न सिफारिस गर्ने,

**(घ)** जिल्ला भित्रका वातावरणमैत्री घर-परिवार, टोल, वडा तथा गाउँपालिका एवम् नगरपालिका सम्बन्धी विवरण त्रैमासिक रूपमा वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समिति समक्ष पठाउने,

**(ङ)** जिल्लास्थित कार्यालयको अनुगमन मापन गरी सूचक पूरा गर्नेलाई वातावरणमैत्री कार्यालयको लोगो तथा कदरपत्र प्रदान गर्ने,

**(च)** परिस्कृत सूचक हासिल गर्ने गाउँपालिका तथा नगरपालिकालाई तारासहितको लोगो प्रदान गर्ने,

**(छ)** जिल्लालाई वातावरणमैत्री घोषणा गर्न आवश्यक कार्यहरू गर्ने, गराउने।

## ३. वातावरणमैत्री स्थानीय शासन गाउँ/नगर समन्वय समिति

वातावरणमैत्री स्थानीय शासनको प्रारुपको कार्यान्वयनका लागि गाउँ/नगरपालिकामा देहाय बमोजिमको गाउँ/नगर समन्वय समिति रहनेछः

| | |
|---|---|
| नगरपालिका प्रमुख/गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| अधिकृत प्रतिनिधि,जिल्ला समन्वय समिति | सदस्य |
| नेपाल प्रहरी, स्थानीय एकाई प्रमुख | सदस्य |
| खानेपानी तथा सरसफाई शाखाप्रमुख | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट तीनजना | सदस्य |
| सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष मध्येबाट दुईजना | सदस्य |
| सामुदायिक संस्थाका प्रमुख मध्येबाट पाँचजना | सदस्य |
| गाउँ/नगरपालिकास्तरीय उद्योग वाणिज्य सङ्घका प्रमुख | सदस्य |
| गैरसरकारी संस्थास्थानीय समन्वय समितिका प्रमुख | सदस्य |
| वातावरणतथा विपद् व्यवस्थापन महाशाखा/शाखा प्रमुख | सदस्य सचिव |

यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहमा सञ्चालन हुने वातावरण संरक्षण, विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, शहरी विकास तथा भूउपयोग योजना र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ख) वडालाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास तथा सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ग) वडालाई वातावरणमैत्री घोषणा गर्ने तथा घर परिवार र टोललाई वातावरणमैत्री घोषणा गर्न सहमती प्रदान गर्ने,

(घ) वातावरणमैत्री गाउँपालिका/नगरपालिका घोषणा गर्न सिफारिस गर्ने,

(ङ) वातावरणमैत्री घर-परिवार, टोल तथा वडा सम्बन्धी विवरण त्रैमासिक रुपमा वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति र राष्ट्रिय समन्वय समिति समक्ष पठाउने,

(च) वातावरणमैत्री टोल एवम् वडालाई पुरस्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने,

(छ) परिस्कृत सूचक हासिल गर्ने वडालाई तारासहितको लोगो प्रदान गर्ने,

(ज) गाउँपालिका तथा नगरपालिकाको विशिष्टताका आधारमा थप सूचक समावेश गर्नु पर्ने भए सहमतिका लागि वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति मार्फत राष्ट्रिय समन्वय समिति समक्ष अनुरोध गर्ने,

(झ) स्थानीय तहलाई पूर्णरुपमा वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरू गर्ने।

## ४. वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति

वातावरणमैत्री स्थानीय शासनको प्रारुपको कार्यान्वयनका लागि गाउँ/नगर पालिकाको वडा तहमा देहाय बमोजिमको वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति रहनेछः

| | |
|---|---|
| वडा अध्यक्ष | अध्यक्ष |
| वडा सदस्यहरु | सदस्य |
| नेपाल प्रहरी, स्थानीय एकाई प्रमुख | सदस्य |
| सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट एकजना | सदस्य |
| सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष मध्येबाट एकजना | सदस्य |
| सामुदायिक संस्थाका प्रमुख मध्येबाट दुईजना | सदस्य |
| क्रियाशिल गैरसरकारी संस्थाका स्थानीय प्रतिनिधि | सदस्य |
| वडा सचिव | सदस्य सचिव |

यस समितिको काम, कर्तव्य, अधिकार एवं जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) वडा तहमा सञ्चालन हुने वातावरण संरक्षण, विपद् व्यवस्थापन, भू-उपयोग योजना कार्यान्वयन, जलवायू परिवर्तन अनुकूलन र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ख) घर परिवार र टोललाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास, सहयोग, समन्वय तथा सहजीकरण गर्ने,

(ग) आधारभूत सूचक पूरा गर्ने घर परिवार र टोललाई वातावरणमैत्री घोषणा गर्ने,
(घ) वातावरणमैत्री वडा घोषणा गर्न गाउँपालिका तथा नगरपालिका समक्ष सिफारिस गर्ने,
(ङ) परिस्कृत सूचक हासिल गर्ने घर परिवार तथा टोललाई तारासहितको लोगो प्रदान गर्ने,
(च) वातावरणमैत्री घर-परिवार, टोलको विवरण त्रैमासिक रूपमा गाउँपालिका/नगरपालिकामा पठाउने,
(छ) वातावरणमैत्री घर परिवार एवम् टोललाई पुरस्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने,
(ज) वडालाई वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरू गर्ने।

## ५ कार्यान्वयन रणनीति, कार्यनीति/प्रक्रिया

### १.रणनीति

१. सन्नीकटताको सिद्धान्तको आधारमा स्थानीय तहको नेतृत्वमा वातावरण संरक्षण सम्बन्धी कार्यसञ्चालन गर्न प्रोत्साहित गर्ने।
२. सबै तहका लागि निर्धारित सूचकहरुको प्राप्तिमा सकारात्मक प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने।
३. वातावरणमैत्री स्थानीय शासन प्रारुपका विषयहरुलाई स्थानीय योजना प्रक्रियामा मूलप्रवाहीकरण गर्ने।
४. सबै तहको संस्थागत क्षमता विकास गरी सूचकहरु हासिल गर्न सघाउ पुऱ्याउने।
५. सूचना, शिक्षा र सञ्चारको माध्यमबाट सामाजिक व्यवहारमा परिवर्तन गर्ने।
६. सरोकारवालाहरु बीचको समन्वय र सहकार्यमा जोड दिने।
७. अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणका आधारमा निरन्तर सुधार गर्ने।

### २. कार्यान्वयन प्रक्रिया

#### १. प्रचार-प्रसार

श्रव्य-दृष्य, छापा, सामाजिक सञ्जाल एवम् अन्य उपयुक्त सञ्चार माध्यमबाट सन्देशमूलक सूचना प्रचार-प्रसार गरी घर-परिवारलाई आफ्नो घर तथा टोल बस्तीलाई आफ्नो टोल बस्ती एवम् समग्र गाउँ तथा नगरपालिकालाई वातावरणमैत्री बनाउन प्रेरित गरिनेछ। यस्ता सूचनामूलक सामग्री सरल भाषामा तयार गरी स्थानीय समुदायसम्म पुऱ्याईनेछ। साथै सरोकारवालाहरूलाई यस अवधारणाको बारेमा अभिमुखीकरण गरिनेछ। यस्तो अभिमुखीकरण हरेक समुदाय, विद्यालय तथा गाउँमा समेत सञ्चालन गरिनेछ।

#### २. आधार तथ्याङ्क सङ्कलन, विश्लेषण तथा अद्यावधिक

स्थानीय तहले यस प्रारूप बमोजिमका सूचकहरुको अवस्थाको विवरण सङ्कलन गर्न आवश्यकता अनुसार फारामहरूको विकास गर्नु पर्नेछ। सङ्कलन भएका विवरणका आधारमा सूचकहरुको अवस्था नियमित रुपमा अद्यावधिक गरी सो सम्बन्धी वार्षिक उपलब्धि प्रतिवेदन समेत तयार गर्नु पर्नेछ। यसरी तयार भएको प्रतिवेदन सबैको जानकारीका लागि कार्यालयको वेबसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## ३. संस्थागत व्यवस्था

यस प्रारूप बमोजिम जिल्ला तहमा वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति, नगरपालिकाहरूमा वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समिति, गाउँपालिकाहरूमा वातावरणमैत्री स्थानीय शासन गाउँ समन्वय समिति र गाउँ तथा नगरका वडामा वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति गठन गर्नु पर्नेछ।

विभिन्न तहमा क्रियाशील रहेका वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनसँग सम्बन्धित क्षेत्रमा काम गर्ने सबै सङ्घसंस्थालाई यस प्रारूप बमोजिमका सूचकहरू प्राप्त गर्नेगरी परिचालन र समन्वय गर्ने कार्य सम्बन्धित वातावरणमैत्री स्थानीय शासन वडा, गाउँ/नगर तथा जिल्ला समन्वय समितिले गर्नेछन्।

## ४. क्षमता विकास

### (अ) टोल-समुदाय तह

**(क)** गाउँपालिका/नगरपालिका भित्र कार्यरत सामाजिक परिचालकहरुको कार्य जिम्मेवारी र भूमिका थप गरी वातावरणमैत्री स्थानीय शासनको प्रारुप सम्बन्धी विषयमा समुदायको क्षमता अभिवृद्धिका लागि परिचालन गर्नु पर्नेछ।

**(ख)** टोल विकास संस्था/टोल सुधार समितिका सदस्यहरू, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, युवा क्लब तथा वन उपभोक्ता समूह जस्ता सामुदायिक संस्थाहरुलाई वातावरणमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखिकरण तथा क्षमता विकासका लागि तालिमहरु सञ्चालन गर्नु पर्नेछ।

**(ग)** समुदाय/टोल एवम् वडाहरूमा वातावरणमैत्री स्थानीय शासनबारे प्रचार/प्रसार र अन्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

**(घ)** अगुवा कृषकहरूमार्फत प्राङ्गारिक खेती, उन्नत खेती, खेतबारी संरक्षण तथा रासायनिक विषादीको नकारात्मक असर बारे कृषकहरुलाई प्रदर्शनी/चेतना जागरण र सीप प्रदान गर्ने/गराउने जस्ता क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

क्षमता विकास सम्बन्धी उपरोक्त क्रियाकलापहरु वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति मार्फत सञ्चालन गर्न उपयुक्त हुन्छ।

### (आ) वडा तह

वडा भित्रका महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, युवा क्लब, विद्यालयका सम्बन्धित विषय शिक्षक तथा सामाजिक परिचालकहरूलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा, घर-परिवार तथा वडा तहका सूचकहरू, सूचक हासिल गर्ने विधि र प्रक्रिया, मापन गर्ने विधि र प्रक्रियाबारे सम्बन्धित वडा वा गाउँपालिका/नगरपालिकाले आफै वा वडाको अगुवाइमा अभिमुखीकरण गर्नु पर्नेछ।

(इ) **गाउँपालिका/नगरपालिका तह**

**(क)** गाउँपालिका/नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन विषय हेर्ने शाखा, महाशाखाले यस प्रारुपको कार्यान्वयन जिम्मेवारी निर्वाह गर्नु पर्नेछ। छुट्टै शाखा वा एकाई नभएको अवस्थामा विद्यमान संरचनामा रहेको सरसफाई वा फोहरमैला व्यवस्थापन शाखा वा अन्य उपयुक्त शाखाको कार्य विवरण अद्यावधिक गराई वातावरणमैत्री स्थानीय शासनसम्बन्धी कार्यहरूको जिम्मेवारीसमेत थप गर्नु पर्नेछ।

**(ख)** वातावरणमैत्री स्थानीय शासन क्षेत्रमा काम गर्ने कर्मचारीहरूलाई वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, वातावरणीय अध्ययन प्रतिवेदन तथा भवन निर्माण संहिता जस्ता विषयमा समेत क्षमता विकास तालिम प्रदान गर्नु पर्नेछ।

**(ग)** गाउँपालिका/नगरपालिकाका वडा एवम् टोलहरू, सामुदायिक संस्था तथा टोल विकास संस्थाहरुको लागि क्षमता विकासका कार्यहरू सञ्चालन गर्नु पर्नेछ।

## तहगत खुड्किलाहरुः

नगर क्षेत्रमा घर परिवार तह, टोल विकास सस्था तह/समुदाय तह, वडा तह, पालिका तह,

गाउँपालिका क्षेत्रमा घर परिवार तह, वडा तह, पालिका तह ।

जिल्ला तह सामुहिक रुपमा ।

**सुझाबः**

१.देश संघीय संरचनामा गएको र प्रदेश सरकार क्रियाशील रहेको अवस्थामा प्रदेश सरकार स्तरीय समन्वय संयन्त्र समावेश गर्नु आवस्यक देखिन्छ । त्यस्तो समन्वय संयन्त्रको संरचना देहाय बमोजिम हुनु उपयुक्त हुनेछ ।

| | |
|---|---|
| १ प्रमुख सचिब, प्रदेश सरकार | संयोजक |
| २. सचिब, प्रदेश नीति योजना आयोग | सदस्य |
| ३. सचिब, प्रदेश अर्थ मन्त्रालय | सदस्य |
| ४. सचिब, प्रदेश कृषि सम्बन्धित मन्त्रालय | सदस्य |
| ५. सचिब, प्रदेश बन सम्बन्धित मन्त्रालय | सदस्य |
| ६. सचिब, प्रदेश स्वास्थ्य सम्बन्धित मन्त्रालय | सदस्य |
| ७. नेपाल नगरपालिका संघको प्रदेश संयोजक | सदस्य |
| ८. गाउँपालिका राष्ट्रिय महासंघको प्रदेश संयोजक | सदस्य |
| ९. सचिब, प्रदेश वातावरण सम्बन्धित मन्त्रालय | सदस्य-सचिब |

**सत्र १६ः समयः ९० मिनेट**

# वातावरणमैत्री स्थानीय शासन अवलम्बन र घोषणा

## १. अवलम्बन

वातावरणमैत्री स्थानीय शासन अवलम्बनका आधारहरू देहाय वमोजिम रहेका छन्ः

### (क) लगानीको लागि स्रोतको सुनिश्चितता

वातावरणमैत्री स्थानीय शासन अवलम्बन गर्न सर्बप्रथम स्थानीय तहको नीतिगत प्रतिबद्धता आवस्यक छ।नीतिगत प्रतिबद्धतालाई कार्यन्वयनमा ल्याउन कार्य योजना बनाई आबधिक, बार्षिक, बिषयगत योजनामा समावेश गराउनुपर्छ । सो बमोजिम आवस्यक वित्तीय स्रोतको व्यवस्थापन गर्नु पर्छ । आफ्नै स्रोत, सेवा शुल्कको व्यवस्था, संघीय/प्रादेशिक अनुदान, सम्बन्धित कार्यक्रम, निजि क्षेत्र, समुदाय तथा सार्बजनिक निजि साझेदारी जस्ता विभिन्न उपाय अपनाई वातावरणमैत्री स्थानीय शासन प्रारूप बमोजिमका सूचक हाशिल गर्न समयबद्ध रुपमा स्रोतको सुनिश्चितता गर्नु पर्छ ।

### (ख) जनशक्तिको आवस्यकता/उपलब्धता

वातावरणमैत्री स्थानीय शासन कुनै नयाॅ र थप कार्यक्रम नभई संविधान, नीति एवम् प्रचलित कानून बमोजिम स्थानीय तह आफै वा आफ्नो अगुवाइ वा समन्वयमा सम्पादन गर्नुपर्ने काम तथा जिम्मेवारीको सूची हो। यसमा मूल्याङ्कनयोग्य सरल सूचक तयार गरी सन्निकटताको सिद्धान्त बमोजिम घर-परिवार, टोल/बस्ती, वडास्तर तथा गाउँपालिका/नगरपालिका र जिल्लालाई यस्ता सूचक हासिल गर्न प्रोत्साहित गर्ने अवधारणामा आधारित भई तयार गरिएको छ। यसर्थ यसलाई कुनै नयाँ कार्यक्रमका रूपमा नलिई सम्बन्धित सबै तहले विद्यमान जनशक्तिलाई यस्ता सूचक हासिल गर्ने गरी जिम्मेवारी तोकी लक्ष्य प्राप्ति तर्फ उत्प्रेरित गर्न आवश्यक हुन्छ। त्यसैगरी सबै निकायले आ-आफ्नो क्षेत्रमा सञ्चालन भइरहेका वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूलाई यस प्रारूपसँग सामञ्जस्यता कायम गरी कार्यान्वयन गर्नु पर्दछ।पालिका तहमा वातावरण/फोहरमैला व्यवस्थापन/विपद व्यवस्थापन हेर्ने शाखा/महाशाखा/इकाईलाइ कार्यन्वयनमा समन्वय गर्ने गरि जिम्मेवारी दिन उपयुक्त हुन्छ ।

सङ्घीय तहमा आवश्यक समन्वय र सहजीकरण गर्ने कार्य सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखा प्रमुखको प्रत्यक्ष निर्देशनमा रही वातावरण तथा विपद् व्यवस्थापन शाखाले गर्नेछ।

### (ग) अभिलेख/प्रतिबेदन

स्थानीय तहले घरपरिवार देखि पालिका तहसम्मका वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको विद्धमान अवस्था, आवस्यकता, घोषणा गरिएका घर परिवार, टोल/समुदाय तथा वडाहरुको अभिलेख व्यवस्थित गरि राखु पर्छ । यस्तो अभिलेखलाई नियमित रुपमा अध्यावधिक गर्नुपर्छ ।बार्षिक रुपमा अध्यावधिक गरेको विवरण सबैको जनाकारीको लागि आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्छ । साथै यस्तो प्रतिबेदन सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकारको सम्बन्धित निकाय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(वातावरण व्यवस्थापन शाखा) मा पठाउनु पर्छ ।

## २. वातावरणमैत्री घोषणा र उत्प्रेरणाका बिधिहरु

वातावरणमैत्री स्थानीय शासन घोषणा र उत्प्रेरणाका बिधिहरु हरू देहाय वमोजिम रहेका छन्ः

### (क) वातावरणमैत्री घोषणा

**(१) घरपरिवार तहः** नगर क्षेत्रमा टोल विकास सस्थाले घरपरिवार तहको सूचक पुरा गरे नगरेको मापन गरि सिफारिस साथ वडामा प्रतिबेदन दिएपछि वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले पालिकाको सहमतिमा निर्णय गरि वातावरणमैत्री घरपरिवारको रुपमा घोषणा गर्ने ।गाउँपालिका क्षेत्रमा टोल विकास सस्था गठन भएको भए टोल विकास सस्थाले मापन गरि सिफारिश गरे बमोजिम हुने, यदी टोल विकास सस्था गठन भएको छैन भने वडा समन्वय समितिले तोकेको वडा सदस्यको संयोजकत्वमा सरोकारवालाहरु रहेको टोलिले मापन गरि गरेको सिफारिश र पालिकाको सहमतिको आधारमा वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले निर्णय गरि वातावरणमैत्री घरपरिवारको रुपमा घोषणा गर्ने ।

**(२) टोल विकास/समुदाय तहः** वडा समन्वय समितिले तोकेको वडा सदस्यको संयोजकत्वमा सरोकारवालाहरु रहेको टोलिले मापन गरि गरेको सिफारिस र पालिकाको सहमतिको आधारमा वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले निर्णय गरि वातावरणमैत्री टोलको रुपमा घोषणा गर्ने ।

**(३) वडा तहः** कार्यपालिका सदस्यहरु मध्येबाट वातावरणमैत्री स्थानीय शासन नगर/गाउँ समन्वय समितिले तोकेको सदस्यको संयोजकत्वमा पालिकाको प्राविधिक, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रमुख वा प्रतिनिधि, स्वास्थ्य कार्यालयका प्रमुख वा प्रतिनिधि, विद्यालयको प्रधानाध्यापक मध्येबाट एक जना र नगरस्तरमा क्रियाशील गैर सरकारी संस्थाका प्रतिनिधि समेतको टोलीमार्फत मापन गरि सो टोलीको प्रतिबेदन बमोजिम वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले निर्णय गरि पालिकामा सिफारिश गर्ने । वडा समन्वय समितिको सिफारिश र मापन टोलीको प्रतिबेदनको

आधारमा पालिकाले वातावरणमैत्री वडा घोषणा गर्ने ।यस्तो घोषणा बिशेष कार्यक्रमको आयोजना गरि गर्न सकिनेछ ।

**(४) पालिका तहः** जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको प्रतिनिधि, जिल्ला समन्वय अधिकारी, जिल्ला स्थित खानेपानी, शिक्षा, स्वास्थ्य, वनकार्यालयको प्रमुख एवम् जिल्ला भित्र क्रियाशील गैर सरकारी संस्थाहरुको समेत प्रतिनिधित्व रहेको टोली मार्फत मापन गरि मापन फाराम भरी जिल्ला सभामा सिफारिस साथ पठाउने । पालिका तथा जिल्ला समन्वय समितिको सिफारिश र मापन टोलीको प्रतिबेदनको आधारमा जिल्ला सभाले वातावरणमैत्री पालिका घोषणा गर्ने ।यस्तो घोषणा बिशेष कार्यक्रमको आयोजना गरि गर्न सकिनेछ ।

**(५) जिल्ला तहः** जिल्लाका सबै गाउँपालिका तथा नगरपालिकाहरू वातावरणमैत्री घोषणा भइसकेपछि र जिल्लाका सबै सूचक पुरा भएपछि जिल्ला सभाले निर्णय गरी वातावरणमैत्री जिल्ला घोषणाका लागि वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समितिसमक्ष अनुरोध गर्नु पर्नेछ। यस्तो अनुरोध प्राप्त भएपछि सो समितिबाट प्राविधिक उपसमिति मार्फत अनुगमन मूल्याङ्कन गरी सो उपसमितिको अनुगमन प्रतिवेदनको आधारमा निर्णय गरी विशेष कार्यक्रमसाथ जिल्लालाई वातावरणमैत्री जिल्लाको रूपमा घोषणा गरी परिच्छेद ६.२ बमोजिमको लोगो र कदरपत्र प्रदान गरिनेछ।

**(ख) उत्प्रेरणाका**

**(१) घर-परिवार तहः**

- निर्धारित सूचकहरू पुरा गरेको घर-परिवारलाई "वातावरणमैत्री घर परिवार" को घोषणा गरी लोगो तथा कदरपत्र प्रदान गर्ने र त्यस्तो लोगो सडकबाटै देखिने गरी सम्मान पाउने घरपरिवारको प्रवेशद्वारमा टाँस्ने व्यवस्था गर्नु पर्नेछ।
- वातावरणमैत्री घर-परिवारको सम्मान प्राप्त गर्नेलाई गाउँ/नगर सभाले निर्णय गरी स्थानीय तहको कानून बमोजिम लगाउने सेवा शुल्क तथा दस्तुरमा आंशिक वा पूर्ण छुटको व्यवस्था गर्न सक्नेछ।

**(२) टोल/समुदाय तह**

- टोल/समुदायले निर्धारित सूचकहरू पूरा गरी वातावरणमैत्री टोल घोषणा भएको अवस्थामा नगरपालिकाले त्यस्तो टोल/समुदायलाई वातावरणमैत्री सम्मान स्वरूप लोगो तथा कदरपत्र प्रदान गर्ने र त्यस्तो लोगो र कदरपत्र समावेश भएको होर्डिङ्गबोर्ड राख्न अनुमति प्रदान गर्न सक्नेछ।
- वातावरणमैत्री टोल/समुदाय घोषित भएका टोलबासी/समुदायको सिफारिसमा उक्त टोल समुदायका सदस्यलाई पालिकाले सञ्चालन गर्ने क्षमता विकासका क्रियाकलापहरू (तालिम, गोष्ठी, अवलोकन भ्रमण आदि) मा प्राथमिकताका साथ अवसर प्रदान गर्नेछ। साथै यस्तो कार्यमा

क्रियाशील टोललाई भौतिक साधनहरू (फर्निचर, कम्प्युटर आदि) बाट पुरस्कृत गर्न सक्ने र यस्ता टोलका पदाधिकारीलाई नगरकै अन्य टोलहरूमा स्रोत व्यक्तिका रूपमा उपयोग गर्ने व्यवस्था मिलाउन सकिनेछ।

**(३) वडा तह**

- निर्धारित सूचकहरू पूरा गरी वातावरणमैत्री घोषणा हुने वडालाई वातावरणमैत्री स्थानीय शासन गाउँ/नगर समन्वय समितिको निर्णय अनुरुप कदरपत्र तथा लोगो प्रदान गर्नेछ।
- वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिलाई गाउँपालिका/नगरपालिकाबाट प्रोत्साहन पुरस्कार प्रदान गर्न सकिनेछ। यस कार्यमा सक्रियताकासाथ सहयोग गर्ने व्यक्ति-विशेषलाई नगद पुरस्कारको पनि व्यवस्था गर्न सकिनेछ।
- वातावरणमैत्री घोषणा भएको वडालाई परिस्कृत सूचक हासिल गर्न गाउँपालिका/ नगरपालिकाबाट थप अनुदान प्रदान गर्न सकिनेछ।

**(४) गाउँपालिका/नगरपालिका तह**

- वातावरणमैत्री स्थानीय शासनका आधारभूत सूचकहरू पूरा गर्ने गाउँपालिका/ नगरपालिकालाई वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समितिद्वारा "वातावरणमैत्री गाउँपालिका/ नगरपालिका" को रूपमा कदरपत्र सहित लोगोद्वारा सम्मानित गर्नु पर्नेछ।
- वातावरणमैत्री घोषणा भएका गाउँपालिका/नगरपालिकालाई नेपाल सरकारले प्रोत्साहन गर्न सक्नेछ।

**(५) जिल्ला तह**

- जिल्ला भित्रका सबै गाउँपालिका तथा नगरपालिकाहरुले निर्धारित सूचकहरू पूरा गरेका जिल्लालाई नेपाल सरकारबाट "वातावरणमैत्री जिल्ला" को रूपमा कदरपत्र तथा लोगोबाट सम्मानित गरिनेछ।
- वातावरणमैत्री घोषणा भएका जिल्लालाई नेपाल सरकारले पुरस्कार वा प्रोत्साहन प्रदान गर्न सक्नेछ।

**(६) तारा प्रदान गर्ने प्रक्रिया**

वातावरणमैत्री घोषणा भएका र परिस्कृत सूचकहरु पूरा भएका घर परिवार, टोल, वडा, गाउँपालिका, नगरपालिका तथा जिल्लालाई वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८ को परिच्छेद ७.३ बमोजिम गरिने मापन तथा अनुगमनका आधारमा परिच्छेद ६.२ मा उल्लेख भए बमोजिमको तारा प्रदान गर्ने कार्य सम्बन्धित तहको वातावरणमैत्री स्थानीय शासन समन्वय समितिले वार्षिक रुपमा गर्नेछ।

# मोड्युल ५: अनुगमन, मूल्यांकन, प्रतिवेदन

**सत्र १७: समयः ९० मिनेट**

## सत्र १७ अनुगमन मूल्यांकन र प्रतिवेदन

### १. अनुगमन

### १.१ परिभाषा

अनुगमन भनेको योजना, आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवधिभर लागत, समय, प्रतिफल, गुणस्तर जस्ता पक्षलाई निरन्तर निगरानी गरी परि आउने कठिनाइ वा बाधा, व्यवधानहरु बारे ब्यवस्थापनलाई पूर्व जानकारी गराई लक्ष हासिल गर्न मद्दत पुर्याउने एक निरन्तर चलिरहने प्रकृया हो । अनुगमन अर्थात् फर्केर हेर्ने भन्ने सन्दर्भ बुझ्न कोसिस गर्दा कुनै कामको तयारी तथा कार्यान्वयन गर्दा त्यसले निर्धारित उपलब्धि हासिल गर्न सकेको छ कि छैन भनेर हेर्नु अनुगमन हो । अनुगमन कहिले कति पटक कसरी गर्ने भन्ने कुरा कामको किसिममा भर पर्ने हुन्छ । कुनै योजनामा कुनै काम एक पटक मात्र हुन्छ कुनै काम योजना सम्पन्न हुने बेला सम्म पटकपटक गरिरहनु पर्छ र कुनै काम सम्पन्न भएपछि मात्र अर्को काम सुरु हुन्छ, यस्तो योजनाको अनुगमन गर्दा अन्तिम नतिजा वा हरेक चरणको प्रक्रिया हेर्ने हो त्यसको निधो हुनु पर्छ र अनुगमनमा जानेले के नतिजा वा प्रकृया देखेको हो त्यो योजनाको नतिजा हासिल गर्न कस्तो हुनुपर्थ्यो भन्नि सल्लाह सहितको प्रतिबेदन अनुगमनमा खटाउने पदाधिकारी वा संस्था लाई दिनु पर्दछ । यसरी प्रतिबेदन पाएको आधारमा कमि, कमजोरी भएमा सुधार गर्ने र राम्रो भएकोमा सोलाई निरन्तरता दिने प्रबन्ध गर्नु नै अनुगमन हो । हरेक स्थानीय तहले सञ्चालित योजना, कार्यक्रम, आयोजनाहरूको नियमित अनगुमन गर्ने व्यवस्था मिलाउन पर्ने हुन्छ ।

### १.२ अनुगमनका तहहरु

अनुगमन सामान्यतया तिन तहमा हुन्छः

**(१) लगानी तहः** कार्ययोजना वमोजिम कार्यक्रम वा क्रियाकलाप संचालन र लगानी गरे नगरेको ।

**(२) प्रकृयागत तहः** तोकिएको विधि र प्रक्रिया अवलम्वन गरे नगरेको र सो अनुसार क्रियाकलाप भए नभएको ।

**(३) नतिजा तहः** अपेक्षित नतिजाहरु प्राप्त भैरहेको छ वा छैन वा आयोजना अवधिभरमा प्राप्त हुने आधार के छ ।

## १.३. अनुगमनका प्रकारहरू

विषय, परिवेश अनुसार अनुगमनका प्रकार निर्धारण हुने भए तापनि सामान्यतया तिन प्रकारका अनुगमन हुने गर्दछन् ।

### (१) उद्देश्यमा आधारित अनुगमन

- प्रक्रिया अनुगमन - जस्तैः दैनिक फोहोर संकलन कार्यको निगरानी ।
- परिणाम (Output/Outcome) अनुगमन - जस्तैः कुहिने र नकुहिने फोहरको वर्गिकरण, संकलन र व्यवस्थापन गर्ने घरपरिवारको प्रतिशत
- अनुपालन अनुगमन - जस्तैः भवन निर्माणमा वातावरणीय मापदण्ड पालना भए वा नभएको ।
- वित्तीय अनुगमन - जस्तैः बजेट खर्चको अवस्था ।
- सहभागितामूलक अनुगमन -जस्तैः टोल विकास संस्थाबाट फोहर व्यवस्थापनको अनुगमन ।
- विषय क्षेत्रगत अनुगमन - जस्तैः लैङ्गिक तथा सामाजिक समावेशीता को अवस्था ।

### (२) समयमा आधारित अनुगमन

- निरन्तर (Continuous): दैनिक, साप्ताहिक अनुगमन ।
- आवधिक (Periodic): activities based and time specified, मासिक, चौमासिक, वार्षिक ।

### (३) जिम्मेवारीमा आधारित अनुगमन

- आन्तरिक अनुगमनः सम्बन्धित विषयगत शाखा प्रमुख, कर्मचारी, वडा तहका पदाधिकारीले गर्ने अनुगमन ।
- बाह्य अनुगमनः जिल्ला समन्वय समिति, प्रदेश सरकार, संघीय निकाय, लगानीकर्ता, लेखापरीक्षक, मूल्यांकनकर्ता आदिले गर्ने अनुगमन ।

## २. संयुक्त अनुगमन

संयुक्त अनुगमन भन्नाले विभिन्न सरोकारवाला निकायहरूले संयुक्त रुपमा एउटै योजना, आयोजना, परियोजना वा कार्यक्रमको अनुगमन गर्ने प्रक्रिया हो । यसले समन्वय विकास, पारदर्शिता र उत्तरदायित्व बढाउँछ। एकल अनुगमन भन्दा संयुक्त अनुगमनले साझा बुझाइ र सुधारका सिफारिसहरू गर्नाको साथै सबैलाई जिम्मेवारी बोध पनि गराउदछ । यो अभ्यास संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य (vertical coordination) तथा विभागीय सहकार्य (horizontal coordination) मा आधारित हुन्छ। स्थानीय तहको अनुगमन प्रणालीमा यो अभ्यासलाई "Multi-stakeholder Monitoring" पनि भनिन्छ।

## २.१ संयुक्त अनुगमनको महत्व

संयुक्त अनुगमनले देहायका देहायका कार्यहरुमा सहयोग पुर्याउछः

- विभिन्न निकायबीचको समन्वय र सहयोग सुदृढ वनाउने ।

- निर्णय प्रक्रियामा पारदर्शिता र उत्तरदायित्व वृद्धि गर्ने ।
- तथ्यमा आधारित निर्णय गर्ने ।
- नागरिकको विश्वास र सहकार्य बढ्ने।
- योजना/कार्यक्रमको प्रभावकारिता र दिगोपनमा सुधार हुने ।
- दोहोरो अनुगमन तथा दोहोरो खर्चमा कमि आउने ।
- विकास कार्यक्रमहरूको वास्तविक र सर्वस्वीकार्य नतिजा देखाउन सकिने ।

## २.२ संयुक्त अनुगमनको प्रक्रिया

- अनुगमन को उद्देश्य, योजना/आयोजना/परियोजना/कार्यक्रम र सूचक निर्धारण गर्ने ।
- संघ, प्रदेश, स्थानीय तह र सरोकारवालाको प्रतिनिधित्व सुनिश्चित हुन गरी अनुगमन टोली गठन गर्ने ।
- समन्वय बैठक गरी जिम्मेवारी, मापदण्ड र समयमा सहमति गर्ने र अनुगमन टोलीको कार्यदेश तयार गर्ने ।
- स्थलगत भ्रमण, अवलोकन, वैठक, अन्तर्वार्ता आदिको माध्यमवाट सूचना संकलन गर्ने ।
- वस्तुगत समीक्षा गरी उपलब्धि, चुनौती, सिकाइ र सुधारका क्षेत्र पत्ता लगाउने ।
- आवश्यक सुझाव र निष्कर्ष सहितको संयुक्त प्रतिवेदन तयार गरी सम्वन्धित पदाधिकारी वा निकाय समक्ष पेश गर्ने ।
- प्रतिवेदनको कार्यान्वयन र सुधारको पक्षमा निगरानी गर्ने ।

## २.३ संयुक्त अनुगमनका चरणहरु

(क) पूर्व तयारी चरणः

- पूर्ववर्ती प्रतिवेदनहरूको अध्ययन ।
- योजना/कार्यक्रमको चयन, उद्देश्य निर्धारण र टोली गठन ।
- सूचक र अनुगमन चेकलिस्ट तयारी ।
- जिम्मेवारी र समयतालिका निर्धारण।

(ख) स्थलगत भ्रमण (Field Visit):

- कार्यस्थलको निरीक्षण तथा अवलोकन, लाभग्राही अन्तर्वार्ता, प्रगति विवरण सङ्कलन।
- फोटो, नक्सा, भिडियो लगायत प्रमाण सङ्कलन ।
- सरोकारवालासँग छोटो अन्तरक्रिया।

(ग) विश्लेषण चरणः

- प्राप्त सूचना, जानकारी समस्या र उपलब्धि लाई लिपिवद्ध गर्ने ।

- सूचकको मूल्याङ्कन (Performance Rating) गर्ने ।
- सुधारका लागि आवश्यक सिफारिस तय गर्ने ।

(घ) प्रतिवेदन चरण:

- संयुक्त अनुगमन प्रतिवेदन तयार गर्ने (agreed findings) ।
- सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।
- आवश्यक सिफारिस तथा सुझाव गर्ने ।
- अनुगमन प्रतिवेदन कार्यान्वयनको निगरानी गर्ने

## ३. स्थानीय तहमा अनुगमनको व्यवस्था

प्रत्येक स्थानीय तहले योजना तर्जुमाको प्रारम्भदेखि नै प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गर्नुपर्छ । साथै त्यस्तो प्रणाली नतिजामुखी र व्यवस्थापनमा आधारित हुनु पनि उत्तिकै जरुरी हुन्छ । अनुगमन गर्दा गाउँपालिका र नगरपालिकाहरूले कानून बमोजिम योजना, आयोजना तथा परियोजनाको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कनको लागि विभिन्न समितिहरू गठन गरी समग्र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु उपयुक्त हुन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले उपाध्यक्ष वा उपप्रमुखको र वडा अध्यक्ष को काम, कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवदेन बैठकमा पेश गर्नुपर्ने प्रावधान राखेको छ । त्यस्तो अनुगमन तथा सुपरीवेक्षण समितिहरु वडास्तरमा समेत गठन गर्नुपर्छ र वडास्तरका पदाधिकारीहरुलाई संयोजनको जिम्मेवारी दिनुपर्छ । अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक बजेटको व्यवस्था सहित वार्षिक अनुगमन योजना, जिम्मेवार एकाइ, दक्ष कर्मचारी, श्रोत साधनको उचित व्यवस्था गर्नु पर्छ ।

**अनुगमन तथा सुपरिवेक्षण समिति**

| | |
|---|---|
| उपाध्यक्ष/उप प्रमुख- | संयोजक |
| अध्यक्ष/प्रमुखले तोकेका एकजना महिला सहित कार्यपालिकाका सदस्यमध्येबाट दुई जना- | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| योजना शाखा/एकाईको प्रमुख- | सदस्य– सचिव |

वडाभित्र सञ्चालित योजनाको अनुगमन गरी पृष्ठपोषण दिन वडाध्यक्षको संयोजकत्वमा सबै वडा सदस्यहरु सदस्य र वडा सचिव सदस्य सचिव रहेको **वडास्तरीय अनुगमन समिति** रहेको,

**अनुगमन तथा सुपरिवेक्षण समितिका काम, कर्तब्य तथा अधिकार देहाय वमोजिम हुनेछ :**

- योजना तथा कार्यक्रमबाट अपेक्षा गरिएको नतिजा प्राप्तिका लागि सहजीकरण गर्ने प्रमुख जिम्मेवारी हुने,

- योजना तथा कार्यक्रम अनुगमनका लागि वार्षिक कार्यतालिका तयार गरी कार्यपालिकालाई जानकारी दिने,
- कार्यतालिका अनुसार नियमित वा आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने,
- अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार विज्ञलाई संलग्न गराउने,
- अनुगमन भएको सात दिनभित्र प्रतिवेदन कार्यपालिकामा पेशगरी सो को बैठकमा छलफल गर्ने गराउने,
- अनुगमनमा देखिएका विषयमा सुधारका लागि सम्बन्धित प्राविधिक तथा सम्बद्ध उपभोक्ता समिति, परामर्शदाता एबम् निर्माण व्यबसायीलाई निर्देशन दिने,
- कार्यान्वयनमा देखापरेका विवाद वा समस्या समाधानका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,
- कुनै हिनामिना, अनियमितता वा गुणस्तर र परिमाण नभएको यकिन भएमा कारबाहीको लागि रायसहित कार्यपालिकामा पेश गर्ने,

अनुगमन कार्यको वार्षिक प्रतिवेदन तयारी गरी आर्थिक वर्षको अन्तिममा कार्यपालिकामा पेश गर्ने सो प्रतिवेदन प्रत्येक वर्ष श्रावण महिनाभित्र कार्यालयको वेबसाइट र उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउने।

योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्ने मूल जिम्मेवारी उपाध्यक्ष वा उपप्रमुखको रहेको छ । वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा सम्वन्धित उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने अधिकार वडा समितिमा छ । वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने काम वडा अध्यक्षको काम कर्तब्य अधिकार भित्र पर्दछ ।सबै प्रकारका निरीक्षण, सुपरीवेक्षण, अनुगमन र नियमनका लागि तथ्य, सूचना, विवरण आदि आवश्यक पर्छ । यस्ता तथ्य तथ्याङ्क बस्ती तथा वडाहहरु बाट प्राप्त हुने हुँदा वडा समितिहरुले ती तथ्याङ्कहरु सङ्कलन, प्रसोधन अभिलेखीकरण र भण्डारण को व्यवस्थापन गर्नुपर्छ र आवश्यकता र माग अनुसार सम्बन्धित पक्षलाई उपलब्ध गराउनुपर्छ ।

योजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा योजनामा निर्धारण भएका पक्षहरुको संलग्नता, कार्य क्षेत्र र रणनीतिका पक्ष तथा सूचकहरुलाई समावेश गर्नु पर्दछ । अनुगमन र मूल्याङ्कन गर्दा अन्य पक्षहरु जस्तै गैससको संलग्नता, सूचकहरुको स्पष्टता र गुणस्तर को मापन लाई समेत आधार लिनु पर्दछ । अनुगमनका क्रममा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता औजारहरुको प्रयोगबाट प्राप्त नतिजाहरुको विश्लेषण गर्नुपर्छ । विभिन्न निकायको संस्थागत क्षमता, समन्वय र सञ्चालन क्षमताको बिश्लेषण गर्दा सहयोगी संस्था, जनशक्ति, निर्णय गर्ने प्रक्रिया आदिबारे समेत विश्लेषण गर्नु पर्दछ ।

## ४. वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको अनुगमन

योजना वा कार्यक्रमको प्रारम्भ वा परिणाम कुनै पनि अवस्थालाई संख्यात्मक तथा व्याख्यात्मक रूपमा सरल तरिकाबाट मापन गर्ने आधार भनेको सूचक हो । सूचकको आधारमा कार्यक्रम तथा योजनाहरूमा भएको लगानी र क्रियाकलापले ल्याउने परिवर्तनको मापन एवम् सोही आधारमा अनुगमन तथा मूल्याङ्कन गर्न सकिन्छ ।एउटा राम्रो सूचक के मापन गर्ने भन्ने विषयमा सरल र स्पष्ट हुनुपर्छ । त्यसैले वातावरणमैत्री स्थानीय शासनका सूचक अनुगमन गर्दा देहायको विषयलाई ध्यानमा राख्नु पर्दछः

- सूचक खास विषय सम्बन्धी र स्पष्ट (Specific) हुनुपर्छ ।
- सूचक वाञ्छित परिवर्तन मापन गर्न सकिने मापनयोग्य (Measurable) हुनुपर्छ ।
- सूचकहरू नतिजा हासिल गर्न सकिने (Attainable) खालका हुनुपर्छ ।
- सूचकहरु चाहेको नतिजा समेट्न र अपेक्षित प्रतिफल तथा उपलब्धिलाई सान्दर्भिक रूपमा मापन गर्न भरपर्दो (Reliable) हुनुपर्छ ।
- सूचक प्राप्तिको लागि निश्चित समय अवधि तोकेको (Time bound) हुन पर्छ ।

**सूचक अनुगमन नमूना फारम**

| अनुगमनको विषय | अनुगमन जिम्मेवारी र समय | सूचक विवरण | सूचक मापन विधि |
|---|---|---|---|
| | | | |
| • बिषय क्षेत्रगत सूचकहरु | • कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति ।<br>• चौमासिक/ वार्षिक । | • प्रत्येक घरमा शौचालयको व्यवस्था र त्यसको उचित प्रयोग भएको ।<br>• आफ्नो घर भित्रको फोहर सड्ने र नसड्ने वर्गीकरण गरी सड्नेलाई आफै वा समूहमा मिलि मल वनाउने गरेको ।<br>• नसड्ने फोहरलाई नगरपालिकाले तोके बमोजिम उचित व्यवस्थापन गरेको । | • सहभागितामूलक ।<br>• नतिजामूलक अनुगमन खाका ।<br>• स्थलगत अनुगमन । |

**वातावरणमैत्री स्थानीय शासन को अनुगमन प्रक्रियामा नागरिक समाज संस्थाको भूमिका**

- स्थानीय तहमा सन्चालन भएका योजना तथा कार्यक्रमहरुमा उपयुक्त तरिकाले काम भए नभएको हेर्ने ।
- घरपरिवार र समुदायस्तरमा सूचकको अवस्था अनुगमन गर्न आवश्यक पैरवी गर्ने ।
- आफुले देखेका कुराहरु वडा समिति/कार्यालयलाई जानकारी दिने ।
- अनुगमन प्रक्रियामा नागरीक सहभागिता बढाउन वकालत गर्ने ।
- औपचारिक तथा अनौपचारिक अनुगमनमा सहभागी हुने र उपभोक्ता हितका लागि काम गर्ने ।
- सार्वजनिक सेवालाइ गुणस्तरीय र भरपर्दो बनाउन खबरदारी गर्ने ।
- आम चासोका बिषयमा जनचेतना जगाउने ।
- नागरिक सशक्तिकरणमा नेतृत्वदायि भूमिका निर्वाह गर्ने ।

## ६. प्रतिवेदन

प्रत्येक योजना, आयोजना तथा कार्यक्रमको जिम्मेवार व्यक्ति वा निकायले मासिक, चौमासिक र बार्षिक रुपमा स्थानीय तहले तोकिदिएको ढाँचामा प्रगति प्रतिबेदन बुझाउनु पर्दछ । अनुगमनको लागि तोकिएको जिम्मेबार समिति, अनुगमन टोली, पदाधिकारी र कर्मचारीले अध्ययन गरी अनिबार्य रुपमा पृष्ठपोषण गर्नुपर्दछ । यस्तो पृष्ठपोषणले योजना वा प्रगति प्रतिवेदनमा भएका कमी कमजोरीलाई सुधार गर्ने अबसर मिल्दछ । वडा समितिको काम, कर्तव्य र अधिकारमा मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने व्यवस्था छ । वातावरणमैत्री स्थानीय शासन स्थानीय तहको जिम्मेवारीको विषय भएको हुदा यस सम्वन्धमा भए गरेका कार्यहरुको प्रतिवेदन तयार गर्ने, गराउने, समिक्षा गर्ने र प्राप्त उपलव्धिको प्रचार, प्रसार तथा अन्य क्षेत्रमा विस्तार गर्ने कार्य गर्नु पर्दछ ।

## ७. प्रतिबेदनको ढाचा, बिधि, प्रक्रिया

नियमित प्रगति प्रतिवेदन को ढाँचा

- परिचय
- मुख्य गतिविधिहरू
- भौतिक प्रगति (%)
- वित्तीय प्रगति (%)
- उपलब्धि (output)
- समस्या/चुनौती
- समाधानका उपाय
- आगामी योजना
- चित्र, नक्सा, प्रमाण

## ८. मूल्याङ्कन (Evaluation)

मूल्याङ्कन भनेको कुनै पनि योजना, आयोजना, कार्यक्रम सम्पन्न भएपछि लक्ष्य वमोजिमको कार्य भयो वा भएन अपेक्षित प्रतिफल प्राप्त भयो भएन भनि अध्ययन गर्ने विधि हो । योजना, आयोजना, कार्यक्रम कार्यान्वयन सम्पन्न भैसकेपछि मात्र मूल्याङ्कन गरिन्छ । सामान्यतया आयोजना कार्यान्वयनमा संलग्न नरहेका निकायबाट मूल्याङ्कन गरिन्छ । आन्तरिक प्रयोजनका लागि कार्यान्वयन गर्ने निकाय आफैले योजना तथा कार्यक्रमको मूल्याङ्कन गर्ने प्रचलन छ । मूल्याङ्कन गर्दा सहभागितामुलक पद्धति अवलम्वन गर्ने गरिन्छ । मूल्याङ्कनको उद्देश्य योजना र कार्यक्रमको उपलव्धि, प्रभावकारिता, दक्षता र दिगोपन मापन गर्नु हो।

### मूल्याङ्कनका किसिम

- Formative Evaluation: कार्यक्रम सञ्चालन अवधिमा सुधारका लागि गरिने मूल्याङ्कन।
- Summative Evaluation: कार्यक्रम समाप्ति पछि परिणाम र प्रभाव मापनका लागि गरिने मूल्याङ्कन ।
- Impact Evaluation: दीर्घकालीन परिणाम (environmental quality, social change) अध्ययन गर्नका लागि गरिने मूल्यांकन ।
- Participatory Evaluation: लाभग्राही र सरोकारवालाको प्रत्यक्ष सहभागितामा गरिने मूल्यांकन ।

### मूल्याङ्कन विधि (नमूना)

| लगानी | प्रतिफल | असर | प्रभाव |
|---|---|---|---|
| स्वास्थ्य र सरसफाई कार्यक्रम को लागि अनुदान । | आफ्नो घर भित्रको फोहर सड्ने र नसड्ने वर्गीकरण गरी सड्नेलाई आफैं वा समूह बनाई मल बनाउने गरेको । | फोहर मैला व्यवस्थापन भई प्रदूषण नियन्त्रण भएको । | मानव स्वास्थ्यमा सुधार भएको र झाडा पखाला नियन्त्रण भएको । |

# कार्य योजना

## १.कार्य योजनाको शीर्षक (Title of Action Plan)

- योजना/कार्यक्रमको नाम ।
- सम्बन्धित तह (घर-परिवार, टोल, वडा, नगरपालिका/गाउँपालिका, जिल्ला) ।
- कार्यान्वयन अवधि (Start – End Date) ।

## २. उद्देश्य (Objective / Goal)

- वातावरणमैत्री स्थानीय शासनको सिद्धान्त अनुरूप **पर्यावरणमैत्री, दिगो र समावेशी लक्ष्य** स्पष्ट गर्नुहोस्।
- उदाहरणः "स्थानीय तहमा सुरक्षित खानेपानी, सरसफाई र हरित पूर्वाधार सुनिश्चित गर्ने।"

## ३.कार्यगत क्षेत्र / बिषय (Sector / Thematic Area)

- खानेपानी, सरसफाई, फोहर व्यवस्थापन ।
- विपद जोखिम न्यूनीकरण ।
- कृषि / जलवायु अनुकूलन ।
- हरियाली, बन र भू संरक्षण ।
- सडक, पूर्वाधार र यातायात ।
- खाद्य सुरक्षा, करेसाबारी ।

## ४.मुख्य क्रियाकलाप / गतिविधि (Key Activities / Actions)

| क्र.स. | गतिविधि विवरण | जिम्मेवार इकाई | समयावधि | स्रोत/बजेट | सूचक/परिणाम (Indicators / Outputs) |
|---|---|---|---|---|---|
| १ | उदाहरणः घरघरमा सुरक्षित पानीको पहुँच सुनिश्चित | स्थानीय जल स्रोत इकाई | ०८२—८३ | स्थानीय बजेट + CSR | घरपरिवारमा सुरक्षित पानी ८०% पहुँच |
| २ | सामुदायिक फोहर व्यवस्थापन कार्यक्रम सञ्चालन | नगरपालिका/गाउँपालिका | त्रैमासिक | बजेट + समुदाय योगदान | फोहर वर्गीकरण ७०% घरमा लागू |

### ५.बजेट / स्रोत (Budget / Resources)

- स्थानीय तह बजेट ।
- CSR / Donor / NGO योगदान ।
- समुदाय / घरपरिवार योगदान ।
- अन्य स्रोत ।

### ६.अनुगमन र मूल्याङ्कन (Monitoring & Evaluation)

- जिम्मेवारीः वातावरण शाखा /EFLG कार्यान्वयन इकाई / अनुगमन टोली ।
- सूचक आधारमा प्रगति मूल्याङ्कन (क्वान्टिटेटिभ र क्वालिटेटिभ) ।
- समय-समयमा रिपोर्टिङः त्रैमासिक / वार्षिक ।

### ७.जोखिम र समाधान उपाय (Risks & Mitigation)

- सम्भावित चुनौतीहरूः बजेट अभाव, मानव स्रोत कमी, प्राकृतिक विपद् ।
- समाधान उपायः स्रोत विविधीकरण, तालिम, आपतकालीन योजना ।

### ८. टिप्पणी / अतिरिक्त जानकारी (Remarks / Additional Notes)

- सहकार्य गर्ने साझेदार ।
- समुदाय सहभागिता/सल्लाह ।
- कानुनी/नीति निर्देशिका अनुपालन ।

**सत्र १९: समयः ९० मिनेट**

# वातावरणमैत्री स्थानीय शासन कार्यान्वयन कार्य योजना तयारी (समूह कार्य)

**१. सत्र शीर्षक**

वातावरणमैत्री स्थानीय शासन कार्यान्वयन कार्य योजना (Action Plan) तयारी ।

**२. अवधि**

१ घण्टा ३० मिनेट (अभ्यास सहित) ।

**३. लक्ष्य/उद्देश्यहरू**

सत्र समाप्तिमा सहभागीलेः

१. वातावरणमैत्री स्थानीय शासन का Thematic Area र Cross-cutting क्षेत्रका सूचकहरूको समीक्षा गर्न सक्ने।
२. आफ्नो स्थानीय तहको वास्तविक अवस्था (Baseline) पहिचान गर्न सक्ने।
३. प्राथमिकता कार्यक्रम, गतिविधि, जिम्मेवारी, समयसीमा र स्रोतसाधनसहित EFLG कार्य योजना तयार गर्न सक्ने।

**४. आवश्यक सामग्री**

- फ्लिपचार्ट, मार्कर ।
- सूचकहरूको सूची (Handout) ।
- स्थानीय तहका अस्तित्वमा रहेका योजना/नीतिहरू ।
- म्याट्रिक्स टेम्प्लेट (Action Plan Matrix) ।

**५. सत्र सञ्चालन विधि**

**(१) परिचय र उद्देश्य (५-१० मिनेट)**

- सहभागीहरुलाई अध्यासको उद्देश्यहरु वारे जानकारी दिने ।
- वातावरणमैत्री स्थानीय शासन कार्य योजना किन आवश्यक? (कानूनी, संस्थागत, बजेट, सूचक मापन)? जानकारी दिने ।

**(२) सूचकहरूको समीक्षा (१० मिनेट)**

- सहभागीलाई समूहमा विभाजन गरी सूचकहरू Review गराउने ।

**(३) आधार अवस्था (१५ मिनेट)**

- प्रत्येक समूहले आफ्नो क्षेत्रको आधार अवस्था लेख्ने ।
- समस्या र सम्भावना प्रस्तुत गर्ने ।

**(४) प्राथमिकता निर्धारण (१० मिनेट)**

- SMART अनुशरण ।

**(५) कार्य योजना विकास (४५ मिनेट)**

समूहगत रूपमा निम्न म्याट्रिक्स भर्नेः

| गतिविधि | उद्देश्य | प्रमुख कार्यहरू | जिम्मेवार निकाय | स्रोत (मानव/वित्तीय) | समय सीमा | सूचक/मापन विधि |
|---|---|---|---|---|---|---|

**मार्गदर्शन**

- एक गतिविधि = ठोस, मापन योग्य ।
- स्थानीय तहका विद्यमान योजना/बजेटसँग मिलाइने ।
- Gender, Inclusion, Climate Risk समावेश गर्ने ।

**६. सहजकर्ताको भूमिका**

- मार्गदर्शन, समय व्यवस्थापन ।
- सहभागीबाटै विचार र गतिविधि निकाल्ने ।
- सूचकहरू बुझाउन सहयोग गर्ने ।
- Action Plan लाई स्थानीय तहको Context अनुसार मिलाउने ।

**सत्र २०: समयः ९० मिनेट**

# कार्य योजना प्रस्तुति, छलफल र समापन

**साधारण उद्देश्यः** यस सत्रको अन्तमा सहभागीहरुले सिकेका कुरालाई आफ्नो कार्यक्षेत्रमा कसरी कार्यान्वयन गर्ने बारे कार्ययोजना तयार भएको हुनेछ ।

**निर्दिष्ट उद्देश्यः** सत्रको अन्तमा सहभागीहरुले

- सिकाई कार्यान्वयन गर्ने बारे कार्ययोजना तय गर्न सक्नेछन् ।
- समग्र तालिमको सिकाई उपलव्धी मूल्याकङ्न गर्न सक्नेछन् ।
- प्रशिक्षण कार्यक्रमको औपचारिक रुपमा समापन हुनेछ ।

**सत्रका मुख्य विषयवस्तुः**

- कार्य योजना प्रस्तुति ।
- अपेक्षा पुनरावलोकन ।
- तालिमको संक्षेपीकरण ।
- तालिम पश्चातको जानकारी ।
- तालिम मूल्याङ्कन ।
- तालिम समापन ।

| प्रशिक्षण — सिकाई क्रियाकलाप | अवधि मिनेट | प्रशिक्षण — सिकाई सामाग्री | कैफियत |
|---|---|---|---|
| **क्रियाकलाप १ सहभागीहरुको ध्यानाकर्षण**<br>▪ सहभागीहरु सवैलाई उठ्न लगाउनुहोस् ।<br>▪ सवैलाई ताली वजाउन लगाउनुहोस् र ध्यानाकर्षण गर्नुहोस् । | ३ मिनेट | | |
| **क्रियाकलाप २ सत्रको नाम, उद्देश्य र विषयवस्तु**<br>• सत्रको नाम, उद्देश्य, विषयवस्तु र समय अवधि वताउनुहोस् । | ३ मिनेट | स्लाइड प्रस्तुति | पावर प्वाइन्ट स्लाइड |
| **क्रियाकलाप ३ कार्ययोजना प्रस्तुतिकरण**<br>• कार्ययोजना प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• प्रस्तुतिकरणमा केही थपघट गर्नु पर्ने भए गर्न लगाउनुहोस् ।<br>• यो योजना लेख्न मात्र नभै कार्यान्वयन गर्नुपर्छ भनी वताउनुहोस् । | ४० मिनेट | लघु प्रवचन | |

| प्रशिक्षण — सिकाई क्रियाकलाप | अवधि मिनेट | प्रशिक्षण — सिकाई सामाग्री | कैफियत |
|---|---|---|---|
| **क्रियाकला ४ सत्र संक्षेपीकरण**<br>• सहभागीहरुको केही जिज्ञासाहरु भए समेट्दै यस सत्रमा गरिएका कार्यहरुलाई समेट्दै संक्षेपीकरण गर्नुहोस् । | ५ मिनेट | लघु प्रवचन | |
| **क्रियाकलाप ५ सत्र मूल्यांकन**<br>▪ यस सत्रमा राखिएका निर्दिष्ट उद्देश्यहरु हासिल भए कि भएनन् भनेर थाहा पाउनको लागि सहभागीहरुलाई निम्न प्रश्नहरु गर्नुहोस् ।<br>▪ कार्ययोजना भनेको के हो<br>▪ कार्ययोजनामा के के विषयहरु हुन्छन्<br>▪ अहिले तयार गरिएको कार्ययोजनामा के के क्रियाकलापहरु राखियो | ५ मिनेट | लघु प्रवचन | |

| प्रशिक्षण — सिकाई क्रियाकलाप | अवधि मिनेट | प्रशिक्षण — सिकाई सामाग्री | कैफियत |
|---|---|---|---|
| **क्रियाकलाप ६ तालिम पश्चातको जानकारी र मूल्याङ्कन**<br>▪ सहभागीहरुलाई तालिम पश्चात्को फाराम वितरण गरी भर्न अनुरोध गर्नुहोस् ।<br>▪ सहभागीहरुलाई तालिमको मूल्याङ्कनको लागि तयार गरिएको तालिम मुल्याङ्कन फाराम वितरण गरी भर्न लगाउनुहोस् ।<br>▪ सहभागीहरुलाई आवश्यकता परेमा फारामहरु भर्न सहजीकरण गर्नुहोस् ।<br>**तालिम संक्षेपीकरण र अग्रसम्वन्ध**<br>▪ प्रशिक्षकले तालिम अवधिभर छलफल भएका विषयवस्तुहरुलाई संक्षिप्त रुपमा स्मरण गराउनुहोस् ।<br>▪ सहभागीहरुबाट आएको अपेक्षाहरुको पुनरावलोकन गर्दै तालिममा समेटिएका र नसमेटिएका विषयवस्तुहरुको जानकारी गराउनुहोस् ।<br>▪ सहभागीहरुलाई सक्रिय सहभागिताको लागि धन्यवाद दिदै प्राविधिक सत्रहरु समाप्त भएको भन्दै अव यस पछि समापन कार्यक्रम हुनेछ भनी सत्र अन्त्य गर्नुहोस्। | १५ मिनेट | | फारामहरु |

**तालिम समापन**

- तालिमसँग सम्बन्धित सिकाई बारे समावशीताको आधारमा तीन जना सहभागी लाई एक एक मिनेटको समय दिई बोल्न लगाउने ।
- तालिम संयोजकलाई तालिममा गरिएको अपेक्षा र सहभागीहरुले हासिल गरेको ज्ञान सीपको मूल्यांकन सहित छोटो मन्तव्य दिन लगाउने ।
- प्रमाणपत्र वितरण ।
- अतिथिहरुको मन्तव्य ।
- धन्यवाद ज्ञापन र समापन ।

# अनुसूचीहरु

## अनुसूची १ः वातावरणमैत्री स्थानीय शासनः तालिमको सत्र

| मिति | पहिलो सत्र | चिया | दोश्रो सत्र | खाना | तेश्रो सत्र | चिया | चौथो सत्र |
|---|---|---|---|---|---|---|---|
| पहिलो दिन | ▪ शुभारम्भ, परिचय, उद्देश्य, अपेक्षा सङ्कलन, समूह मान्यता, प्रशिक्षण पूर्व जानकारी | | ▪ वातावरणमैत्री स्थानीय शासन | | ▪ वातावरण सम्बन्धि संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाहरु | | ▪ वातावरणमैत्री स्थानीय शासन र विषय क्षेत्रगत अन्तरसम्बध |
| दोश्रो दिन | ▪ वातावरणमैत्री स्थानीय शासन र विषय क्षेत्रगत अन्तरसम्बध | | ▪ योजना तर्जुमा र वातावरणमैत्री स्थानीय शासन | | ▪ वातावरणमैत्री स्थानीय शासनको लागि स्रोत (वित्तीय) व्यवस्थापन | | ▪ समूह कार्य र सफल उदाहरण (अन्तरक्रिया/ छलफल |
| तेश्रो दिन | ▪ वातावरणमैत्री स्थानीय शासन: मूलप्रबाहिकरण | | ▪ वातावरणमैत्री स्थानीय शासन: बिषय क्षेत्रगत नतिजा सूचकहरु | | अन्तरसम्बन्धित विषय तथा शासकीय सूचकहरु | | ▪ समूह कार्य र सफल उदाहरण (अन्तरक्रिया/ छलफल |
| चौथो दिन | ▪ सूचकको मापन बिधि र संयन्त्र | | ▪ साझेदार संस्थाहरुको नक्सांकन र भूमिका | | ▪ सस्थागत व्यवस्था, भूमिका र जिम्मेवारी | | ▪ वातावरणमैत्री स्थानीय शासन: अवलम्बन र घोषणा |
| पाचौ दिन | ▪ अनुगमन, मुल्यांकन र प्रतिबेदन | | ▪ वातावरणमैत्री स्थानीय शासन: कार्ययोजना | | ▪ वातावरणमैत्री स्थानीय शासन कार्ययोजना तयारी र प्रस्तुति, (समुह कार्य) | | ▪ समापन कार्यक्रम |

## अनुसूची २:  तालिम कार्यक्रमको विस्तृत विवरण

| दिन/समय | कार्यक्रम विवरण |
|---|---|
| **पहिलो दिन** | |
| १०:००-१०:४५ | अनौपचारिक शुभारम्भ, स्वागत, परिचय, उद्देश्य, पूर्व परिक्षण |
| १०:४५-११:१५ | ई मोडियुल प्रस्तुती |
| ११:१५-१२:०० | वातावरणमैत्री स्थानीय शासनको अवधारणा |
| १२:००- १२:४५ | वातावरणमैत्री स्थानीय शासनको नीतिगत व्यवस्था |
| १२:४५-१:३० | खाना |
| १:३०-२:३० | खाद्य सुरक्षा तथा जलवायु उत्थानशिल कृषि |
| २:३०-३:०० | सफल अभ्यास १-छलफल |
| ३:००-३:१५ | चिया ब्रेक |
| ३:१५-४:१५ | खेल १- समूह कार्य |
| ४:१५-५:०० | भू-उपयोग योजना, वस्ती तथा शहरी विकास मापदण्ड, भवन संहिता |
| ५:००-५:३० | दिनभरको संक्षेपीकरण तथा सामुहिक छलफल |
| **दोस्रो दिन** | |
| ७:३०-८:३० | ब्रेकफाष्ट |
| ८:३०-९:०० | समीक्षा |
| ९:००-९:४५ | खानेपानी, सरसफाइ, फोहरमैला व्यवस्थापन र वातावरण संरक्षण |
| ९:४५-१०:३० | स्थानीय पूर्वाधार विकास |
| १०:३०-११:०० | चिया ब्रेक |
| ११:००-१२:३० | योजना तर्जुमा |
| १२:३०-१:३० | खाना |
| १:३०-२:३० | वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि वित्तीय स्रोत व्यवस्थापन |
| २:३०-३:०० | सफल अभ्यास २, भिडियो १ |
| ३:००-३:१५ | चिया ब्रेक |
| ३:१५-४:३० | खेल २, समूह कार्य |
| ४:३०-५:३० | छलफल तथा दिनभरको संक्षेपीकरण |
| **तेस्रो दिन** | |
| ७:३०-८:३० | ब्रेकफाष्ट |
| ८:३०-९:०० | समीक्षा |
| ९:००-१०:३० | वातावरणमैत्री स्थानीय शासनको मूलप्रवाहीकरण |
| १०:३०-११:०० | चिया ब्रेक |

| दिन/समय | कार्यक्रम विवरण |
|---|---|
| ११:००-१२:३० | विषयगत सूचकहरु |
| १२:३०-१:३० | खाना |
| १:३०-२:३० | विषयगत सूचकहरु |
| २:३०-३:०० | सफल अभ्यास ३, भिडियो २ |
| ३:००-३:१५ | चिया ब्रेक |
| ३:१५-४:३० | संस्थागत सूचकहरु |
| ४:३०-५:३० | छलफल तथा संक्षेपीकरण |
| **चौथो दिन** | |
| ७:३०-८:३० | ब्रेकफाष्ट |
| ८:३०-९:०० | समीक्षा |
| ९:००-१०:३० | वातावरणमैत्री स्थानीय शासनको सूचक मापन |
| १०:३०-११:०० | चिया ब्रेक |
| ११:००-१२:३० | वातावरणमैत्री स्थानीय शासनका साझेदार संस्था नक्सांकन |
| १२:३०-१:३० | खाना |
| १:३०-२:३० | संस्थागत व्यवस्था संस्थागत व्यवस्था, भूमिका र जिम्मेवारी |
| २:३०-३:०० | सफल अभ्यास ४ |
| ३:००-३:१५ | चिया ब्रेक |
| ३:१५-४:१५ | वातावरणमैत्री स्थानीय शासन अवलम्वन र घोषणा |
| ४:१५-४:४५ | खेल (अभ्यास) ३ |
| ४:४५-५:३० | छलफल तथा संक्षेपीकरण |
| **पाचौं दिन** | |
| ७:३०-८:०० | ब्रेकफाष्ट |
| ८:००-८:१५ | समीक्षा |
| ८:१५-९:१५ | अनुगमन, मूल्यांकन, प्रतिबेदन |
| ९:१५-१०:०० | सफल अभ्यास ५, भिडियो ३ |
| १०:००-१०:१५ | चिया ब्रेक |
| १०:१५-११:०० | कार्ययोजना |
| ११:००-१२:०० | साझा वुझाई, सुझाव संकलन, पछिको परिक्षण, प्रमाणपत्र वितरण, अनौपचारिक समापन |
| १२:०० | खाना |
| | कार्यक्रम सम्पन्न |

## सन्दर्भ सामाग्री


- नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको वेव साइट ।
- नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेव साइट ।
- नेपाल सरकार, सहरी विकास मन्त्रालयको वेव साइट ।
- नेपाल सरकार, कृषि विकास मन्त्रालयको वेव साइट ।
- सोह्रौ योजना, राष्ट्रिय योजना आयोग, नेपाल ।
- सुदूरपश्चिम प्रदेशको कृषि विकास रणनीति ।
- वार्षिक प्रतिवेदन २०८०/८१, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय ।
- सम्बन्धित निकायका वेव साईटहरु ।


### सन्दर्भ ग्रन्थहरू (अंग्रेजी)


- Bishwokarma D., Sherchan P. and Singh, P.M. (2021). Localizing Climate Actions in Nepal: The Role of Local Governments in Implementing National Climate Change Policy and Nationally Determined Contribution. Working Paper, Prakriti Resources Centre (PRC), Kathmandu, Nepal.
- CD Plan (2023). Capacity Development Plan of Karjana Municipality (2080/81-82/83), 132 pps.
- Climate Change Policy – 2067 B.S. (2011) National Adpation Programme of Action (NAPA) to Climate Change 2010 National Framework on Local Adaptation Plan for Action (LAPA Framework) – 2067 B.S. (2011)
- DHM, 2017. Observed Climate Trend Analysis in the Districts and Physiographic Regions of Nepal (1971-2014). Department of Hydrology and Meteorology, Kathmandu.
- GoN (2017). Climate Smart Agriculture Manual, Ministry of Agriculture.
- MoFE (2017). Watershed Atlas of local level, DSCWM, 75 pps.
- MoFE (2021). Vulnerability and Risk Assessment and Identifying Adaptation Options: Summary for Policy Makers. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.
- MoFE (2019). Climate change scenarios for Nepal for National Adaptation Plan (NAP). Ministry of Forests and Environment, Kathmandu.
- Mohammed, K., Najjar, D., Bryan, E. (2022). Women's resilience and participation in climate governance in the agri-food sector: A strategic review of public policies. Beirut, Lebanon: International Center for Agricultural Research in the Dry Areas (ICARDA).
- National Census Report 2068 B.S. (2011) District Profile of Rukum, 2072 B.S. (2015) Enhanced LAPA Guideline, ASHA 2074 B.S. (2017) GIS based Khara Muru Sub-watershed Assessment Report, ASHA, 2018.
- NPC (2021). Multidimensional poverty index: analysis towards action, 86 pps.
- Periodic Plan (2023). Periodic Plan of Karjana Municipality (2079/80-84/85), 115 pps.
- RIAP (2023). Revenue Improvement and Action Plan of Karjana Municipality (2080/81-82/83), 89 pps.
- Silwal P, Roberts L, Rennie HG, Lexer MJ (2019). Adapting to climate change: an assessment of local adaptation planning processes in forest-based communities in Nepal, Climate and Development.
- Project document, Renewable Energy for Rural Livelihood (RERL), UNDP Nepal
- Google: https://www.google.com/search?q=climate+resilient+agriculture&oq=&gs_lcrp=EgZjaHJvbWUqCQgDEEUYOxjCAzIJCAAQRRg7GMIDMgkIARBFGDsYwgMyCQgCEEUYOxjCAzIJCAMQRR
- Google NDC Partnership, https://ndcpartnership.org › ...g7GMIDMgkIBBBFGDsYwgMyCQgFEEUYOxjCAzIJCAYQRRg7GMIDMgkIBxBFGDsYwgPSAQs1MTEyODM0ajBqN6gCCLACAQ&sourceid=chrome&ie=UTF-8
- ChatGPT
- Environment-friendly Local Governance Framework, 2013 (2070)
- Environment-friendly Local Governance Framework, 2021(2078)
- Project document, Renewable Energy for Rural Livelihood (RERL)
- https://www.google.com/search?q=stakeholder+analysis&oq=stakeholder+analysis&gs_lcrp=EgZjaHJvbWUyCwgAEEUYExg5GIAEMgkIARAAGBMYgAQ
- https://www.google.com/search?q=meaning+of+stakeholders&oq=meaning+of+stakeholders&gs_lcrp=EgZjaHJvbWUyCwgAEEUYExg5GIAEMgkIARAAGBMYgAQyCQgCEAAYExiABDIJCAMQABgTGIAEMgkIBBAAGBMYgAQyCQgFEAAYExiABDIJCAYQABgTGIAEMgkIBxAAGBMYgAQyCQgIEAAYExiABDIJCAkQABgTGIAE0gEIOTkyNmowajeoAgWwAgE&sourceid=chrome&ie=UTF-8